३३०

# भक्तपुर
मासिक

Bhaktapur Monthly

पुस २०८०

ISSN 2705-4454




## भक्तपुर नपा र लशान नपाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना



पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति

## भक्तपुर नगरपालिका

## योमारी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा-२०८०

"बाहा:बही चिनौं, सम्पदा संरक्षण गरौं ।"

२०८० पौष १४ गते, शनिबार

## भक्तपुर नपा र लशान नपाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनाबारे समझदारी पत्रमा हस्ताक्षर कार्यक्रम (मंसिर २६ गते)






# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०  भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j Ì{$! ⭑ cÆ @ ⭑ g}; ≢!$$ ⭑ lj-; ≢@)*)k'; ⭑ A.D.2024

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी
सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार
डेस्कटप : धनलक्ष्मी त्यात
आवरण सज्जा : रेणु ध्वजू


मुद्रण :
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)




Ahmad Qaddura



Nedal Hashem

स्रोतःकार्टुनमुभमेन्ट.कम

(संरा सङ्घको सुरक्षा परिषद्मा गाजामा युद्धविरामको प्रस्तावमाथि संरा अमेरिकाको भिटो)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘समाजका लागि राजद्रोह ज्वरो मात्रै हो तर भ्रष्टाचार र अकर्मण्यता क्षयरोग हुन् ।’– डा. याम्युअल जोनसन

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नपाका प्रमुख प्रजापति र लशान नपाका उपप्रमुख लेइ चियनसिनबीच भेट | – | ३ |
| २) भक्तपुर नगरपालिका र लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनाबारे समझदारी पत्रमा हस्ताक्षर | – | ५ |
| ३) नेपाली जनता र चिनियाँ जनताबीचको सम्बन्ध अझ प्रगाढ बन्नेछ : | प्रमुख सुनिल प्रजापति | ६ |
| ४) योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा | – | ११ |
| ५) भक्तपुर नगरका बाहा:बहिको परिचय | – | १४ |
| ६) योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रामा सहभागी हुँदा | सागर | २६ |
| ७) केही जिज्ञासुहरूलाई नेमकिपाबारे जानकारी | बिजुक्छैं | २८ |
| ८) ‘उपत्यकामा खानेपानीको राम्रो व्यवस्थापन नहुनुमा खानेपानीलाई निजीकरण गर्नेहरू जिम्मेवार छन्’ | सुनिल प्रजापति | ३० |
| ९) भक्तपुर : नजाने गाउँको बाटो | भवानी बराल | ३२ |
| १०) संस्कृति मन्त्रीको गैर जिम्मेवार अभिव्यक्ति : धार्मिक द्वन्द्व निम्तिने खतरा | विवेक | ३५ |
| ११) त्यो भक्तपुर, यो भक्तपुर ! | सुरेन्द्रराज गोसाई | ३७ |
| १२) पर्यटकको आकर्षण बन्दै भक्तपुरको रानीपोखरी | रमेश गिरी | ३९ |
| १३) साहित्यय् मार्क्सवादी दृष्टिकोण | प्रो. माणिक लाल श्रेष्ठ | ४२ |
| १४) हाम्रो घर हाम्रो देश | अज्ञात | ४६ |
| १५) ती चित्तरञ्जनको कथा | सीताराम बराल | ४७ |
| १६) यहाँ कानुनी र व्यवहारिक दुवै किसिमबाट समस्याको विश्लेषण हुन्छ | कुशल | ५७ |
| १७) ङेङापा झ्य:या दरबार गीतले खुलाएको इतिहास | ओम धौभडेल | ६० |
| १८) एसआरका दुई कविता | – | ६५ |
| १९) मानव भूगोल : एक चर्चा | विष्णुभक्त राजचल | ६६ |
| २०) समालोचनाया सिद्धान्त (२३) क्रोचे: रिचार्डस्:इलिएट | प्रा. माणिकलाल श्रेष्ठ | ६९ |
| २१) क्रान्तिकारी भावना | आर.दिस्ती | ७२ |
| २२) भक्तपुर नपाको ७४ औँ स्थापना दिवस | – | ७३ |
| २३) भक्तपुर नपाको कार्यपालिका बैठक निर्णय | – | ७९ |
| २४) भक्तपुर नगरपालिका गतिविधि | – | ९२ |
| क) राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता | – | ९७ |
| ख) शैक्षिक गतिविधि | – | १०२ |
| ग) स्वास्थ्य सेवा | – | १०२ |
| घ) अनुभवको आदान–प्रदान | – | ११६ |
| ङ) सङ्क्षेपमा | – | ११८ |
| च) भेटघाट | – | ११८ |
| २५) विविध समाचार | – | ११९ |
| २६) बाहा:बहिको पदयात्रा महत्त्वपूर्ण शैक्षिक भ्रमण (सम्पादकको पृष्ठ) | – | १३० |

**साथमा** :

जीवन–आचरण – १३/ बसिबियाँलो – ३१/ हाम्रा मौलिक सामग्री – ४६/ प्रेरणीय – ६४/ सम्झनाको लागि – ७२/ थाहा पाइराखौँ – ७५/ चीनका प्राचीन नीति कथा – १०९/ख्वप अस्पतालको प्रगति–१०७/ हाम्रो स्वास्थ्य – १२८/ पर्यटक तथ्याङ्क – १२९/ रङ्गीन पृष्ठ – क–घ ।

# भक्तपुर नपाका प्रमुख प्रजापति र लशान नपाका उपप्रमुख लेइ चियनसिनबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र भक्तपुर नगरपालिकाको निमन्त्रणामा नेपाल आउनुभएका मित्र देश जनवादी गणतन्त्र चीनको स्छुवान (Sichuan) प्रान्तको लशान (Leshan) नगरपालिकाका उपप्रमुख लेइ चियनसिनबीच मंसिर २६ गते भनपा सभाकक्षमा भेटवार्ता भयो ।

भक्तपुर नगरपालिका र चीनको सिचुआन प्रान्तको लशान नगरपालिकाबीच उपयुक्त समयमा भगिनी सम्बन्ध स्थापना गर्ने उद्देश्यले उक्त भेटघाट भएको हो ।

उपप्रमुख लेइ चियनसिनसहितको टोलीलाई भक्तपुरमा स्वागत गर्दै नगर प्रमुख **प्रजापति**ले सांस्कृतिक रूपमा भक्तपुर लशान नगरपालिकाबीच धेरै विषयमा समानता रहेको बताउनुहुँदै नेपाली र चिनियाँ जनताबीचको सम्बन्ध अझ प्रगाढ बन्दै जाने विश्वास व्यक्त गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्य स्थल र सांस्कृतिक नगर घोषणा गर्ने योजनासहित भक्तपुर नगर अघि बढिरहेको बताउनुभयो ।

भक्तपुर नपाले नेपालको संविधान र कानुनअनुसार समाजवादउन्मुख काम गरिरहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाका निर्वाचित जनप्रतिनिधिहरू जनताको सेवामा समर्पित भएर लागिरहेको बताउनुभयो ।

भक्तपुरको मौलिक स्वरूपलाई जोगाइराख्न पुरानो सहरमा घर बनाउने नगरवासीहरूलाई अनुदानको व्यवस्था गरिरहेको बताउनुहुँदै उहाँले आधुनिकतासँगै भक्तपुरको प्राचीनता कायम गर्न भक्तपुर नपाले विभिन्न नीतिहरू निर्माण गरी कार्यान्वयन गरिरहेको उल्लेख गर्नुभयो ।

भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न पर्यटन प्रवर्द्धनमा जोड दिँदै आएको बताउनुहुँदै पर्यटन शुल्कबाट उठेको रकमबाट यहाँको शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायतका कामहरू भइरहेको पनि सो अवसरमा जानकारी दिनुभयो ।




लशान नगरपालिकाका उपप्रमुख **लेइ चियनसिन**ले लशानले संसारका ११० ओटा देशका विभिन्न सहरहरूसँग मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना गरिसकेको र १८ ओटा नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना भएको अवगत गराउनुभयो ।

उहाँले लशान र भक्तपुर नपाबीच कृषि, पर्यटनलगायतका विषयमा सहकार्य गर्ने सम्भावनाहरू रहेको बताउनुहुँदै भक्तपुरसँग निकट भविष्यमा भगिनी सम्बन्ध विकास गर्ने उद्देश्य रहेको बताउनुभयो ।

लशान र भक्तपुर नगरपालिकाबीचको सम्बन्ध २०१५ सालबाट नै सुरु भएको स्मरण गर्नुहुँदै उहाँले दुई नगरबीचको सम्बन्धमा अझ प्रगति हुँदै जानेमा विश्वास प्रकट गर्नुभयो ।

उपप्रमुख चियनसिनले लशानलाई स्छुवान प्रान्तको उत्कृष्ट पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने उद्देश्यले काम गरिरहेको सोही क्रममा बताउनुभयो ।

भेटमा प्रमुख प्रजापति र उपप्रमुख लेइ चियनसिनबीच उपहार आदानप्रदान पनि भयो ।



भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, कार्यपालिका सदस्य रोशनमैया सुवाल, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, पर्यटन सेवा केन्द्रका प्रमुख गौतमप्रसाद लासिवा, चिनियाँ कम्युनिष्ट पार्टी लशान नगर समितिका शैक्षिक कार्य समिति सहसचिव लिउ यउज्युन, चिनियाँ कम्युनिष्ट पार्टी लशान नगर समितिको संस्कृति, रेडियो र पर्यटन ब्युरोका योजना प्रमुख लिऊ सियाओफाङ, चिकपा लशान नगर स्वास्थ्य आयोगका उपनिर्देशक याङ्ग यान, चिकपा लशान नगर समितिको आर्थिक सहकार्य तथा परराष्ट्र मामिला ब्युरोका उपनिर्देशक यु लिवन, चिकपा लशान नगर समितिका सदस्य एवम् लशान विशाल बुद्ध अवलोकन क्षेत्रका प्रमुख तथा लशान विशाल बुद्ध अवलोकन क्षेत्र अनुसन्धान संस्थानका अध्यक्ष फान युआनयुआनलगायतको उपस्थिति रहेको थियो ।

प्रतिनिधिमण्डल टोलीले भक्तपुरको दरबार क्षेत्र, टौमढी, दत्तात्रय क्षेत्रको स्थलगत अवलोकन गर्नुभयो । साथै उहाँहरूले भक्तपुर नपाबाट सञ्चालित ख्वप कलेज, ख्वप अस्पताल र ख्वप इन्जिनियरिङ कलेजलगायतको पनि अवलोकन गर्नुभयो ।


**के गर्दै छ**
**भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० - ८:३० र शुक्रबार साँझ ६:३० - ७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६


## लशानको अवस्थिति




चीनको नक्सामा स्छ्वान प्रान्त र लशान



लशान विशाल बुद्धको प्रतिमा । सन् ७१३ र ८०३ को बीचमा ताङ वंशको राज्यकालमा निर्माण भएको यस प्रतिमाको उचाइ ७१ मिटर (२३३ फीट) रहेको छ । यो प्रतिमा विश्वकै सबैभन्दा अग्लो र ठूलो हो । एमिङ र विशाल बुद्ध अवलोकन क्षेत्रलाई युनेस्कोले सन् १९९६ मा विश्व सम्पदा सूचीमा समावेश गरेको थियो ।



लशान सहरको एक दृश्य

# भक्तपुर नगरपालिका र लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनाबारे समझदारी पत्रमा हस्ताक्षर







सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको वाग्मती प्रदेशको भक्तपुर नगरपालिका र जनवादी गणतन्त्र चीनको स्छुवान प्रान्तको लशान नगरपालिकाबीच मंसिर २६ गते मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापित भएको छ ।

लशान नगरपालिका उपप्रमुख लेइ चियनसिनको नेपाल भ्रमणाको अवसरमा भक्तपुर नगरपालिका र लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनाको समझदारी पत्रमा हस्ताक्षर गरिएको हो ।

समझदारी पत्रमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र लशान नगरपालिका जनसरकारका प्रमुखको अनुमतिमा उपप्रमुख लेइ चियनसिनद्वारा संयुक्त रूपमा हस्ताक्षर गर्नुभएको हो ।

भक्तपुर नगरपालिका र चीनको स्छुवान प्रान्तको लशान नगरपालिकाबीच भएको फलदायी छलफलपछि यी दुई नगरपालिकाहरूबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना गरी भविष्यमा दुई नगरपालिकाहरूबीच पारस्परिक सम्बन्ध विकास र विस्तारका कार्यहरूलाई अगाडि बढाउने उद्देश्यका साथ उक्त समझदारी पत्रमा हस्ताक्षर गरिएको हो ।

समानता र पारस्परिक लाभका आधारमा दुई नगरपालिकाले अर्थतन्त्र, व्यापार, संस्कृति, शिक्षा, पर्यटन, स्वास्थ्य, हस्तकला, खेलकुदलगायतका क्षेत्रमा विभिन्न प्रकारका सहकार्य र आदानप्रदान गरिने र आदानप्रदानको प्रगतिको आधारमा दुवै नगरपालिकाले उपयुक्त समयमा अन्तर्राष्ट्रिय भगिनी सहर सम्बन्धको स्थापनालाई अगाडि बढाउन मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना गरिएको हो ।




कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिका र लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापना गरी भविष्यमा पारस्परिक हित हुने गरी सहकार्य र सहयोग गर्ने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर गर्न पाएकोमा खुशी प्रकट गर्नुभयो ।

प्रमुख प्रजापतिले समझदारी पत्रमा उल्लेख भएबमोजिम दुई नगरपालिकाबीच समानता र पारस्परिक हितलाई ध्यानमा राखेर अर्थतन्त्र, व्यापार, शिक्षा, स्वास्थ्य, संस्कृति, पर्यटन, हस्तकला, खेलकुदलगायतका क्षेत्रमा सहयोग आदानप्रदान हुने आशा व्यक्त गर्नुभयो ।




त्यस्तै लशान नगरपालिकाका उपप्रमुख **लेइ चियनसिन**ले दुई नगरबीचको मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनाबाट हुने आर्थिक, पर्यटन तथा सांस्कृतिक आदानप्रदानले दुवैको सम्बन्ध अझ प्रगाढ हुँदै जाने विश्वास व्यक्त गर्नुभयो । ➲

# नेपाली जनता र चिनियाँ जनताबीचको सम्बन्ध अझ प्रगाढ बन्नेछ : प्रमुख सुनिल प्रजापति




भक्तपुर नगरपालिकाको निमन्त्रणामा आउनुभएका मित्र देश जनवादी गणतन्त्र चीनको स्छुवान प्रान्तको लशान नगरपालिकाका उपप्रमुख लेइ चियनसिनज्यू, टोलीमा सहभागी सम्पूर्ण प्रतिनिधिमण्डलका सदस्यज्यूहरू र यस समारोहमा उपस्थित जनप्रतिनिधिहरू तथा आदरणीय व्यक्तित्वहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछौं ।

देशको सानो नगरमध्ये एक भक्तपुर नगरपालिका नेपालको राजधानी काठमाडौँबाट १३ कि.मी. पूर्वमा अवस्थित छ । सांस्कृतिक, पुरातात्त्विक र ऐतिहासिक दृष्टिले यो अत्यन्त महत्त्वपूर्ण नगर हो । आठौँ शताब्दीमा स्थापित यो नगर १२ औँदेखि १५ औँ शताब्दीसम्म राजधानी नगरको रूपमा रहेको र १८ औँ शताब्दीसम्म स्वतन्त्र राज्यको रूपमा रहेको थियो ।

भक्तपुरको दरबार क्षेत्र, टौमढी क्षेत्र र दतात्रय क्षेत्र पर्यटकीय दृष्टिले महत्त्वपूर्ण क्षेत्रहरू हुन । दरवार क्षेत्रमा अवस्थित ५५ झ्याल दरबार र सुनढोका, टौमढी टोलमा रहेको नेपालकै अग्लो पाँच तले मन्दिर (ङातापोल्हँ) र दतात्रयमा अवस्थित मयूर झ्याल वास्तुकलाको दृष्टिले अनुपम उदाहरणहरू हुन् । समय समयमा हुने जात्रा, पर्व, नाचगानजस्ता अमूर्त सम्पदाहरू र विश्व प्रख्यात सम्पदाहरूकै आधारमा सन् १९७९ मा युनेस्कोले ती क्षेत्रहरूलाई विश्व सम्पदा सूचीमा सूचीकृत गरेको थियो । ती क्षेत्रहरूको

➲ लशान स्छुवान प्रान्तकै विकासको सम्भावना बोकेको नगरपालिकाको रूपमा विकास भइरहेको अवगत गराउनुहुँदै उपप्रमुख चियनसिनले मैत्रीपूर्ण सम्बन्ध स्थापनाबाट दुई नगरबीच हुने कृषि, सम्पदा संरक्षण, सांस्कृतिक पर्यटन आदानप्रदानले दुवै नगरको आर्थिक विकासमा समेत टेवा पुग्ने बताउनुभयो ।

भक्तपुर अवलोकनको क्रममा भक्तपुर नपाले जनताको लागि शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखी कलेज र अस्पताल सञ्चालनबाट आफूहरू निकै प्रभावित भएको बताउनुहुँदै भक्तपुरको सम्पदा पुनर्निर्माण कार्य निकै स्वागतयोग्य भएको बताउनुभयो ।



समझदारी पत्र हस्ताक्षर समारोहमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरू, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, नपाबाट सञ्चालित कलेजका प्रमुखहरू तथा नगरका विशिष्ट व्यक्तित्वहरूको समेत उपस्थिति रहेको थियो । सोही समारोहमा चिनियाँ कम्युनिष्ट पार्टी लशान नगर समितिका शैक्षिक कार्य समिति सहसचिव लिउ यउज्युन, चिनियाँ कम्युनिष्ट पार्टी लशान नगर समितिको संस्कृति, रेडियो र पर्यटन ब्युरोका योजना प्रमुख लिऊ सियाओफाङ, चिकपा लशान नगर स्वास्थ्य आयोगका उपनिर्देशक याङ्ड यान, चिकपा लशान नगर समितिको आर्थिक सहकार्य तथा परराष्ट्र मामिला ब्युरोका उपनिर्देशक यु लिवन, चिकपा लशान नगर समितिका सदस्य एवम् लशान विशाल बुद्ध अवलोकन क्षेत्रका प्रमुख तथा लशान विशाल बुद्ध अवलोकन क्षेत्र अनुसन्धान संस्थानका अध्यक्ष फान युआनयुआनलगायतको उपस्थिति रहेको थियो ।

अवलोकन भ्रमणको लागि हरेक वर्ष संसारका विभिन्न देशबाट लाखौं पर्यटकहरू आउने गर्छन् । भक्तपुर भ्रमण गर्ने पर्यटकहरूबाट केही शुल्क उठाई त्यस रकमबाट भक्तपुरको मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण, शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकूदलगायतका क्षेत्रमा खर्च गर्दै आएका छौं ।

राजनैतिक रूपमा यो नगर १० ओटा वडामा विभाजित छ । ९० प्रतिशतभन्दा बढी नेवार जाति रहेको यो नगरमा वि.सं. २०७८ को जनगणनाअनुसार ७८,८५४ जना स्थायी बसोबास गर्ने जनसङ्ख्या रहेको तथ्याङ्क छ । कृषि यहाँका मानिसहरूको मुख्य पेशा रहेको र घरेलु तथा साना उद्योग, व्यापार व्यवसाय, पर्यटन, हस्तकला आदि यहाँका नागरिकहरूका रोजगारीका क्षेत्रहरू हुन् ।

नगरसभा नगरपालिकाको उच्च निकाय हो । कानुनी व्यवस्थाअनुसार प्रमुख, उपप्रमुख सहित वडा वडाबाट निर्वाचित जनप्रतिनिधिहरू नगरसभाका सदस्य रहनेछन् । नगरसभाले नगरको आवश्यकताअनुसार ऐन, नियम, विनियमहरू बनाउँछ । जनताको हितमा कानुनहरू निर्माण गरी हामीले कार्यान्वयन गर्दै आएका छौं ।

२०७२ सालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणपछि दुईओटा स्थानीय तहको निर्वाचनहरू सम्पन्न भए । ती दुवै निर्वाचनहरूमा यस नगरपालिकाका सम्पूर्ण वडाहरूमा नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू निर्वाचित भए । नेपाल मजदुर किसान पार्टी वैज्ञानिक समाजवादलाई विश्वास गर्ने कम्युनिष्ट पार्टी हो । मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मार्ग निर्देशक सिद्धान्तको रूपमा अङ्गिकार गर्दै आएको यो पार्टीले निर्वाचनलाई पनि जनताको हितमा उपयोग गर्दै आएको छ । नेपाल मजदुर किसान पार्टीको नेतृत्व नेपालका वरिष्ठ राजनीतिज्ञ का. नारायणमान बिजुक्छेँ (रोहित)ले गर्दै आउनुभएको छ ।

उहाँले आजभन्दा दुइ दशक अगाडि भक्तपुरको भविष्यको कल्पना गर्नुहुँदै 'सय वर्षपछिको भक्तपुर' नामको पुस्तक प्रकाशित गर्नुभयो । त्यो पुस्तक नै भक्तपुर नगरपालिकाको अहिले काम गर्ने मार्गचित्र बनेको छ । हामी पार्टीको नीति र निर्देशनमा रहेर भक्तपुरको विकासको निम्ति जनताको सेवामा समर्पित भएर काम गर्दैछौं । भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, पर्यटकीय गन्तव्यस्थल, सांस्कृतिक नगर बनाउने हाम्रो उद्देश्य हो ।

यस नगरमा चिनियाँ कम्युनिष्ट पार्टीका नेता तथा सरकारका उच्चपदस्थ पदाधिकारीहरूले बराबर भ्रमण गर्नु भएको छ । २०८० जेठ १७ गते जनवादी गणतन्त्र चीनको स्छुवान प्रान्तका पार्टी सचिव वाङ स्याओहुईले, २०८० साउन ८ गते चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्युरो सदस्य तथा छोङछिङ नगरपालिकाको पार्टी समितिका सचिव युआन चियाच्युनले र २०८० कार्तिक २६ गते चीनको सिन्चाङ (तिब्बत) स्वायत्त क्षेत्रका चिनियाँ कम्युनिष्ट पार्टीका सचिव वाङ च्युङचङले नेपाल मजदुर किसान पार्टीका आदरणीय नेता नारायणमान बिजुक्छेँ (रोहित) सित भेटघाट गरी दुई देश र दुई पार्टीबीच सम्बन्ध विस्तारका बारेमा छलफल गर्नुभएको थियो । त्यसैगरी २०८० असार १४ गते जनवादी गणतन्त्र चीनको सान्तोङ प्रान्तको हुआन थाई नगरपालिकाका प्रतिनिधिमण्डललगायतले भक्तपुरको अवलोकन भ्रमण गर्नु भएको थियो भने २०८० मंसिर ३ गते चिङकाङशान नगरपालिकाका उपप्रमुख हुवामिङले पनि यस नगरपालिकाको भ्रमण गर्नुभएको थियो । त्यस क्रममा भएको भेटघाटमा दुई नगरपालिकाबीच सम्बन्ध विस्तार र आपसी अनुभव आदानप्रदान गरी अगाडि बढ्नेबारे सकारात्मक छलफल भएको थियो । आज हामी लशान नगरपालिकाका उप प्रमुखज्यूको नेतृत्वमा आएको प्रतिनिधिमण्डलाई स्वागत गर्दैछौं । समय समयमा हुने चिनियाँ उच्चस्तरीय प्रतिनिधि मण्डललाई हामीले यस नगरमा स्वागत गर्न पाउँदा हामी अत्यन्त खुशी छौं । यस्ता अवसरहरू फेरि फेरि पनि पाइरहने आशा गर्छौं ।

कोभिड १९ ले विश्व आक्रान्त भएको बेला चिनियाँ सरकारले त्यसको विरुद्ध खोपको उत्पादन गरी विश्वका जनतासँगै नेपाली जनतालाई पनि सहयोग गरेको थियो ।





त्यो गुणलाई नेपाली जनताले कहिल्यै बिर्सने छैनन् । त्यस सङ्कटको घडीमा भक्तपुर नगरपालिकाको भगिनी सम्बन्ध रहेको चीनको तिब्बत स्वशासित क्षेत्रस्थित सान्नान नगरपालिकाले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पताललाई विभिन्न स्वास्थ्य उपकरणहरू उपलब्ध गराएर सहयोग गरेको थियो । हामी यसै कार्यक्रममार्फत पनि उहाँहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ ।

चिनियाँ कम्युनिष्ट पार्टीको तर्फबाट नेपाल मजदुर किसान पार्टीलाई त्यतिबेला स्वास्थ्य सामग्रीहरू उपलब्ध गराएको थियो । नेपाल मजदुर किसान पार्टीलाई प्राप्त ती स्वास्थ्य सामग्रीहरू पार्टी सचिव एवम् सांसद प्रेम सुवाल स्वयम् ख्वप अस्पताललगायत देशका विभिन्न अस्पतालहरूमा पुगेर वितरण गर्नुभएको पनि यो अवसरमा जानकारी गराउन चाहन्छौँ ।

भक्तपुर नगरपालिकाले शिक्षामा वडा वडामा शिशुस्याहार तथा बालविकास केन्द्रहरू सञ्चालन गर्दै आएको छ । यस नगरमा ९२ ओटा विद्यालयहरू छन् । नगरपालिकाले उच्च शिक्षा प्रदान गर्न २ ओटा इन्जिनियरिङ कलेजहरूसहित ८ ओटा शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको छ । ती शिक्षण संस्थाहरूमा देशका ७७ ओटै जिल्लाका विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । शिशुस्याहार केन्द्रदेखि उच्च शिक्षा प्रदान गर्ने कलेजहरू सञ्चालन गर्ने भक्तपुर नेपालको एक मात्र नगरपालिका हो । हामीले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारी पनि गरिरहेका छौँ ।

घरदैलो नर्सिङ, वडा वडामा स्वास्थ्य उपचार केन्द्र र १०० शय्याको आफ्नै स्वामित्वमा ख्वप अस्पताल तथा श्वासप्रश्वास केन्द्र सञ्चालन गरी कम शुल्कमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएका छौँ भने नगरपालिकाकै व्यवस्थापनमा सञ्चालित ख्वप तिलगंगा आँखा अस्पताल र नागरिक आरोग्य केन्द्रले पनि जनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् । भक्तपुर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल र शहीद धर्मभक्त अङ्ग प्रत्यारोपण केन्द्रसमेत गरी यस नगरमा ४ ओटा सरकारी अस्पतालहरू सञ्चालनमा छन् ।

यहाँका सम्पदाहरूको संरक्षण गरी पर्यटन उद्योग विकास गर्नेतर्फ हामीले ध्यान दिइरहेका छौँ । २०७२ सालको भूकम्पले यहाँका धेरै घरहरू भत्केसँगै सयौँ सम्पदाहरू क्षतिग्रस्त भए । नगरपालिकाले तीमध्ये धेरै सम्पदाको पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न गर्‍यो । आत्मनिर्भरतालाई जोड दिँदै यस नगरपालिकाले स्थानीय सीप र प्रविधिको प्रयोग गरी मौलिक शैलीमा सम्पदाहरू संरक्षणमा जोड दिइआएको छ । अझै केही सम्पदाहरूको पुनःनिर्माण र जीर्णोद्धार कार्य जारी छन् ।

नेपालको जीवित सङ्ग्रहालयको रूपमा रहेको यस नगरलाई अझ समृद्ध बनाई देशको उत्कृष्ट नगरपालिका बनाउन हामी कार्यरत छौँ ।

नेपालको भक्तपुर नगरपालिका र चीनको स्छुवान प्रान्तको लशान नगरपालिकाबीच मैत्रीपूर्ण सहकार्य र सम्बन्ध स्थापना गरी उपयुक्त समयमा भगिनी सम्बन्ध कायम गर्ने उद्देश्यले आज यो समझदारीपत्रमा हस्ताक्षर गर्दैछौँ । आगामी दिनमा यस समझदारी पत्रमा उल्लेख भए बमोजिम दुई नगरपालिकाबीच समानता र पारस्परिक हितलाई ध्यानमा राखेर अर्थतन्त्र, व्यापार, शिक्षा, स्वास्थ्य, संस्कृति, पर्यटन, हस्तकला, खेलकुदलगायतका क्षेत्रमा सहयोग आदानप्रदान हुने आशा गर्छौं ।

हामी चीनलाई सधैँ असल मित्रको रूपमा लिन्छौँ । नेपाली जनता र चिनियाँ जनताबीचको सम्बन्ध अझ प्रगाढ बन्दै जाने विश्वास व्यक्त गर्दछौँ । धन्यवाद !

(सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको भक्तपुर नगरपालिका र जनवादी गणतन्त्र चीनको स्छुवान प्रान्तको लशान नगरपालिकाबीच मंसिर २६ गते मैत्रीपूर्ण सहकार्य सम्बन्ध स्थापनासम्बन्धी समझदारी पत्रमा हस्ताक्षर समारोहमा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिको मन्तव्य)

## भक्तपुरमा लशानका पाहुनाहरूको भ्रमणका केही चित्र



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिलगायतसँग लशान नपाका उपप्रमुख लेइ चियनसिनसहितको प्रतिनिधिमण्डल टोली



दत्तात्रयमा



तालाक्वमा



हस्ताक्षर कार्यक्रममा



टौमढीमा





ख्वप अस्पतालमा



दरबार क्षेत्रमा





ख्वप कलेजमा



ख्वप इन्जिनियरिङ कलेजमा

# 'बाहा: बहि चिनौँ, सम्पदा संरक्षण गरौँ'

## योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा




भक्तपुर नगरपालिकाको आयोजनामा भएको 'बाहाः बही चिनौँ, सम्पदा संरक्षण गरौँ' भन्ने नारासहित भव्य सम्पदा पदयात्रा पुस १४ गते एक कार्यक्रमबीच सम्पन्न भयो। भक्तपुर नपाले योमरी पुन्हिको अवसर पारेर नगरका विभिन्न क्षेत्रमा रहेका बाहा:बहिहरू अवलोकन गराउने उद्देश्यले योमरी उत्सव र सम्पदा पदयात्राको आयोजना गरेको हो।

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पदा पदयात्राको समापन कार्यक्रम सम्पन्न हुनुका साथै सोही अवसरमा सांसद सुवालले भक्तपुर नपाले नेपालभाषाबाट प्रकाशित गरेको **'प्रगतिशील भजन म्ये मुना'** नामक पुस्तक विमोचन गर्नुभयो।




कार्यक्रममा सांसद **सुवाल**ले ख्वप विश्वविद्यालय सञ्चालन र भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउन सरकारसँग निरन्तर पहल गरिरहेको बताउनुहुँदै भक्तपुरको भाषा र कला, संस्कृति सबैको साझा सम्पत्ति भएको बताउनुभयो। २०५८ सालबाट नै नेमकिपाले भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउन सरकारसमक्ष पहल गर्दै आइरहेको उहाँले स्मरण गर्नुभयो।

नेपाल बहुजातीय, बहुभाषिक र बहुसंस्कृति देश भएको र यहाँ सबै जातजाति र भाषाभाषीका जनता एकआपसमा मिलिजुली भाइचारा सम्बन्ध कायम गरी बसिरहेको बताउनुभयो।




छिमेकी देश भारतले बुद्ध भारतमा जन्मेको भनी दुष्प्रचार गर्दा पनि नेपाल सरकार मौन बस्नुमा सरकारको औचित्यमाथि प्रश्न उठेको बताउनुहुँदै उहाँले नेपाली जनशक्ति विदेश पठाएर रेमिट्यान्सको भरमा देश सञ्चालन गर्ने सरकारको नीतिको विरोध गर्नुपर्ने बताउनुभयो।

इजरायलले प्यालेष्टाइनमाथि गरिरहेको अमानवीय नरसंहारको नेमकिपाले देशव्यापी विरोध कार्यक्रमहरू गर्दै आइरहेको बताउनुहुँदै उहाँले अमेरिकी साम्राज्यवादको आडमा इजरायलले प्यालेष्टाइनमाथि हमला गरिरहेको प्रष्ट पार्नुभयो।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षण र लोपोन्मुख अवस्थामा रहेका सम्पदाहरूको संरक्षण संवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नपाले विविध गतिविधिहरूलाई जोड दिँदै आइरहेको बताउनुभयो।



भक्तपुरमा रहेका बाहा:बहिहरू आफैमा एउटा अमूल्य सम्पत्तिको रूपमा रहेको चर्चा गर्नुहुँदै उहाँले बौद्ध दर्शनलाई अन्धविश्वासको विरुद्ध र भौतिकवादी दृष्टिकोण भएको दर्शनको रूपमा व्याख्या गर्नुभयो।

प्रमुख प्रजापतिले १२ औँदेखि १५ औँ शताब्दीसम्म नेपालमण्डलको राजधानीको रूपमा भक्तपुरमा थुप्रै मल्लकालीन सम्पदाहरू रहेको र ती सम्पदाहरूको संरक्षण सबैको साझा दायित्व भएको बताउनुभयो।

बाहा:बहि चिनाउने उद्देश्यले आयोजना गरिएको सम्पदा

पदयात्राले नेपालमा बौद्ध धर्म र दर्शनबारे खोजमूलक अध्ययन अनुसन्धानमा समेत टेवा पुग्ने उहाँले बताउनुभयो ।

त्यस्तै बौद्ध दर्शनका अध्येता डा. **पुष्परत्न शाक्य**ले भक्तपुर नपाको आयोजनामा भएको भक्तपुरका प्राचीन बाहा:बहि अवलोकन कार्यक्रम बौद्ध दर्शन र संस्कृतिप्रति जागरण ल्याउने ऐतिहासिक कदम भएको बताउनुभयो ।



भक्तपुर नपाले जनताका माझ गरेका प्रतिबद्धताअनुसारको काम गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले संरक्षणको अभावमा रहेका बाहा:बहिको अस्तित्व हराउँदै जान नदिन गरेको यस किसिमको प्रयास सराहनीय भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**, भनपा ७ का वडाध्यक्ष **उकेश कवां** र भनपा ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले पनि बोल्नुभएको थियो ।



कार्यक्रममा प्रमुख अतिथि प्रजापतिले सम्पदा पदयात्रामा सहभागी बाहा:बहिका प्रतिनिधि र गुँला बाजा समूहका प्रतिनिधिहरूलाई मायाको चिनो प्रदान गर्नुभयो ।

सांस्कृतिक गतिविधि र स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न नगरका ठाउँ ठाउँमा सांस्कृतिक प्रदर्शनी, खाद्य स्टल तथा मौलिक उत्पादनहरूको प्रदर्शनी तथा बिक्री केन्द्रहरू समेत राखिएको थियो । पदयात्रामा हजारौं सङ्ख्यामा विभिन्न क्षेत्रका नगरवासीहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको टौमढीमा पदयात्राको उद्घाटन गर्नुभएको थियो । नगर प्रमुख प्रजापतिको नेतृत्वमा जनप्रतिनिधिहरू, कर्मचारी, विद्यालयका शिक्षक, बाहा:बहिका प्रतिनिधिहरू, स्वयम्सेवक, सङ्घ संस्थाका प्रतिनिधि, खेलकुद समिति, गुँला बाजा समूह, नगरवासीहरूलगायतको सहभागितामा भनपा वडा नं. ५




टौमढीबाट सुरु भएको सम्पदा पदयात्रा १९ ओटा विहारको परिक्रमा गरी गोल्मढीको यातामा पुगी समापन कार्यक्रम भएको थियो ।

### योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्राका

## सहयोगी सङ्घ-संस्थाहरू

१. अखण्डशील महाविहार
२. जेतवर्ण महाविहार
३. बौद्ध समकृत विहार (कुथुबही)
४. जयकीर्ति महाविहार (थथुबही)
५. ज्येष्ठवर्ण महाविहार
६. लोकेश्वर महाविहार
७. चतुब्रह्म महाविहार
८. यालाछेँ बहि
९. सुवर्ण विहार
१०. मञ्जुवर्ण महाविहार
११. प्रशन्नशील महाविहार
१२. मूल दीपङ्कर विहार
१३. कुलरत्न महाविहार
१४. धर्मकीर्ति विहार
१५. आदिपद्म महाविहार
१६. खुसिबहा (शक्रवर्त विहार)
१७. धर्मउत्तर महाविहार (मुनि विहार)
१८. इन्द्रवर्ण महाविहार
१९. मंगल धर्मदिप विहार (झौर बहि)
२०. नेपाल परम्परागत बौद्ध धर्म सङ्घ, भक्तपुर शाखा
२१. लोकेश्वर ज्ञानमाला भजन
२२. बोधि मयजु पुच, गोल्मढी, ख्वप:
२३. क्वनेया गुँला बाजं सञ्चालन तथा व्यवस्थापन समिति, तेखाचो, ख्वप:

२४. इन्द्रवर्ण गुँला बाजं खलः इनाचो, ख्वपः
२५. विश्वकर्मा गुँला बाजं खलः क्वाठण्डौ, ख्वपः
२६. गुँला धलं ङक नौबाजा सकुलां, गोमारी, तेखाचो र तपालाछी
२७. मैत्रेय युवा सङ्घ, थथुबही
२८. डा. पुष्परत्न शाक्य (विहार परिचय लेखन कार्य)
२९. भक्तपुर पर्यटन विकास समिति
३०. भक्तपुर पर्यटक पथ प्रदर्शक परिचालन समिति
३१. भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ
३२. नेपाल स्काउट, भक्तपुर शाखा
३३. पर्यटक प्रहरी, भक्तपुर
३४. गलसी पुखू देवी प्याखं खलः
३५. खिंछेँ दाफा भजन
३६. गणेश भजन, भोलाछेँ
३७. लोकेश्वर साकोस (बाँसुरी बाजा समूह)
३८. भिन्तुना साकोस (बाँसुरी बाजा समूह)
३९. प्रभात इ.से. स्कूल (सांस्कृतिक प्रस्तुति)
४०. पासा पुचः सूर्यमढी
४१. वाकुपतिनारायण नौ दाफा भजन
४२. वाकुपतिनारायण ढल्चा भजन
४३. दत्तात्रय नौ दाफा भजन
४४. सिद्धि गणेश बाँसुरी बाजा समूह, चोर्चा
४५. नवीन आधारभूत विद्यालय (सांस्कृतिक प्रस्तुति)
४६. वाल सेवक आधारभूत विद्यालय (सांस्कृतिक प्रस्तुति)
४७. भनपा ७ वाँचुत्व खंचा छोरी समूह
४८. श्रद्धा साकोस (सांस्कृतिक प्रस्तुति)
४९. नवदुर्गा साउन्ड डिजिटल स्टुडियो, इटाछेँ
५०. विभिन्न स्थानमा खाद्य स्टल तथा योमारी प्रदर्शनी टोलीहरू
५१. पदयात्रामा सहभागी सङ्घ संस्था एवं विद्यालयहरू
५२. छिकोङ ४ दिदीबहिनी समूह, भनपा
५३. स्वयम्सेवकहरू
५४. भक्तपुर नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरू

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं।**

# जीवन–आचरण

## जीवन

एकजना प्रोफेसरले विद्यार्थीहरूलाई भन्यो कि आज म जीवनको महत्त्वपूर्ण पाठ पढाउन गइरहेको छु।

उनले आफ्नो साथमा ल्याएको एउटा काँचको ठूलो जार टेबलमा राख्यो र त्यसमा टेबल टेनिस को बलहरू हाल्न थाल्यो, तबसम्म हालिरह्यो जबसम्म त्यसमा एउटा पनि बल अट्ने ठाउँ बचेन।

उनले विद्यार्थीहरूलाई सोधे 'के जार पूरै भरियो ?'

'यस, भरियो' भनेर आवाज आयो।

फेरि प्रोफेसरले त्यसमा सा-सानो कंकड भर्न शुरु गरे, बिस्तारै-बिस्तारै जारलाई हल्लाए पछि कयौँ कंकड जहाँ ठाउँ खाली थियो त्यहाँ गएर अड्कियो।

फेरि प्रोफेसरले सोधे- 'अब के जार भरिसकिएको छ ?'

विद्यार्थीहरूले यसपटक फेरि 'यस' भने।

अब प्रोफेसरले थैलीबाट बालुवा निकालेर बिस्तारै बिस्तारै त्यो जारमा बालुवा हाल्न शुरु गऱ्यो। बालुवाले पनि त्यो जारमा जहाँ सम्भव थियो त्यहाँ गएर आफ्नो ठाउँ ओगट्यो।

अब विद्यार्थीहरू आफ्नो मूर्खतामा हाँस्न थाले। फेरि प्रोफेसरले सोधे, 'के अब त यो जार पूरै भरिसकियो होला होइन ?'

'हो, यस, अब त पूरै भरियो', सबैले एकैस्वरमा भने।

सरले दुई कप चियालाई जारमा खन्याए, चिया पनि धूलोको बीचबीचमा सोसियो।

त्यसपछि प्रोफेसरले गम्भीर आवाजमा सम्झाउन शुरु गरे, यो काँचको जारलाई तिमीहरूले आफ्नो जीवन सम्झ। टेबल टेनिसको बलहरू सबैभन्दा महत्त्वपूर्ण भाग अर्थात परिवार, बच्चाहरू, मित्र, स्वास्थ्य र चाहनाहरू हो, सानो कंकड अर्थात तिम्रो नोकरी, कार, ठूलो घर आदि हो, र धूलोको मतलब अरू पनि सानो सानो बेकारको कुराहरू, मनमुटाव र झगडाहरू हो। यदि तिमीले काँचको जारमा सबैभन्दा पहिले धूलो हाल्थ्यौ भने टेबल टेनिसको बलहरू र कंकडको लागि ठाउँ बच्ने थिएन, या कंकड भरेको भए धूलोहरू भरिए पनि बलहरू भर्न सक्ने थिएनौ। ठिक यही कुरा जीवनमा पनि लागू हुन्छ।


यदि तिमी सानो सानो कुराहरूको पछि कुद्यौ भने र आफ्नो उर्जा त्यसमा नष्ट गऱ्यौ भने तिमीसित मुख्य कुराहरूको लागि अधिक समय हुनेछैन।'

## पुर्खाले सिर्जेको सम्पत्ति - हाम्रो कला र संस्कृति

# eQmk'/ gu/sf afxfMalxsf]kl/ro

भक्तपुर नगरपालिकाद्वारा २०८० पौष १४ गते शनिबार आयोजित योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा–२०८० मा परिक्रमा गरिएका बाहाःबहिको छोटो परिचय (नक्सामा दिइएको सङ्ख्याको क्रममा) ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. अखण्डशील (बुलुचा) | ४. जयकिर्ति (थथुबही) | ७. चतुब्रम्ह (साकोथा) | १०. मञ्जुवर्ण (बेखाल) | १३. कुलरत्न (क्वाठण्डौ) | १६. खुसीबह (खौंह्रे) | १९. झौरबही (गोल्मढी) |
| २. जेतवर्ण (तेखाचो) | ५. जेष्ठवर्ण (ईताछें) | ८. यालाछें बही (यालाछें) | ११. प्रशन्नशील (क्वाठण्डौ) | १४. धर्मकिर्ति (क्वाठण्डौ) | १७. मुनिविहार (खँचा) | |
| ३. बौद्ध समंकृत (कुथुबही) | ६. लोकेश्वर (कुश्वच) | ९. सुवर्ण (सुकुलढोका) | १२. दिपंकर (क्वाठण्डौ) | १५. आदिपद्य (सूर्यमढी) | १८. इन्द्रवर्ण (इनाचो) | |




## १. अखण्डशील महाविहार



**परिचय :** भक्तपुर नगरका विभिन्न विहारहरू मध्ये अखण्डशील महाविहार एक हो । भक्तपुर वडा नं. ४ मा रहेको यस प्राचीन महाविहारमा प्रव्रज्या सम्बर (भिक्षु गरिने कार्य) गरिने कार्य निरन्तर रूपमा भइरहेको छ । 'आदि बाहाः' नामले पनि परिचित यो बाहाःलाई स्थानीयवासीहरूले अखः बाहाः पनि भनिन्छ । बाहाः वास्तुस्वरूप अनुसार वर्गाकार चोक भएको यस अखःबाहाःको पूर्वमा राम मन्दिर जाने बाटो र गाःहिति, दक्षिणमा तालाको, पश्चिममा तालाको थुम्को (डम्फ्व) र उत्तरमा बुलुचा हिति रहेका छन् ।

**ऐतिहासिक पृष्ठभूमि :** नेपालमा प्रचलित विभिन्न वंशावलीहरू मध्ये एक मछिन्द्रनाथ (बुंग्द्यः) को वंशावलीमा उल्लेख भए अनुसार गोरखनाथ योगीको कारणले काठमाडौँ उपत्यकामा १२ वर्षसम्म पानी नपरेर हाहाकार भइरहेको बखतमा जलवृष्टि गराउन लोकनाथ (करुणामय) लाई कामारुकामाक्षबाट ल्याउनको लागी भक्तपुरका राजा नरेन्द्रदेव, काठमाडौँका बज्राचार्य वन्धुदत्त र पाटनको ललित किसान सहितको टोली जानु भएको उल्लेख छ । त्यहाँबाट वहाँलाई ल्याई भक्तपुरमा विराजमान गराउनको लागि यो अखण्डशील

विहार निर्माण गरेको हो भन्ने जनविश्वास छ। त्यसैले पाटनमा रथ तान्नु अघि अखबाहाः भनेर एकचोटि भन्ने चलन अहिलेसम्म पनि रहेको सुनिन्छ। अखण्डशील विहारमा रहेको सबैभन्दा पुरानो अभिलेख विहारको क्वापाद्यो (अक्षोभ्य बुद्ध) विराजमान गराइएको गर्भगृहमा रहेको ने.सं. ७७७ को शिलापत्र हो। उक्त शिलापत्रमा बजाचार्य देवज्योतीले ने.सं. ७७५ मा जीर्णोद्धार गर्ने काम सुरु गरेर ने.सं. ७७७ मा पूरा गरेको उल्लेख भएको छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** यस अखःबाहाःमा करिब २० बज्राचार्य परिवार सङ्घ सदस्यहरू रहेका छन्। बाहाःमा सङ्घ मार्फत पालैपालो दिनहुँ बिहान नित्यपूजा र साँझ (सन्ध्याकाल) मा सन्या गर्ने (मत बियेगु/बत्ति चढाउने) कार्य गर्दै आएका छन्। वर्षै पिच्छे चैत्र शुक्ल पूर्णिमाको दिन यस अखःबाहाःको मूलचैत्यलाई योमारी चढाएर पर्वपूजा गर्दै आइरहेको छ। यो बाहाःको प्रमुख सम्पदाहरूमा क्वापाद्यो (अक्षोभ्य बुद्ध), मूल बज्रधातु चैत्य, आगम देवता हेरुक चक्रसंवर रहेका छन्।

## २. जेतवर्ण महाविहार



**परिचय :** भक्तपुर नगरको वडा नं. ३, तेखाचो टोलमा जेतवर्ण महाविहार रहेको छ। निवाः बुद्धाचार्य (शाक्य) हरू प्रव्रजित गर्ने यो विहारलाई पाटनको हिरण्यवर्ण महाविहारको सिद्धहस्त र प्रख्यात धातुकलाको काम गर्ने निवाःशाक्यहरूको बाहाः भएकोले स्थानीय जनताले 'निवाः बाहाः' पनि भनिन्छ। बाहाःको वास्तुस्वरूप अनुसार वर्गाकार चोक भएको यस निवाः बाहाःको पूर्वमा बाराही मन्दिर, दक्षिणमा तेखाचो टोलको मूलबाटो, पश्चिममा तँचाकोने र उत्तरमा लस्कः देवताको मन्दिर रहेको छ।

**ऐतिहासिक पृष्ठभूमि :** जेतवर्ण महाविहार स्थापनाका बारेमा स्पष्ट उल्लेख भएको अभिलेख हालसम्म प्राप्त भएको छैन। त्यसो भएता पनि गुणासिंह आजूले वर्तमान जेतवर्ण महाविहार क्षेत्रमा ने.सं. ७५१ देखि ७५४ तिर जग्गा खरिद गरेको देखिएकोले त्यस समयभित्र जेतवर्ण महाविहार स्थापना भएको अनुमान गरिएको छ। यस महाविहारको क्वापाद्योको बायाँ भित्तामा अहिलेसम्म प्राप्त सबैभन्दा पुरानो अभिलेख राखिएको छ। राजा रणजित मल्लको समयमा भक्तपुर दरबारको प्रसिद्ध 'लुँध्वाका' (सुनको ढोका) बनाउने यस महाविहारका गुणाकर, रतिकर र प्रभाकरहरूले विश्वकर्मालाई ने.सं. ८७१ मा 'हेलफ्वः' चढाएको विवरण त्यस अभिलेखमा उल्लेख छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** निवा बाहाःमा करिव १०० घर निवाः बुद्धाचार्य (शाक्य) परिवार सङ्घ सदस्यहरू रहेका छन्। यस बाहाःमा सङ्घको सदस्यबाट दिनहुँ पालैपालो बिहान नित्यपूजा गर्ने कार्य भैरहेको छ। प्रत्येक वर्ष यस निवाःबाहाःको मूलचैत्यलाई सिठि नखःको समयमा पूजा गर्दै आइरहेका छन्। त्यसै गरी कुथुबहिमा पनि यस बाहाःका सङ्घले वर्षको छ महिना नित्यपूजा गर्ने र त्यहाँको दीपङ्कर बुद्धको जात्रा सञ्चालन गर्दै आइरहेको छ। यो बाहाःको मूल सम्पदाहरूमा क्वापाद्योको रूपमा मैत्रेय बोधिसत्व, दिपंकर बुद्ध र मूल बज्रधातु चैत्य हुन्।

## ३. बौद्ध समकृत विहार (कुथुबहि)



**परिचय :** भक्तपुर नगरको वडा नं. १ भार्वाचो टोलमा बौद्ध समकृत विहार रहेको छ। स्थानीयहरूले 'कुथुबहि' भनेर चिनिने यस विहार बहिको वास्तुकला स्वरूप चतुष्कोणाकारको रूपमा रहेको छ। पञ्जरां दान पर्व एवं सम्यक महादान पर्वमा ल्याइने दीपङ्कर बुद्धको मूर्ति यस विहारमा रहेको छ। यस विहारको पूर्वदिशामा इताछेँ / भार्वाचो टोल, दक्षिण दिशामा भार्वाचो ढोकाबाट काठमाडौं जाने

मोटरबाटो, पश्चिम दिशामा सिद्धपोखरी र उत्तर दिशामा थथुबहि रहेका छन् ।

**ऐतिहासिक पृष्ठभूमि :** बौद्ध समकृत विहार स्थापना भएको समय उल्लेख भएको अभिलेख अहिलेसम्म भेटिएको छैन । तर पनि यस विहार र अलि माथि रहेको जयकीर्ति महाविहार (थथुबहि) को क्षेत्रफल, बहिको वास्तु स्वरूप आदि समान देखिएको हुनाले यो विहार थथुबहि निर्माण गरिएको समय मै निर्माण भएको अनुमान गर्न सकिन्छ । अहिलेसम्म प्राप्त पुरानो अभिलेख ने.सं. ७४३ को ताडपत्र अनुसार राजा जगज्योति मल्लले क्वाठन्डौ टोलका गुणसिंह नेवाः बाडेलाई क्वथूखेलको घर, खेत दिएको कुरा उल्लेख गरिएको पाइन्छ ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** यस बौद्ध समकृत महाविहारका सङ्घ सदस्यहरूमा, चतुब्रम्ह महाविहारका बज्राचार्य (चिवागाःखलः, घ्याङ्खलः, मायेके खलः) र जेतवर्ण महाविहारका बुद्धाचार्य (शाक्य) हरू रहेका छन् । वहाँहरू दुवै खलकहरूमध्ये प्रत्येक खलकले छ – छ महिनामा आलोपालो गरी दिनदिनै प्रत्येक बिहान नित्यपूजा र सन्ध्याकालमा सन्यापूजा (दीप पूजा) गर्ने कार्य हुँदै आएका छन् । त्यसरी नै प्रत्येक वर्ष सम्पन्न हुँदै आएको पञ्जरां दानपर्व र सम्यक महादान पर्वमा पनि दीपङ्कर बुद्धको जात्रा सम्पन्न गर्दै आएका छन् । यस बहिका मूल सम्पदाहरूमा बहिको गन्धूरी देवता शाक्यमुनि बुद्ध, दीपङ्कर बुद्ध, बहिको मूल चैत्य, महाँकाल, आगं देवता बज्रदेवी आदि हुन् ।

# ४. जयकीर्ति महाविहार (थथुबहि)



**परिचय :** भक्तपुर नगरको वडा नं. १ इताछेँ टोलमा जयकीर्ति महाविहार रहेको छ । स्थानीय जनताले थथुबहि भनेर चिनिने यस बहि, वास्तुकला स्वरूप अनुसार चतुष्कोण चोक भई चारैतिर बहिघरले घेरिएको छ । भक्तपुर नगरको बहि वास्तुकला अनुसार एकमात्र मूल स्वरूपमा बाँकी रहेको बहि भएको कारणले गर्दा यसको महत्त्वपूर्ण स्थान छ । यस बहिको बाहिरी परिसर (भूईख्यः)मा ने.सं. ७८७ सालदेखि प्रत्येक वर्ष सम्येक् महादान पर्व मनाउँदै आइरहेको छ । पञ्जरांदान पर्व एवं सम्येक् महादान पर्वमा ल्याईने दीपङ्कर बुद्धको मूर्ति यस विहारमा रहेको छ । यस विहारको पूर्वदिशामा नकपोखरी (नःपुखु) तथा इताछेँ टोल, दक्षिण दिशामा कुथुबहि तथा काठमाडौँ भक्तपुर बसस्टप, पश्चिम दिशामा सिद्धपोखरी र उत्तर दिशामा नगरकोट जाने मोटर बाटो छन् ।

**ऐतिहासिक पृष्ठभूमि :** जयकीर्ति महाविहार थथुबहि कुन समयमा स्थापना भएको हो भन्ने उल्लेख भएका अभिलेख अहिलेसम्म भेटिएको पाईंदैन । तरपनि यस बहिसँग आबद्ध एक भारदारले ने.सं. २८९ मा यस बहिको अगाडि एक 'नक पोखरी' निर्माण गरेका थिए भन्ने कुरा गोपालराज वंशावलीमा उल्लेख भएको हुनाले सो समयभन्दा अगाडि नै यस बहि निर्माण भएको देखिन्छ । यस बहिको क्वापाद्योको पादपिठमा रहेको ने.सं. ६६६ को अभिलेख नै सबैभन्दा पुरानो अभिलेख हो । राजा जितामित्र मल्लको पालामा जयरत्न बज्राचार्यले थथुबहि जीर्णोद्धार गरिएको ने.सं. ७९४ को अभिलेख क्वापाद्योको मूलद्वारको दायाँ बायाँ रहेको छ ।

**बाहाःको सङ्घ, गतिविधि व सम्पदा :** जयकीर्ति महाविहारमा चतुब्रम्ह महाविहारको बज्राचार्य (चिवागाःखलः, घ्याङ्खलः, मायेके खलः) र जेष्ठवर्ण महाविहारको बुद्धाचार्य (शाक्य) हरू सङ्घ सदस्य रूपमा रहेका छन् । यी दुई महाविहारका सङ्घ सदस्यहरूबाट आलोपालो गरी दैनिक रूपमा बिहान नित्यपूजा र सन्ध्याकालीन समयमा सन्यापूजा (दीपपूजा) गर्ने कार्य हुँदै आएका छन् । त्यसरी नै भक्तपुरको प्रसिद्ध पञ्जरांदान पर्व र सम्यक महादान पर्वमा दीपङ्कर बुद्धको जात्रा गर्दै आइरहेका छन् । यस बहिका मूल सम्पदाहरू बहिको गन्धूरी देवता (पद्मपाणी बोधिसत्व), दीपङ्कर बुद्ध, मूल चैत्य, मुचलिन्द बुद्ध, आगं देवता चक्रसम्बर हुन् ।

# ५. जेष्ठवर्ण महाविहार



**परिचय :** भक्तपुर नगरको वडा नं. १ मा नै रहेको अर्को विहार जेष्ठवर्ण महाविहार हो । तँचाकोने स्थानमा स्थापना भएको महाविहार भएकोले स्थानीयहरूले यस महाविहारलाई 'तँचाकोने बाहाः' भनिन्छ । बाहाःको वास्तुकला स्वरूप अनुसार यो बाहाःमा वर्गाकार चोक छ । यस विहारमा रहेका

सङ्घ सदस्यहरू बुद्धाचार्य (शाक्य)को प्रव्रजित (भिक्षु) गर्ने कार्य निरन्तर रूपमा गरिँदै आएको छ। यस बाहा:को पूर्वमा ईताछेँबाट तेखाचो जाने बाटो, दक्षिणमा भार्वाचो जाने बाटो, पश्चिममा न:पुखू र उत्तरमा इताछेँ रहेको छ।

**ऐतिहासिक पृष्ठभूमि :** जेष्ठवर्ण महाविहार स्थापना भएको उल्लेख गरिएको अभिलेख अहिलेसम्म प्राप्त भएको छैन। त्यसो भएतापनि हालसम्मको प्राप्त भएको सबैभन्दा पुरानो यस बाहा:को अभिलेख यसै बाहा:को मूल चैत्यमा ने.सं. ८२० उल्लेख गरिएको छ। अक्षर सबै खिइसकेको एउटा शिलापत्र क्वापाद्यो घरको भित्तामा रहेको छ। यस विहारमा रहेका सङ्घ सदस्य बुद्धाचार्य (शाक्य)हरू काठमाडौँको तक्षबाहा:बाट आएको भन्ने चलन छ।

**बाहा:को सङ्घ, गतिविधि र सम्पदा :** तँचाकोने बाहा:को बुद्धाचार्य (शाक्य)हरू करिब १५ परिवार सङ्घ सदस्यहरू रहेका छन्। यहाँको बुद्धाचार्य (शाक्य) हरू पहिला थथुबहिमा प्रव्रजित गर्ने कार्य गरिँदै आएको थियो। पछि यो बाहा: निर्माण गरिसकेपछि सम्पूर्ण परम्परा यही बाहा:मा सञ्चालन गर्दै आइरहेका छन्। आजभोलि बाहा:मा प्रत्येक दिन पालैपालो यहाँका सङ्घ मार्फत बिहान नित्यपूजा गर्ने र साँझ सन्या गर्ने कार्य भइरहेको छ। प्रत्येक वर्ष यस बाहा:मा प्रत्येक महिनाको १ गते (सङ्क्रान्ति) र ग्रहणको समयमा बाहा:को आगममा पूजा गर्दै आएका छन्। बाहा:को मूल सम्पदाहरूमा क्वापाद्यो शाक्यमूनि बुद्ध र मूल बज्रधातु चैत्य रहेको छ।

## ६. लोकेश्वर महाविहार

**परिचय :** भक्तपुर नगरको वडा नं. २ मा रहेको लोकेश्वर महाविहार एक प्रसिद्ध महाविहार हो। स्थानीय भाषामा 'लश्क बाहा:' भनेर पनि चिनिएको यस विहारमा प्रव्रजित कार्य हुने गरेको छ। विहारको वास्तुस्वरूप अनुसारको चोक यस विहारमा रहेको छैन। यस विहारको पूर्वमा खमा:बहाल, दक्षिणमा तापालाछिं, पश्चिममा इताछेँ र उत्तरमा कुश्क: टोल रहेको छ।



**ऐतिहासिक पृष्ठभूमि :** नेपालको विभिन्न वंशावलीहरू मध्ये एक बुंग्द्य:को वंशावली अनुसार काठमाडौँ उपत्यकामा गोरखनाथ योगीको कारण १२ वर्षसम्म पानी नपरेर हाहाकार भैरहेको समयमा जलवृष्टिको लागी सहकालका देवता श्री लोकनाथ (करुणामय) ल्याउनको लागी भक्तपुरको राजा नरेन्द्रदेव, काठमाडौँको बज्राचार्य बन्धुदत्त र पाटनको ललित किसानको टोली कलिगत संवत् ३७०० मा कामरुकामाक्ष जानु भएको कुरा उल्लेख गरिएको छ। लोकनाथलाई काठमाडौँ उपत्यकामा ल्याइसकेपछि सहकालको सुरुवात भएको मानिन्छ। यसरी ल्याइएको सहकालका देवतालाई पाटनमा स्थापना गरिएको भएता पनि त्यहाँ स्थापना गरिएको जस्तै करुणामयको मूर्ति भक्तपुरमा पनि स्थापना गर्न स्थानीयको सपनामा आज्ञा भए अनुरूप कलिगत संवत् ३७०१ मा यो लोकेश्वर महाविहार निर्माण गरिएको कुरा स्थानीय मानिसहरूले दाफा भजन गरिने सफूको पुष्पिका वाक्यमा उल्लेख भएको छ। भक्तपुरको एकमात्र प्रसिद्ध लोकेश्वरको मन्दिरको रूपमा रहेको यस विहारमा बिहानैदेखि भक्तजनहरूको उपस्थिति रहने गरेको छ। ने.सं. ९५० को ताम्रपत्र यस महाविहारको अहिलेसम्म प्राप्त पुरानो अभिलेखको रूपमा रहेको छ।

**विहारको सङ्घ, गतिविधि र सम्पदा :** यस लोकेश्वर विहारमा करिव २० बज्राचार्य परिवारका सदस्यहरूको एक सङ्घ रहेको छ। सो सङ्घ मार्फत पालैपालो दिनदिनै बिहान नित्यपूजा गर्ने र साँझ सन्या गर्ने कार्य निरन्तर रूपमा भइरहेको छ। यस बाहा:को मूल लोकेश्वरको मूर्तिलाई हरेक वर्ष गुँलागा: द्वितीया तिथिमा खतमा राखी नगर परिक्रमा गर्ने परम्परा रहेको छ। यस विहारको प्रमुख सम्पदामा क्वापाद्य: स्वरूप लोकेश्वरको मूर्ति, मूल बज्रधातु चैत्य, धर्मधातु मण्डल र विभिन्न चैत्यहरू रहेको छ। यस विहारको आगमदेवताको रूपमा चण्डमहारोषण रहेको छ।

## ७. चतुब्रम्ह महाविहार



**परिचय :** भक्तपुरको दरबार क्षेत्र रहेको वडा नं. ५ मा यस चतुब्रम्ह महाविहार रहेको छ। तधिछैँ बाहाः भनेर पनि चिनिएको यस बाहाःलाई स्थानीय जनताले 'बाहाःछैँ' भनेर पनि भनिन्छ। उपत्यका भित्रकै बेजोड बाहाः वास्तुकलाको अनुपम नमुनाको रूपमा खडा भएको वर्गाकार चोक र चारैतिर बाहाःछैँ भएको यस तधिछैँ बाहाःमा प्रव्रज्या सम्बर (भिक्षु बनाउने) कार्य निरन्तर रूपमा गर्दै आएको छ। पञ्जरांदान पर्व एवं सम्येक् महादान पर्वमा जात्रा गरिने दीपङ्कर बुद्धको मूर्ति यस विहारमा रहेको छ। यस विहारको पूर्वमा साकोठा, दक्षिणमा टौमढी, पश्चिममा पचपन्न झ्याले दरबार र उत्तरमा बालाखु टोल रहेको छ। केही वर्ष अघि यो भनपाले जीर्णोद्धार गरेको थियो।

**ऐतिहासिक पृष्ठभूमि :** चतुब्रम्ह महाविहार ने.सं. ६११ सालमा राजा राय मल्लको शासनकालमा निर्माण भएको हो। कुमारीको विधिवत रूपमा दरबारमा पूजा गर्न, काठमाडौँ तक्षबाहाःका प्रसिद्ध बज्राचार्य सुरतबज्रका माहिलो छोरा जीवचन्द्रलाई बोलाएर वहाँलाई स्थायी रूपमा बसोवास गराउनको लागि नै यस बाहाःको निर्माण गरिएको हो। चतुब्रम्ह महाविहारमा रहेको प्राप्त सबैभन्दा पुरानो अभिलेख राजा विश्व मल्लको शासनकाल ने.सं. ६७१ को एउटा तमसुक पत्रमा 'तलमन्देत्वाः बहालछैँ' उल्लेख भएको छ। यस बाहाःको विषय घटनावली टिपोटमा, दीपङ्कर बुद्धको गहनामा, बाहाःको तोरणमा, टुँडालमा, हस्तलिखित ग्रन्थको पुष्पिका वाक्य आदिमा विभिन्न अभिलेखहरू रहेका छन्।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** चतुब्रम्ह महाविहारमा चिवाग, घ्याङ्ग खलः, मायकेँ खःल, छुमा खलः, देगचा ल्युने खलः र तधिछैँ खलः गरी ६ खलःका करिब १५० बज्राचार्य परिवार सङ्घ सदस्यहरू रहेका छन्। तधिछैँ बाहाःमा सङ्घमार्फत पालैपालो दिनदिनै बिहान नित्यपूजा र साँझपख सन्या यायेगु (बत्ती चढाउने) कार्य भैरहेको छ। त्यसैगरी दशैं (मोहनी) र बिस्का जात्रामा सबै सङ्घ सदस्यहरूले आगंमा अनिवार्य रूपमा पूजा गरिन्छ। यस बाहाःका सङ्घ सदस्यहरूले भक्तपुरमा रहेका अरू बहाबहिहरूमा पनि बौद्ध परम्परा अनुसार पूजा र संस्कृति संस्कार गर्दै आइरहेको छ। त्यसमध्ये चिवागः, घ्याङ्ग खलः र मायकेँ खलःले थथुबहिमा जेष्ठवर्ण महाविहारका सङ्घ सदस्यहरूसँग र कुथुबहिमा जेतवर्ण महाविहारका सङ्घ सदस्यहरूसँग मिलि नित्यपूजा, पर्व पूजा र दीपङ्कर बुद्ध जात्रा गर्दै आइरहेका छन्। विगतमा यस चतुब्रम्ह महाविहारका छुमा खलःले यालाछैँ बहिको नित्यपूजा, पर्व पूजा गर्दथ्यो। तधिछैँ खलःले झौरबहिको नित्यपूजा, पर्वपूजा र दीपङ्कर बुद्ध जात्रा गर्दै आइरहेका छन्। त्यसै गरी यस खलःका बज्राचार्य, जयरत्नले ने.सं. ७८७ मा सम्यक महादान गरेको र पछि वहाँका सन्ततिहरूले आजसम्म पनि त्यसलाई निरन्तरता दिँदै आइरहेको छ। हरेक वर्ष योमरी पूर्णीमाको चौथो दिनमा यस तधिछैँ बाहाःका सङ्घ सदस्यहरु जम्मा भएर सङ्घ भोजन गर्दै आइरहेको छ। क्वाःपाद्योको रूपमा रहेको पद्मपाणी लोकेश्वर, दीपङ्कर बुद्ध, वास्तुकला युक्त बाहाःछैँ, मूल बज्रधातु चैत्य, आगं द्यःको रूपमा रहेको बज्रदेवीको मूर्ति यस विहारका प्रमुख सम्पदाका रूपमा रहेका छन्।

## ८. यालाछैं बहि



वयोवृद्ध बौद्ध विद्वानहरूको भनाइअनुसार भक्तपुर नगरको वडा नं. २ मा यालाछैँ बहि रहेको अनुमान गरिएको छ। यस बहि सम्बन्धी कुनै पनि हस्तलिखित ग्रन्थ, अभिलेख प्राप्त भएको छैन। यद्यपि वर्तमान अवस्थामा यालाछैँ भएको स्थान वरपरको भन्दा अग्लो स्थान, पुरानो शैलीको चैत्य र वि.सं. २०५६ सालसम्म पनि त्यहाँ सिद्ध पुरुषहरूको शिलामूर्ति कुँदिराखेको ढुङ्गा रहेको आदि बहि वास्तुकलाका विशेषतासँग मिल्ने सामग्रीहरू रहनुले धेरै मात्रामा यस स्थानमा यालाछैँ बहि रहेको अनुमान गर्न सकिन्छ। चतुब्रम्ह महाविहारका छुमा खलः बाट हेरविचार र रेखदेख गरिँदै आएको भनिएता पनि उक्त कार्य कहिलेबाट सुरु गरियो र कहिलेसम्म गरियो भन्ने कुनै जानकारी नभएकोले यसै भन्न सकिने अवस्था छैन। पृथ्वी नारायण शाहले आक्रमणको क्रममा यस विहारलाई पूर्ण रूपमा ध्वस्त गरिएको भनाइ रहेको छ।

## ९. सुवर्ण विहार



**परिचय :** भक्तपुर नगरको वडा नं. ५ मा यस सुवर्ण विहार रहेको छ। स्थानीय भाषामा 'सुकूध्वाका बहि' भनेर पनि चिनिएको यस बाहा:मा भीमसेनको पनि मूर्ति रहेको छ। विहारको वास्तुस्वरूप अनुसारको चतुष्कोण आकारको चोक रहेता पनि हाल यसको आकार अलि बिग्रिएको देखिन्छ। यस विहारको पूर्वमा गोल्मढी, दक्षिणमा चासुखेल, पश्चिममा सुकुलध्वाका र उत्तरमा याछेँ टोल रहेको छ ।

**ऐतिहासिक पृष्ठभूमि :** यस विहारको प्रारम्भिक इतिहासलाई प्रकाश पार्ने कुनै प्रकारको अभिलेख प्राप्त भएको छैन। यहाँको भौतिक स्वरूपलाई नियाल्दा भक्तपुरको एक पुरानो विहार हो भनी अनुमान गर्न सकिन्छ। यहाँ सुरक्षित 'पंचरक्षा' नामक एक किताबमा ज्योति मल्ल देवको नाम स्पष्टसँग उल्लेख भएकोले यस विहारको प्राचीनताबारे अनुमान गर्न सकिन्छ। । यस पंचरक्षा नामक किताबको अन्तिम पृष्ठमा उल्लेखित वाक्यांशमा यस किताब, पशुपति महाविहारका बज्राचार्य थपालजुबाट सुकुध्वाखा बहिका हलि भारोलाई लेखी (उतार गरी) हस्तान्तरण गरेको देखिन्छ। यस विहार टिबुक्छेँ र सुकुलध्वाका टोलमा पर्ने भएकोले यस पंचरक्षा किताबमा यस विहारलाई सुकुध्वाका बहि भनेर भनिएको हो। आजसम्म पनि पशुपति (प्रसन्नशील) महाविहारका बज्राचार्य थपालजुबाट नै यस विहारमा परम्परा कार्य गरी आएको पाइन्छ। यस सुवर्ण विहारको उत्तरी दलानमा रहेको शिलापत्रमा यहाँ गर्नु पर्ने कार्यहरू (विधि विधान)का बारेमा स्पष्ट उल्लेख गरिएको पाइन्छ ।

**विहारको स्वरूप, सम्पदा र गतिविधि :** भक्तपुरको एक जीर्ण अवस्थामा रहेको प्राचीन विहार भएकोले यस विहारका सङ्घ सदस्य (शाक्य, बज्राचार्य वा सुद्धकार) भनी कितानका साथ भन्न नसकिएता पनि यहाँ सुद्धकारहरूको एक सङ्घ रहेको छ। उनीहरू त्यहाँ स्थापना गरिएको भीमसेन (भिसिंद्यः) का पुजारीहरू पनि हुन्। आज भोलि परम्परा चलाई राखेका सुद्धकारहरूको परिवारको सङ्ख्या पनि अत्यन्त न्यून रहेको छ। उनीहरूले वर्तमान प्रशन्नशील महाविहारको बज्राचार्य थपालजुबाट परम्परा गरी आएको पाइन्छ। गुँला महिनामा आठ रात नौ दिन बहिद्यः प्रदर्शन गर्ने चलन अद्यापि रहेको देखिन्छ। टेराकोटाको बुद्धको मूर्ति, बज्रधातु मण्डल चैत्य, बज्रसत्वको मूर्ति आदि यहाँका सम्पदाहरू हुन् ।

# १०. मञ्जुवर्ण महाविहार



**परिचय :** भक्तपुर नगरको वडा नं. १० बेखाल टोलमा मञ्जुवर्ण महाविहार रहेको छ। स्थानीय भाषामा 'वाउँ बाहाः' भनेर पनि चिनिएको यस बाहाःमा प्रव्रज्या सम्बर (भिक्षु बनाउने) कार्य निरन्तर रूपमा गर्दै आएको छ। बाहाः वास्तु स्वरूप अनुसार वर्गाकार चोक भएको बाहाःको पूर्वमा प्रशन्नशील महाविहार दक्षिणमा थालाछेँ नागपोखरी, पश्चिममा महालक्ष्मी र उत्तरमा बेखाल पोखरी रहेको छ।

**ऐतिहासिक पृष्ठभूमि :** मञ्जुवर्ण महाविहार स्थापना समय उल्लेखित अभिलेख अहिलेसम्म प्राप्त भएको छैन। त्यसो त मध्यकालको अन्तिम समयतिर यस विहारको स्थापना भएको हो भनी अनुमान गरिएको छ। पशुपति महाविहारमा प्रव्रजित हुनेहरूमध्ये पाटनबाट आएर बसेका बुद्धाचार्य (शाक्य) हरुले यस विहार स्थापना गरी बज्राचार्य अभिषेक लिई बजाचार्य भएको हो। यस विहारको अहिलेसम्म प्राप्त भएको सबैभन्दा पुरानो अभिलेख ने.स. ९८६ को रहेको छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** मञ्जुवर्ण महाविहारका सङ्घ सदस्य बज्राचार्यहरू हुन्। पाटनबाट आइरहेको वुद्धाचार्य (शाक्य) हरूले यस विहार स्थापना गरी बज्राचार्य अभिषेक लिई बज्राचार्य भएको हुनाले बलं गुभाजु (बलपूर्वक गुभाजु) बज्राचार्य भएको भनी भन्ने गरिन्छ। वहाँहरूको सङ्घ सदस्य करिब १५ परिवार रहेको छ। वहाँहरूमध्ये एउटा परिवारले बाहालमा दिनदिनै बिहान नित्यपूजा र साँझपख सन्या यायेगु (बत्ती चढाउने) कार्य गरिआएको छ। त्यसै गरी पर्वपूजा अनुसार बाहाःको चैत्यमा हरेक वर्ष बुसाधं (विशेष पूजा) गर्दै आइरहेको छ। यस बाहाःको प्रमुख सम्पदाहरूमा अत्यन्त आकर्षक दुरुलाँहँ (मार्बल)को क्वाःपाद्यो (महाबैरोचन)को मूर्ति, बाहाःको मूल चैत्य र आगं देवताको रूपमा हेरूक चक्रसम्बर हुन् ।

## ११. प्रशन्नशील महाविहार




**परिचय** : भक्तपुर नगरको वडा नं. १० क्वाठण्डौ टोलस्थित प्रशन्नशील महाविहार भक्तपुरको प्राचीन विहारहरू मध्ये एक हो। पुरानो अभिलेखहरूमा यस विहारको नाम पशुपति महाविहार भनी उल्लेख गरिएको पाइन्छ। त्यसैले यो विहारलाई स्थानीय जनताले पशु बाहाः पनि भनिन्छ। बाहाःको वास्तुकला अनुरूप यसको चोक वर्गाकार रहेको छ। यस विहारमा प्रव्रज्या सम्बर कार्य  निरन्तर रूपमा गर्दै आएको छ। यस पशु बाहाःको पूर्व दिशामा क्वाठण्डौ टोल, दक्षिण दिशामा विश्वकर्मा छेँ (घर), पश्चिम दिशामा नाग पोखरी बेखाल टोल र उत्तर दिशामा दीपङ्कर विहार रहेका छन्।

**ऐतिहासिक पृष्ठभूमि** : प्रशन्नशील महाविहारको स्थापना भएको समय स्पष्ट उल्लेख भएको अभिलेख अहिलेसम्म प्राप्त भएको छैन। यस महाविहारको भण्डारमा भएको ने.सं. ५२७ को भूजिंमोल लिपिमा लेखिएको राजा धर्ममल्लको समयमा जग्गा किनबेच गरेको तमसुकमा साक्षी बस्ने श्री भुवन धर्म संस्कारित श्री पशुपति महाविहारको बज्राचार्य अभयजू भनी उल्लेख गरिएको पाइन्छ। त्यस्तै ने.सं. ६६८ सालमा हिरण्यवर्ण महाविहारको दानपति कसराज भारोले यस विहारलाई पठाएको सङ्घ भोजनको निमन्त्रणा पत्रमा पनि श्री भूवनाकर संस्कारित पशुपति महाविहार भनी सम्बोधन गरिएको छ भने संवत् ६९४ सालमा श्री पद्मकाष्ट गिरि गूं विहारको दानपति क्वाथनायक जयकीर्तिराजजूले पठाएको निमन्त्रणा पत्रमा पनि श्री भूवनाकर धर्म संस्कारित श्री धर्मकीर्ति विहार, श्री पशुपति विहार भनेर उल्लेख भएको पाइन्छ। यस आधारमा पशुपति महाविहारको संस्थापक भूवनाकर रहेको मान्न सकिन्छ। ने.सं. १९८ सालको एउटा 'बोधिचर्यावतार' हस्तलिखित ग्रन्थमा भुवनाकर नाम उल्लेख भैरहेको देखिएकोले पशुपति महाविहारको स्थापना ने.सं. १९८ को आसपासमा भएको देखिन्छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा** : प्रशन्नशील महाविहारमा बजाचार्य र बुद्धाचार्य (शाक्यहरू) को संयुक्त सङ्घ रहेको छ। यस महाविहारको सङ्घमा उक्त दुई खलकका गरी करिब ७० परिवार रहेका छन्। यस महाविहारको सङ्घमा दश स्थविर परम्पराको व्यवस्था भएको पाइन्छ। वहाँहरू सङ्घमा प्रवेश गरेको जेष्ठताक्रम अनुसार नै सङ्घमा दश स्थविर पदमा आसिन हुने व्यवस्था गरिने परम्परा रहेको छ। वहाँहरूमध्ये बज्राचार्य सङ्घले प्रशन्नशील महाविहारको क्वापाद्यो आगम देवताको दैनिक रूपमा आलोपालो गरी बिहान नित्यपूजा सन्ध्याकालमा सन्या यायेगु गर्ने कार्य सुचारु रूपमा सञ्चालन गर्दै आएका छन्। त्यसै गरी बुद्धाचार्य शाक्यहरूको सङ्घले, आदिपद्म महाविहारको क्वापाद्यो, आगम देवताको बिहान नित्यपूजा साथै सन्ध्याकालमा सन्या गर्ने गर्दै आएका छन्। त्यसै गरी महाविहारको थपाजूले दीपङ्कर बुद्धलाई बिहान नित्यपूजा र बेलुका दीपावली पूजा गर्दै आएका छन्। यस महाविहारमा वर्षको एकचोटि दीपङ्कर बुद्ध अगाडि विराजमान गराई सदस्यहरू भेला भएर देवाली पूजा मनाउने गरिन्छ भने वर्षको दुई पटक स्थाविर आजूहरू भेला भएर नायो गुठी पर्वपूजा मनाइन्छ। त्यसै गरी सबै सङ्घहरू भेला भएर पालैपालो सम्यक दानपर्व (पञ्जरा पर्व)को बेलामा दीपङ्कर बुद्धको जात्रा गरिन्छ। यस विहारको प्रमुख सम्पदाहरूमा क्वापाद्यो देवता लोकेश्वर, बाहाःको मूल चैत्य दुईओटा, आगमघर भित्रको आगम देवता हेरुक चक्रसम्बर आदि रहेका छन्।

## १२. मूल दीपङ्कर विहार

**परिचय** : मूल दीपङ्कर विहार भक्तपुर नगरको वडा नं. १० क्वाठण्डौ टोलमा अवस्थित छ। देवननी भनेर पनि



चिनिएको यस विहारमा पञ्जरादान पर्व एवं सम्यक महादान पर्वमा जात्रा गरिने दीपङ्कर बुद्धको मूर्ति रहेको छ। भक्तपुरको मूलमा आजू (मुख्य दीपङ्कर) रहेको यो विहारको पूर्वदिशामा क्वाठण्डौ पोखरी, दक्षिण दिशामा प्रशन्नशील महाविहार, पश्चिम दिशामा बेखाल टोल र उत्तर दिशामा बेखाल पोखरी रहेको छ। यस बिहारको भक्तपुर नपाले जीर्णोद्धार गरेको थियो।

**ऐतिहासिक पृष्ठभूमि** : प्रशन्नशील महाविहार/पशुपति महाविहारको द्योननी भनेर चिनिएको दीपङ्कर विहारमा नै प्रशन्नशील महाविहारका सबै पर्वपूजाहरू अन्तर्गतको साङ्घिक परम्पराहरू सम्पन्न गरिन्छन्। यस विहारमा प्रशन्नशील महाविहारको/पशुपति महाविहारको मूल

आजु (थपाजू) भैसकेपछि बाँकी जीवन यही विहारमै बसेर बिताउनु पर्ने परम्परा रहेको छ। मूल दीपङ्कर विहारमा विराजमान गराइएको मूल दीपङ्कर बुद्धको हातमा संवत् २०२ उत्कीर्ण गरिराखेको छ भने यहाँको सङ्घ सदस्य एकजनाको भनाइ अनुसार उक्त दीपङ्कर बुद्धको स्थापना करिब नौसय बयालिस वर्षजति अगाडि भएको देखिन्छ। यही दीपङ्कर बुद्धलाई ललितपुरमा हुने नियमित सम्यक महादान र ऐच्छिक सम्यक महादान पर्वहरू गर्दा पठाइएका निमन्त्रणा पत्रहरू सबैभन्दा पुरानो ने.सं. ६६८ सालको रहेको छ। ललितपुरमा प्रत्येक चार वर्षमा सम्पन्न हुँदै आएको सम्यक महादानमा अहिलेसम्म पनि यहाँको दीपङ्कर बुद्धलाई निमन्त्रणा पत्र आइरहेको पाइन्छ। दीपङ्कर बुद्ध विराजमान गराइएको मन्दिर वर्तमान काठमाडौँ रत्नपार्कमा रहेको महाँकाल देवताको मन्दिर जस्तै दुई तले मात्रै रहेको र वि.सं. १९८० सालतिर ठूलो मन्दिर बनाइएको भन्ने यहाँका सङ्घ सदस्यहरूको भनाइ रहेका छन्। त्यसपछि अन्तिम पटक वि.सं. २०३३ सालमा जर्मन प्रोजेक्टले जीर्णोद्धार गरेको थियो।

**विहारको सङ्घ, गतिविधि र सम्पदा :** प्रशन्नशील महाविहार/पशुपति महाविहारको ननी दीपङ्कर विहार भएकोले यहाँ अलग्ग सङ्घ छैन। तर प्रशन्नशील महाविहारको सबै सङ्घले गर्नुपर्ने कामहरू यही विहारमै गरिन्छन्। यस विहारको दीपङ्कर बुद्धको दैनिक बिहान नित्यपूजा र साँझ सन्या गर्ने कार्य भैरहेको छ। यस विहारको प्रमुख सम्पदाहरू मूल दीपङ्कर बुद्ध, कलात्मक देवताघर, नामसंगीति, बज्रसत्व, विभिन्न शैलीका चैत्यहरू आदि रहेका छन्।

## १३. कुलरत्न महाविहार



**परिचय :** भक्तपुर नगरको वडा नं.१० क्वाठण्डौ टोलमा रहेको अर्को विहार कूलरत्न महाविहार हो। प्रव्रज्या सम्बर कार्य समेत गरिँदै आएको सानो आकारको यस विहारलाई बिखु विहार भन्ने पनि चलन रहेको छ। यस विहारको पूर्वमा नगांचा, दक्षिणमा क्वाठण्डौ पोखरी, पश्चिममा बेखाल टोल र उत्तरमा धर्मकृति महाविहार (याँबाहा:) रहेको छ।

**ऐतिहासिक पृष्ठभूमि :** यस महाविहारमा एक स्तम्भ चैत्य रहेको छ। यस चैत्य ने.सं. ९९१ मा प्रशन्नशील महाविहार/पशुपति महाविहारका सदस्य क्वाठण्डौ टोलका श्री जुजुधन बुद्धाचार्यको परिवारले तत्कालीन राजा सुरेन्द्र वीर विक्रम शाहदेवको पालामा स्थापना गरिएको हो। यसै गरी यस अभिलेखमा दाताको वंशावली र क्वापाद्यो बुसाधँ सम्बन्धी विवरण पनि उल्लेख गरिएको छ।

**बाहा:को सङ्घ, गतिविधि व सम्पदा :** यस महाविहार सङ्घ सदस्यहरू बुद्धाचार्य (शाक्य) हुन्। तर आजभोलि यहाँको सङ्घ परम्परा लोप भइसकेको अवस्था छ। केही वर्ष अगाडिसम्म यस विहार नजिकका सानुकाजी शाक्यले क्वापाद्योको नित्यपूजा गरिँदै आएको थियो। बाहा:को क्वापाद्यो, साढे तीन फिटको पद्मपाणी लोकेश्वर, स्तम्भ चैत्य, गणेश, महाँकाल र हनुमानको मूर्ति यस महाविहारका सम्पदाहरू हुन्।

## १४. धर्मकीर्ति विहार



**परिचय :** भक्तपुर नगरको वडा नं. १० क्वाठण्डौ टोलमा रहेको अर्को विहार धर्मकीर्ति विहार हो। स्थानीय जनताबीच याँबहि (यंबि विहार) रूपमा परिचित यस विहार वास्तुस्वरूप अनुसार चतुष्कोणाकारको रहेको छ। बीचमा चैत्य रहेको यस विहारको पूर्वमा नगांचा, दक्षिणमा क्वाठण्डौ पोखरी, पश्चिममा बेखाल टोल र उत्तरमा नगरकोट जाने बाटो रहेको छ।

**ऐतिहासिक पृष्ठभूमि :** यस विहारको स्थापनाको बारेमा अहिलेसम्म कुनै अभिलेख प्राप्त भएको छैन। तर यस विहारको नाममा ने.सं. ६९४ मा कीर्तिपुरका क्वाथ:नायक जयकीर्ति भारोजुले आफ्नो विहारमा गर्ने सङ्घ महाभोजको निमन्त्रणा पत्रमा यस विहारको नाम श्री धर्मकीर्ति विहार

भन्ने उल्लेख गरिएबाट यस विहार भक्तपुरको पुरानो विहार/बहिहरू मध्ये एक हो भन्न सकिन्छ। यस विहारमा ने.सं. ९०४ को शिलापत्र अद्यपि रहेको छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** धर्मकीर्ति विहारका सङ्घका सदस्यहरू को हुन भनी कितानका साथ भन्न नसकिएता पनि आजभन्दा ६०–७० वर्ष अगाडिसम्म यस विहारमा प्रशन्नशील महाविहारका विश्वकर्मा छँ खलःले बहिद्यः प्रदर्शन गर्ने गरेको यहाँका जेष्ठहरूको भनाइ रहेको छ। दुई तीनओटा चैत्यहरूबाहेक अरू सम्पदा यस विहारमा देखिँदैन। हाल यहाँ धर्मकिर्ति नाम रहेको तीन तले गुम्बा रहेको छ।

## १५. आदिपद्म महाविहार



**परिचय :** आदिपद्म महाविहार भक्तपुर नगरको वडा नं. ९ को तौलाछेँ टोलमा रहेको छ। यस विहार प्रव्रजित (भिक्षु) गरिने पुरानो महाविहारहरू मध्ये एक हो। यस आदिपद्म महाविहारलाई स्थानीय वासिन्दाहरूले 'ताँ बाहाः' भनेर पनि चिन्ने गर्दछन्। बाहाःको वास्तुकला अनुरूप यस बाहाःको चोक चतुष्कोणाकार रहेको छ। यो बाहाःको पूर्वमा च्याम्हासिंह, पश्चिममा वाकुपति नारायणको मन्दिर, दक्षिण पश्चिममा जेलाँ टोल र उत्तरमा सूर्यमढी दबू रहेको छ।

**ऐतिहासिक पृष्ठभूमि :** आदिपद्म महाविहार स्थापना गर्ने दाता र स्थापना समय स्पष्ट उल्लेख भएको अभिलेख अहिलेसम्म प्राप्त भएको छैन। यस महाविहारको सबैभन्दा पुरानो स्पष्ट प्रमाणको रूपमा ने. सं. १०३ को अभिलेख रहेको छ। त्यसै गरी ५०३ ताकाको गोपालराज वंशावलीअनुसार यस महाविहारलाई 'यम्ब तुनं विहार' भनेर उल्लेख गरिएको छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** आदिपद्म महाविहारमा बुद्धाचार्य (शाक्य) सङ्घ रहेको छ। यस महाविहारको सङ्घमा करिब २५ परिवार रहेका छन्। यस महाविहारको सङ्घ सदस्यहरू मध्येबाट मनोनित भई प्रशन्नशील महाविहारमा 'चिनंजु' (भण्डारी) भएर परम्परा चलाई आएका छन्। यस बाहाःका कुलपुत्रहरू यही विहारमा प्रव्रज्या गरेपनि हुन्छ र प्रशन्नशील महाविहारमा प्रव्रजित गरे पनि हुने प्रावधान रहेको छ। यहाँका सङ्घ सदस्यहरूले आलोपालो गरी बाहाःको क्वापाद्यो शाक्यमुनि बुद्ध, आगमदेवता चण्डमाहारोषणको बिहानको नित्यपूजा र बेलुका सन्यापूजा आलोपालो गरी सञ्चालन गर्दै आइरहेका छन्। त्यसै गरी सबै सङ्घ सदस्यहरू मिलेर सम्यक महादान पर्व र पञ्चदान पर्वमा प्रशन्नशील महाविहारको दीपङ्कर बुद्धको जात्रा गरी परम्परालाई निरन्तरता दिँदै आएका छन्।

## १६. खुसिबाहाः (शक्रवर्त विहार)



**परिचय :** भक्तपुर नगरको वडा नं. ७ हनुमान घाटको पश्चिममा खुसिबाहाः रहेको छ। यस विहार परिसरमा लिच्छविकालीन शैलीको चैत्य, पद्मपाणी लोकेश्वर, चौधौँ पन्धौँ शताब्दीको बज्रधातु चैत्य, महाँकाल चैत्य र मूर्ति आदि सम्पदाहरू छरिएर रहेका छन्। राष्ट्रिय अभिलेखालयबाट प्रकाशित ने.सं. ४९६ कार्तिक शुदि उल्लेख भएको एक तमसुक पत्रमा यस विहारको नाम रहेको छ। साथै कोथो विहार र याथूर विहारको नाम पनि उक्त तमसुक पत्रमा उल्लेख गरिएको छ।

## १७. धर्मउत्तर महाविहार (मुनि विहार)

**परिचय :** भक्तपुर नगरको वडा नं. ७ खँचा टोलमा



धर्मउत्तर महाविहार रहेको छ। स्थानीय जनताबीच 'मुनि विहार'को नामले परिचित यस विहार वास्तुस्वरूप अनुसार चतुष्कोणाकार रहेको छ। बीचमा चैत्य रहेको यस विहारको पूर्वमा माहेश्वरी पीठ, दक्षिणमा हनुमान घाट, पश्चिममा गोल्मढी याता र उत्तरमा इनाचो टोल रहेको छ।

**ऐतिहासिक पृष्ठभूमि :** विहारमा प्राप्त शिलापत्रअनुसार यस धर्मउत्तर महाविहारको स्थापना ने.सं. ७७६ मा मुनि बुद्धाचार्यले गरेका हुन्। मुनि बुद्धाचार्यले नेपालको उत्तरमा पर्ने ल्हासा (तिब्बत) गई बौद्धधर्म अध्ययनबाट प्रेरित भई धर्म गर्ने क्रममा स्थापना गरेको विहार भएर धर्मउत्तर भन्ने शब्द राखी विहारको नाम नै धर्मउत्तर महाविहार रहन गएको भन्ने कथन रहेको छ। विहारको सोही शिलापत्रमा ने.सं. ७८७ मा यस महाविहारमा शाक्यमुनि बुद्ध, दीपङ्कर बुद्ध, धर्मधातु चैत्य, गणेश महाँकाल, चक्रसम्बर देवता स्थापना गरेको उल्लेख छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** यस धर्मउत्तर महाविहारका सङ्घ सदस्यहरू इन्द्रवर्ण महाविहार बुद्धाचार्य (शाक्य) हरू नै हुन्। प्रव्रजित कार्य गर्ने महाविहार भएतापनि यहाँ प्रव्रजित कार्य गरेको भने सुनिएको छैन। यस महाविहारमा सङ्घबाट बाहाःको क्वापाद्यो, आगंद्योलाई नित्यपूजा र सन्या गर्ने  कार्य गरेको बारे कुनै जानकारी पाइँदैन। यसरी वर्षौंसम्म विहारमा पूजाआजा गर्ने कार्य बन्द भएको कारणले गर्दा आजभन्दा ७० वर्षजति अगाडि थेरवाद भिक्षुहरूलाई यस महाविहार हस्तान्तरण गरेको देखिन्छ। आजभोलि यस विहारमा थेरवाद परम्परा अनुसार सङ्घ परम्परा चलिआएको देखिन्छ। यो विहार नेपालको प्रमुख उपोसथागार (भिक्षु बनाउने स्थल) को रूपमा परिचित छ।

# १८. इन्द्रवर्ण महाविहार



**परिचय :** भक्तपुर नगर वडा नं. ७ को इनाचो टोलमा अवस्थित प्रव्रजित (भिक्षु) गरिने एक परम्परागत महाविहार इन्द्रवर्ण महाविहार हो। यस महाविहारलाई स्थानीय जनता 'इना बाहाः/ इनाचो बाहाः' भनेर पनि चिन्ने गर्दछन्। यो बाहाःको वास्तुकला अनुसार चतुष्कोण चोक बनाइएको छ। यस बाहाःको पूर्व दिशामा वाँचु टोल, दक्षिण दिशामा मुनिविहार, हनुमान घाट, पश्चिम दिशामा गोलमढी पलिखेल र उत्तर दिशामा तचपाल दत्तात्रय जाने मूलबाटो छन्।

**ऐतिहासिक पृष्ठभूमि :** इन्द्रवर्ण महाविहारको स्थापना ने.सं. ७४१ मा राजा ज्योति मल्लको शासन कालमा देवसिंह बुद्धाचार्य, जयसिंह बुद्धाचार्य र मेलुसिं बुद्धाचार्यहरूको समयमा भएको देखिन्छ। त्यसबेला श्री देवसिं बुद्धाचार्यले वंदिमस्थानको युलटोलको हरि नामको व्यक्तिसँग लम्बाई ४२ हात चौडाइ ३६ हातको जग्गा किनेका थिए। सोही जग्गामा यो विहार बनाइएको देखिन्छ।

**बाहाःको सङ्घ, गतिविधि र सम्पदा :** इन्द्रवर्ण महाविहारमा बुद्धाचार्य (शाक्य) सङ्घ छ। यहाँका सङ्घ सदस्यहरूले आलोपालो गरी यस महाविहारमा गर्नुपर्ने बाहाःको क्वापाद्यो, आगंदेवताको बिहान गर्नुपर्ने नित्यपूजा व सन्ध्याकालमा गर्नुपर्ने सन्यापूजाहरू गर्दै आएका छन्। त्यस्तै आवश्यकता अनुसार बाहाःमा गर्दै आएका प्रव्रजित कार्यक्रमलाई समय अनुसार सामुहिक रूपले सम्पन्न गर्दै आएका छन्। सङ्घबाट गुँलामहिनामा गुँलाबाजा बजाएर भक्तपुर नगर र काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा स्थापित बाहाः, चैत्य परिक्रमा गरिआएका छन्। यस बाहाःमा प्रत्येक वर्ष कतिं पुन्हि (कार्तिक पूर्णिमा) को दिनमा यस बाहाःको मूल चैत्यको बुसाधँ (वर्षवन्धन) गर्दै आएका छन्। यस महाविहारका प्रमुख सम्पदाहरू बाहाःको क्वापाद्यो अक्षोभ्य बुद्ध, गणेश, महाँकाल, बाहाःको मूल चैत्य, आगं देवता हेबज्र नैरात्मा हुन्।

# १९. मंगल धर्मद्वीप विहार (झौरबहि)



**परिचय :** भक्तपुर नगरको वडा नं. ७ गोल्मढी टोलमा मंगल धर्मद्वीप महाविहार रहेको छ। स्थानीय वासिन्दाहरूले झौरबहिको रूपमा चिनिएको यो बहिको वास्तुकला वर्गाकार चोक र चारैतिर चतुशाला पद्धतिमा घर निर्माण गरिएको छ। प्रत्येक वर्ष गुँला महिनामा पर्ने पञ्चदान पर्व र सम्येक महादान पर्वमा जात्रा गरिने दीपङ्कर मूर्ति यस विहारमा रहेको छ। यो बहिको पूर्व दिशामा पलिखेल, दक्षिण दिशामा सुकुलढोका जाने मूल बाटो, पश्चिम दिशामा गोल्मढी ढुङ्गेधारा र उत्तर दिशामा चोर्चा टोल रहेको छ। यो विहार भनपाले पुनःनिर्माण गरेको हो।

**ऐतिहासिक पृष्ठभूमि :** मंगल धर्मद्वीप विहार (झौरबहि) स्थापना भएको समयको अभिलेख अहिलेसम्म प्राप्त भएको छैन। तर यस बहिमा भएको एक शिलापत्रमा राजा विश्वमल्लको समयको ने.सं. ६७६ को फागुन महिनामा चतुब्रम्ह महाविहारको सङ्घले यस बहि जीर्णोद्धार गरेर बाहाः पूजा गरेको र पंच तथागत जात्राको व्यवस्था गरिएको उल्लेख छ।

**विहारको सङ्घ, गतिविधि र सम्पदाहरू :** मंगल धर्मद्वीप विहारको सङ्घहरू चतुब्रम्ह महाविहारको तधिछँ खलक रहेको छ। सङ्घ सदस्यहरूले दिनदिनै विहान नित्यपूजा र सन्ध्याकालमा बत्ती चढाउने कार्य गर्दै आएको छ। त्यसैगरी पञ्चदान पर्व र सम्यक महादान पर्वमा पनि दीपङ्कर बुद्धको जात्रा गर्दै आइरहेको छ। यस बहिको मूल सम्पदाहरूमा बहिको क्वापाद्यो शाक्यमूनि बुद्ध, दीपङ्कर बुद्ध मूल चैत्य र आगमदेवताको रूपमा बज्रदेवी रहेका छन्।

## कोथो विहार

अहिले यसको अस्तित्व छैन तर फेलापरेको दस्तावेजअनुसार यो विहार लामगाल र मूलढोका क्षेत्रमा हुनुपर्ने देखिन्छ। संवत् ४३६ कार्तिक शुदि ३ को एउटा तमसुकमा यस विहारको नाम उल्लेख छ। राजा रणजित मल्लको शासनकालको एउटा हस्तलिखित ग्रन्थमा 'क्वाथ विहारका श्री बज्राचार्य ऋद्धिनरसिंहले लेखेँ' भनी उल्लेख छ। यस हस्तलिखित ग्रन्थको आधारमा उक्त राजाको शासनकालसम्म यो विहार रहेको अनुमान गर्न सकिन्छ।

## मण्डे विहार

यो तचपालमा रहेको विहार हो। तचपाल भीमसेन मन्दिर पछाडिको गाःहितिको लिच्छविकालको चैत्यमा अङ्कितअनुसार यो विहार पनि लिच्छविकालीन हुनुपर्ने अनुमान गर्न सकिन्छ। त्यस्तै गोपालराज वंशावली को ६० पत्रअनुसार राजा जयस्थिति मल्लको शासनकालसम्म यो विहार रहेको उल्लेख छ।

## याथूर विहार

यो विहार बाह्रेपुखू (कमलपोखरी) क्षेत्रमा रहेको एउटा प्राचीन विहार हो।

## पेत विहार

भक्तपुरको भूमि सम्बन्धी तमसुक भाग ४ मा 'पेत बहाल' नाम उल्लेख छ।

## उद्योत कारब्ये विहार

यो भक्तपुर नगरको पूर्वमा अवस्थित ल्हासापाक सरस्वती (सुडाल) क्षेत्रमा रहेको विहार हो। यस विहारमा रहेको एक शिलापत्र अनुसार यो विहार राजा मानदेव प्रथमको समयसम्म विद्यमान रहेको प्रमाणित हुन्छ।

यसरी भक्तपुरमा २४ ओटा विहारको अभिलेख भेटिन्छ।



# योमरी उत्सव र सम्पदा पदयात्राको धन्यवादज्ञापन



भक्तपुर नगरपालिकाको आयोजनामा २०८० पुस १४ गते शनिबार 'बाहा:बहि चिनौँ, सम्पदा संरक्षण गरौँ' भन्ने नाराका साथ सम्पन्न योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रामा सहभागी सरोकारवालाहरूबीच धन्यवादज्ञापन कार्यक्रम पुस १७ गते भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सम्पदा पदयात्रामा सहभागी सम्पूर्णमा धन्यवादज्ञापन गर्नुहुँदै भक्तपुरका मूर्त अमूर्त सम्पदा संसारसामु चिनाउने अभियानस्वरूप भक्तपुर नपाले विभिन्न सांस्कृतिक गतिविधि गर्दै आएको बताउनुभयो ।



सन् २०२३ मा नेपालमा १० लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्य पूरा भएको बताउनुहुँदै उहाँले पर्यटकहरूको उत्साहजनक आगमनसँगै नेपालको पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव परेको बताउनुभयो ।

सम्पदा पदयात्राकै क्रममा भक्तपुरमा रहेका बाहा:बहिबारे विस्तृतमा अध्ययन गर्ने अवसर पनि मिलेको बताउनुहुँदै उहाँले पुरानो सांस्कृतिक सम्पदाबाट नयाँ पुस्ताको सेवा गर्ने उद्देश्यले भक्तपुर नपाले काम गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले भक्तपुर महोत्सवको अभ्यासको रूपमा सांस्कृतिक गतिविधिलाई निरन्तरता दिँदै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले राजनैतिक कार्यकर्ताहरूले व्यक्तिगत स्वार्थलाई त्यागी देशको हितमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।



भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले भक्तपुरका मूर्त र अमूर्त सम्पदा संरक्षण तथा यहाँको पहिचान जोगाउने सिलसिलाको रूपमा सम्पदा पदयात्रा कार्यक्रम आयोजना गरिएको बताउनुहुँदै उक्त कार्यक्रम आयोजनाले भक्तपुरमा रहेका बाहा:बहि संरक्षणको लागि खाका प्राप्त भएको बताउनुभयो ।

बौद्ध दर्शनका अध्येता डा. **पुष्परत्न शाक्य**ले बाहा:बहिको ऐतिहासिक पक्षमाथि प्रष्ट पार्नुहुँदै नेवा: सभ्यता बचाइराख्न भक्तपुर नपाले आयोजना गरेको सम्पदा पदयात्रा प्रशंसनीय कदम भएको बताउनुभयो ।



त्यस्तै भनपा पर्यटन सूचना केन्द्रका प्रमुख **गौतमप्रसाद लासिवा**ले भक्तपुरमा रहेका २४ ओटा बाहा:बहिमध्ये सम्पदा पदयात्राको क्रममा १९ ओटा बाहा:बहि अवलोकन र परिचयबारे जानकारी पाउने अवसर प्राप्त भएको बताउनुहुँदै सम्पदा पदयात्राको आयोजनाले भक्तपुर रौनकमय बनेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले विभिन्न सरोकारवालाहरूसँग चरणबद्ध छलफलपश्चात सम्पदा पदयात्रा कार्यक्रम आयोजना गरिएको बताउनुहुँदै यो कार्यक्रम सम्पूर्ण नगरवासीहरूको साझा कार्यक्रम र उत्सवको रूपमा सम्पन्न भएको बताउनुभयो ।

# योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रामा सहभागी हुँदा

**सागर**

भक्तपुर नगरपालिकाले 'बाहा:बहि चिनौँ, सम्पदा संरक्षण गरौँ' भन्ने नाराका साथ नगरभरका १९ ओटा बाहा:बहिको सम्पदा यात्रा सम्पन्न गरेको छ। टौमढी पाँचतले मन्दिरबाट बिहान ११ बजे सुरु भएको यात्रा करिब ४ घण्टापछि याता गोल्मढीमा पुगेर टुङ्गियो। यात्रालाई रोचक र रसिलो बनाउन योमरी उत्सव पनि सँगै जोडिएको थियो। चार घण्टाको यात्रा गर्ने मार्गका ठाउँठाउँमा स्थानीयले बिक्रीका लागि ताजा योमरी राखेका थिए। योमरीको साथमा सम्येबजी, स्थानीय उत्पादन ताइचिन चिउरा, जुजु धौ (दही), तोरीको तेल, हाकुपटासी, मूर्तिकलालगायतका वस्तुहरू पनि बिक्रीमा राखिएका थिए।



सम्पदा यात्रा उत्सवलाई थप उत्सवमय बनाउन शाक्य, बज्राचार्यहरूको गुँलाबाजा, मानन्धरहरूको ढकधलं बाजासहित केही दाफा भजनहरूले सघाएका थिए। ठाउँठाउँमा स्कूलका विद्यार्थीहरूको बाल नृत्य, दाफा भजन, बाजा आदिले पनि यात्राको रौनक बढाएको देखिन्थ्यो।

नगर प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भएको उक्त यात्रा अखण्डशील महाविहार, जेतवर्ण महाविहार, बौद्ध समकृत विहार, जयकीर्ति महाविहार, ज्येष्ठ वर्ण महाविहार, लोकेश्वर महाविहार, चतुब्रह्म महाविहार, यालाछेँ बहि, सुवर्ण विहार, मञ्जुवर्ण महाविहार, प्रशन्नशील महाविहार, मूल दीपङ्कर विहार, कुलरत्न महाविहार, धर्मकीर्ति विहार, आदिपद्म महाविहार, खुसिबाहा (शक्रवर्त विहार), धर्मउत्तर महाविहार (मुनिविहार), इन्द्रवर्ण महाविहार र मङ्गल धर्मद्विप विहार (झौरबहि) हुँदै यातामा पुगेर टुङ्गिएको थियो।

यात्रा सबैतिर एकतर्फी बनाउन साँघुरा बाटाहरू उपयोग गरिएको थियो। हजारौँको सङ्ख्यामा भएका पदयात्रीहरू साँघुरा गल्लीहरूबाट समेत जानु पर्दा स्वभावैले यात्रा दूरी लम्बिएको थियो। पदयात्रीहरू बौद्धमार्गीहरूबाहेकका धेरैले यो बहिमा पहिलो पटक पुगेको भन्ने प्रतिक्रिया दिइरहेका थिए। पदयात्री केही शिक्षकहरू भन्दै थिए, 'विद्यार्थीहरूलाई अबको स्थानीय सम्पदा अवलोकन यही बाहा:बहि गर्नुपर्छ।'

थथुबहि अगाडि नः पुखूको पश्चिम किनारमा स्थानीय उत्पादनहरू चिउरा, हाकुपटासी, जुत्ता, थैली, तोरीको तेललगायतका वस्तुहरू बिक्रीमा राखिएका थिए भने यालाछेँमा भिन्तुना साकोसले बाँसुरी बाजा बजाई स्वागत गरिरहेको थियो भने अर्को छेउमा प्रभात ई. स्कूलका विद्यार्थीहरूले नाचेर पदयात्रालाई रमाइलो बनाइरहेका थिए। प्रभात स्कूलले यालाछेँबाहेक चोछेँ र थालाछेँमा पनि नृत्य प्रस्तुत गरिरहेको थियो।



सूर्यमढी वडा पनि उत्सवमय देखिन्थ्यो। दबुलीमा कलाकारहरू नौ बाजा बजाउँदै थिए भने पाटीमा ज्येष्ठ नागरिकहरू कसीमला पाँय् प्रदर्शन गर्दै थिए। अर्को पाटीमा दाफा भजन हुँदै थियो। दबुलीको दक्षिणतर्फ सम्येबजी र योमरी बिक्री हुँदै थियो।

यात्रा माहेश्वरी उकालोमा पुग्दा स्थानीयहरूले त्यहाँ पनि योमरीले स्वागत गर्दै थिए। त्यस्तै मुनिविहारमा चिरवस्त्रधारी श्रावणेरहरूको धर्मदेशना ध्वनि निकै कर्णप्रिय थियो। सोही विहारको माथिल्लो बुद्ध मूर्तिअगाडि राखिएको त्रिपिटक प्रदर्शनले यात्रा थप आकर्षक बनेको थियो।

थोरै भए पनि विदेशी पर्यटकहरू पनि सम्मिलित उक्त पद यात्रा गोल्मढी गलसीमा पुग्दा लाखे नाच र देवी नाचले रौनक दिइरहेको थियो। अन्तमा यात्रा समापन स्थल याता त स्वभावैले झकिझकाउ हुने नै भयो। स्थानीय उत्पादनका स्टलहरू चारैतिर राखिएका थिए भने याताको केन्द्रमा मञ्च बनाइएको थियो। मञ्च अगाडि बुद्ध मूर्तिहरूले मञ्च अत्यन्त आकर्षक बनेको थियो।

त्यहाँको अर्को आकर्षण कृति हस्तकला पनि थियो। यात्राको क्रममा थालाछेँ बहिको चैत्य 'मूचलन्द बुद्ध' धेरैको लागि नौलो नाम सुनियो, पढियो। शारदा माविभित्र एउटा चैत्य छ भन्ने त थाहा थियो तर त्यो मूचलन्द बुद्ध भन्ने जानकारी यही यात्रामा धेरैले थाहा पाए।

भक्तपुरमा २४ बाहा भए पनि अहिले १९ बहाको मात्र यात्रा गरिएको छ। थप पाँच बाहा कहाँ कहाँ र कुन कुन भन्ने जिज्ञासा यात्राले बढाएको छ। यात्रामा देखिएका बाहाहरूमध्ये कुलरत्न महाविहार र खुसिबाहाको स्थिति जीर्ण देखियो। यी दुईबाहेक अरू कुनै न कुनै ढङ्गले व्यवस्थितरूपमा सञ्चालन भइरहेको देखियो।

'मजदुर' दैनिक, पुस १६ गते

## योम्हारी पुन्हिको अवसरमा सम्पदा पदयात्राको तयारी



भक्तपुर नगरपालिकाले योमरी पुन्हिको अवसरमा सांस्कृतिक नगर भक्तपुरको परम्परागत नेवारी परिकार योमरी उत्सव र नगरका विभिन्न क्षेत्रमा रहेका बाहा:, बहिहरू अवलोकन गराउने उद्देश्यका साथ **'बाहाः बहि चिनौँ–सम्पदा संरक्षण गरौँ'** भन्ने नारासहित २०८० पुस १४ गते शनिबार सांस्कृतिक सम्पदा पदयात्रा गर्न सम्बन्धित सरोकारवालाहरूसँग मंसिर २१ गते छलफलको आयोजना गरेको थियो ।

उक्त कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाले २०७९ सालमा **'भक्तपुरको पोखरी चिनौँ–सम्पदा संरक्षणमा अघि बढौँ'** भन्ने नाराका साथ सांस्कृतिक सम्पदा पदयात्रा गरेको र यो वर्ष भक्तपुरको बाहा:बहि चिनाउने उद्देश्यले **'बाहा:बहि चिनौँ–सम्पदा संरक्षण गरौँ'** भन्ने नाराका साथ पदयात्रा आयोजना गरिने बताउनुभयो ।

उहाँले भक्तपुरमा रहेका सम्पदाहरूबारे स्थानीय जनतालाई जानकारी दिने उद्देश्यले सम्पदा पदयात्राको आयोजना गर्न लागेको बताउनुभयो ।

सम्पदा चिनाउने, त्यसबारे अध्ययन अनुसन्धान गर्नेहरूलाई पनि अवसर दिने, बाहा:बहिको अवस्था बुझ्ने र नगरभरि छरिएर रहेका बाहा:बहिको अवस्थाबारे अभिलेखीकरण गरी नयाँ पुस्तालाई जानकारी दिने समेत कार्यक्रमको उद्देश्य रहेको स्पष्ट पार्नुभयो ।

छलफलमा उपस्थित विभिन्न गुँला बाजा खल:का प्रतिनिधिहरूले भक्तपुर नपाको सकारात्मक काममा आफूहरूबाट सधैँ साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

उक्त छलफल कार्यक्रममा क्वनेया गुँला बाजा खल:, विश्वकर्मा गुँला बाजं खल: र सा:क्वलाँ गुला धलं, इन्द्रवर्ण महाविहार, शिवरात्री गुथिलगायतका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

भक्तपुर नपाको आयोजनामा हुने सांस्कृतिक सम्पदा पदयात्रा भनपा वडा नं. ५ टौमढीबाट सुरु भई भनपा ७ याता गोल्मढीमा पुगी सम्पन्न गरिने कार्यक्रम छ ।

## सम्पदा पदयात्राबारे सरोकारवालाहरूसँग छलफल



'बाहाः बहि चिनौँ–सम्पदा संरक्षण गरौँ' भन्ने नारासहित हुने सम्पदा पदयात्रा कार्यक्रमबारे पुस ६ गते सम्बन्धित सरोकारवालाहरूसँग छलफल कार्यक्रम भयो ।

भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले छलफलमा कार्यक्रम सञ्चालनको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै उक्त पदयात्रामा सबै नगरवासीहरूको सक्रिय सहभागिता रहने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरभरि छरिएर रहेका बाहा:बहिको अवस्थाबारे अभिलेखीकरण गरी नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले सम्पदा पदयात्रा आयोजना गरिएको बताउनुहुँदै उहाँले भक्तपुरका लोपोन्मुख अवस्थामा रहेका कला संस्कृति संरक्षणमा नपाले निरन्तर जोड दिँदै आएको बताउनुभयो ।

छलफलमा भक्तपुरमा रहेका सबै बाहा:, बहि र विहारका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । छलफलमा उपस्थित प्रतिनिधिहरूले भक्तपुर नपाको आयोजनामा हुने बाहा:बहि चिनाउने कार्यक्रम सराहनीय भएको बताउँदै नगरपालिकाको आयोजनामा हुने सम्पदा पदयात्रामा आफूहरूको तर्फबाट पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

छलफलमा भक्तपुर नपा वातावरण तथा पर्यटन समितिका संयोजक **रबिन्द्र ज्याख्व** र भक्तपुर नपा पर्यटन शाखाका प्रमुख **गौतमप्रसाद लासिवा**ले योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्राको मार्गबारे अवगत गराउनुभयो ।

पुस १४ गते हुने योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा भनपा वडा नं. ५ टौमढीबाट सुरु भई अखण्डशील महाविहार (बुलुचा), जेतवर्ण (तेखाचो), बौद्ध समंकृत (कुथुबहि), जयकीर्ति (थथुबहि), जेष्ठवर्ण (इताछेँ), लोकेश्वर (कुश्क्व), चतुब्रम्ह (साकोथा), यालाछेँ बहि (यालाछेँ), सुवर्ण (सुकुलढोका), मन्जुवर्ण (बेखाल), प्रशन्नशील महाविहार (क्वाठण्डौ), दीपङ्कर (क्वाठण्डौ), कुलरत्न (क्वाठण्डौ), धर्मकीर्ति (क्वाठण्डौ), आदिपद्म (सूर्यमढी), खुसिबह (खोंह्ने), मुनिविहार (खँचा), इन्द्रवर्ण (इनाचो) र झौरबहि (गोल्मढी) हुँदै भनपा वडा नं. ७ यातामा पुगी कार्यक्रमको समापन हुने जानकारी दिइयो ।

# केही जिज्ञासुहरूलाई नेमकिपाबारे जानकारी

बिजुक्छेँ

केही जिज्ञासु र पत्रकार मित्रहरूले बरोबर हाम्रो दलबारे जिज्ञासा राख्नुहुन्थ्यो । समयको अभावले सबैको जिज्ञासालाई पूरा गर्न नसक्ने हुँदा एउटै लेखाइमार्फत सामूहिक जानकारी प्राप्त हुने दृष्टिले नेमकिपाबारे पाठकहरूसामु प्रस्तुत गर्दै छु ।

नेपाल मजदुर किसान पार्टीले आफ्नो वर्गीय सङ्गठनहरूभित्रै सैद्धान्तिक र राजनैतिक शिक्षा प्रदान गर्दै आएको छ । युवा, विद्यार्थी, किसान, मजदुर र अन्य पेसाका सङ्गठनका सदस्यहरूलाई आफ्ना वर्गीय र पेसागत विषयको साथसाथै मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारबाहेक संसारका सबै मजदुर आन्दोलन र समाजवादी क्रान्तिहरूका उद्देश्य, उपलब्धि र इतिहासको अध्ययन गराइन्छ । मानव समाजको विकास सँगसँगै पुँजीवादी व्यवस्थाको उत्थान, विकास र पतन एवम् बेलायती पुँजीवादी क्रान्ति, अमेरिकी स्वतन्त्रता आन्दोलन र फ्रान्सको राज्यक्रान्तिका साथै देशविदेशका संविधान र तिनीहरूका राजनैतिक पद्धतिका भिन्नताहरूबारे पनि जानकारी दिने गरिन्छ ।

भूमिगतकालमा होस् वा खुला समयमा होस् यी सबै पुँजीवादको उत्थान, विकास र पतनको आर्थिक, सामाजिक र राजनैतिक कारणहरूको अध्ययनमा आउँछ । त्यसको सँगसँगै समाजवाद र साम्यवादी समाजमा सङ्क्रमणका विभिन्न चरणहरूबारे पनि जानकारी दिने गरिन्छ ।

ती सबै अध्ययन सँगसँगै देश र जनताको निःस्वार्थरूपले सेवा गर्नेबारे नयाँ पुस्तालाई शिक्षित गरिन्छ । पद र पैसाले पुँजीवादी समाजमा युवाहरूलाई कसरी पतनतिर उन्मुख गराउँछ भनी सचेत गराइन्छ ।

नेमकिपाको सङ्गठन दुई प्रकारको हुन्छ– एउटा, निर्वाचन र पुँजीवादी र प्रतिक्रियावादी सङ्घसंस्थाहरूमार्फत पनि देश र जनताको सेवाको निम्ति सङ्घर्ष गर्ने; दोस्रो, विभिन्न वर्गीय र पेसागत सङ्घसंस्थामा पार्टीको सिद्धान्त र राजनैतिक शिक्षाबाट शिक्षित गर्नमा बढी ध्यान दिन्छ । यसकारण, नेमकिपाले निर्वाचनमा प्राप्त मतले राजनैतिक दलको सङ्गठनात्मक स्थिति र सैद्धान्तिक एवम् राजनीतिक स्थितिको नापो मान्दैन । आन्दोलनका धेरै रूपहरूमध्ये निर्वाचन पनि एउटा सङ्घर्ष हो भन्नेबारे नेमकिपा प्रस्ट छ ।

निर्वाचनको परिणाम नै राजनैतिक सफलता होइन, त्यसो हुँदो हो त धेरै मत पाएर सत्तामा पुगेका दलहरू किन आफूहरूलाई असफल मान्छन् ?

केही मानिसहरू नेमकिपा खुम्चिएको बताउँछन्, तर नेमकिपा खुम्चिएको होइन, नेमकिपाको कार्य क्षेत्र वृद्धि हुँदै छ । ऊ परिमाणमा होइन गुणमा ध्यान दिन्छ । नेमकिपा निर्वाचनलाई उपयोगको दृष्टिले हेर्छ अर्थात् व्यापक जनताको राजनैतिक चेतना नाप्ने ब्यारोमिटरको रूपमा हेर्छ । निर्वाचन नै कुनै दलको सबलता र मत सर्वेक्षण होइन बरु राजनैतिक गतिविधि नै दलको सबलताका मापन हो तथा कर्तव्यबोध नै दलको सफलताको सङ्केत हुने गर्छ । आन्दोलनमा सहभागीको सङ्ख्या, प्रचार माध्यम, दैनिक र साप्ताहिक पत्रपत्रिकाको अध्ययन, अन्य प्रकाशन सामग्रीको छलफल, अन्तरक्रिया एवम् जनसभा, कोणसभा, विरोध प्रदर्शन तथा कक्षा सञ्चालनले नै नेमकिपाको सबलता र सङ्गठनको व्यापकताको मूल्याङ्कनको नापो मान्छ ।

यस अर्थमा नेमकिपा खुम्चिएको होइन बरु सैद्धान्तिक र राजनीतिकरूपले गुणात्मकरूपमा र सन्तोषजनक ढङ्गमा द्रुतत्तररूपमा अगाडि बढ्दै छ भन्ने मान्नु उपयुक्त हुन्छ ।

नेमकिपा अहिले ३६ जिल्लामा सङ्गठित सक्रियतामा निरन्तरता प्राप्त गर्दै छ । त्यसको नापो हो– युक्रेनको काँधमा बन्दुक बिसाई संरा अमेरिकाले रुसमाथि गरेको आक्रमण र एमसीसीको विरोधमा सञ्चालित जनसभा, विरोध प्रदर्शन, अन्तरक्रिया अनि त्यसबारे देश र विदेशमा भएको क्रिया र प्रतिक्रियाहरूको अध्ययन र जानकारी त्यसैबाट कार्यकर्ता र स्थानीय सङ्गठनको मूल्याङ्कन । प्यालिस्टाइन र इजरायलको विषयमा जानकारी एवं इजरायलको आक्रमणको विरोधमा जनताको प्रदर्शन तथा विभिन्न जिल्लामा युक्रेन, संयुक्त राज्य अमेरिका र नाटोबाट भएको आक्रमण रुसको प्रत्याक्रमणबारे जानकारीजस्ता गतिविधि पनि सङ्गठनको महत्त्व र औचित्यता साबित गर्छ । नेमकिपा युक्रेनको नवनाजीवाद र फासीवादको विरोधमा ३५–३६ जिल्लामा प्रचार अभियान चलाउँदै छ । त्यस्तै नेपाल–भारत सम्बन्ध र भाजपा, फासीवाद र

नाजीवादको समानताबारे तुलनात्मक अध्ययन दक्षिण एसियाको निम्ति महत्त्वपूर्ण विषय हो। यसरी देश र जनताको व्यापक हितबारे हाम्रो सङ्घर्ष खुम्चिएको छैन बरु विस्तार हुँदै छ।

टीको लगाएर सदस्य बनाउने खुकुलो सङ्गठन र बोक्रे सङ्गठन कमजोर मानिन्छ र सानो देखिने तर राजनैतिक एवं सैद्धान्तिकरूपले शिक्षित बनाइएको सङ्गठन नै सबल सम्भिन्छ। पञ्चायती समर्थक दलहरू, नेका, एमाले, एमाओवादी र अनेक समाजवादी दलहरू निर्वाचनमा मत पाउँछन् तर सैद्धान्तिक र राजनैतिक शिक्षामा ध्यान नदिएको हुँदा तिनीहरूको राज्य सञ्चालनको असफलताबाट थाहा हुन्छ। यस्तो स्थितिलाई मत बढी देखिए पनि खुम्चिएको भनिन्छ। पश्चिम नेपाल र भेरी-कर्णाली हाम्रो दलको गढ होइन कर्म क्षेत्र हो। आज पनि हाम्रा कार्यकर्ता साथीहरू आ-आफ्नो देश र जनताको सेवा गर्ने कर्तव्यमा सक्रिय नै छन्।

'भक्तपुर मोडल' नेमकिपा आफूले दिएको चिनारी होइन। भक्तपुरका कार्यकर्ता र जनताका छोराछोरीहरूले निःस्वार्थरूपमा देश र जनताको सेवा गरेकै कारण तथा नगरपालिका, सहकारी संस्थाहरू, स्कूल, कलेज र अन्य शैक्षिक संस्थाहरू, ख्वप अस्पताल तथा स्वास्थ्य संस्थाहरूलाई काम गर्न आर्थिक र श्रमदान दिएर जनताले भित्री हृदयदेखि आफ्नो कर्तव्य सम्भेर सहयोग गर्दै छन्। त्यसैलाई विभिन्न जिल्लाका बुद्धिजीवी समुदायले र जनताको तर्फबाट 'ख्वप मोडल' वा 'भक्तपुर मोडल' नाम दिएका हुन्। निर्माण कार्यमा ठेक्काभन्दा उपभोक्ता समिति र जनसहभागिता, विदेशी गैरसरकारी संस्थाभन्दा स्थानीय जनताकै सभा र सल्लाहको महत्त्व नै भक्तपुरको कामको आधार हो, जहाँ भ्रष्टाचारविरोधी भावना जागेको छ।

विभिन्न जिल्लाका भक्तपुर भ्रमण गर्ने समूहका साथीहरूले आफ्नो ठम्याइअनुसार आ-आफ्ना जिल्लामा निःस्वार्थरूपले जनताको सेवा गर्नुभयो भने त्यो उत्साहजनक एवम् स्वागतयोग्य भावना हो। यसबारे आ-आफ्ना अनुभवबारे छलफल गर्नु झन् सुखद विषय हुनेछ।

यसरी जनताको अनुभवको आदानप्रदानबाट काम गर्नु पनि देशको निम्ति नेपाली जनताको एक मनको भावना र योगदान नै हुनेछ। नेमकिपाले यसबारे 'भक्तपुर मोडल' भनी प्रचार गर्नु आवश्यक ठान्दैन। नेमकिपाले निःस्वार्थरूपले जनतासँग मिलेर काम गर्नु आफ्नो कर्तव्य मान्छ।

विभिन्न जिल्लाका नगरपालिका, गाउँपालिका र प्रदेश सभाका सदस्यहरू, प्रमुख, उपप्रमुख र सदस्यहरूको समेत अवलोकन भ्रमण हुँदै छ। खेतीपाती र किसान साथीहरूको माझमा पनि भेटघाट र छलफल चालू छ। एक आपसमा सिक्नु भनेको यही हो। 'रोम एकै दिन बनेको होइन' भन्ने भनाइलाई सबैले मनन गर्नु राम्रो हो। तर, 'रुख देख्ने जङ्गल नदेख्ने' प्रवृत्ति सकारात्मक दृष्टिकोण होइन।

देशप्रति समर्पित र कामदारवर्गको शोषणविहीन समाज खडा गर्न हाम फालेका पार्टी कार्यकर्ताले केही गुमाउनु छैन बरु विजय प्राप्त हुँदा तिनीहरूको अगाडि नेपालमात्र होइन सारा संसार सेवा गर्न खुला छ। भक्तपुरका क्रान्तिकारी जनता कारागारबाट पनि जनताकै सेवामा प्राथमिकता दिनु आफ्ना कर्तव्य मान्थे, कारागारबाहिर पनि प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घसंस्थाहरूमा गएर देश र जनतालाई पुँजीवादी प्रभावबाट मुक्त गर्ने सेवामा लाग्नु आफ्नो उद्देश्य मान्थे। निर्वाचित साथीहरूलाई पनि स्वार्थी भावना र पुँजीवादी विचारको प्रभावको विरोधमा सङ्घर्ष गर्न नेमकिपा उत्साहित गर्छ। कारागार, भूमिगत, प्रवास र निर्वाचनलाई भक्तपुरका देशभक्तहरूले पालैपालो जनताको सेवा नयाँ-नयाँ शैलीमा गर्दै गए।

पुर्खाले सिर्जेको हाम्रो कला र संस्कृतिलाई जोगाउनु, मर्मतसम्भार र पुनः निर्माण गर्नु हामी जनताकै कर्तव्य हो भन्ने भावनाले हाम्रा डकर्मी, सिकर्मी र नाचगानका गुरुहरूको निरन्तर मिहिनेत र सेवाबाटै भक्तपुरको मूर्त र अमूर्त कला एवम् संस्कृतिको संरक्षण र संवर्द्धनमा सफलता प्राप्त हुँदै छ।

संविधानमा उल्लेख भएको 'समाजवादउन्मुख' को आजको अर्थ- भ्रष्टाचार नगर्नु, प्राथमिकता जनतालाई दिनु र देशको प्राकृतिक स्रोत र साधनको उचित प्रयोग गर्नु, विदेशी पुँजीलाई नेपालमा खेल्न नदिई देशको हितलाई प्राथमिकता दिनु भन्ने सम्झनु आवश्यक छ। स्थानीय निकायलाई विकेन्द्रीकरण र स्वायत्तताको अधिकार नदिएसम्म 'सङ्घीय बन्दोबस्त' र 'प्रदेश सरकार' को कुनै अर्थ छैन। जनतासँग सल्लाह गरेर जनताको 'समाजवादउन्मुख' राज्य व्यवस्थालाई बुझ्न सजिलो हुनेछ भन्ने नेमकिपाको ठम्याइ हो। सिद्धान्ततः उत्पादनका साधनहरूमा राज्य वा समाजको स्वामित्व हुनु र 'योग्यताअनुसारको काम र कामअनुसारको ज्याला' समाजवादको आधारभूत मान्यता हो। केन्द्रीय र प्रदेश सरकारहरूले यसमा यथोचित ध्यान दिनेछन् भन्ठान्छु।

'श्रमिक' साप्ताहिक, मार्ग ५ गते

# ‘उपत्यकामा खानेपानीको राम्रो व्यवस्थापन नहुनुमा खानेपानीलाई निजीकरण गर्नेहरू जिम्मेवार छन्’

सुनिल प्रजापति,
प्रमुख भक्तपुर नगरपालिका



काठमाडौँ उपत्यकाको खानेपानी समस्यालाई लिएर अन्तरक्रिया कार्यक्रमको आयोजना गर्नु भएकोमा मन्त्रीज्यूलगायत खानेपानी मन्त्रालयका पदाधिकारीहरूलाई धन्यवाद छ । जनताको समस्या बुझ्न यस्ता अन्तरक्रिया र छलफल समय समयमा हुनु आवश्यक छ । यसले समस्या पहिचानसँगै समाधानका उपायहरू निकाल्न सहज बनाउने आशा गर्छु ।

मन्त्रीज्यू मेलम्ची पुगेको कुरा हामीले सञ्चार माध्यमबाट सुन्यौँ । आजको बैठकले काठमाडौँ उपत्यकावासीलाई छिटै नै खानेपानीको व्यवस्थापन हुने आशाका साथ हामी यहाँ उपस्थित भएका छौँ । यहाँ प्रस्तुत दुईओटा कार्यपत्र हेर्दा र सुन्दा निराशाजनक देखिन्छ ।

हामी सबै मिलेर नेपालको संविधान निर्माण गर्‍यौँ । संविधानको धारा ३५ उपधारा (४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुने सुनिश्चित गरेको छ । त्यो हक प्रत्याभूत गर्ने जिम्मेवारी वा दायित्व सङ्घीय सरकारको हो । संविधान निर्माण भएको ८ वर्ष बितिसक्दा पनि देशभरका जनताको निम्ति गर्नुपर्ने खानेपानीको व्यवस्थापन आज राजधानीका जनतालाई समेत गर्न सकिरहेको छैन । यो सरकारको लागि लाजमर्दो विषय हो ।

संविधानमा समाजवादउन्मुख राज्य व्यवस्था उल्लेख छ । समाजवादमा शिक्षा, स्वास्थ्य उपचार, खानेपानी, सरसफाइ जस्ता जनताका आधारभूत आवश्यकताहरूलगायत सबैको जिम्मेवारी राज्यको हुने गर्छ । खानेपानीलाई निजीकरण गरेर कहिल्यै संविधानको भावनाअनुसार काम हुन सक्दैन । नेपाल सरकारले अवलम्बन गरेको सरकारी, सहकारी र निजी साझेदारी (पीपीपी) मोडल असफल भइसकेको नेपालको वर्तमान अवस्थाले पुष्टि गरेको छ ।

पहिले नेपाल खानेपानी तथा सरसफाइ बोर्डको व्यवस्था भएकोमा सन् १९९० तिर खानेपानी संस्थान नामाकरण गरियो । त्यो पूर्ण सरकारको स्वामित्वमा थियो । त्यतिबेला अहिलेको जति जनसङ्ख्या नभए पनि संस्थानले नै खानेपानी र ढलको व्यवस्थापन गर्दै आएको थियो ।

२०४६ सालमा बहुदलीय व्यवस्थाको पुनःस्थापना पछि नेपाल खानेपानी संस्थानलाई बेलायतको एउटा शहरसित खानेपानी र फोहोर व्यवस्थापन गर्न निजी कम्पनीसँग आबद्ध गराइयो । त्यसको केही वर्षपछि सन् १९९७ मा खानेपानी आपूर्तिको जिम्मेवारी निजी कम्पनीलाई दिइयो । आजको काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयूकेएल) त्यसैको परिवर्तित रूप हो । अहिलेसम्म केयुकेएलले निरन्तर खानेपानीको वितरण गर्दै आएको छ । काठमाडौँ उपत्यकामा केयुकेएलले कहिले पनि खानेपानीको राम्रो व्यवस्थापन गर्न सकेन । त्यसको मुख्य कारण खानेपानीलाई निजीकरण गर्नु हो । निजी क्षेत्रले कहिले पनि सेवाको भावनाले काम गर्दैन । उसले जहिले पनि नाफालाई पहिलो प्राथमिकतामा राख्छ । जनतालाई खानेपानी किनेर उपभोग गर्ने बानी बसाल्छ । उनीहरू नाफाको निम्ति खानेपानीको कृत्रिम अभाव सिर्जना गर्छन् । हरेक वर्ष पानीको हाहाकारमा यात्रुवाहक गाडीहरूभन्दा खानेपानी ट्यांकरहरू सडकमा बढी गुड्नु यसको प्रमाण हो । अहिले उपत्यकामा खानेपानीको राम्रो व्यवस्थापन नहुनुमा खानेपानीलाई निजीकरण गर्नेहरू नै मुख्य रूपमा जिम्मेवार छन् ।

त्यसैले खानेपानी समस्या समाधानको लागि नीतिगत रूपमै सुधार गरी सरकारकै पूर्ण स्वामित्वमा रहेको खानेपानी वितरण प्रणाली निर्माण गरिनु आवश्यक छ । त्यसको लागि आवश्यक परे छुट्टै ऐनको व्यवस्था गरिनुपर्छ । हाम्रा पुर्खाहरूले इन्जिनियर, प्राविधिकहरू नभएकै बेलामा समेत

विभिन्न पोखरीहरू, धाराहरू र इनारहरू निर्माण गरी पानीको श्रोत संरक्षण गरी सहरको लागि पानीको व्यवस्था गरेका थिए। हामी अहिलेको समयमा पनि किन असफल हुँदैछौँ ? नेपाल सरकारले विदेशीसँग (विश्व बैङ्क) ऋण लिने, त्यही पैसा निजी कम्पनी (केयुकेएल) लाई पठाएर खर्च गर्ने, यो कुन वैज्ञानिक पद्धति हो ?

२०७८ सालको बाढीले मेलम्चीको पानीको मुहानमा ठूलो क्षति पुऱ्यायो। बल्ल अस्थायी वितरण सुरु गरेकोमा पनि पुन:समस्या आएको सुनियो। मेलम्ची एउटै श्रोतको भर परेको खण्डमा बारम्बार यस्ता समस्याहरू आइरहन्छन्। त्यसैले भक्तपुरको महादेव खोला, सिस्नेरी, कुलेखानीलगायत विकल्पको रूपमा योजना अगाडि बढाउने र स्थानीय स्रोतहरू ढुङ्गेधारा, इनार, पानीको मूल र पोखरीहरूको संरक्षण गरी नयाँ नयाँ श्रोतहरूको पनि खोजी, अनुसन्धान प्रकृया अगाडि बढाइनुपर्छ ।

उपत्यकाको खानेपानी व्यवस्थापन गर्नको निम्ति तत्कालको लागि उच्चस्तरीय समिति गठन गर्नु आवश्यक छ। अर्को व्यवस्था नभएसम्म मन्त्रीको अध्यक्षतामा सबै नगरप्रमुखहरू सदस्य रहने गरी उपत्यका खानेपानी व्यवस्थापन बोर्ड गठन गरी सरकारले नै सबै किसिमको व्यवस्थापन गर्न सके अहिलेको जस्तो जनताले खानेपानीको समस्या भोग्नुपर्ने छैन ।

यहाँ कार्यपत्र प्रस्तुत गर्ने मित्रहरूले खानेपानीको व्यवस्थापनको लागि ३ ओटा विकल्प प्रस्तुत गर्नु भएको छ:

१) केयूकेएल सुधार गर्ने,

२) सबै एउटै बोर्डले गर्ने वा

३) नपा/महानपाले गर्ने ।

ती विकल्पहरूभन्दा पनि अहिलेको संरचना खारेज गरी खानेपानीको सम्पूर्ण स्वामित्व नेपाल सरकारले लिएर खानेपानी वितरणको व्यवस्था गर्नु नै सबैभन्दा उपयुक्त विकल्प हुन सक्छ ।

(खानेपानी मन्त्रालयको आयोजनामा २०८० मंसिर २० गते सिंहदरबारमा भएको अन्तरक्रिया कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले व्यक्त गर्नुभएको मन्तव्यको सार सङ्क्षेप)

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर


**चिनियाँ र जापानी भाषा प्रशिक्षण पहिलो तहको कक्षा सञ्चालनबारे सूचना**

प्रकाशित मिति : २०८०।०९।०९ गते

भक्तपुर नगरपालिकाको आयोजनामा पहिलो तहको जापानी र चिनियाँ भाषा तालिम सञ्चालन हुने भएकोले इच्छुक एस.ई.ई. वा सो सरह उत्तीर्ण नगरवासीहरूले १५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीको लागि आ-आफ्नो वडा कार्यालयहरूमा सम्पर्क गर्नुहोला।

**नोट**
○निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध गराइनेछ।
○फाराम तथा टिकट दस्तुर रु.११०।- लाग्नेछ।
○मासिक शुल्क रु.५००।- लाग्नेछ।
○निवेदनका साथ नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ।
○समय : साँझ ५ बजेदेखि ६:३० सम्म

## बासिबियाँलो



बायाँ चित्रमा १० ओटा र दायाँ चित्रमा ५ ओटा फरक पत्ता लगाई रङ्गाउनुहोस्।

# भक्तपुर : नजाने गाउँको बाटो

भवानी बराल




भक्तपुर नगरपालिकाबाट के सिक्ने ? भक्तपुरबाट किन सिक्ने ? भक्तपुर के हो र सिक्ने ? भक्तपुरको आगत र विगत के हो ? आजको दलाल, आसेपासे पुँजीवादी समाजमा समाजवादउन्मुख मोडेल सिकाइको के अर्थ ? भक्तपुरको मोडेल प्रतिलिपि उतार गर्दा अन्य स्थानीय तहको प्रगति र उन्नति सम्भव छ ? भक्तपुरको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, जनसाङ्ख्यिक तस्बिर एवं प्राकृतिक भूबनोटको आधार र अन्य स्थानीय पालिकाको बनोट नै मिल्दैन । यी सबै प्रश्नको सहज उत्तर हुन्छ, भक्तपुरबाट सिक्दै नसिक्ने । नजाने गाउँको बाटो नसोध्ने ।

मुलुकका ७५३ स्थानीय तहमध्ये भक्तपुर नगरपालिकालाई यो लेखोटमा छान्नु पर्ने अर्थपूर्ण अर्थ छ । बाँकी ७५२ स्थानीय तह कसरी सञ्चालनमा आएका छन्, पहिलो कार्यकाल 'देखी, सुनी जान्नेका लागि' भनिरहनु पर्ने विषय रहेन । दोस्रो वा चालु कार्यकालको समग्र मूल्याङ्कन गर्ने बेला भइसकेको छैन । यद्यपि, दोस्रो कार्यकालमा केही स्वतन्त्रले नेतृत्व गरेका बाहेकका पालिका सञ्चालनको ढङ्ग उही छ, जो विगतकाले गरेका थिए । यसर्थ यहाँ भक्तपुर नगरपालिकाले देखाएको बाटो सानो आँखी झ्यालबाट चिहाउने प्रयास गरिने छ ।

## सञ्चार माध्यममा भक्तपुर

नेपाली सञ्चार माध्यममा भक्तपुरको अनुकरणीय समाचार पढ्न, सुन्न र देख्न पाइन्छ । छापा, विद्युतीय र नयाँ सञ्चार माध्यममा भक्तपुर नपाले गरेका कार्यक्रमको सराहना गरिएको एक से बढकर एक समाचार प्रकाशित/प्रसारित छन् । भक्तपुरको नीति, योजना तथा कार्यक्रम, विकास र प्रगतिको मुक्तकण्ठले प्रशंसा गरिएको मात्रै भेटिन्छ । पहिलो कार्यकालको उच्च मूल्याङ्कन सबै मुख्य समाचार माध्यमले गरेका छन् । पालिकाले प्रकाशित गरेको पुस्तक **'सञ्चार माध्यममा भक्तपुर नपा'** मा अभिलेख गरिएको पत्रकारको कलम हेरे काफी हुन्छ । मूलधारका भनिएका छापा, नयाँ मिडियामा शिक्षा, स्वास्थ्य र कला–संस्कृतिको मोडेल भक्तपुरलाई सम्मान गरिएको छ । सरसफाइ, स्वास्थ्य, शिक्षा, सम्पदा संरक्षण र पुनर्निर्माणमा भक्तपुर नपाले मोडल प्रस्तुत गरेको आँखो देखा हाल पढ्न पाइन्छ । नगर पालिकाले प्रकाशित गरेको **'भक्तपुर नगरपालिकाको पाँच वर्ष'** पुस्तकले त सचित्र वर्णन नै गरेको छ । यस्तो लाग्छ यी पुस्तक हेरेपछि भक्तपुरको दृश्य आँखाको पर्दामै आइपुग्छ ।

भक्तपुर नगरको नेतृत्व गर्दै आएको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले स्थानीय तह निर्वाचन–२०७४ मा 'भक्तपुर नपाका लागि घोषणा पत्र' प्रकाशित गरेको रहेछ । १० ओटा सङ्क्षेप बुँदामा व्यवस्थित घोषणा पत्रको मूल नीति, योजना तथा कार्यक्रम भक्तपुरको तत्कालिक एवं भावी योजना हो । शिक्षा, स्वास्थ्य, उद्योग र रोजगारी, कला–संस्कृति र पर्यटन, वातावरण, यातायात, खेलकुद, नगर प्रशासन, भूकम्प र विपत् व्यवस्थापन, कृषि तथा जनजीविका नगरको विषयगत योजना हो । यसै प्रसङ्गमा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे (रोहित)ले **'सय वर्षपछिको भक्तपुर'** (२०५९) पुस्तक नै प्रकाशित गरे । भक्तपुरको योजनाबद्ध विकासको खाका यही पुस्तकमार्फत खिचिएको नगरका वर्तमान नगरप्रमुख सुनिल प्रजापतिसहित अन्य जनप्रतिनिधिको विश्वास छ ।

संविधानअनुसार यसअघि निर्वाचित पहिलो नगर सरकारले पहिलो पटक योजनाबद्ध विकास गर्ने स्वायत्तता पायो । हुन त यस्तो अधिकार र अवसर बाँकी पालिकाले पनि पाएकै छन् तर अन्य पालिकाले यस्तो अधिकार र अवसर उपयोग गर्न चुके, कतिपय मामिलामा अख्तियारको दुरूपयोग गरे । आर्थिक अनियमितता, भ्रष्टाचार, अनाधिकृत प्राकृतिक दोहन मामिलामा कठघरामा पुगे । आज गाउँको सिंहदरबार बद्नाम भएका छन् । यस्तो क्रियाकलापमा डुबेका पालिकाका प्रतिनिधिका लागि भक्तपुर पाइला सार्नै नहुने गाउँको बाटो हो ।

## स्वास्थ्य नै धन

स्वास्थ्य नै धन हो । संसारका सबै भाषा र विचारमा यो शाश्वत या 'ब्रह्म' वाक्य नै हो । स्वस्थ रहन सरसफाइ पहिलो सर्त हो । काठमाडौँ उपत्यकामा फोहोर व्यवस्थापन खपिनसक्नु मुद्दा हो । भक्तपुरले फोहोरलाई रूपान्तर गरेर मोहोर आर्जन गर्दै आएको छ । फोहोरबाट कम्पोस्ट मल उत्पादन गरेर किसानलाई सुलभ दरमा वितरण गरिरहेको छ । फोहोरबाट बायो ऊर्जा उत्पादन गर्ने लक्ष्यको नजिक छ ।

जनताको स्वास्थ्य जनसरोकारको विषय कम राष्ट्रिय व्यापार धन्दाको विषय बढी बन्दै गएको छ । नेपालका

प्रत्येक साना ठूला सहरका प्रायः गल्लीमा निजी अस्पतालको सटर खुलेका छन्। जुन देशमा उद्योगधन्दा भन्दा बढी अस्पताल हुन्छन् त्यो देश निरोगी र सम्पन्न हुने त कुरै भएन। यस्तो परिस्थितिमा जनता झन्झन् गरिबीको रेखामुनि जाने पक्कै हो। राज्यको दायित्वभित्र स्वास्थ्य प्राथमिकतामा नपरेको विषम परिस्थिति खप्नुको विकल्प छैन।

राज्यको सानो दायित्व पूरा गर्न भक्तपुर नपाले आफ्नै बलबुतामा भगीरथ प्रयास गरिरहेको छ। विशेषज्ञ सेवासहित एक सय बेडको ख्वप अस्पताल, घरदैलो स्वास्थ्य सेवा, आँखा उपचार केन्द्र, शिशु स्याहार केन्द्र, आयुर्वेद स्वास्थ्य उपचार केन्द्रलगायतका सेवा नगरवासीमा उपलब्ध गराउँदै आएको छ। कोभिड महामारीमा कोभिड अस्पतालको व्यवस्थापन, अक्सिजन प्लान्टको स्थापना र अक्सिजन निःशुल्क वितरण गरेर जनताप्रतिको स्थानीय सरकारको दायित्व पूरा गर्ने प्रशंसनीय काम गरेको जगजाहेर छ। यस्तो दायित्व पूरा गर्दा नपा आँखाको तारो अवश्य हुन्छ। यसैले मेडिकल कलेज स्थापना गर्ने भक्तपुर नपाको चाहना साकार हुन सकेको छैन। दलाल पुँजीवादको पराकाष्ठा कथित आर्थिक उदारीकरणको माखे साङ्लोमा परेको राज्य र त्यसका अधिकांश पालिकाका प्रतिनिधिले उम्कने या विद्रोह गर्ने प्रयास नगर्नु लाचारी हो। अतः यस्ता लाचार छायाँले भक्तपुर जाने बाटो किन खोज्ने ?

## सामाजिक बुद्धिजीवीकरणमा शिक्षा

शिक्षा मानव मूल्यको तेस्रो आँखा हो। महान् दार्शनिक सुकरातले 'प्रत्येक मानिसको मष्तिष्कमा अदृश्य रूपले विद्यमान संसारको त्यो सर्वमान्य विचारमा ल्याउनु शिक्षा हो' भनेका छन्। नेल्सन मण्डेलाले शिक्षालाई संसार बदल्ने हतियारको रूपमा अर्थ्याएका छन्। भक्तपुर नपाले शिक्षालाई यसै अनुरूप २० वर्षदेखि निरन्तर महत्त्व दिएको छ। सबैभन्दा महत्त्वपूर्ण त 'सामाजिक बुद्धिजीवीकरण' गर्ने शब्द 'क्वाइन'' गरेको छ। यो शब्दको अन्तर्य आफैमा गम्भीर र विराट छ।

देशका बाँकी कुनै पालिकाले शिक्षालाई भक्तपुरले झैं बुझ्नेसम्म कष्ट गरेको छैन। यो नपाले सात ओटा शैक्षिक संस्थामार्फत सुलभ र गुणस्तरीय शिक्षाको बन्दोबस्त गरेको छ। यसमध्ये दुई ओटा ख्वप इन्जिनियरिङ कलेजमार्फत उच्च प्राविधिक जनशक्ति दीक्षित बनाइरहेको छ। यसरी नै बहुप्राविधिक शिक्षालय, नर्सिङ कलेज र मानविकी तथा सामाजिकीशास्त्रका अनेक विषयगत शिक्षण, विदेशी भाषा तालिम, स्थानीय शैक्षिक पाठ्यक्रमलाई पनि महत्त्वका साथ पठनपाठनको संस्थागत विकास गरेको छ। शिक्षण संस्थाको विकास र अध्ययन अध्यापनमा मात्रै नपाले बर्सेनि ४० करोड खर्च गर्दै आएको उल्लेख छ। विडम्बना भक्तपुर नपाको पहिलो कार्यकाल (०७४) मै प्रस्ताव गरेको सामाजिक बुद्धिजीवीकरण गर्ने प्रस्तावलाई तुहाउन सङ्घीय सरकारले कुनै कसर बाँकी राखेको छैन। सामाजिक बुद्धिजीवीकरणका लागि प्रस्तावित ख्वप विश्वविद्यालयको प्रस्तावलाई त्यसयता बनेका कुनै पनि सरकारले स्वीकृति दिने आँट गरेको छैन। सामाजिक बुद्धिजीवीकरण गर्ने भक्तपुरको बाटो यसकारण तीनले सोच्नसम्म सक्तैनन्।

## योजनाबद्ध जनसहभागिता

यतिखेर कतिपय स्थानीय सरकारको नेतृत्वले लोकरिझ्याइँ र स्टन्टबाजीका लागि जनश्रमदानको 'टेलर' देखाएका छन्। कुनै योजनाविहीन दीर्घकालीन एवं स्थायी परिणामको ख्यालै नगरी श्रम संस्कृतिको हौवा प्रदर्शित गरेका छन्। भक्तपुरले भूकम्पले क्षतविक्षत सांस्कृतिक सम्पदाको जीर्णोद्धार, पुनर्निर्माणमा योजनाबद्ध जनसहभागिता र जनश्रमदान जुटाएर सम्पन्न गरेको छ। यसरी विविध क्षेत्रका १२४ ओटा योजनाले सम्पन्नताको प्रमाण पत्र पाएका छन्। जनसहभागितामै दुई ओटा आवास क्षेत्रको निर्माण सम्पन्न हुने क्रममा छ। उपभोक्ता समितिमार्फत निर्माणको उच्चतम नमुना नपाले सफल अभ्यास गर्दै आएको छ। योजना बेगर लोकरिझ्याइँको नाटक प्रदर्शन गर्नेका लागि भक्तपुरको बाटो सोभिँदैन।

## गैसस निषेधित नगर

नेपालका दूरदराजका गाउँमा पनि गैरसरकारी संस्था (गैसस वा एनजिओ) नपुगेको ठाउँ छैन तर राजधानी नजिकको भक्तपुर जाने बाटोमा तिनलाई तगारो हालिएको छ। कथित विकास र चेतनाको खयाली पुलाउ पकाएर आफ्नै रोजीरोटी सेक्ने कथित सामाजिक संस्था भक्तपुर प्रवेशमा निषेधित छ। नेपालको विकासमा गैससको काम छैन भन्ने यो गतिलो उदाहरण हो। सम्पदा निर्माणमा जर्मन सरकारको एक अर्ब २० करोड अनुदान सम्पदाको विद्रुपीकरण गर्ने प्रस्तावका कारण नपाले अस्वीकृत गऱ्यो। पछि सम्पदा भक्तपुरवासीले आफ्नै बलबुतामा निर्माण गरी छाडे। यस्तो आँट देखाउने नपाले चारो छर्ने र स्वाभिमान गिराउने गैससलाई अनुमति नदिनु अनौठो भएन। गैससका लागि त भक्तपुरको बाटो सोध्नै नहुने बाटो भो।

## बत्तीमुनि अँध्यारो

परम्परागत भनाइ अनुसार बत्तीमुनि अँध्यारो हुन्छ। यो भनाइ विद्युत् उत्पादन हुनुभन्दा अघिको भनाइ हो। परम्परागत अवस्थामा बत्तीमुनि प्रकाश दिन सक्दैनथ्यो। विद्युत्ले सबैतिर प्रकाश दिन्छ तर यहाँ पुरानै भनाइ लागु भएको छ। भक्तपुरका छिमेकी पालिकाले भक्तपुरबाट सिक्ने प्रयत्न बिल्कुलै गरेको छैन। भक्तपुरको प्रकाशको कुनै प्रभाव

त्यहाँ छैन। छिमेकी पालिकाले नै भक्तपुरको बाटो हिँड्नु छैन भने टाढाका परदेशी पालिकाले भक्तपुरको बाटो मोडिनुको के अर्थ हुन्छ र ?

## संवैधानिक व्यवस्था

नयाँ संविधानले राज्यको सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्था गरेको छ। संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारको सूची २२ बुँदामा व्यवस्थित छ। यसरी नै अनुसूची ९ मा तीनै तहको साझा अधिकारको सूची छ। स्थानीय सरकार सञ्चलानार्थ 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' सहित एक दर्जन विषयगत दिग्दर्शन तथा नियमावली पनि व्यवस्था गरिएको छ।

अनुसूची ८ अनुसार स्थानीय तहको २२ बुँदे एकल अधिकारको भरपुर उपयोग गर्न भक्तपुर नपाले २२ ओटै ऐन परिमार्जनसहित पारित गरेको छ। दर्जनौँ नियमावली, निर्देशिका, कार्यविधि व्यवस्थित गरेको छ। सम्भवतः अनुसूची अनुसार अन्य पालिकाले ढङ्ग नपुऱ्याएको परिणामले देखाउँछ। संवैधानिक दायराभित्र रहेर अधिकारको अधिकतम उपयोग गर्दा भक्तपुर जस्तो सफा, सुन्दर, स्वस्थ्य, शैक्षिक क्षेत्र उन्मुख नगर बन्छ भन्ने यो प्रतिनिधि उदाहरण हो। यस्तो सुन्दर उदाहरण अनुकरण गर्नु बाँकी पालिकाका प्रतिनिधिलाई यो जुनीमा असम्भव भए झैँ लाग्ला। यसर्थ भक्तपुरको असहज बाटो किन लम्किने ?

## सूचना सञ्चारमा भक्तपुर

नपाको सूचना प्राप्त गर्ने सबै माध्यममा सबैको पहुँच पुग्छ। सञ्चारका छापा, रेडियो, टिभी, अनलाइन र सामाजिक सञ्जाललाई नपाले उपयोगमा ल्याएको छ। भक्तपुर मासिक पत्रिका, ख्वप पौ पाक्षिक पत्रिका, ख्वप सः (रेडियो कार्यक्रम), ख्वप टिभी, भक्तपुर डटकम (अनलाइन) तथा भक्तपुर म्युनिसिपिलिटी फेसबुक पेज छन्। एक दर्जन पुस्तक प्रकाशित छन्। यी माध्यममार्फत नपाको सूचना समाचार आमसाधारणको सहज पहुँचमा छ। यस प्रकारको व्यवस्थित सञ्चार प्रणाली अन्य पालिकाको देखिन्न। पारदर्शिता र जवाफदेहिताको यो नमुना हो। यही जवाफदेहिताबाट भाग्न अन्य पालिकाले यो सब गरेका छैनन्। यसैले भक्तपुरको बाटो फुटेको आँखाले पनि हेर्दैनन्।

## पालिका सानो कुरा ठूलो

भक्तपुर नगरपालिकाको कुल क्षेत्रफल ६.८८९ वर्ग किमी मात्र छ। भक्तपुरका छिमेकी नपाहरू सूर्य विनायक, मध्यपुर थिमी, चाँगुनारायणभन्दा पनि क्षेत्रफलको हिसाबले असाध्यै सानो छ। पूर्व पश्चिम ४.५ किमी र उत्तर दक्षिण १.५ किमीमा फैलिएको भक्तपुर क्षेत्रफलको हिसाबले देशकै सबैभन्दा सानो पालिका पनि हो। जनसाङ्ख्यिक हिसाब पनि करिब एक लाख मात्र छ। भक्तपुरको महत्त्वाकाङ्क्षा बेजोड ठूलो छ। घोषणापत्र अनुसार शिक्षा, स्वास्थ्य, उद्योग, रोजगारी, कलासंस्कृति, पर्यटन, वातावरण, यातायात, खेलकुद, नगर प्रशासन, कृषि तथा जनजीविका मामिलामा सफलता प्राप्त गऱ्यो भने वर्तमानको भक्तपुर भविष्यको 'भेटिकन भक्तपुर' बन्ने कल्पना गर्न सकिन्छ। चिनियाँ आकाशमुनिको सम्पन्न गाउँ 'ह्वासी भिलेज' जस्तै विकसित हुन सक्छ। भक्तपुरको पुरातात्त्विक सांस्कृतिक धरोहर त छँदै छ। जल सम्पदाले त्यत्तिकै सुन्दर बनाएको छ। भ्रष्ट, अनियमितताका अनुयायी, लाचार, सिद्धान्तच्युत दल र तीनका प्रतिनिधिलाई भविष्यको 'भेटिकन भक्तपुर' को बाटो नजाने गाउँ नै हो।

## जेठो पालिका श्रेष्ठ सोच

भक्तपुर १२ औँ देखि १५ औँ शताब्दीसम्म नेपाल (उपत्यका) को राजधानी थियो। किरातकालीन समयमै स्थापित यो सभ्यताको नगर हो। १८ औँ शताब्दीसम्म स्वतन्त्र राज्यको रूपमा स्थापित 'भादगाउँ' (भक्तपुर) को लिच्छवि र मल्लकालमा सांस्कृतिक वैभवको विकास भयो। राजा मानदेवको अभिलेख अनुसार नेपाल भाषाको खोपाङ, खृपाङ, खोपा हुँदै ख्वप यसको प्रागऐतिहासिक नाम हो। विसं १९९२ (८८ वर्षअघि) मा 'भक्तगाउँ' हुँदै 'भादगाउँ' हुन पुग्यो। यहाँका मानिस भगवान्‌को खुब आराधना गर्ने भएकोले जुद्धशमशेरले 'भक्तहरूको सहर' यो नगरको नाम भक्तपुर राखे भन्ने भनाइ पनि छ। उतिखेरका 'भगवान्'का भक्त नगरवासी यतिखेर जनपक्षीय राजनीतिको 'भक्त' भएका छन्। यसैले वर्षौँदेखि भक्तपुरको सेवामा तल्लीन नेमकिपाको जनपक्षीय राजनीतिक नेतृत्वलाई विश्वास दिँदै आएका छन्।

विसं २००६ मै भक्तपुर म्युनिसिपिलिटीको नाममा गठित जेठो भक्तपुर नपाको 'श्रेष्ठ' कुरा अद्यावधि छ। कमरेड रोहितद्वारा अक्षरमा चित्राङ्कित **'सय वर्षपछिको भक्तपुर'** को सम्पन्न नक्सा कस्तो होला ? भक्तपुरको वर्तमान नीति, योजना तथा कार्यक्रम र जनपक्षीय नेतृत्वको निरन्तरतामा भर भर्छ। कम्युनिस्ट सिद्धान्त, विचार र तदनुकूलको आचरणको व्यावहारिक कार्यान्वयनमा भर पर्छ।

भक्तपुरले सांस्कृतिक वैभव त पाएकै छ। यसैले उपत्यकाको सांस्कृतिक, पर्यटनको मुख्य गन्तव्य हुँदै आएको हो। यताका दिनमा सांस्कृतिक पर्यटनको गन्तव्य मात्र होइन 'राजनीतिक पर्यटन' गर्ने मुख्य गन्तव्य पनि भक्तपुर बन्ने छ तर सिद्धान्तच्युत पार्टी, तिनका नेता र भ्रष्ट प्रतिनिधिका लागि भक्तपुर नजाने गाउँको बाटो हो। नजाने गाउँको बाटो कसले सोधिरहन्छ ?

(गोरखापत्र, ९ मंसिर २०८० बाट)

# संस्कृति मन्त्रीको गैर जिम्मेवार अभिव्यक्ति : धार्मिक द्वन्द्व निम्तिने खतरा

**विवेक**

पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्री सुदन किराँती (माओवादी) अहिले विवादमा परेका छन्। मुस्लिम समाजले आयोजना गरेको एउटा कार्यक्रममा बोलेको विषयलाई लिएर मन्त्री किराँती विवादित बनेका हुन्। उनले भनेका थिए– 'क्रिश्चियन मान्दिन भन्नु संविधान नमान्नु हो। संविधान मान्दिन भन्नेहरू देशद्रोही हुन्। यदि कसैले देशद्रोह गर्छ भने त्यसलाई हतकडी लगाउने जेलमा हाल्दिने हो।'

मन्त्री वा उच्च पदस्थ व्यक्तिहरूको अभिव्यक्ति सन्तुलित हुनुपर्छ। जो अगाडि छ, उसलाई रिझाउने कुरा गर्दा त्यहाँ अर्को पक्ष पनि छन् भने बिर्सनु हुँदैन। हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता भएको नेपालमा क्रिश्चियन धर्म नमान्नेहरू जति 'संविधानविरोधी र देशद्रोही' भन्नु मन्त्री किराँतीको राजनैतिक अपरिपक्वता र बालापन नै हो भन्दा फरक पर्ने छैन। किनभने उनले संविधानमा उल्लेख भएको धर्म निरपेक्षताको अर्थ राम्रोसँग नबुझेकै देखिन्छ।

२०६५ साल जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले नेपाललाई धर्म निरपेक्ष र सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो। सङ्घीयताबारे पटकपटक छलफल भए पनि धर्म निरपेक्षताबारे तत्कालीन आन्दोलनरत सात दलबीच व्यापक छलफल नभएको सात दलमा सहभागीहरू नै बताउँछन्।

तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले संविधानसभाको पहिलो बैठकमा ५ बुँदे घोषणा वाचन गर्दै भनेका थिए– *'सार्वभौमसत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजकै मितिदेखि एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ।'*

संविधानसभामा त्यतिबेला ५६४ सांसदहरूको उपस्थिति थियो। राप्रपा नेपालका ४ सांसदबाहेक सबैले गडगडाहत तालीले समर्थन गरे र पाँच बुँदे घोषणा उपस्थित सभासद्हरूको अत्यधिक बहुमतले पारित गर्‍यो। तर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला 'धर्म निरपेक्षता' को विषय संविधानसभामा पेश हुँदा 'झसङ्ग' भएको र उनी त्यसबारे मौन बसेकोमा त्यतिबेला चर्चाको विषय बनेको थियो।

नेपाली काङ्ग्रेस सुरुमा गणतन्त्रमा जान पनि तयार थिएन, माओवादीले गिरिजाप्रसाद कोइरालालाई नेपालको प्रथम राष्ट्रपति बनाउने आश्वासन दिए पछि मात्रै काङ्ग्रेस गणतन्त्रमा जान तयार भएको काङ्ग्रेसी नेताहरू नै बताउँछन्। काङ्ग्रेसका नेताहरू अहिले पनि हिन्दु राष्ट्रको कुरा बेलाबखत उठाउने गर्छन्। नेपालमा हिन्दु समुदाय धेरै भएको हुँदा जनमत आफूतिर आकर्षित गर्न त्यस्ता विषयहरू उठाउने गरेको देखिन्छ।

धर्म निरपेक्षताको अर्थ राज्यले कुनै धर्मको पक्ष लिँदैन भन्नु हो। राज्य धर्मको मामिलामा तटस्थ बस्नु नै धर्म निरपेक्षता हो। नागरिकहरू आ–आफ्नो आस्थाअनुसारको धर्म मान्न स्वतन्त्र हुन्छन्। नेपालको संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रताको हकमा भनिएको छ – *'धर्ममा आस्था राख्ने प्रत्येक नागरिकलाई आफ्नो आस्थाअनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ।'*

मन्त्रीजीको भनाइअनुसार क्रिश्चियन नमान्नेहरू कसरी संविधानविरोधी र देशद्रोही हुन्छन् ? अलि होस् पुर्‍याएर बोलेको भए मन्त्रीजी विवादमा पर्ने थिएनन्। हो, कम्युनिष्टहरू धर्मलाई आस्थाको विषय मान्छन्। मन्त्रीजस्तो सार्वजनिक ओहडामा बस्ने व्यक्तिले संविधान, कानुनको परिधिभित्र बसेर बोल्नु पर्थ्यो।

सन् १९९२ मा भारतको उत्तर प्रदेशमा बाबरी मस्जिद काण्ड भयो। त्यहाँ विश्व हिन्दु परिषद्का कार्यकर्ताहरूले रामको जन्मभूमिको दाबी गर्दै राम मन्दिर बनाउन मस्जिद भत्काए। भारतीय जनता पार्टीले त्यसलाई साथ दिए। भाजपाको नेता लालकृष्ण आदवाणीको नेतृत्वमा त्यहाँ राम रथयात्रा पनि गरे। लाखौँ जनता सहभागी रथ यात्रा र त्यसपछि भत्केको दङ्गामा हजारौँ मान्छेले ज्यान गुमाए। हिन्दु मुस्लिम बीचको त्यो द्वन्द्व भारतीय अदालतसम्म पुग्यो। भारतीय जनता पार्टी भारतमा रहेका हिन्दुहरूलाई धर्मको माध्यमबाट एकीकृत गर्न चाहन्थ्यो। त्यसैको परिणाम सन् १९८९ मा भएको निर्वाचनमा राजीव गान्धीद्वारा नेतृत्व गरिएको भारतीय काङ्ग्रेस नराम्ररी पराजित भयो भने भारतीय जनता पार्टी २ सिटबाट ८८ सिट जित्न सफल भयो। अहिले भारतीय जनता पार्टी नरेन्द्र मोदीको नेतृत्वमा बहुमतका साथ सरकार चलाइरहेको छ। धेरैजसो प्रान्तीय सरकारमा पनि भाजपाले बहुमत प्राप्त गरी सरकार चलाइरहेको छ। धार्मिक द्वन्द्व र त्यसको परिणाम कस्तो हुन्छ भन्ने त्यो एक उदाहरण हो।

केही समय अघि धरानमा पनि झन्डै त्यस्तै घटना घट्ने सम्भावना देखिएको थियो। केही क्रिश्चियन धर्मावलम्बीहरूले हिन्दुहरूको मन्दिरसँगै चर्च निर्माण गर्न लागे। त्यहाँ विवाद बढ्दै गयो। हिन्दु मन्दिरसँगै गाई काटेको थप समाचार पनि आयो। कति हिन्दु धर्मका पक्षपातीहरू

हतियारसहित र्‍याली गर्न समेत आह्वान गर्न पुगे। तत्काल त्यहाँका जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी र विभिन्न सङ्घ संस्थाले शान्ति र सद्भाव र्‍यालीको आयोजना गरी द्वन्द्व व्यवस्थापन नगरेको भए घटनाले अर्कै रूप लिने प्रायः निश्चित थियो। धन्न त्यसबाट धरान मात्रै होइन देश नै धार्मिक द्वन्द्वमा जानबाट रोकियो। विश्व सर्वहारा वर्गको महान् गुरु कार्ल मार्क्सले 'धर्म अफिम हो' भनेर त्यतिकै भन्नुभएको होइन होला।

पश्चिमा देशहरू धर्मकै माध्यमबाट नेपालमा आफ्नो प्रभाव विस्तार गर्न खोज्दैछन्। नेपाल पश्चिमाहरूको दबाबमा धर्म निरपेक्ष राज्य घोषणा भएकोबारे कुनै शङ्का छैन। धर्म निरपेक्षताबाट सबैभन्दा बढी कोही खुशी छन् भने ती पश्चिमा देशकाहरू नै छन्। अहिले गाउँ, सहर जताततै चर्चहरू निर्माण गर्दै धर्म परिवर्तन गराउने गरिरहेका छन्। नेपालको संविधानले *'कसैले धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पार्ने काम गराउन'* निषेध गरेको छ। त्यस्तो गर्नेलाई कानुनबमोजिम दण्ड गर्ने पनि व्यवस्था गरेको छ।

ग्रामीण क्षेत्रहरूमा पैसा वा विभिन्न किसिमका सुविधाको लोभ देखाएर धर्म परिवर्तनका काम बेरोकतोक भइरहेका छन्। विशेषगरी आर्थिक रूपमा पछाडि परेका र दलित समुदाय त्यसप्रति आकर्षित भएका छन्। अधिकांश क्रिश्चियन धर्मावलम्बीहरूले गएको संसदीय निर्वाचनमा स्वतन्त्र पार्टीलाई मतदान गरेको भन्ने सार्वजनिक भयो। नेपालका चर्च नै स्वतन्त्र पार्टीको सङ्गठन भन्नेहरूको पनि कमी छैन। तर जे होस्, चर्चहरूमार्फत पश्चिमा देशहरूले आफ्नो प्रभाव क्षेत्र बढाउँदै लगेको भने साँचो हो। यसले नेपाल धार्मिक द्वन्द्वमा फस्ने खतरा क्रमशः बढ्दैछ।

नेपाल बहुधर्म, बहुभाषिक र बहु संस्कृति भएको देश हुँदा सबै धर्म र जातिलाई राज्यले सन्तुलनमा राख्न आवश्यक हुन्छ नत्र द्वन्द्वकै कारण देशको अस्तित्व सङ्कटमा पर्न सक्छ। धेरै धर्म, भाषा र संस्कृति हुनु पनि सम्पन्नता हो। राज्यले त्यसलाई सम्पत्तिको रूपमा ग्रहण गर्दै संरक्षण गर्ने नीति लिनु पर्छ। एउटालाई प्राथमिकता दिएर अर्कोलाई बेवास्ता गर्ने बित्तिकै त्यहाँ अकल्पनीय घटना घट्न सक्ने सम्भावना हुन्छ। धर्म जस्तै जातीय द्वन्द्व पनि त्यतिकै खतरनाक हुन्छ। अफ्रिकी देश रुवान्डा त्यसको एक उदाहरण हो।
सन् १९९० मा रुवान्डामा हुतु र तुत्सी जातीबीच द्वन्द्व भयो। हुतुहरू बहुमत भएको त्यस देशमा उनीहरूको गरिबी र दुःखको कारण तुत्सी जाति भएको प्रचार गरियो। जातीय सफायाको आन्दोलन चलायो। हुतुहरूलाई फ्रान्सको साथ थियो।

शिक्षकले विद्यार्थी, चिकित्सकले बिरामी र नवजात शिशुको हत्या गर्ने, गिरिजाघरमा जम्मा भएकाहरूलाई पादरीहरूले सामुहिक हत्या गर्ने गरे। शिक्षक, प्राध्यापक, बुद्धिजीवी सबै त्यस द्वन्द्वमा सहभागी भएका थिए। १ वर्षमा झन्डै १० लाख नागरिकहरूको द्वन्द्वमा मारिएको बताइन्छ। करिब १ करोड जनसङ्ख्या भएको उक्त देशमा एकै वर्षमा १० प्रतिशत जनसङ्ख्याको हत्या हुनु इतिहासकै नराम्रो घटना थियो। यसमा पनि धार्मिक द्वेष फैलाइएको थियो।

मन्त्री किराँती एउटा जातिबाट आएको भए पनि मन्त्री सार्वजनिक पद हो। सार्वजनिक पदमा बस्नेहरूले सबै नागरिकलाई समान व्यवहार गर्नु पर्ने हुन्छ। एक सामान्य नागरिकले झैँ स्वतन्त्र अभिव्यक्ति दिँदा विवादमा परिन्छ। धर्म निरपेक्ष राज्यमा राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरू मन्दिर मन्दिरमा गएर टिका लगाउने र फूलमाला लगाएर प्रसाद ग्रहण गर्ने गरेको दृश्यलाई पनि नेपाली जनताले आलोचनात्मक दृष्टिले हेर्दैछन्।

अहिले मन्त्री किराँतीको विरुद्ध नाराबाजी गर्दै सडकमा उत्रेकाहरूले उनको राजीनामासमेत माग्न थालेका छन्। 'प्रचण्ड' नेतृत्वको सरकार एक वर्ष पुग्न लागेकै बेला मन्त्रिमण्डलमा हेरफेर गर्ने सङ्केत पनि दिँदैछन्। साँच्चै मन्त्रिमण्डल पुनर्गठन हुने भए संस्कृति मन्त्रीको पद जाने प्रायः निश्चित देखिन्छ। किनभने पुनर्गठित मन्त्रिमण्डलमा किराँतीको नाम समावेश भएमा अहिले आन्दोलन गर्नेहरूले 'प्रचण्ड'कै विरुद्ध आन्दोलन गर्ने सम्भावना रहन्छ। जिम्मेवार पदमा बस्नेहरूले सस्तो लोकप्रियतामा भन्दा जनताको समस्यातिर ध्यान दिनु उचित हुने छ।




कार्टुन : मजदुर दैनिक

# त्यो भक्तपुर, यो भक्तपुर !

सुरेन्द्रराज गोसाई



आज यहाँ विद्वत महानुभावहरूका कुरा सुन्ने अवसर पाएँ । अत्यन्त खुसी लाग्यो । विगतको भक्तपुर सानो आँखीझ्यालबाट हेरिरहेझैँ अनुभूत हुँदै छ । अझै यसको विराटस्वरूप चिन्न बुझ्न बाँकी नै छ । त्यसका निम्ति विभिन्न लेखरचना तथा कृतिहरू प्रकाशित हुँदै जाने विश्वास छ । यो पुस्तक 'जीवन एक : सङ्घर्ष अनेक' आफैमा भक्तपुरलाई चिनाउने, शैक्षिक क्षेत्रलाई चिनाउने, जीवनलाई चिनाउने एउटा आँखीझ्याल हो भन्नु अतिशयुक्त नहोला ! यो पुस्तकबारे आज थप बुझ्ने अवसर पाएँ । वास्तवमा मसँग केबल 'ओभरहियरिङ्स्' मात्र छ । भेटघाटमा पुस्तकको चर्चा आदरणीय पार्टी अध्यक्ष (रोहित) ले गर्नुभएको सुनेको थिएँ । केही अग्रजहरूका टिप्पणी सुन्ने अवसर पनि पाएको थिएँ ।

६०/७० वर्ष अगाडिको भक्तपुरबारे यहाँ चर्चा चल्यो । परिवार, शिक्षा, संस्कृति, जीवनशैलीका विविध सन्दर्भ यहाँ उठे । विगतका दु:खकष्ट, कठिन परिस्थिति, अन्धविश्वास आदिबारे यहाँ कुराकानी भयो । फर्केर हेर्ने काम भयो । म भने वर्तमानका केही प्रसङ्ग जोड्न चाहन्छु । विगत ३० वर्षदेखि 'श्रमिक' साप्ताहिक र विगत २५ वर्षदेखि निरन्तर 'मजदुर' दैनिक ३६५ दिन नै भक्तपुरबाट प्रकाशित हुँदै छ । यी दुई पत्रिकाहरू मात्र अब बाँकी छन् जसले नेपालमा अन्तर्राष्ट्रिय विषयमा सत्यतथ्य नेपाली जनतालाई बताउँछन् । यसरी भनिरहँदा यो आत्मश्लाघा होइन, यथार्थ हो । सत्यको गहिराइमा पुग्दा यही निष्कर्षमा हामी पुग्नेछौँ ।

यही भक्तपुरमा हरेक दिनजसो, हरेक हप्ता राष्ट्रिय–अन्तर्राष्ट्रिय परिस्थितिका बारेमा अन्तरक्रिया र गोष्ठीहरू हुन्छन्; छलफलहरू चल्छन् । यहाँका मानिसहरू राष्ट्रिय–अन्तर्राष्ट्रिय सवाललाई लिएर हुने प्रदर्शनीमा अग्रणी भूमिका निर्वाह गर्छन् । विदेशी मित्र तथा पाहुनाहरूसँग भेटघाट गरी विचार आदानप्रदान गर्छन् ।

हरेक दुई–तीन महिनामा एउटा पुस्तक सार्वजनिक हुन्छ । पछिल्लो पटकमात्रै हेर्नें हो भने यो दसैँदेखि तिहारसम्मको बीचमा अन्तर्राष्ट्रिय विषयका दुई–तीन ओटा महत्त्वपूर्ण पुस्तकहरू प्रकाशित भए । भर्खरै 'रुसमा डिसेम्बर विद्रोह', 'युक्रेनमा नवनाजीवाद' र 'देशघाती एमसिसी सम्झौताविरुद्ध नेमकिपाको सङ्घर्ष' पुस्तकहरू प्रकाशित भए । मलाई लाग्छ, यी पुस्तकहरू राष्ट्रिय–अन्तर्राष्ट्रिय साहित्यमा महत्त्वपूर्ण बौद्धिक खुराक बन्ने छन् । त्योभन्दा अलि अगाडि एउटा महत्त्वपूर्ण पुस्तक सार्वजनिक भयो 'समाज विकासको एक झलक' । त्यो पुस्तक नेपाली साहित्यको क्षेत्रमा एउटा कोसेढुङ्गा साबित हुनेछ किनभने मानव समाजको विकासबारे नेपाली साहित्यमा मौलिक प्रकृतिको पुस्तकको अभाव छ ।

केही दिनअगाडि हामीले एउटा बेजोड खालको दबु नेपालभाषा साहित्य त:मुंज्या सम्पन्न गर्‍यौँ । उक्त मञ्चमा देशभित्र बोलिने विभिन्न भाषाका बारेमा विचार मन्थन हुन्छ । विभिन्न दर्शन, सिद्धान्त, राष्ट्रिय–अन्तर्राष्ट्रिय घटनाहरूको विषयमा त्यहाँ चिरफार हुन्छ । त:मुंज्या २०३७ सालदेखि ४३ वर्षसम्म निरन्तर चल्दै छ । त:मुंज्या विचारको बहस गर्ने अत्यन्त राम्रो दबुको रूपमा स्थापित भइसकेको छ । यो पटक करिब ४० जना आमन्त्रित विद्वान्हरूले आ–आफ्नो विचार व्यक्त गर्नुभयो । यसलाई हिजोआज जनताको विश्वविद्यालयको कक्षाको उपमा दिइन्छ ।

केही दिनअगाडि एउटा बुलेटिन सार्वजनिक भयो । त्यो बुलेटिनमा हाम्रा श्रद्धेय पार्टी अध्यक्षज्यूले उल्लेख गर्नुभएको एउटा भनाइ अत्यन्त महत्त्वपूर्ण एवम् प्रेरणादायी छ, 'यही गतिमा अगाडि बढेको खण्डमा अबको दस वर्षमा भक्तपुरको नेतृत्व महिलाहरूले गर्नेछन् ।' यसको आधार तयार हुँदै छ । तपाइँ कलेजमा जानुस् या विद्यालयमा जानुस्, त्यहाँ महिलाहरूले नेतृत्व गर्नुभएको तपाइँले पाउनुहुनेछ । एउटा सहयोगीको रूपमा मात्र होइन, शिक्षिका, प्रिन्सिपल तथा प्रशासन, लेखा र व्यवस्थापन क्षेत्रहरूमा पनि महिलाहरूले नेतृत्व गरिरहेको पाउनेछौँ ।

पुरानो भक्तपुरको बारेमा मलाई अत्यन्त थोरै मात्र

थाहा छ । पछिल्लो समयमा भक्तपुरबारे देशभित्रका मात्र होइन अन्तर्राष्ट्रिय जगतका व्यक्तित्वहरूका धारणा सुन्ने अवसर पाउँदै छु । उहाँहरूका अभिव्यक्ति तथा विभिन्न प्रतिक्रिया सुन्दा गर्व लाग्छ । केही समयअगाडि भारतका एकजना विद्वान, लेखक तथा साहित्यकार विजयप्रसादले भक्तपुरका विभिन्न स्थान, कलेज, अस्पताल भ्रमणपश्चात् व्यक्त गर्नुभएको विचार यहाँ विस्तृत बताउन आज सम्भव छैन । एउटा कुरा भने यहाँ उल्लेख गर्दा उपयुक्त होला । एउटा दृश्य देखेर उहाँ विशेष प्रभावित हुनुभयो । त्यो हो भक्तपुरका जनता उत्साहपूर्वक ठूलो सङ्ख्यामा श्रमदान गर्दै गर्दाको दृश्य ।

उहाँ एकजना वामपन्थी साहित्यकार पनि हुनुहुन्छ । उहाँले आफ्नै भाषामा भन्नुभयो, 'हामीले ३० वर्षसम्म (पश्चिम बङ्गालमा) सरकार चलायौँ । तर, हामीले यो कुरा गुमायौँ । सबै प्राप्त गरेर पनि सबै गुमायौँ । जनता र जीवनसँग पार्टी र सरकारलाई जोड्ने मामिलामा हाम्रा थुप्रै कमजोरीहरू भए । यो चीज हामीसँग नभएको भएर हाम्रा उपलब्धिहरू गुमायौँ । तपाईं मलाई अनुभव सुनाउन भन्नुहुन्छ भने त्यो अनुभवको खानी मसँग छ । तपाईंहरूले निरन्तरता दिनुहोस् । यो जनश्रमदान, जनसहभागिता, जनसम्पर्क, जनसेवा अत्यन्त विशिष्ट प्रकारको छ ।' त्यो यहाँ राख्न सान्दर्भिक ठानेर उल्लेख गरेँ ।

अहिले देशको सहकारी क्षेत्रमा गम्भीर समस्या आइरहेको छ । सहकारी बदनाम भइरहेको बेला भक्तपुरले असल अभ्यासका निम्ति ख्याति कमाइरहेको छ । तपाईंहरू निरीक्षण गर्न सक्नुहुन्छ । सहकारीको अध्ययनमा आज देशका कुनाकाप्चाबाट यहाँ मानिसहरू आइरहेका छन् ।

वर्तमान भक्तपुरको शिक्षा क्षेत्रबारे मैले धेरै बताइराख्न नपर्ला ! खेलकुदको क्षेत्रमा पनि भक्तपुरले देशलाई राम्राराम्रा खेलाडी दिइरहेको छ । सम्पदा, संस्कृति, भाषा आदिको संरक्षणका लागि जुन किसिमले यहाँ अभ्यास भइरहेको छ त्यो पनि देशकै निम्ति उल्लेखनीय योगदान हो । मलाई जहाँसम्म लाग्छ, तपाईंहरूले विगतमा बलियो इँटा हाल्नुभयो, जग बसाल्नुभयो । आज क्रमशः तला थप्ने काम हुँदै छ । आज संसारले देख्ने गरी चुलिँदै गरेको हामी अनुभव गर्दै छौँ । त्यो अनुभव साट्न पाउँदा म यहाँका अग्रजप्रति हार्दिक अभिनन्दन गर्न चाहन्छु ।

अहिले एकखाले राजनीतिक नैतिकता, राजनीतिक संस्कार, राजनीतिक अभ्यास वा विचारको राजनीति, सिद्धान्तको राजनीति, नैतिकताको राजनीति कतै छ भने भक्तपुरमा छ । उहाँहरू भन्नुहुन्छ, 'अहिले पोलिटिकल इथिक्स, पोलिटिकल हाइजिन अब खोज्दैखोज्दै हामी भक्तपुर आइरहेका छौँ । कमसेकम हामीलाई निराश नपार्नुस् । यो दियोलाई जगाइराख्नुस् ।'

एकजना विद्वान्ले त:मुंज्यामा व्यक्त गर्नुभएको कुरासँगै तपाईंहरूसँग बिदा हुने अनुमति चाहन्छु । उहाँले भन्नुभयो, 'ग्रिक कथामा सबैसबै समाप्त भइसकेपछि भित्रबाट मसिनो स्वरमा म आशा हुँ, म आशा हुँ भनेर जुन आवाज आउँछ त्यो भनेकै अहिलेको सन्दर्भमा भक्तपुर हो । अहिले नेपालको समग्र राजनीतिक क्षेत्रमा आशा गर्न योग्य कोही बाँकी छ भने त्यो भक्तपुर हो ।'

न्हू दँ नेपाल संवत् ११४४ को हार्दिक शुभकामना ! साथै, प्राध्यापक डाक्टर सर्वज्ञभक्त मल्ल र प्राध्यापक कोमलवदन मल्ललाई हार्दिक बधाई छ । त:मुंज्याबाट परिचित उहाँहरूलाई यस्तो महत्त्वपूर्ण जमघटमा फेरि भेट्ने अवसर पाएकोमा खुसी व्यक्त गर्दै बिदा हुन्छु । धन्यवाद !

(प्रा. कोमलवदन मल्लको आत्मकथा 'जीवन एक : सङ्घर्ष अनेक' सार्वजनिकीकरण समारोह, कार्तिक २५ गते नेमकिपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईंले व्यक्त गर्नुभएको विचारको सम्पादित अंश)

**झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।**


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

## प्राङ्गारिक मल बिक्रीसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट कुहिने फोहोरलाई CNBM प्रविधि प्रयोग गरी तयार पारेको प्राङ्गारिक मलप्रति किलो रु. २०।- का दरले धमाधम बिक्री गरिरहेको जानकारी गराउँदै उक्त प्राङ्गारिक मलको प्रयोग गरी आफ्नो कृषि उत्पादन वृद्धि गरी लाभ लिन प्राङ्गारिक मल खरिदको लागि सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# पर्यटकको आकर्षण बन्दै भक्तपुरको रानीपोखरी



रमेश गिरी



वरिपरि परम्परागत शैलीमा बनेको ठूलो पर्खाल। चारै दिशामा कलात्मक शैलीमा बनेका प्रवेशद्वारसहितको पाटी। वरिपरि कलात्मक ईँटा छापेर बनाइएको बाटोको बीचबीचमा देवीदेवताका मूर्तिहरू। बिहान उज्यालो नहुँदै पोखरी परिक्रमा गर्नेहरूको लर्को, दिउँसो आन्तरिक तथा बाह्य पर्यटक र साँझ उपत्यका विभिन्न ठाउँबाट आउने पारिवारिक र युवा जोडीको भ्रमण अचेल देखिने यस्ता दृश्य उपत्यकाकै जेठो र ऐतिहासिक एवम् सांस्कृतिक महत्त्व बोकेको भक्तपुरको रानीपोखरीको हो।

नेपाली सैनिकको सैनिक इलाका। नेपाली सेनाको सैनिक आवासीय माध्यमिक विद्यालय र उच्च शिक्षा अध्ययन हुने क्याम्पससँगै जोडिएर रहेको ऐतिहासिक सम्पदाको धरोहर भक्तपुरको रानीपोखरी यतिखेर आन्तरिक तथा बाह्य पर्यटकको प्रमुख गन्तव्य बन्ने गरेको छ। भक्तपुर नगरपालिका १ सल्लाघारीस्थित प्राचीन एवम् ऐतिहासिक महत्त्व बोकेको पुतली बगैँचासहितको रानीपोखरीको संरक्षणमा राससको पटक पटकको समाचार सम्प्रेषणले झक्झक्याएसँगै भक्तपुर नगरपालिकाको अथक प्रयासपछि यो पोखरीले पाएको पुनर्जीवनले एउटा हराउँदै गरेको साँचो इतिहास पछिल्ला पुस्ताका लागि जीवित बन्न सफल भएको छ।

पोखरीको चारै दिशामा रहेको कलात्मक पाटीहरू भत्किसकेको र यसको जीर्णोद्धारमा सेनाले चासो नदिएका कारण सिङ्गो रानीपोखरी, पुतली बगैँचा, यहाँका पाटीहरू र कलात्मक एवम् बहुमूल्य कलाकृति सङ्कटमा पर्दै लोप हुने अवस्थामा पुगेको भन्दै राससले पटकपटक समाचार सम्प्रेषण गरेको थियो। वि.सं.२०४० मा तत्कालीन पञ्चायती सरकारले सैन्य तालीम केन्द्रका लागि पोखरी आसपासका सार्वजनिक र सर्वसाधारणको जग्गा अधिग्रहण गरेपछि भक्तपुरको रानीपोखरी नेपाली सेनाको घेराभित्र पुगेसँगै यसको अस्तित्व नै लोप हुने अवस्थामा पुगेको थियो।

यहाँको तस्बिरसमेत लिन बन्देज गरेको अवस्थामा दिवाली पूजाका लागि खुलेको समयमा मैदानमा परिणत भएको पोखरीको तस्बिर र समाचार सम्प्रेषण भएको थियो। त्यसपछि नयाँ पुस्तालाई बल्ल थाहा भयो, भक्तपुरमा पनि रानीपोखरी छ भनेर। पटक पटकका समाचार, स्थानीय इतिहासविद्हरूको चासोसँगै भक्तपुर नगरपालिकाका जनप्रतिनिधिले २०७५ चैत १८ गते नेपाली सेनाका तत्कालीन सेनापति पूर्णचन्द्र थापालाई भेटेर रानीपोखरी संरक्षणको विषयमा छलफलको सुरुआत भएको थियो।

त्यसपछिको पटकपटकको सेना र नगरपालिकाबीचको छलफलले २०७६ असार १ नेपाली सेनाले ऐतिहासिक रानीपोखरी पुनर्निर्माण र संरक्षणको लागि भक्तपुर नगरपालिकालाई हस्तान्तरण गरेको लिखित सम्झौतापछि बल्ल यस पोखरीले पुनर्जीवन पाउने बाटो तय गरेको थियो। नेपाल संवत् ७५० अर्थात् १६८७ सालमा भक्तपुरका राजा जगज्योति मल्लले आफ्नी रानी राजलक्ष्मीको सम्झनामा झन्डै ३२ रोपनी क्षेत्रफलमा यो पोखरी निर्माण गराएको र रानीको नाममा बनाइएकोले यस पोखरीको नाम पनि रानीपोखरी रहन गएको इतिहासमा उल्लेख छ।

रानीपोखरी भन्ना साथ मानिसहरू काठमाडौँको ऐतिहासिक रानीपोखरी सम्झन्छन्। तर, तत्कालीन कान्तिपुरका राजा प्रताप मल्लले काठमाडौँमा रानीपोखरी बनाउनुभन्दा ४० वर्षअघि नै भक्तपुरमा रानीपोखरी बनेको इतिहासविद् प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ बताउनुहुन्छ। कान्तिपुरका राजा प्रताप मल्लले नेपाल संवत् ७९० अर्थात् १७२७ सालमा बनाउन लगाएका भन्दै उहाँले त्योभन्दा ४० वर्ष अगाडि नै भक्तपुरको रानीपोखरी नेपाल संवत् ७५० (वि.सं.१६८७) मा भक्तपुरका तात्कालीन मल्ल राजा जगज्योति मल्लले बनाएको बताउनुभयो। रानीपोखरी नजिकका तःपुखू (सिद्धपोखरी), नःपुखू र भाज्यापुखूभन्दा पछि बनेको नयाँ पोखरी भएकाले यो पोखरीलाई 'न्हू पुखू' अर्थात् 'नयाँ' पोखरीको नाममा पनि चिनिन्थ्यो।

रानीपोखरीको दक्षिणपट्टि रहेको हवाङहवाङ पाटीमा

रहेको शिलालेखअनुसार सो पोखरीको नामाकरण पुष्करिणी भनी उल्लेख गरिएको पाइएको संस्कृतिविद् एवम् इतिहासविद् प्रा.डा. श्रेष्ठ बताउनुहुन्छ। मल्ल राजाले यो पोखरी पाँच महिनामा निर्माण गराएको इतिहास छ। ह्वाङह्वाङ पाटीमा रहेको शिलालेखमा रानीपोखरीको निर्माण पुस कृष्ण एकादशीका दिनमा आरम्भ भएर वैशाख कृष्ण द्वादशीका दिनमा सम्पन्न भएको उल्लेख गरिएको पाइएको उहाँ बताउनुहुन्छ। तत्कालीन मल्ल राज्यहरूबीचको आपसी प्रतिस्पर्धा र वैमनस्यको कोपभाजनमा रानीपोखरी पनि परेको थियो।

कानितपुरका राजा प्रताप मल्लले भक्तपुरमाथि हमला गर्दा चारैतिर पर्खालले घेरिएको भक्तपुरभित्र प्रवेश गर्न नसकेपछि रिसले नगर क्षेत्रबाहिरको रानीपोखरीमा तोडफोड गरेको इतिहासमा उल्लेख छ। काठमाडौँका राजा प्रताप मल्लले भक्तपुरमा आक्रमण गरी जित्न नसकेपछि यो पोखरीमा रहेको सुनको नागलगायत पोखरी वरिपरिका अनुपम कलाकृतिसमेत उठाएर काठमाडौँको हनुमानढोका दरबार र काठमाडौंस्थित रानीपोखरीमा सजाएको इतिहासमा उल्लेख छ। मल्लकालीन समयमा भक्तपुरमा आउने विदेशी पाहुनालाई सिधै भक्तपुर दरबारमा प्रवेश गर्न नदिई पहिला पोखरीको पूर्वपट्टि रहेको ह्वाङह्वा पाटीमा एकदिन राखेपछि मात्र नगर प्रवेश गराउने वा नगराउने निर्णय गरिन्थ्यो भन्ने भनाइ छ।

यस पोखरीलाई बाहिरबाट आएका पाहुनाका लागि नगर प्रवेश गराउन भेटवार्ता गर्ने प्रमुख स्थानका रूपमा लिइने गरेको बताइन्छ। यो पोखरीलाई मल्ल राजाले राजनीतिक र कूटनीतिक रूपमा पनि प्रयोग गर्ने गरेको पाइन्छ। भक्तपुर प्रवेश गर्दा होस् वा बाहिरिँदा यही पोखरी हुँदै जानुपर्छ। त्यति बेला तीनओटै मल्ल राजा र कूटनीटिक व्यक्ति भेट गर्नुपरेमा रानीपोखरीमा भेट गर्ने चलन थियो। नेपाल संवत् ७९८ अर्थात १७३५ सालमा जितामित्र मल्लले पहिलो पटक यस पोखरीको जीर्णोद्धार गरेर मल्लकालीन सभ्यतालाई अझ झल्काउन वास्तुशास्त्रअनुसार देवीदेवता, नागनागिनी स्वरूपमा कुँदिएर निर्माण गरिएका ढुङ्गाहरूलाई पङ्क्तिबद्ध राखिएको छ।

पुरातत्त्व विभाग सम्पदा संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरकी प्रमुख अरुणा नकर्मीले भक्तपुरको ऐतिहासिक रानीपोखरी लुकेर बसेको सम्पदा जीर्णोद्धारसँगै सर्वसाधारणको लागि उजागर भएको बताउनुभयो। जीर्णोद्धारका क्रममा चतुर्मुखी शिवलिङ्ग, उमामहेश्वर, लक्ष्मी नारायणलगायतका मूर्ति भेटिएका र ती मूर्तिलाई पुनःस्थापना गरिएको थियो। पोखरी क्षेत्रमा भेटिएका विभिन्न कालखण्डका इँटा, ढुङ्गामा कुँदिएका विभिन्न कलात्मक आकृति पुनःप्रयोग गरिएको छ। मल्ल राजाले पोखरीसम्म पुग्न र भित्र छिर्न बनाइएको ढुङ्गाका सिँढी अझै यथावत छन्।

पोखरीको बीचमा वासुकी नागको सुनको टाउको छ भने चारैतिर विभिन्न कलात्मक मूर्तिहरूले घेरिएको छ। नागको जीउ नजिकैको सिद्धपोखरीमा र पुच्छर नःपुखूमा रहेको छ भन्ने भनाइ अहिले पनि छ। लहरै पश्चिमबाट पूर्वतर्फ रहेका यी तीन पोखरीलाई अझै पनि एउटै नागको स्वरूपमा लिइन्छ। भक्तपुर नगरपालिका १ मा नै रहेको रानीपोखरीलगायत पूर्वमध्यकालमै नेपाल संवत् २३९ मा तत्कालीन युवराज इन्द्रदेवले बनाउन लगाएको सिद्धपोखरी र नेपाल संवत् २८९ मा राजा रुद्रदेवको पालामा राति गोप्यरूपमा बनाइएको नःपुखू सहितको तीन ओटा पोखरीलाई स्थानीय बासिन्दाले तीन दिदीबहिनीको रूपमा लिने गरेको पाइन्छ।

त्यसो त नजिकै दक्षिणतर्फ रहेको १६ औँ शताब्दीमा बनेको भाजुपोखरी बनेको धेरैपछि मात्र काठमाडौँको रानीपोखरी बनेको पाइएको उहाँ बताउनुहुन्छ। मल्ल राजा जगज्योर्ति मल्लले रानी पोखरीको सुन्दरतासँगै धार्मिक र सांस्कृतिक अर्थ जोड्न खोजेको प्रष्ट हुने इतिहासविद् प्रा.डा. श्रेष्ठ बताउनुहुन्छ। यो पोखरीमा जोन्छे, धौभडेल, अवाल, प्रजापति र मान्नधरको दिगु द्यः अर्थात् कुलदेवताको दिवाली पूजासमेत यहाँ गराएका थिए। अक्षय तृतीयाका दिन भक्तपुरका स्थानीयवासी सिद्धपोखरी र रानीपोखरीमा भेला भएर देवाली मनाउने प्रचलन आजसम्म पनि कायमै छ।

जगज्योर्ति मल्लले नगरको शोभा बढाउन, राज्यको प्रतिष्ठा कायम राख्न, संस्कृति जीवन्त बनाउन र जल भण्डारण गर्न पोखरी बनाएको उहाँको भनाइ छ। प्रा.डा. श्रेष्ठका अनुसार प्रताप मल्ल चाँगु हुँदै भक्तपुरको उत्तरतिरको महाकाली पीठसम्म आक्रमण गर्दै आए। तर, भक्तपुरको पर्खालबाट भित्र छिर्न सकेनन्। त्यहाँ मजबुत गढ थियो। उत्तरबाट नसकेपछि भक्तपुरको पश्चिममा रहेको रानीपोखरीबाट आक्रमण गरेका थिए। प्रताप मल्लले सुन्दर रानीपोखरी बिगारे। सुनको नागको टाउको काटे र यहाँका सुन्दर कलाकृति उठाएर हनुमानढोका दरबारमा सजाउन लगे।

भक्तपुरका भाजुपोखरी, सिद्धपोखरी, रानीपोखरी देखेपछि प्रताप मल्लले आफ्नो दरबारको पूर्वमा रानीपोखरी बनाएको उहाँको भनाइ छ। नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रताप मल्लले नेपाल संवत् ७९० मा निर्माण गराएको काठमाडौँको रानीपोखरी, नेपाल संवत् ७६७ मा

सिद्धिनरसिंह मल्लले निर्माण गराएको पाटनको रानीपोखरीभन्दा पहिला नेपाल संवत् ७५० मा जगज्योति मल्लले निर्माण गरेको भक्तपुरको रानीपोखरी उपत्यकाको तीन रानीपोखरीमध्ये भक्तपुरको पोखरी जेठो भएको बताउनुहुन्छ। उहाँले २०२१ सालको नापीमा यो पोखरी सार्वजनिक पोखरीको रूपमा रहे पनि २०४० सालमा नेपाली सेनाको नियन्त्रणमा गएपछि अस्तित्व नै सङ्कटमा परेको यो पोखरीले अहिले नयाँ जीवन पाएको बताउनुभयो।

पुनर्निर्माणपछि रानीपोखरी १५ रोपनी ५ आना २ पैसा क्षेत्रफलमा रहेको र यसको बीचमा नागको अवशेष राख्ने ठाउँ जीर्णोद्धार गरिएको छ। पोखरीको वरिपरिको पर्खाल, पेटी, बाटो, डबली, सबै संरचना परम्परागत र मल्लकालीन शैलीमा पुनर्निर्माण गरिएको उहाँले बताउनुभयो। उहाँका अनुसार यो मौलिक शैलीमा पुनर्निर्माण गरिएको हो। पुरातत्त्वविद्, इतिहासविद्, संस्कृतिविद्हरूसँग व्यापक छलफल, यसको अध्ययन, अनुसन्धान र उत्खनन गरी यसलाई पुनर्जीवन दिएको हो। रानीपोखरीको पुनर्निर्माण २०७५ माघ १ गतेदेखि सुरु गरी २०७८ फागुन १७ गते उद्घाटन गरिएको थियो।

रानीपोखरी पुनर्निर्माणका लागि नगरपालिकाको कुल चार करोड ४१ लाख १९ हजार १६४ रुपियाँ २९ पैसाका लागत अनुमान गरिएकोमा उपभोक्ता समितिमार्फत कुल दुई करोड ५४ लाख ८३ हजार ५८७ रुपियाँ ४७ पैसाबाट सम्पन्न भएको नगर प्रमुख प्रजापतिले बताउनुभयो। पुनर्निर्माणका लागि इतिहासविद् प्रा.डा. श्रेष्ठको संयोजकत्वमा अध्ययन तथा अनुसन्धान समिति गठन गरी सात महिनाको अध्ययनपछि पुनर्निर्माणको साइत जुराइएको थियो। यो पोखरी पुनर्निर्माणमा स्थानीयले ठूलो साथ दिएका थिए। स्थानीयवासीले २२ टोली बनाएर ८८४ जनाले पोखरीको पुनर्निर्माणमा जनश्रमदान गरेका थिए। रासस

(गोरखापत्र अनलाइन, २९ मंसिर २०८०)

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरु सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**




# साहित्यय् मार्क्सवादी दृष्टिकोण



प्रो. माणिक लाल श्रेष्ठ

थ्व विषय छुं विवेचना याये न्ह्यो न्हापां शीर्षकया बारे छुं भति स्पष्ट याये माःथें ताया। जिं साहित्ये मार्क्सवादी दृष्टिकोण धयागुया अर्थ झीगु साहित्यय् खने दुगु मार्क्सवादी खँ अर्थात् मार्क्सवादी साहित्य वा कम्युनिष्ट साहित्य, मतलव राजनैतिक लेख रचनाया चर्चा याये त्यनागु मखु। अथेहे मार्क्सवादी दृष्टिकोण वा मार्क्सया सिद्धान्त वा दर्शनया व्याख्या याये त्यनागु नं मखु। जिं थ्व लेखय् साहित्य धायेब्यले व साहित्यया पारख यायेब्यले मार्क्सवादी दृष्टिकोण ब्वयेगु व स्वयेगु गथे धकाजक थःगु मतिइ वःगु छुं भति खँ व्यक्त याय् त्यनागु खः।



कार्ल मार्क्स

शीर्षकबारे थुलि खं स्पष्ट यायेधुंका आ विषयपाखे वने। मार्क्सवादी दृष्टिकोण धायेब्यले निश्चय नं **कार्ल मार्क्स**या सिद्धान्तया खँ वइ। मार्क्सया दार्शनिक सिद्धान्त द्वन्दात्मक भौतिकवाद खः। समाजया विकासया नियमकथं समाजवाद व साम्यवाद वइ धयागु आस्था खः, व हे आस्थाकथं मार्क्सवाद लक्ष्य औद्योगिक मजदुर वर्गया आन्दोलनया माध्यमं समाजवाद व अनलि सम्यवादया निर्माण यायेगु, अथे हे आर्थिक पक्षय् मार्क्सया मूल सिद्धान्त Theory of Surplus value खः। तर साहित्यया सम्बन्धय् मार्क्सवादी दृष्टिकोण धायेब्यले साहित्य सम्बन्धी मार्क्सया विचार छु, साहित्यया स्वरूप, लक्षण, उद्देश्य व लक्ष्य छु खः धयागु खः।

साहित्य धयागु कला थें तुं लेखकया सिर्जना खः, अभिव्यक्ति खः, सिर्जकया चिन्तनं थुकियात निर्धारण याइ अले मनूया चिन्तन कथं पिहां वःगु दर्शनं प्राचीन काल निसे हे निगू परस्पर विपरीत प्रवाह दुनेलाः। मोटामोटी रूप व निगू प्रवाहयात अध्यात्मवाद व भौतिकवाद धायेछिं। अध्यात्मवादया धारणा कथं सम्पूर्ण विश्व अध्यात्म (आदि आत्मा)य् आधारित अर्थात आदि आत्मा परमात्मा दु, उकि हे फुक्क वइ। थुकिया छगू मत कथं लिपा वःगु दार्शनिक प्रवाह याम्ह शंकराचार्यया धापु कथं 'ब्रम्हं सत्यम् जगत मिथ्या' अर्थात ब्रम्ह वा ईश्वर हे जक सत्य, थ्व भौतिक जगत धयागु मिथ्या वा झुठा, माया व भुलभुलैया जक खः। थुकिया ठीक विपरीत भौतिकवादी धारणाकथं भौतिक जगत हे सत्य खः, ईश्वर वा आदि आत्माया अस्तित्व हे मदु।

ईश्वर व आत्मायात हे फुक्कया केन्द्र मधासां विचार व पदार्थया सम्बन्धयात कयाः नं प्राचीन कालनिसे निगू विपरीत विचार खनेदुः आदर्शवाद व भौतिकवाद। आदर्शवाद धाये ला वा विचारवाद धायेत Idealism अर्थात Idea, विचारयात प्रमुखता बिइगु सिद्धान्त, मनूया विचारं भौतिक वस्तु वा पदार्थ (mother) यात निर्धारण याइ, वा विचार पदार्थय् परिवर्तन हइ, सिर्जना याइ धयागु धारणा। थुकिया विपरीत भौतिकवादं पदार्थयात आधार माने याइ, भौतिक अवस्थां विचारयात जन्म याइ। विचारयाइम्ह मनूया विचार याइगु अङ्ग न्ह्यपु हे पदार्थया उच्चतम उत्पादन खःसा विचार पदार्थ हे वइगु मंधासे मगाः, उकथं हे विचार याइम्ह मनूया चिन्तन हे दं च्वनाच्वंगु धर्ती व समाजया प्रभावं वइगु जुसेलि विचार धयागु पदार्थया है उपज जुल धयागु थ्व धारणा। थ्व निगू परस्परे विपरीत धारणा विचारं पदार्थ वइ धयागु व पदार्थं विचार वइ धयागु धारणा प्राचीन कालनिसें हे वादविवादया विषय जुया वःगु खः। थ्व बारे मार्क्सया विचार यात द्वन्द्वात्मक भौतिकवाद धाइ, अर्थात मार्क्सया विचार भौतिकवाद खःसा यान्त्रिक भौतिकवाद मखु। मार्क्सया कथं पदार्थ व विचार निता दुसां मुख्य ला पदार्थ खः अथेसां विचार नगण्य वा महत्त्वहिन मखु। पदार्थं विचारयात जन्म बिइ, तर विचार क्वातुक्क हाः काये धुनेवं विचारयाके न पदार्थ हिलेगु तक शक्ति वइ।

थुकथं विश्वयात स्वयेगु दृष्टिकोण हे पाःगुलिं विचार व पदार्थया सम्बन्ध बारे नं अमि धारणा पागु खः, थुकिं हे याना साहित्य व जीवनया सम्बन्धबारे नं फरक फरक धारणा पिदन । प्राचीन ग्रीसया सभ्यता व एशियाया सभ्यताया इलंनिसें हे कला व साहित्यया समालोचक (वा आचार्य) तयसं कला व साहित्यया प्रकृति व उकिया भूमिकाबारे परस्पर विपरीत हे जुइकथं थी थी परिभाषा बिया वंगु खनेदु । अपिंमध्ये सुं सुं विद्वानपिसं साहित्य व जीवनया क्वातुगु सम्बन्ध खंके फत, उदाहरणकथं अरिष्टोटलयात काये फु । अरिष्टोटल प्वेतिक्स् काव्य वा साहित्य यात जीवनया मिमेसिस (अनुकरण) धका परिभाषा बिल । थुकथं साहित्य व जीवनया अभिन्न स्वापु खंके फुपिंत यथार्थवादी धायेगु चलन दु, तर थ्वजोपि यथार्थवादीतय्सं नं उगु इलय् कला साहित्यया वर्गीय चरित्र खंके मफु । इतिहासयात दकले न्हापा कला व साहित्ययात वर्गीय दृष्टिकोणकथं व्याख्या याःम्ह अर्थात कला साहित्यया वर्गीय प्रकृतिया व्याख्यायाम्ह मनू कार्ल मार्क्स खः । कार्ल मार्क्सया थ्व न्हूगु दृष्टिकोण वःसानिसें विश्वे साहित्य सम्बन्धी न्हूगु धारणा वल । थ्व हे साहित्य सम्बन्धी मार्क्सवादी दृष्टिकोणमा विशेषता खः ।

थौंकन्हे झीगु नेपाल भाषा साहित्यया ख्यलय् झीमध्ये थःत मार्क्सवादी लेखक, मार्क्सवादी समालोचक धया च्वनापिं नं दु, अपिंमध्ये गुम्हं गुम्हं ला छुं छगू कम्युनिष्ट धया च्वंगु समूहलिसे नं सम्बन्ध दु । मार्क्सवादी साहित्यिक वा मार्क्सवादी समालोचक जुयेत मार्क्सयागु वा लेनिन, स्तालिन माओपिनिगु उक्तिजक उद्धृत यानां मगाः, थम्हं च्वयेब्यले व साहित्यया पारख यायेब्यले मार्क्सया साहित्य सम्बन्धी मूलभूत धारणायात आधार याये फयेकेमाः । नेपालया मेमेगु भाषाया साहित्ये ला छु स्थिति दु जिं बालाक मसिउ, तर नेपाल भाषा साहित्यया



व्ला.इ. लेनिन

क्षेत्रय् थ्व पक्षय झीसं बांलाक ध्यान बिइ मफुगु खँ आपासिनं तायेका च्वंगु दु । अथे जूगुलिं मार्क्सया साहित्य सम्बन्धी दृष्टिकोणया मूल मूल खँ पाखे चर्चा यायेगु उपयुक्त जुइगु ताया ।

साहित्य व कलाया वर्ग चरित्रयात थुइकाः मार्क्स वर्गीय समाजय् साहित्य व कलाया नं वर्गीय रूप दइ, वर्गमुक्त वा वर्गनिरपेक्ष साहित्य कला दये हे फइ मखु धका धया दिल । थथेला झीमध्ये मार्क्सवादी धायेके योपिं व धायेका च्वनापिंसं न धया च्वनागु दु, तर थ्व धापुयात झीसं क्वातुक्क थुइकागु दुला ? मार्क्सवादं जोडबिसे ध्वाथुइक कनाच्वंगु छु धाःसा समाजया छुं नं समस्या प्रति सही (वा खः गु) अडान कायेत झीसं बस्तुगत तथ्यय् आधारित जुया विचाः यायेमा, कोरा परिभाषां शुरु यायेगु मखु, अले थ्व हे तथ्यया विश्लेषणय् आधारित जुयाः झीगु लँपु क्यनीगु (पथ प्रदर्शक) सिद्धान्त, नीति, उपाय ल्ययेमा । साहित्य कला सम्बन्धी झीगु दृष्टिकोण दयेकेत झीसं थुकियात हे आधार यायेमा । वर्ग निरपेक्ष साहित्य दइ हे मखुगु जुसेलि मानव सभ्यताया इतिहास स्वयेब्यले नं आदिम साम्य समाज मदये धुंका समाजय् थी थी वर्ग खने दःसांनिसे थौंतक व थनीं लिपा वर्ग हे मदइगु समाज मथ्यंतलेया द्वलंद्वः दँ या वर्ग-विभाजित समाजय् साहित्य कलाया वर्गीय स्वरूप दया हे च्वनी ।थ्व हे विश्वास ज्वना **लेनिनं** साहित्य व कला निगू प्रकारया दइ, छथी शोषणमुखी, व मेगु क्रान्तिकारी । समाज हे निथ्व जुइक विभाजन जुया च्वंसा झीसं साहित्य सुया निंतिं च्वयेगु, कला सुयानिंतिं सिर्जना यायेगु धका विचा मयासे मजिउ । लेखकं छु च्वये गुकथं च्वये धका क्वछित हे सुया निंतिं च्वयेगु अथवा सुयागु सेवा यायेगु धका निं क्वः छिइमा । थ्व खं विचा याना लेनिनं थनीं ठीक सछिदँ न्ह्योया रुसया समाजय् शोषक वर्गया साहित्य व सर्वहारा वर्गया साहित्य निगू प्रकारया साहित्य दये फइ, अथे जूगुलिं कोटी कोटी जनताया सेवा याइगु सर्वहारा साहित्य च्वयादिसँ धका लेखकपिंत इनाप याना दिल । थ्व ला उगु ईया रुसया खँ जुल, झीसं थौंया ईया नेपालया समाजपाखे मिखा ब्वये । राजनैतिक, सामाजिक, धार्मिक, आर्थिक, जातीय अधिकार (सम्बन्धी) आदि विभिन्न पक्षय् थौं निगू परस्पर विपरीत स्वार्थयापिं मनूत दु (ता ई त न्ह्याबलें थथे हे जुया च्वनी) छथ्व आ गथे दु न्ह्याबलें थथे हे जुया च्वनेमाः धाइपिं, मेगु थ्व आ जुया च्वंथे मजिल, थुकियात हिले माल धाइपिं । आ जुया च्वंगुयात यथास्थिति तया तये माः पिनि पक्षय् शासकत दु, अमिसं थुकियात हे चीरस्थायी यायेगु सपना ज्वना राज्य शक्ति (सेना, प्रहरी आदि) व ऐन

कानून छ्यलाः यथस्थितिया रक्षा याइगु ला द हे दु, उलिजक मखु उकिया लागिं अमिसं धर्म व साहित्य कला नं छ्यली। थ्वजोगु विभाजित समाजया स्थिति सम्पूर्ण समाजया हित यायेगु साहित्य च्वये धयागु खँ जुइ हे फइ मखु, गुम्हं लेखकपिसं चायेकुसें हे छगू पक्षया सेवा याइ, अले गुम्ह गुम्ह सिनं मचायेक हे निगू मध्ये छगू पक्षया सेवा याः वनी।

निष्पक्ष साहित्य धयागु थौंयागु परिस्थिति दये हे फइमखु। भाषिक अधिकारया खँ कया दिसँ, छगू भाषाया प्रभुत्व व अधिकारया पक्षपातीतयसं छगू भाषायात राष्ट्रभाषा धायेगु, उकिया हे माध्यमं प्रशासन, शिक्षा फुक्क मेगु फुक्क भाषायात क्वयया स्तरय् तयेगु खँया वकालतयाइ। थ्व हे पक्षयापिं भचा नाइक धायेत स्वइपिंसं, देशया फुक्क भाषाया विकास ला जुइमा, तर छगूयातला माध्यम भाषा याये हे मा धाइ। थुपिं फुक्क डिग्री जक पाः, तर सकसिनं थौंया शासक पक्षया सेवा याना च्वंगु दु। अले आपालं जातिया जनता दुगु नेपालय् बहुसंख्य जनताया स्वार्थया पँलीपिसं देशया फुक्क भाषाया उतिग्यंक छगू हे स्तरय् तयेमा धाइ। जि स्वयम् थथे विश्लेषण याना च्वनागुलीं हे निगूमध्ये छगू पक्ष लिना च्वनागु दइ।

थुकथं छुं छगू विषय वा समस्यायात कया च्वयेब्यलेला समाजया परस्पर विपरीत स्वार्थया निगूमध्ये छगू पक्षया पँलीगु हे जुल। तर थये छुं विषय मकासे सामान्य साहित्य च्ययेब्यले, धाये न्ह्यइपुक बाखँ छपू च्वयेब्यले हे नं सीमदयेक, अभ्र लेखकं हे मचायेक छगू पक्षया पँलिनाच्वने धुंकी। छगू उदाहरण थन ब्वये। स्व. बोधविक्रम अधिकारी जुं नेपाली दन्त्यकथा च्वयादिल, फुक्क वर्गया मनुतयसं उकियात ययेकल, उकिं आनन्द काल, तर उकी नं छगू वर्गया सेवा याना च्वंगु दु। सकसिनं सिउगु बाखँ राजकुमार दिकपालया बाखँ ब्वनेब्यले उकी जोगी काः वःब्यले राजकुमार बिया मछ्वसे छम्ह सामान्य प्रजाया मचा बिया छ्वःब्यले जोगीं सिइका काल हं, अले थाथेंयाम्ह राजकुमार बिया छ्वत हं। थुकथं राजककुमार खः मखु म्ह सिउगु गुकथं ? सत्तीगु ग्यानापुगु व ताःहाःगु ग्यानापु मजुगु निपुलंय् राजकुमारं मग्यासे ग्यानापुसां सत्तीगु लं वने धाल हं, प्रजाया काय् ग्याफरा ताःहाकःसां ग्यानापु मजूगु लं वनेधाल हं। थुकथं राजकूलयापिं शासक वर्गयापिं मनू धीर, वीर, प्रतापी, उदान्त सकतां जुइ, अथे जुसेलि शासन यायेगु अधिकार द हे दत नि। थुकथं शासक वर्गया पक्ष लीगु स्तुतिवादी पंक्तिया हे साहित्य थ्व जू वनी।

जनताया पक्षय् च्वय्, थःगु मातृ भाषाया सेवा याये, नेपाल भाषाभाषी जनता या जातीय अधिकारया पक्षय च्वये धया च्वनापिं भ्रीसं नं गनं मचायेक मेगु पक्षया सेवा ला याना लाकि छु ? वया विरोध यायां हे वयात हे गुहालि जुइगु ज्या याना च्वना लाकि धका मदिक्क सतर्क जुया च्वने माः धयागु खँ मार्क्सवादं भ्रीत स्यना च्वंगु दु। भ्रीगु हे देशया सामन्ती वर्ग वा शोषक उत्पीडक वर्गया सेवा याइगु सामन्ती साहित्य, साम्राज्यवादी विस्तारवादीतयेगु गुहालिजुइगु साम्राज्यवादपरक साहित्य च्वयेगु ........(मखु)।

भ्रीसं भ्रीगु देशया जनता नेपाली जनताया राष्ट्रिय हित, नेपाल भाषाभाषी जनताया जातीय अधिकार प्राप्त यायेगु व रक्षा यायेगु ज्याय् गुहालि जुइगु जातीय प्रजातान्त्रिक हितयाइगु साहित्य अथवा आमजनताया सेवा याइगु साहित्य अथवा आमजनताया सेवा याइगु साहित्य च्वये माःगु खँपाखे लेखकपिसं ध्यान बिइमा, अले साहित्यया पारख याइपिं समालोचकपिसं सुं लेखकया कृति आमजनताया सेवा यानाच्वंगु दु मदु धकाः बिचा यायेमाः।



माओ चेतुङ

थुकथं साहित्यं सुयागु सेवा यायेगु धयागु खँला स्पष्ट जुल, अथे खःसा अमिगु सेवा गुकथं यायेगु धयागु खँ वइ। आमजनताया हित छु, अमिगु आकांक्षा छु, अमिगु थ्व आकांक्षा पूवंकेत गुहालि जुइकेत च्वयेगु हे अमिगु सेवा यायेगु जुल। अथे हे देश व समाजयात छु याना च्वंगु दु, समाज व जनताया आवश्यकता पूवंकेगु धयागु हे उकियात ल्वयेक परिवर्तन हयेगु ज्या, अर्थात क्रान्तिया थौंया चरणया अभिभारा खः। मार्क्सवादी सिद्धान्तया अनुयायी कम्युनिष्ट नेताया नापं मार्क्सवादी साहित्यिक दृष्टिकोण प्रेरित कवि व्यक्तित्व नं दुम्ह **माओ चेतुङ** धया दीकथं साहित्यिक कृति धयागु हे उम्ह साहित्यकार च्वनाच्वंगु समाजय् दुगु जीवनं

वया न्ह्यपुइ लाइगु किपालु (प्रतिबिम्व) खः। अथे जूगुलिं माओ चेतुङ जनताया जीवन न्ह्याबलेया निंतिं साहित्यया कच्चा पदार्थया खानी जुया च्वनी, साहित्यया छगू जक स्रोत जनताया जीवन खः धया दिल।

थथे जनताया जीवनयात थःगु कृतिया स्रोत खः ध्वाथुइक तायेकेत लेखक धयापिसं थम्हं जनतापाखे सिइके सयेके फयेमाः, थःत जनताया गुरु मखु, जनताया चेला धकाः तायके माः।

थौँ झीगु देशया जनता (नेपाली जनता) झीगु जातिया जनता (नेवा जनता) या हित स्वयेगु, अमिगु आकांक्षा पूवंकेगु लक्ष्ययात गुहालि जुइकथं साहित्य च्वयेगु हे नेपाल भाषा साहित्यया मूल लक्ष्यजुयेमा धयागु धारणा हे साहित्य-सम्बन्धी मार्क्सवादी दृष्टिकोण खः। थुकिया मतलब साहित्ययात तप्यंक राजनैतिक स्वरूप बिया नारावादी साहित्य च्वयेगु मखु। साहित्यिक कृति कलात्मक मजुल धायेवं प्रभावकारी जुइ मखु। झीसं जनताया हित जुइकथं च्वये धयागु उद्देश्य न्ह्याबलें मतिइ तया तये माः, तर जनताया हित न्ह्यज्याकाः लक्ष्य थ्यंकीपिं ला जनता हे खः। झीत माःगु परिवर्तन झी हे जनतां हये माः हये फइ, करपिंस हया बिइ मखु। लेखक जनताया आकांक्षा थुइकेगु धयागु जनतायात थःगुरु तायेकेगु जुल, अले थुकिया नापं जनतायात लँक्यनेगु ज्या नं साहित्यं याइ, याये माः। थथे यायेत देश व समाजय् जुया च्वंगु स्थिति बांलाक जनतायात थुइका बिइगु व उकी दुने मभिं मनिंगु खँ छु दु, उकियात छाये हुया छ्वये माल, हिले माल नं थुइका बिइमा, उकिं जक जनता थःगु हित न्ह्यज्याकेत याइगु कुतलय् लेखकं गुहालि बिइ फइ।

उकिं निंतिं जनताया सेवा याये, थःगु जातिया जनताया हित स्वये, थःगु भाषा, साहित्य व संस्कृतिया सेवा याये धाइपिं लेखक पिंसं थौँया स्थितिइ स्वता खँय् ध्यान बिइमा थें जिं ताया। मार्क्सवादी दृष्टिकोणं नं साहित्यया सम्बन्धय् थ्व खँय् तस्सकं जोड बिया तःगु दु। खला थ्वः स्वता जक मखु, ध्यान बिइ मागु यक्को दु। अथेसां मू खँया रूप कया च्वंगु थ्वः स्वता खँया थन चर्चा याये।

**१)** थौँ छु जुया च्वंगु दु, थौँया स्थिति छु दु जनतायात थुइका बिइगु ज्यां जनतायात थःगु हित न्ह्यज्याकेगु कुतलय् गुहालि जुइ। समाजय् छु जुयाच्वन, थौँया छु स्थिति दु धयागु गथे खः अथे खः वा क्यनेगु धयागु हे यथार्थवादी दृष्टिकोण ज्वनेगु खः। जनताया पक्षय् सःतयाः क्रान्तिकारी नारा बिइवं जनतायात गुहालि जुइ मखु। झीगु नेपाल भाषा साहित्यमा थौँया स्थितिइ झी लेखकपिंसं यथार्थवादयात क्वातुक्क ज्वने माः।

**२)** यथार्थवाद क्वातुक्क ज्वनेवं अर्थात् थःगु कृतिइ यथार्थवादी चित्रण दयेवं जक लेखकया दायित्व पूवनी मखु। छु जुयाच्वन ला क्यना बिल, उकिया नापं उकी दुने छु भिं मभिं दु धका छर्लङ्ग क्यना बिइगु ज्या नं लेखकं यायेमाः। अले जक मछिंगु पंगयात चिइका मभिं मनिंयात क्वथला जनता न्ह्यज्याये फइ। अथे जूगुलिं मभिं मनिंया विरोध याइम्ह छुं भति विद्रोही भावना थौँया स्थिति झी लेखकपिंसं कायेमा, छाये धासा झी नेपाल भाषाया लेखकपिं उपेक्षित व भेदभावं क्वचिइका च्वनापिं नेवा जनताया प्रतिनिधित्व याना च्वनापिं लेखक खः, अथे हे उत्पीडित नेपाली जनताया हितया निंतिं च्वइपिं लेखक खः।

**३)** लेखक यथार्थवादी नं जुल, मभिं मनिंया विरोध याइम्ह विद्रोही नं जुल, तर उलि जुया नं थ्व ममिं मनिंयात क्वथले फु, झीगु भविष्य उज्जवल जू, जनतायाके थ्व शक्ति दु धयागु विश्वास अर्थात् भविष्यय् आस्था तयेगु उज्जवल आशावाद व जनताया शक्ती विश्वास यायेगु आशावाद काये मफुत धायेवं उद्देश्य पू वनी मखु। छगू उदाहरण काये। सुं छम्ह लेखकं थौँया स्थिति चित्रण याना देशय् व्याप्त अन्याय, अत्याचार, विसंगति, भ्रष्टाचार फुक्क छर्लङ्ग चित्रण यात धाये, उगु रचना यथार्थवादी ला जुल, अले जुया च्वंगु थ्व मभिं मनिं अत्याचारया विरोध रोष, विरोध, विद्रोह फुक्क नं क्यन, तर उगु कृतिइ देशय् सकभन अत्याचार दु, नेता धयापिं नं फुक्क स्वार्थी, जनताय् एकता मदु, थन छुं हे जुइ मखु धका च्वया बिउसा उजोगु कृतिं जनताय् नैराश्य जक वयेकी, जनताया थःगु न्ह्यज्यायेगु पलाखं विचलित यायेत जक स्वइ, फलतः शत्रु पक्षयात जक गुहालि जुइ।

अथेजूगुलिं थौँ न्ह्याको अन्याय अत्याचार मभिं मनिं दुसां अर्थात् स्थिती न्ह्याको अन्धकार दुसां छन्हु झीसं थुकियात चीइके फु धयागु दृढ विश्वास अर्थात् प्रतीक धायेगु जुसा, थौँ निस्पट्ट अन्धकारया मध्यरात्री जुसां ह्यो तुयुइगु संकेत दु धायेगु उज्जवल भविष्यप्रति क्वातुगु विश्वास, अले थथे हिउपा हयेगु शक्ति जनतायाके दु धयागु जनताप्रति आस्था क्यनातःगु साहित्यं जनतायात प्रोत्साहन बिइ, जनता न्ह्यज्याइगु पलाखय् बल बिइ, गुहालि बिइ।

झी लेखकपिंसं थौँ विचा याये माःगु खँ थथे। नत्र मार्क्सवादी दृष्टिकोण धया मार्क्सया वाणी व मार्क्सवादी सूत्रजक न्ह्योब्वयां छुं प्रयोजन मदु।

नेपालभाषा, ल्याः २,
(त्रिभुवन विश्वविद्यालय, नेपालभाषा केन्द्रीय विभागया अनुसन्धानमूलक पत्रिका) नेसं ११२५,

# हाम्रो घर हाम्रो देश

– अज्ञात

कुखुराको पनि एउटा घर हुन्छ
हामी त्यसलाई
खोर नै भनौँ,
एउटा घर
खरायोको पनि हुन्छ
त्यसलाई गुफा नै भनियोस् ।
घोडाको पनि
आफ्नो घर हुन्छ
जसलाई तबेला भनिन्छ ।
माछाहरू पनि घरमा रहन्छन्
हुन त त्यो
समुद्र होस् वा महासागरै होस् ।
बिरालो
जो गल्लीमा घुम्न
मन पराउँछन्
तर
उसको पनि एउटा घर हुन्छ,
जसलाई उसले माया गर्छ
जसमा उसलाई गर्व छ ।
चराचुरुङ्गीहरूको पनि घर हुन्छ,
त्यसलाई भन्न त
गुँड नै भनिन्छ ।
सबैको एउटा घर हुन्छ ।
घर,
जहाँ उसले
शांति र आनन्द पाउँछ ।
तर
प्यालेस्टिनीहरूको
कुनै घर छैन,
यी पाल
यी बाँस
जहाँ तिनीहरू बस्छन्
घर होइन ।
तब प्यालेस्टिनीहरूको घर
छ कहाँ त ?
हो
एक प्यालेस्टिनीको घर
प्यालेस्टिनमै छ
तर आज ऊ
आफ्नो घरमा बस्न पाउँदैन ।
प्यालेस्टिनको घर
उसका शत्रुहरूले
बलजफ्ति खोसेर राखेका छन् ।
को हुन् ती
प्यालेस्टिनीहरूका शत्रुहरू ?
प्यालेस्टिनीहरूका शत्रुहरू
ती नै हुन्–
जसले तिनीहरूको घर
खोसेर राखेका छन् ।
के फेरि प्यालेस्टिनीहरूले
आफ्नो घर पाउन सम्भव छ ?
त्यो कसरी ?
अँ, हो,
उसले फेरि आफ्नो घर
पाउन सक्छ
फिर्ता
सङ्घर्ष र
त्यागको भरमा
फेरि फिर्ता पाउनेछ,
प्यालेस्टिन, आफ्नो घर
किनभने
त्यो घर प्यालेस्टिनीहरूकै हो ।

(हिन्दी पाक्षिक 'सारिका', ४ मार्च १९७७ बाट)

स्रोतःजनताको साहित्य, बुलेटिन नं. ५, १९७७/मजदुर, मंसिर २३

## हाम्रा मौलिक सामग्री



*मसीदानी (१७ औँ शताब्दी) फिकदानी (१९ औँ शताब्दी) चि खोला (२० औँ शताब्दी)*

स्रोत : राष्ट्रिय चित्र सङ्ग्रहालय, भक्तपुरको प्रदर्शनी

# ती चित्तरञ्जनको कथा,
## जसका हातले नेपाल-चीन सीमा सम्झौता लेखे, पहिलो मदन पुरस्कार जिते



सीताराम बराल

प्रधानमन्त्री बीपी कोइराला चीन भ्रमणमा थिए । दुई मुलुकबीच वैज्ञानिक सीमाङ्कनका लागि ८ चैत्र २०१६ मा राजधानी पेकिङ (बेइजिङ) मा नेपाल-चीन सीमा सम्झौता हुने भयो ।

यसका लागि नेपाली, चिनियाँ र अङ्ग्रेजी गरी तीन भाषामा 'नेपाल-चीन सिमाना सम्झौता' तयार पार्नुपर्ने भयो ।

चिनियाँ र अङ्ग्रेजी भाषाको सम्झौता पत्रका लागि टाइपराइटर बेइजिङमा थिए । त्यसैले, यी दुई भाषाका लागि समस्या परेन । समस्या पर्‍यो- नेपाली भाषाको सम्झौता पत्र तयारीका लागि । किनकि, नेपाली प्रतिनिधि मण्डल टाइपराइटर बोकेर बेइजिङ गएको थिएन । त्यहाँ नेपाली राजदूतावास पनि स्थापना भइसकेको थिएन ।

तर अड्को सजिलै फुक्यो । नेपालीसहित तीनै भाषामा तयार पारिएका सम्झौताका प्रतिहरूमा नेपालका प्रधानमन्त्री बीपी कोइराला र उनका चिनियाँ समकक्षी चाउ एनलाइले हस्ताक्षर गरे ।

नेपाल-चीनबीच सीमा सम्झौता पत्र हेर्‍यौं भने नेपाली भाषाको सम्झौता हातले लेखिएको भेटिन्छ । हातले लेखेर के भो त ? टाइप गरिएभन्दा सुन्दर अक्षर छन् । सम्झौता पत्र पाँच पेज लामो छ, तर एक ठाउँमा पनि केरमेट छैन ।

सम्झौता पत्रमा प्रयोग भएका नेपाली अक्षर नारायणप्रसाद राजभण्डारीले लेखेका थिए । उनी नेपाल-चीन सीमा कमिटीका सदस्य-सचिव थिए ।

राजभण्डारी तिनै व्यक्ति थिए- जसले विसं २०१३ मा स्थापित मदन पुरस्कार पहिलो पटक प्राप्त गरे । **'जनरल भीमसेन थापा र तत्कालीन नेपाल'** लाई प्रदान गरिएको पहिलो मदन पुरस्कारका लेखक 'चित्तरञ्जन नेपाली' नै नेपाल-चीन सम्झौता पत्रका लेखनकर्ता नारायणप्रसाद राजभण्डारी थिए ।

तर, चित्तरञ्जन नेपाली अब हामी सामु छैनन् । ९२ वर्षको उमेरमा २९ असोज (२०८०) मा उनको निधन भएको छ ।




चित्तरञ्जन नेपाली (नारायणप्रसाद राजभण्डारी) को गोप्य भूमिका खम्पा निःशस्त्रीकरणमा महत्वपूर्ण थियो

## ती चित्तरञ्जन

'भीमसेन थापा र तत्कालीन नेपाल' बाहेक चित्तरञ्जनका 'रणबहादुर शाह : व्यक्तित्व र शासनकाल', 'पारिवारिक षड्यन्त्रका कथा', 'जंगबहादुरको कथा', 'राणाशाहीको रोलव्यवस्था र धर्मपत्रहरू', 'नेपाल-चीन सिमाना सन्धि' लगायत पुस्तक पनि प्रकाशित छन् ।

चित्तरञ्जन नेपाली उनको साहित्यिक नाम थियो । तर, साहित्यका अन्य विधाभन्दा ऐतिहासिक निबन्ध लेखनमा उनको अभिरुचि रह्यो । यसैले उनलाई चित्तरञ्जन नेपालीको परिचय पनि दिलायो ।

तिनै चित्तरञ्जनसँग मेरो पहिलो परिचय अप्रत्यक्ष रूपमा कक्षा एकको विद्यार्थी छँदा भयो । अप्रत्यक्ष भेटमार्फत् उनी मेरा लागि इतिहासको पहिलो शिक्षक बन्न पुगे ।

मेरा पिताजी इतिहासको विद्यार्थी हुनुहुन्थ्यो । स्नातक तह अध्ययनका क्रममा उहाँले नेपाल र विश्वको इतिहास सम्बन्धी पुस्तक सङ्कलन गर्नुभएको थियो ।

जब म अक्षर चिन्न सक्ने भएँ, घरमा रहेका बुबाका पुस्तकहरू मेरा पठन सामग्री बने । तीमध्ये मेरो ध्यान सबैभन्दा बढी आकर्षित दुई पुस्तकले गरे ।

तीमध्ये एक बालचन्द्र शर्माको 'नेपालको ऐतिहासिक रूपरेखा' थियो । यो बाक्लो गातावाल ठूलो आकारको पुस्तक थियो । दोस्रो पुस्तक अलिक सानो र पातलो गाताको थियो । पुस्तकको सुरक्षाका लागि पिताजीले 'सोभियत भूमि' पत्रिकाको गाता थप्नु भएको थियो ।

यो दोस्रो पुस्तक चित्तरञ्जन नेपालीले पहिलो मदन पुरस्कार जितेको त्यही 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' थियो ।

एसएलसीपछि २०५० मा पत्रकारिता अध्ययनका लागि जब म काठमाडौँ आएँ, पत्रकारिताका गुरु लालदेउसा राईले 'समाचारको सुरुवात कसरी गर्ने' भन्ने सीप सिकाउँदै गर्दा मेरो दिमागमा झट्ट चित्तरञ्जन नेपाली र 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' आइपुगे ।



लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेल, बालकृष्ण सम लगायतका साहित्यकारहरूसँग चित्तरञ्जन नेपाली (सबैभन्दा अगाडिको लहरमा बायाँतर्फ पहिलो) । सौजन्य : स्व. चित्तरञ्जन नेपाली

लालदेउसा सरले भन्नुभएको थियो, 'समाचार सामग्रीको इन्ट्रो (सुरुवात अंश) यस्तो आकर्षक र शक्तिशाली हुनुपर्छ कि तिमीहरूले लेखेको समाचारले पाठकलाई सुरुमै आकर्षित गरोस् ।'

लेखनलाई आकर्षक बनाउने यो सूत्र इतिहास विधामा पनि उत्तिकै उपयोगी छ । तर, नेपाली इतिहासका लेखकहरूले यो पक्षमा ध्यान दिएका छैनन् । तिनको लेखनी सुरुवात र सम्पूर्ण प्रस्तुति त्यति आकर्षक हुँदैनन् ।

तर, 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' को सुरुवात भने लालदेउसा सरले भनेजस्तै आकर्षक थियो ।

हेरौँ– त्यसको सुरुवात कति स्वादिलो थियो !

*ईश्वी संवत् उन्नाइसौँ शताब्दीको सुरुवातमा नेपालको राजनैतिक अस्थिरताबाट एक यस्तो व्यक्तिको प्रादुर्भाव भयो, जसको प्रारम्भिक जिन्दगीको विषयमा ज्यादै कमलाई थाहा छ, अनि जसले एकतीस वर्षको लामो अविच्छिन्न अवधिमा नेपालको राजनैतिक आकाशमा चम्केर आफ्नो बुद्धि, बर्कत, राजनैतिक कुशलता एवं इमान्दारीबाट त्यसबखत सारा संसारमै आफ्नो साम्राज्यको किल्ला गाड्नका निम्ति कैयौँ राष्ट्रहरूलाई निल्दै अगाडि बढेको अङ्ग्रेजी शक्तिबाट नेपाललाई केवल जोगाएका मात्र थिएनन् कि त्यस साम्राज्यवादी विदेशी शक्तिको विरोधमा एक भै लड्नका निम्ति भारतका सारा राज्यहरू, एवं चीन, बर्मा, पर्सिया आदि एसियाई राष्ट्रहरूलाई आव्हानसमेत गरी संसारमा सबैभन्दा पहिले एसियाई एकताका निम्ति आवाज उठाएका थिए, तथा चीन साम्राज्यको प्रकाण्ड प्रकोपबाट पनि गुम्न नसकेको नेपालको स्वतन्त्रता एवं अस्तित्वमा कुनै किसिमको धब्बा आउन दिएका थिएनन्, जसले बिलबर फोर्सको साथै दासत्वप्रथाको विरोध गरी मानवताको इज्जत गरेका थिए, तथा शासन व्यवस्थामा पनि अनेक वैज्ञानिक सुधारहरू गरी राष्ट्रलाई विकासको बाटोमा अग्रसर गराएथे । अनि जसको अन्त पनि यति आकस्मिक तथा नाटकीय ढङ्गबाट भयो कि त्यो एसियाको इतिहासले प्रस्तुत गरेको (सबभन्दा) दुखद अवसान थियो ।*

*ती हुन्, जनरल भीमसेन थापा ।*

*यिनै जनरल भीमसेन थापा कहाँ, कहिले कुन ठाउँमा, जन्मे कुन वातावरणमा हुर्के भन्ने, अर्थात् उनको प्रारम्भिक जीवन कसरी बित्यो भन्ने विषयमा यहाँ कलम कोरिन लागेको छैन । यसकारण कि, मेरा भीमसेन थापा मुख्तियार भीमसेन थापा हुन्, देश निर्माता हुन्, न कि सिँगाने बालक !*

यस्तो आकर्षक सुरुवात र भीमसेन थापाबारेका रोचक–मार्मिक घटनाक्रमले म फुच्चेलाई त्यो पुस्तक पुरै छिचोल्न आकर्षित गऱ्यो । 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' पढिसकेपछि 'नेपालको ऐतिहासिक रूपरेखा' पनि पढ्न म उद्यत भएँ ।

यदि 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' ले सुरुमै मलाई आकर्षित नगरेको भए इतिहासप्रति रुचि र किताब पढ्ने बानीको विकास पनि हुन्नथ्यो कि जस्तो लाग्छ ।




जनरल भीमसेन थापा र तत्कालीन नेपाल, जसले चित्तरञ्जन नेपाललाई पहिलो मदन पुरस्कार दिलायो

चित्तरञ्जन नेपाली यसरी मेरो जीवनमा इतिहास ज्ञान र शैक्षिक उन्नयनका कारक बने। त्यसैले गुरु लालदेउसा राईले पत्रकारिता पढाइको सुरुवात गर्दै गर्दा समाचारको सुरुवात कस्तो (आकर्षक) हुनुपर्छ भन्ने कुरा मेरो दिमागमा सजिलै घुसिहाल्यो।

मेरो पढाइमा 'टर्निङ प्वाइन्ट' ल्याइदिने 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' लाई मैले अहिलेसम्म सुरक्षित राख्न सकेको छु। चित्तरञ्जन अब यो संसारमा छैनन्, न त मेरा पिताजी नै।

यो पुस्तकलाई उहाँहरू दुवैको चिनो मानेर 'सोभियत भूमि' पत्रिकाको गातामाथि प्लास्टिकको गाता थपेको छु, ताकि पुस्तक नच्यातियोस् र नमैलियोस्। च्यातियो र मैलियो भने उहाँहरूप्रतिको सम्झना र सम्मान पनि कमजोर र धुमिल हुँदै जान्छ कि भन्ने लाग्छ।

'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' जत्तिकै महत्त्वपूर्ण अर्को कृति 'नेपाल चीन सीमा सन्धि' हो। विसं २०२१ मा ट्याब्लोइड पत्रिकाको साइजमा प्रकाशित यो पुस्तकले नेपाल–चीनबीच सीमा सन्धि कसरी भयो, सीमा सन्धि हुनुअघि सीमा विवादको पृष्ठभूमि कस्तो थियो भन्ने कुराको सुन्दर र व्यवस्थित वर्णन गरेको छ।

चित्तरञ्जन नेपाली नेपालको तिब्बत–चीन सम्बन्धका पुस्तैनी जानकार थिए। नेपालको परराष्ट्र मामिलाको इतिहासका जानकार पूर्व परराष्ट्र सचिव डा. मदन भट्टराईका अनुसार चित्तरञ्जनका पिताजी सरदार मेदिनीप्रसाद, हजुरबुबा सुब्बा जुजुमान राजभण्डारी र हजुरबुबाका बुबा खरदार शिवप्रसाद राजभण्डारी अहिलेको परराष्ट्र मन्त्रालयको पूर्वरूप मुन्सीखानामा कार्यरत थिए। 'भोट फाँट' का रूपले चिनिने मुन्सीखानालाई 'जैसीकोठा' पनि भनिन्थ्यो।

कुनै बेला तिब्बतसँगको सम्बन्ध नेपालको परराष्ट्र सम्बन्धको सबैभन्दा महत्त्वपूर्ण पक्ष थियो। उनले सानैदेखि भोट–तिब्बतसँगको सम्बन्धबारे पूर्वजहरूबाट सुन्दै आए। त्यसैले, पढेर भन्दा पनि पारिवारिक विरासतका कारण उनी तिब्बत–चीन मामिलाका गहन जानकार थिए।

नेपाल–चीन सीमा कमिटीमा उनले सदस्य–सचिवको जिम्मेवारी पाउनुको एउटा कारण तिब्बत मामिलामा उनको गहिरो जानकारी पनि पनि थियो। नेपाल–तिब्बत सम्बन्धका जानकार उनका पिताजी सरदार मेदिनीप्रसाद राजभण्डारी सीमा कमिटीको सल्लाहकार थिए।

तिब्बत मामिलाबारे गहन जानकारीका कारण राज्यले बाबु–छोरा दुवैलाई सीमा कमिटीको जिम्मेवारी दिएको थियो।

प्रशासनिक काम र भाषामा पनि उत्तिकै पोख्त भएकाले सीमा कमिटीका अध्यक्ष जनरल पदमबहादुर खत्रीले चित्तरञ्जनलाई सदस्य–सचिवको जिम्मेवारीका लागि सरकारसमक्ष प्रस्ताव गरेका थिए।

'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' ले पहिलो मदन पुरस्कार जितेपछि उनको वास्तविक नाम (नारायणप्रसाद राजभण्डारी) विलुप्तजस्तै हुनपुग्यो। सबैले उनलाई चित्तरञ्जन नेपालीका रूपमा चिन्दै आए।

२०१७ को पूर्वार्द्धमा सीमा कमिटीको गठन हुँदा अध्यक्ष जनरल खत्रीलाई समेत 'चित्तरञ्जन' उनको वास्तविक नाम



नेपाल-चीन सीमा सम्झौतामा हस्ताक्षर, ८ चैत्र २०१६। सौजन्य : प्रदीपमणि आचार्य दीक्षित

हो भन्ने लागेको थियो। सायद उनले 'नेपाली' लाई मात्र चित्तरञ्जनको उपनाम ठानेका थिए।

तर सरकारले चित्तरञ्जनको साटो नारायणप्रसाद राजभण्डारीलाई सदस्य-सचिव बनाउने निर्णय गर्‍यो। जनरल खत्री खिन्न भए।

'सदस्य सचिव पदको निमित्त तत्कालीन परराष्ट्र मन्त्रालयका सेक्सन अफिसर, मदन पुरस्कार विजेता चित्तरञ्जन नेपालीलाई सिफारिस गरियो, सरकारले नारायणप्रसाद राजभण्डारीलाई सो काममा नियुक्त गर्दा मलाई केही क्षण निराश हुनुपर्‍यो', नेपालीको दोस्रो महत्त्वपूर्ण कृति 'नेपाल-चीन सीमा सन्धि' को भूमिकामा जनरल खत्रीले (२०२१ मा पुस्तक प्रकाशित हुँदा जनरल खत्री परराष्ट्रसचिव थिए) ले लेखेका छन्, 'वास्तवमा यो नाम र उपनामको अलमल मात्र थियो।'

सदस्य-सचिव छँदा उनलाई बीपी र चाउ एनलाइको हस्ताक्षर भएको नेपाल-चीन सीमा सम्झौता जस्तो ऐतिहासिक दस्तावेज आफ्नै हातले लेख्ने अवसर जुर्‍यो।

## लेखनको पृथक शैली

राणा शासन अन्त्य भएको ६ वर्षपछि 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' प्रकाशित भएको थियो। नेपालको इतिहासबारे नेपालीले नै लेखेको यो तेस्रो पुस्तक थियो।

त्यसअघि बालचन्द्र शर्माको 'नेपालको ऐतिहासिक रूपरेखा' र काशीप्रसाद श्रीवास्तवको 'नेपाल की कहानी' (हिन्दी) प्रकाशित थिए।

विसं १९८९ मा प्रकाशित अम्बिकाप्रसाद शर्मा (नेपाली मूलका भारतीय) को 'नेपालको इतिहास' बाहेक जे जति पुस्तक थिए, नेपाली इतिहासबारे लेखिएका ती सबै पुस्तकका लेखक विदेशी थिए।

विदेशी लेखकहरूले लेखेका कारण ती पुस्तकमा नेपाली दृष्टिकोणको अभाव थियो।

इतिहास लेखनमा दुई शैली प्रचलित छन्। यसमध्ये 'भर्टिकल ट्रेन्ड' ले सुरुवातदेखि अन्त्यसम्मको विवरणलाई प्राथमिकता दिन्छ। यस्तो शैलीमा मुख्य शासक राजा-महाराजा र तिनका सन्तान-दरसन्तानका विवरण समेटिएका हुन्छन्।

'होरिजेन्टल ट्रेन्ड' ले अलिक फराकिलो शैली अपनाउँछ। यसले 'सुरुवातदेखि अन्त्य' र मुख्य शासकहरूको साटो इतिहास निर्माणमा भूमिका खेलेका अन्य पात्र र विषयवस्तुलाई लेखनको विषयवस्तु बनाउँछ।

नेपाली इतिहासबारे लेखिएको तेस्रो पुस्तक (राणा शासनको अन्त्यपछि) भए पनि इतिहास लेखनको 'होरिजेन्टल ट्रेन्ड' समातेको पहिलो पुस्तक चित्तरञ्जन नेपालीको 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' नै हो। अघिल्ला दुई पुस्तक 'भर्टिकल ट्रेन्ड' का थिए।

जतिबेला चित्तरञ्जनले 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' लेखे, त्यो बेला राजा महेन्द्रलाई महिमामण्डन गरेर लेख्ने प्रचलन थियो। किनकि सत्तामा उनै थिए।

चित्तरञ्जन भने इतिहास लेखनको विषयवस्तु यस्तो पात्रलाई बनाए, जो एक साधारण परिवारमा जन्मेको थियो र माथि उठ्दै-उठ्दै मुख्तियार (प्रधानमन्त्री) बनेको थियो।

'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' ले प्रस्तुत गरेको दृष्टिकोण अझ महत्त्वपूर्ण थियो।

नेपाल-अङ्ग्रेज युद्ध र सुगौली सन्धिबाट नेपालले ठूलो भूभाग गुमाएको थियो। सुगौली सन्धिबाट भूमि गुमेको विषयलाई आधार बनाएर भीमसेन थापालाई राष्ट्रघाती करार गर्ने प्रवृत्ति त्यो बेला हावी भइरहेको थियो। इतिहास लेखनमा यो प्रवृत्ति अहिले पनि हावी नै छ।

विदेशी लेखकहरूले लेखेका पुस्तकमा वर्णित विषयवस्तुलाई आधार बनाएर नेपाली लेखकहरूले समेत भीमसेन थापाको उछित्तो काढ्न थालेका थिए।

ऐतिहासिक पात्रका सबल पक्ष पनि हुन्छन्, दुर्बल पक्ष पनि। दुर्बल पक्षलाई सम्पूर्ण ठानेर उनको आलोचना मात्र गरिँदा साम्राज्यवादी शक्तिसँग झुक्नुसाटो लडाइँ गर्ने भीमसेनको राष्ट्रवादी निर्णय र युद्धमा नेपालले प्रदर्शन गरेको वीरताजस्ता महत्त्वपूर्ण विषय ओझेल पर्दै गएका थिए।

त्यस्तो बेला चित्तरञ्जनले भीमसेन थापामार्फत् साम्राज्यवाद विरोधी नेपाली भावना र नेपाली वीरतालाई उजिल्याउन भूमिका खेले। यस हिसाबले नेपाली राष्ट्रवादलाई पहिलो प्राथमिकता दिएर इतिहास लेखनको सुरुवात गर्ने पहिलो इतिहासकार नेपाली नै हुन्।

माथि नै भनिसक्यौं, राणा शासनको अन्त्यको एकाध वर्षपछि 'नेपालको ऐतिहासिक रूपरेखा' र 'नेपाल की कहानी' प्रकाशित भएका थिए। इतिहासलाई 'रूपरेखा' र 'कहानी' मा सीमित गरेको पनि चित्तरञ्जनलाई मन परिरहेको थिएन।

त्यसैले, नेपालको गौरवशाली इतिहासलाई 'कहानी' र 'रूपरेखा' मा सीमित गरेको भन्दै उनले शर्मा र श्रीवास्तवको आलोचना गरे। त्यो आलोचना उनले 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' को भूमिकामा नै गरेका छन्।

उनले भनेका छन्, '६ वर्षयता निस्केका दुईटा पुस्तकहरू-नेपालको ऐतिहासिक रूपरेखा र नेपाल की कहानीले नेपालको इतिहासलाई दुनियाँको सामुन्ने पेस गर्ने साहस गरेको छ।

तापनि (इतिहास) 'रूपरेखा' र 'कहानी' कै रूपमा मात्र सीमित हुन गै इतिहासको वास्तविक अभाव तिनीहरूबाट पनि पूर्ति हुन सकेको छैन।'

चित्तरञ्जनको यो आलोचनालाई इतिहासकार शर्माले त्यही पुस्तकमा स्वीकार गरेका छन्।

'प्रत्येक देशको आफ्नू एक विशेषता हुन्छ, केही आफ्नूपना हुन्छ, जो त्यसको व्यक्तित्व हो। त्यसलाई बुझ्न आफ्नै विचार र आफ्नै विवेक चाहिन्छ र त्यसलाई खुट्याउने आफ्नै आँखा पनि। विद्वानहरूले त्यसलाई ठह-याउन सकेनन्।' सो पुस्तकका लागि मन्तव्य लेख्नेक्रममा इतिहासकार शर्माले भनेका छन्, 'यही उनीहरूको इतिहास लेखनमा सबभन्दा ठूलो त्रुटि रह्यो। त्यसको पूर्ति स्वदेशी आत्मा र स्वदेशी दृष्टिले नै गर्न सक्तछ। र, प्रस्तुत ग्रन्थ (जनरल भीमसेन थापा र तत्कालीन नेपाल) त्यसै अभावको एक पूर्ति हो।'

'भीमसेन थापा एक प्रधानमन्त्री, एक सैनिक नायक र एक शासक मात्र होइनन्, तिनमा नेपाली जनताको भावनाको प्रतिनिधित्व भएको छ,' इतिहास लेखनका लागि भीमसेन थापाको छनोट सही ठह-याउँदै शर्मा थप लेख्छन्, 'भीमसेन थापालाई कसीमा कस्नु त्यस समयको नेपाली जनतालाई चिन्नु हो र लेखकले त्यस समयको 'हामीलाई चिनाउने' यही काम गरेका छन्।'

सन् १८५७ मा अङ्ग्रेजविरुद्ध भारतमा विद्रोह सुरु भएपछि प्रधानमन्त्री जंगबहादुर राणा विद्रोह दमन गर्न नेपाली फौजसहित लखनउ (उत्तरप्रदेश) पुगेका थिए। जंगबहादुरको सहयोगमा उत्तरी भारतमा अङ्ग्रेजविरुद्धको विद्रोह दमन सहज भयो।

जंगबहादुरको त्यो कर्मबाट सुगौली सन्धिमा गुमेको मध्ये नयाँ मुलुक (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) त नेपाललाई प्राप्त भयो। तर, यसबाट नेपालको शिरमा कलङ्क पनि लाग्यो।

अङ्ग्रेजको साम्राज्य जोगाइदिन नेपाली शासक नै फौज लिएर गएको र 'लखनउ लुट' मच्चाएको त्यो तथ्यले नेपाली शिर अहिलेपनि निहुरिन्छ। हामी स्वतन्त्रताप्रेमी र साम्राज्यवाद विरोधी हौँ कि स्वतन्त्रताप्रेमीको दमनकर्ता र साम्राज्यवादका पृष्ठपोषक पनि थियौँ भन्ने प्रश्न त्यो घटनाले गर्छ।

इतिहासकार शर्माका भनाइमा नेपालीको शिरमा लागेको त्यो कलङ्कको जवाफ भीमसेन थापाको इतिहासबाट दिने प्रयास चित्तरञ्जन नेपालीले गरेका छन्।

'भारतीय स्वाधीनताको **सङ्ग्राम**मा छेका हाल्ने जुन **कल**ङ्क नेपाली मस्तकमा लगाइएको छ– त्यसको प्रक्ष्यालनमा भीमसेन थापाकै सहयोग चाहिन्छ,' शर्मा लेख्छन्, 'लेखक (चित्तरञ्जन नेपाली) ले यही गरेका छन् र भीमसेन थापाको व्यक्तित्वलाई नै नेतृत्व दिई नेपालीले आजको परिस्थितिमा के गर्नु उचित छ, यसको सङ्केत पनि दिएका छन्।'

चित्तरञ्जन हावा जता बग्छ, त्यतै बग्ने लेखक/इतिहासकार थिएनन्। 'एन्टी करेन्ट' थिए र त्यसैले नै सुरुमा भीमसेन थापामाथि लेखे, जबकि त्यो बेला शासन सञ्चालनमा भीमसेन थापाको कठोरता र सुगौली सन्धिमार्फत् भूमि गुमेको घटनालाई आधार बनाएर नेपाली राष्ट्रवादको विकासमा भीमसेन थापाको भूमिकालाई नजरअन्दाज गर्ने र पृष्ठभूमिमा पार्ने प्रयास गरिँदै थियो।

आफ्ना लेखनीमार्फत् उनी जे विषयमा तर्क गर्थे, त्यसका लागि तथ्यको सहारा लिन्थे। त्यसैले, २५ वर्षे नवयुवक चित्तरञ्जनसँग विद्वानहरू समेत नतमस्तक हुन्थे।

'सबभन्दा मनपर्ने कुरा त यो छ कि लेखकले भीमसेन थापाको मुद्दामा स्वयम् आफ्नो तर्फबाट कुनै बहस गरेका छैनन्,' शर्माले यो पनि लेखेका छन्, 'उनले (चित्तरञ्जन) विरोधी र वस्तुस्थितिलाई बंग्याउनेहरूको तर्कहरूको हाराहारी नै केवल लिखित प्रमाण पेस गरेका छन्। जो आफ्नु पक्षमा स्वयम् तर्क गर्न पूर्ण समर्थ छ। खुट्याउनेहरूले छुट्याउन्– वस्तुस्थिति के हो र भीमसेन थापा के हुन् ?'

## जागिरे जीवनका दुई चोट

बाल्यकालमा पुस्तकमार्फत् मैले चिनेका चित्तरञ्जनसँग मेरो पहिलो प्रत्यक्ष भेट ३ जेठ २०६७ मा महाराजगञ्जस्थित उनको निवासमा भयो। दोस्रो पटक (५ असार २०६७) मा भेट गर्दा नेपाल–चीन सम्बन्धी सन्धि सम्झौताहरूको सङ्कलन रहेको एउटा पुस्तक बोकेर उनीकहाँ गएको थिएँ।




आफ्नै हातले लेखेको नेपाल-चीन सीमा सम्झौताका साथ चित्तरञ्जन

त्यो पुस्तक चिनियाँ परराष्ट्र मन्त्रालय अन्तर्गतको एसियाली शाखाले प्रकाशन गरेको थियो ।

पुस्तकमा नेपाली भाषामा हातैले लेखिएका दुई दस्तावेज सामेल थिए । दुवैमा प्रधानमन्त्री बीपी र चाउ एनलाइको हस्ताक्षर थियो ।

दुईमध्ये एउटा 'नेपाल-चीन सिमाना सम्झौता' थियो, अर्को बीपीको चीन भ्रमणका क्रममा दुई देशले जारी गरेको संयुक्त विज्ञप्ति ।

पहिलो भेटमै चित्तरञ्जन नेपालीको सुन्दर अक्षरसँग परिचित भएको थिएँ म । त्यसैले, चीनले प्रकाशित गरेको पुस्तकमा समावेश त्यो सम्झौताका अक्षर चित्तरञ्जनका हातले लेखिएका हुन् भन्ने जान्न मलाई अप्ठेरो थिएन ।

तैपनि, टाइपराइटर प्रचलनमा आइसकेको जमानामा पनि किन सन्धि हातैले लेख्नु परेको थियो र कहीँकतै कुनै केरमेट नगरी उनले कसरी लेख्न सके- त्यो रोचक अनुभव म उनीबाट सुन्न चाहन्थेँ ।

सन्धिको प्रतिलिपी देख्नासाथ उनले पुष्टि गरे- त्यो उनकै हस्ताक्षर हो ।

तर, सम्झौता पत्र तयार पार्दाको स्मरण सुनाउन उनी उत्सुक देखिएनन् ।

खासमा सरकारी सेवाका अनुभव स्मरण गर्न पनि चाहँदा रहेनछन् उनी। १४ असोज २०७३ को अन्नपूर्ण दैनिकमा प्रकाशित उनको एक अन्तर्वार्ता पढेपछि मात्र मैले यो कुरा अनुभूत गरेँ ।

पत्रकारद्वय दीपक सापकोटा र लक्ष्मण श्रेष्ठले अन्तर्वार्ताका क्रममा चित्तरञ्जनलाई सोधेका छन्, 'तपाईंले परराष्ट्र सेवा लगायत विभिन्न सरकारी पदमा बसेर काम पनि गर्नुभयो । त्यसको अनुभव कस्तो छ ? इतिहास लेखनमा केही सघाउ पुग्यो कि ?'

'त्यो कारिन्दा भएर गरिएको काम हो,' उत्तरमा उनी भन्छन्, 'त्यसको संस्मरण मलाई केही भन्नुछैन ।'

मेरो अनुभवमा यस्तो विरक्तिभाव अन्तर्वार्तामा प्रकट भएभन्दा अझ बढी थियो र त्यसमा जायज कारण थिए ।

चित्तरञ्जन नेपाली परराष्ट्र सेवामै आफ्नो 'करिअर' बनाउन चाहन्थे । तर, इच्छाविपरीत परराष्ट्र सेवाबाट स्थानान्तरित हुनुपर्‍यो ।

यदुनाथ खनाल परराष्ट्रसचिव बनेपछि उनले परराष्ट्र सेवाका अधिकृतहरूको शैक्षिक योग्यता निर्धारण गरेका थिए । नयाँ मापदण्ड अनुसार परराष्ट्र सेवाको अधिकृत हुन स्नातकोत्तर उत्तीर्ण गरेको हुनै पर्ने भयो । नत्र उनीहरू अन्य मन्त्रालयमा सरुवा हुने भए ।

चित्तरञ्जन नेपाली भने स्नातक उत्तीर्ण मात्र थिए ।

यो प्रावधानका कारण उनले परराष्ट्र मन्त्रालय छोड्नुपर्ने भयो । पिता-पुर्खाले सेवा गर्दै आएको र आफ्नो रुचिको सेवाबाट विमुख हुनुपर्दा उनी दुखी भए ।

परराष्ट्रबाट उनको सरुवा गृह मन्त्रालयमा भयो । त्यहीँ उनी उपसचिवमा बढुवा भए । तर, गृह मन्त्रालयमा काम थालेको करिब दस वर्षपछि फेरि उनी अर्को कोपभाजनको सिकार भए ।

राजा वीरेन्द्रको राज्याभिषेक (१२ फागुन २०३१) मा हुने भयो । राज्याभिषेकमा सहभागी हुन आएका विश्वका पाहुनाहरूसमक्ष राजाले 'नेपाललाई शान्तिक्षेत्र स्वीकार गरियोस्' भन्ने प्रस्ताव राखे ।

तर २०३१ को असार-साउनसम्म पनि मुस्ताङमा सशस्त्र खम्पाहरूको क्याम्प थियो । चीनविरुद्ध लड्न अमेरिकी सहयोगमा ती क्याम्प स्थापना भएका थिए ।

नेपालमा चीनविरुद्ध लड्न अमेरिकी सहयोगमा स्थापना गरिएका क्याम्प र सशस्त्र खम्पाहरूको उपस्थितिका बीच शान्तिक्षेत्रको प्रस्ताव घोषणा गर्नुको अर्थ हुँदैनथ्यो ।

त्यसैले, राज्याभिषेकअगावै खम्पा निःशस्त्रीकरणको योजना दरबारले बनायो ।

यस्तो योजना बन्दै गर्दा चित्तरञ्जन उत्तरी सीमा क्षेत्रीय प्रशासन कार्यालय अन्तर्गत मुस्ताङका प्रशासक थिए । उत्तरी सीमा क्षेत्रीय कार्यालय खम्पाहरूको उपस्थिति रहेको ताप्लेजुङ, सोलुखुम्बु, मुस्ताङ र हुम्लाका उत्तरी गाउँहरूलाई समेटेर स्थापना गरिएको थियो ।

विसं २०६० को मध्यताका म पत्रकारिताको 'मिड करिअर' मा थिएँ । खम्पा मामिलाको खोजीमा जोडतोडले लागिरहेको थिएँ । त्यसक्रममा मैले चित्तरञ्जन नेपाली पनि एक समय मुस्ताङको सीमा प्रशासक थिए भन्ने जानकारी पाएँ ।

'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' मार्फत् ममा इतिहासप्रतिको मोह जगाउने चित्तरञ्जन नेपालीसँग मेरो पहिलो प्रत्यक्ष भेट त्यही खम्पा मामिलाको खोजीको क्रममा भएको हो ।

जीवनको उत्तरार्द्धतर्फ लम्कँदै गरेका चित्तरञ्जन गुमनाम जीवन बिताइरहेका थिए । पारिवारिक सदस्य र नातागोताबाहेक कसैलाई भेट्न रुचि गर्दैनथे ।

फोन सम्पर्क गर्दा मसँग पनि भेट्न मानेनन् । भेटघाटको अवसरका लागि २-३ वर्ष कुर्नुपर्‍यो ।

म कार्यरत जनआस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठको चित्तरञ्जनका नाति मनिष राजभण्डारीसँग मित्रता

थियो। मनिषले आग्रह गरेपछि चित्तरञ्जन मसँग भेटघाटका लागि राजी भए।

उनीसँगको पहिलो भेटघाट ३ जेठ २०६७ मा जुर्‍यो।

जब दरबारले खम्पा अपरेसनको योजना बनायो, चित्तरञ्जनलाई मुस्ताङबाट फिर्ता बोलाइयो।


यत्तिसम्म त ठीकै थियो। तर, तत्कालीन गृहसचिव शेरबहादुर शाहीले सरुवा भएपछि पनि मुस्ताङ जान ढिलाइ गरेको र त्यहाँ पुगेपछि खम्पा कमाण्डर गे वाङ्दीसँग अवाञ्छित सम्बन्ध राखेको गम्भीर आरोप लगाए।

चित्तरञ्जन मुस्ताङ जानेताका गृहसचिव जनरल क्षेत्रविक्रम राणा थिए। गृह मन्त्रालयमा छँदा उनलाई उत्तरी क्षेत्रीय सीमा प्रशासन शाखा हेर्ने जिम्मेवारी थियो। विभूषण शाखा पनि उनैले हेर्थे।

उत्तरी सीमा प्रशासन शाखाको अनुभव भएकाले गृहसचिव राणाले चित्तरञ्जनलाई मुस्ताङजस्तो संवेदनशील कार्यालयको प्रशासक बनाएर पठाएका थिए।

'राजा महेन्द्रको जन्मदिन (३० जेठ) आउँदै थियो, राजाको जन्मोत्सवमा प्रदान गरिने तक्मा सम्बन्धी काम टुङ्गिसकेको थिएन,' त्यो भेटमा नेपालीले भनेका थिए, 'सचिव राणाले विभूषण शाखाले गर्नुपर्ने काम टुङ्ग्याएर गइदिनुस् न भनेपछि म केही दिन रोकिएँ। तर, राणापछि आएका गृहसचिव शाहीले मैले जानाजान मुस्ताङ जान ढिलाइ गरेको

## चितरञ्जनले लेखेको हस्तलिखित सम्झौता


जनवादी गणतंत्र चीन सरकार र श्री ५को सरकार नेपालको बीच दुइ देशको सीमा सम्बन्धि विषयमा भएको

सम्झौता।

nepalkhabar

आरोप पो लगाए ।'

राज्यले सैनिक बल प्रयोगमार्फत् खम्पा लडाकुलाई निशस्त्रीकरण गर्ने योजना बनाएको थियो । खम्पाविरुद्ध सैनिक कारबाही हुने भएपछि मुस्ताङस्थित उत्तरी सीमा क्षेत्रीय कार्यालयको प्रशासक पनि सैनिक पृष्ठभूमिका व्यक्ति हुँदा सहज हुने जंगी अड्डाले ठान्यो ।

'चित्तरञ्जनले खम्पा कमान्डर गे वाङ्दीसँग निकटता बढाएका छन्' भन्ने आरोप यसैको उपज थियो । चित्तरञ्जन मुस्ताङबाट फिर्ता भएपछि शैलेन्द्रबहादुर महतले त्यो जिम्मेवारी सम्हाले । दोस्रो विश्वयुद्धमा समेत भाग लिएका महत नेपाली सेनाका अवकाशप्राप्त कर्णेल थिए ।

त्यो भेटमा चित्तरञ्जनले पनि स्वीकार गरेका थिए कि खम्पा कमान्डर गे वाङ्दीसँग उनको राम्रो सम्बन्ध थियो । त्यो सम्बन्ध दर्शाउन उनले केही तस्बिर पनि मलाई उपलब्ध गराए ।

तर, उनको प्रष्टिकरण थियो, 'मैले राज्यको नीति⁄निर्देशन अनुरूप नै गे वाङ्दीसँग सम्बन्ध विकसित गरेको हुँ ।'

'खम्पाहरूलाई हातहतियार सहित हिँड्न नदिनू,' मुस्ताङ हिँड्ने बेला उनलाई गृहसचिव राणाले भनेका थिए, 'उनीहरूसँग राम्रो सम्बन्ध राख्नू, बिच्क्याउने काम नगर्नू ।'

राजा महेन्द्रकै स्वीकृतिमा मुस्ताङमा क्याम्प खडा भएका थिए । दरबारकै स्वीकृतिमा क्याम्प खडा गरेर बसेका खम्पाहरूलाई कानुनविपरित हातहतियार लिएर हिँड्न रोक्नेबाहेक अरू उनले के नै गर्न सक्थे र !

गृह मन्त्रालयको उत्तरी सीमा प्रशासन शाखाको जिम्मेवारीमा छँदा चित्तरञ्जनले निर्वाह गरेको एउटा महत्त्वपूर्ण भूमिका उनले मुस्ताङको जिम्मेवारी पाउनुको तेस्रो र सर्वाधिक महत्त्वपूर्ण कारण थियो ।

विसं २०२० को मध्यताकासम्म गे हिस्सी मुस्ताङ क्याम्पको कमान्डर थिए । तर, दलाई लामाले गे हिस्सीलाई विस्थापित गरी गे वाङ्दीलाई कमान्डर बनाएर मुस्ताङ पठाए ।

यो फेरबदलपछि खम्पा लडाकु समूह दुई गुटमा विभाजित भयो । गे हिस्सी ठूलो परिमाणमा हातहतियार र लडाकु लिएर मनाङतर्फ लागे । त्यहीँ अर्को क्याम्प खडा गरे । चित्तरञ्जन नेपालीले नेपाल सरकारको तर्फबाट गे हिस्सीसँग गोप्य कुराकानी गरे ।

परराष्ट्र मन्त्रालयका यी पूर्वअधिकृतसँग कूटनीतिक कौशल छँदै थियो । शान्त स्वभावका पनि थिए ।

चित्तरञ्जनसँगको कुराकानीबाट गे हिस्सी विश्वस्त भए कि, 'हातहतियार समर्पण गर्ने हो भने नेपालमा अझ सुरक्षित रूपमा बस्न सकिन्छ, सरकारबाट सम्मान पनि प्राप्त हुन्छ ।'

चित्तरञ्जनको प्रयासकै कारण २०२० मध्यताका हिस्सी पक्षले नेपाल सरकारलाई सयौँ हातहतियार बुझायो । खम्पाहरूको हतियार बुझ्ने काम चित्तरञ्जनले नै गरेका थिए ।

पोखरामा बुझाइएका हतियार यति धेरै थिए कि चित्तरञ्जनले बताए अनुसार सात ओटा रसियन जिप ती हतियारले भरिएका थिए ।

गे हिस्सी पक्षको यो समर्पणपछि खम्पा समूह निर्णायक रूपमा कमजोर बन्यो । २०३१ को अपरेसनको सम्पूर्ण जस नेपाली सेनाले लिन खोज्छ ।

तर, सैनिक अपरेसनबाट जत्तिकै महत्त्वपूर्ण सफलता त्यसअघिको प्रशासनिक प्रयासबाट प्राप्त भएको थियो ।




मुस्ताङको केसाङस्थित खम्पा मुख्यालयमा गे वाङ्दी (दायाँतर्फ दोस्रो) का साथ चित्तरञ्जन नेपाली (बायाँ) र उनको परिवार

सेना प्रयोग हुँदासमेत गे वाङ्दीले आत्मसमर्पण गर्न मानेनन् । मुस्ताङबाट सुटुक्क भागेका उनी २०३१ भदौमा टिंकर (दार्चुला) को सैनिक कारबाहीमा मारिए ।

तर, गे हिस्सीले आत्मसमर्पण गरे, हातहतियार नेपाल सरकारलाई बुझाए । तिनै गे हिस्सी, जो मुस्ताङलगायत उत्तरी सीमा क्षेत्रका विभिन्न जिल्लामा स्थापना गरिएका खम्पा क्याम्पहरूका संस्थापक कमान्डर थिए ।

यस हिसाबले खम्पा निशस्त्रीकरणमा चित्तरञ्जनको भूमिका महत्त्वपूर्ण थियो । उनले त्यो भूमिका गोप्य र शान्त रूपमा निर्वाह गरे । त्यही कारण सैनिक अपरेसनजस्तो उनले चर्चा पाएनन् ।

उत्तरी सीमा प्रशासकको जिम्मेवारी सम्हाल्न मुस्ताङ पुगेपछि गे वाङ्दीलाई पनि 'कन्भिस' गरेर हातहतियार समर्पण गराउने प्रयासमा उनी लागेका थिए । तर, उनको

यो प्रयासलाई राज्यले गे वाङ्दीसँग नाजायज सम्बन्ध ठानिदियो, उनलाई फिर्ता बोलाइयो । उनलाई कृषि मन्त्रालय अन्तर्गतको खाद्य संस्थानमा सरुवा गरियो ।

२०३१ भदौ अन्तिम साता टिंकरपास (दार्चुला) मा नेपाली सेनाको गोलीबाट गे वाङ्दीको मृत्यु भयो । वाङ्दीको मृत्युसँगै खम्पा अपरेसनको पनि अन्त्य भयो ।

तर, गे वाङ्दीको मृत्यु पुष्टिका लागि सरकारले चित्तरञ्जनकै सहयोग लिनुपर्‍यो ।

मारिएका खम्पा लडाकुमध्ये एकजनाको खल्तीमा एउटा तस्बिर भेटियो । तस्बिरमा दुई व्यक्ति सँगै थिए । ती दुईमध्ये एकजना मारिएका खम्पा लडाकु थिए ।

अर्को व्यक्ति को थिए, फिल्डमा खटिएको सैनिक टोलीले निधो गर्न सकेनन् ।

तस्बिरमा रहेको दोस्रो व्यक्तिको परिचय प्राप्त हुँदा मारिएका खम्पा लडाकु को रहेछन् भन्ने कुरा यकिन हुन सक्थ्यो ।

गे वाङ्दी मुस्ताङबाट भागेपछि उनलाई भारत प्रवेश गर्नबाट रोक्न गरिएको 'ब्लकिङ्ग अपरेसन' को कमान्डर बिग्रेडियर जनरल आदित्य शमशेर राणा थिए । यो अपरेसनको समग्र कमान्डिङको युद्धकार्य विभाग प्रमुख महासेनानी भरतकेशर सिंहलाई थियो ।

राणा र सिंह दुवै २०१६ मा गठित नेपाल-चीन सीमा कमिटीमा सदस्य थिए, चित्तरञ्जन चाहिँ सदस्य-सचिव ।

मारिएका खम्पा लडाकुको खल्तीको तस्बिर बैतडी ल्याइएपछि जनरल आदित्य शमशेरले तस्बिरमा रहेका दोस्रो व्यक्ति चित्तरञ्जन हुन् भन्ने चिनिहाले ।

अब चित्तरञ्जनलाई घटनास्थल पुर्‍याएर मारिएका व्यक्ति गे वाङ्दी हुन्-होइनन्, निधो गरिने भयो । पहिले गृह मातहतका कर्मचारी भएकाले चित्तरञ्जनसँग गृहसचिव शाहीले नै कुरा गर्ने जिम्मेवारी पाए ।




चित्तरञ्जनसँगै गे वाङ्दी (दायाँ), मृत गे वाङ्दीको खल्तीमा यही तस्बिर भेटिएको थियो ।

'एक दिन साँझपख गृहसचिव शेरबहादुर शाही आफैले मलाई फोन गरे । उनले 'भोलिबिहानै एयरपोर्टमा आउनुपर्‍यो, एउटा कुरा बुझ्नका लागि तपाइँको सहयोग चाहियो' भने, विस्तृत कुरा बताएनन्,' चित्तरञ्जनले भनेका थिए, 'एयरपोर्ट पुगेपछि मात्र थाहा भयो, टिंकरमा वाङ्दी मारिएछन् । उनको गोजीमा म र उनी सँगै बसेको एउटा फोटो फेला परेछ । त्यो फोटो केसाङ (मुस्ताङ) स्थित खम्पा क्याम्पमा वाङ्दीसँगै बसेर खिचिएको थियो ।'

उनी भोलिपल्ट बिहान एयरपोर्ट पुगे । कर्णेल भरतकेशर पनि त्यहीँ उपस्थित थिए । उनीहरू नेपाली सेनाको स्काइ भ्यानमा धनगढी पुगे, त्यहाँबाट हेलिकोप्टरमार्फत् बैतडी । हेलिकोप्टरमा बैतडीबाट ब्रिगेडियर जनरल आदित्य शमशेर थपिए ।

चित्तरञ्जन, कर्णेल सिंह र जनरल राणासहितको टोली भिडन्तस्थल टिंकरपास पुग्यो ।

'अनुहार एकदमै फुलेको शव थियो, तर नजिक पुग्नासाथ उनी गे वाङ्दी हुन् भन्ने मैले चिनिहालेँ,' चित्तरञ्जनले सुनाएका थिए, 'मैले यो शव गे वाङ्दीको हो भनेर सनाखत गरेँ । त्यससँगै उनी मारिएको आधिकारिक पुष्टि भयो ।'

यो त गे वाङ्दी मारिएपछिको कुरा भयो । मुस्ताङमा छँदा राज्यले दिएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरिरहँदा 'खम्पासँग मिलेको' र 'समयमै कार्यक्षेत्रमा नगएको' आरोप लगाएर सरुवा गरिएपछि उनको मनमा निकै ठूलो चोट परेको थियो ।

'धन्न जागिर चाहिँ खाइदिएनन्,' १३ वर्षअघिको त्यो (पहिलो) भेटमा भारी मनका साथ चित्तरञ्जनले भनेका थिए, 'दिइएको जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गर्दा यस्तो पनि हुँदो रहेछ । यो नै मेरो जागिरे जीवनको सबैभन्दा दुखद पक्ष हो ।'

मलाई लाग्छ- जागिरे जीवनका अनुभव सेयर गर्न चित्तरञ्जन सधैँ अनिच्छुक हुनुको मुख्य कारण यही थियो ।

# डाँडामाथिका जून

चित्तरञ्जनसँग मेरो अन्तिम भेट १० जेठ २०७९ मा भयो। त्यसदिन परराष्ट्र मन्त्रालयले पहिलो परराष्ट्र सेवा दिवस मनाउँदै थियो। त्रिपुरेश्वरस्थित राहदानी विभागको सभाहलमा आयोजित कार्यक्रममा उनी पनि उपस्थिति थिए।

परराष्ट्र सेवाका अग्रणीमध्येका कर्मचारीलाई अभिनन्दन गर्ने कार्यक्रम भएकाले सकीनसकी उनी त्यहाँ उपस्थित थिए।

उनीसँग भेट नभएको ५-७ वर्ष भइसकेको थियो। तर पनि सजिलै चिनिहालेँ।



परराष्ट्र दिवसको कार्यक्रममा चित्तरञ्जन नेपाली

'एकपटक मेरो घरमा आउनुस् न है !' उनको आग्रह थियो, 'तपाईँसँग एउटा कुरा गर्नुछ। तपाईँसँग अनुरोध गरेको त्यो काम टुङ्ग्याउनुछ।'

९० कटिसकेका उनलाई भेट्न सहज थिएन। निकै गलिसकेका थिए। कोभिड महामारी पनि भर्खर सकिएको थियो।

तैपनि उनको निवासमा फोन गरेँ। उहाँकै चाहना अनुसार भेट्न खोजेको बताएँ। तर, बुढ्यौली र बिमारका कारण भेट सम्भव भएन। उनको स्वास्थ्य अवस्था मध्यनजर गर्दै मैले पनि उतिसाह्रो ताकेता गरिनँ।

३० असोजमा बेइजिङमा स्वेत चैत्य अवलोकन गर्दै थिएँ। त्यहाँ केही बेर सुस्ताउँदै गर्दा नेपालका समाचार पढेँ। त्यहीँ पो थाहा पाएँ, म बेइजिङ प्रस्थान गरेकै दिन (२९ असोज) मा ओम अस्पतालमा उनको निधन भएछ।

खासमा उनी बजारमा अप्राप्य आफ्नो अर्को महत्त्वपूर्ण कृति 'नेपाल-चीन सिमाना सन्धि' को पुनः प्रकाशन गर्न चाहन्थे। विसं २०21 मा प्रकाशित त्यो पुस्तकको कम्प्युटर टाइप पनि भइसकेको थियो, जो उनले मलाई ५-७ वर्षअघि नै देखाएका थिए।

'यसलाई अन्तिम रूप दिएर फेरि बजारमा ल्याउन मन छ,' उनले भनेका थिए, 'बुढ्यौली र आँखाको समस्याका कारण म राम्रोसँग हेर्न सक्दिनँ। त्यसैले, अन्तिम रूप दिन मलाई तपाईँको सहयोग चाहियो।'

परराष्ट्र मन्त्रालयको त्यो कार्यक्रममा उनले 'टुङ्ग्याउनुछ' भनेको कुरा यही थियो।

उनी 'डाँडामाथिका जून' थिए, जो जुनकुनै बेला अस्ताउन सक्थे। त्यसैले चित्तरञ्जनको चाहना मैले पूरा गरिदिनुपर्थ्यो। उनी इतिहासको मेरो पहिलो गुरु भएकाले पनि मैले यो कर्तव्य पूरा गर्नुपर्थ्यो।

तर म चुकेँ।

नेपाल-चीन सीमा सन्धि पुनः प्रकाशित गर्ने उनको चाहना पूरा हुने गरी सहयोग गर्न सकिनँ। नेपालबाहिर हुनाले अन्तिम विदाईस्वरूप उनीमाथि श्रद्धाको फूल अर्पण गर्ने अवसर पनि पाइनँ।

मेरो जीवनमा फेरि कहिल्यै नमेटिने अर्को थकथकी थपिएको छ !

**नेपाल खबर**, कात्तिक १६, २०८०


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**पर्यटक सेवा शुल्क सम्बन्धी सूचना**

यस नगरपालिका क्षेत्रभित्र प्रवेश गर्ने गैर सार्क पर्यटकलाई १५ अमेरिकी डलर वा रु. १५००।- नेपाली रुपैयाँ लिँदै आइरहेकोमा हाल आएर डलरको भाउ क्रमशः वृद्धि हुँदै एक अमेरिकी डलर बराबर १२७।- नेपाली रुपैयाँको हाराहारीमा पुगेकोले डलरको भाउ समायोजन गर्न नेपाली रुपैयाँको हकमा पर्यटक सेवा शुल्क रु. १५००।- को सट्टा सन् २०२३ जनवरी १ देखि लागू हुने गरी एक गैर सार्क पर्यटकको **१५ अमेरिकी डलर वा रु. १८००।- (एक हजार आठ सय) नेपाली रुपैयाँ** कायम गर्ने निर्णय गरिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# वडाध्यक्षको डायरीबाट

## यहाँ कानुनी र व्यवहारिक दुवै किसिमबाट समस्याको विश्लेषण हुन्छ

कुशल

त्यस दिन विहान बैठक नभएकोले परिवारसँगै घरायसी कामको लागि बाहिर गई घर फर्कनेक्रममा एक जना गैर नेवारजस्तो देखिने मानिस घर अगाडिको पाटीमा बसिरहेको थियो। उसको हेराइले पक्कै मलाई कुरिरहेको भन्ने अन्दाज गर्न गाह्रो भएन। बाइकबाट ओर्लेर म र श्रीमती घर छिर्न लाग्दा त्यस मानिससँग श्रीमतीले बोलिन्। श्रीमतीले उनलाई राम्रैसँग चिनेको रहेछ। कुराकानीसँगै हामी माथि बैठक कोठामा आयौँ। श्रीमतीको परिचित भएकोले होला, उनी चिया बनाउन माथि लागिन् भने म चाहीँ कुराकानी गर्न थालेँ। यही क्रममा सालो भाइ पनि घर आइपुगे। वास्तवमा उनी सालो भाइको साथी र छिमेकी गाउँले रहेछ। उनको एउटा ठूलै गुनासो भएकोले भाइले भेटाउन ल्याएको रहेछ।

मैले आफ्नो सालो भाइलाई आफ्नो कुरा राख्न भन्दा भूमिका नबाँधिकनै भने, 'वहाँको नाम रामेश्वर (नाम परिवर्तन) हो। घर मेरो टोलसँगै पर्दछ। वहाँको समस्याको समाधान नेपाल मजदुर किसान पार्टीको इमानदार कार्यकर्ता जितेको ठाउँमा मात्र समाधान हुनसक्छ। कानुनीरूपमा त कुनै पनि हालतमा समाधान हुँदैन। तर, व्यवहारिक रूपमा तपाईँले मात्र समाधान गर्न सक्नुहुन्छ। त्यो पनि नेमकिपाको कार्यकर्ता वडाध्यक्ष भएकोले मात्र समाधान सम्भव छ। नभए अरू पार्टीका कार्यकर्ता वडाध्यक्ष जितेको ठाउँमा सम्भव छैन। त्यही विश्वासले मैले तपाईँलाई भेटाउन ल्याएका हुँ। अब वहाँको समस्या वहाँकै मुखबाट सुन्नुस्।'

त्यसपछि वहाँले बोल्नुभयो, 'मेरो नाम रामेश्वर गेलाल हो। मेरो घर गेलाल गाउँमा हो। मेरो बुबा पनि यही पार्टीको कार्यकर्ता हुनुहुन्छ। मैले पनि तपाईँकै पार्टीलाई भोट दिएको हुँ। मलाई साह्रै ठूलो समस्या भयो। करिब दुई वर्षदेखि म यो समस्यासँग सामना गर्दै छु। कोरोना र अहिलेको मन्दीले गर्दा यो समस्या आएको हो। मेरो आफ्नै गल्तीले पनि यो समस्या भएको हो। समस्या समाधान नभएकोले साह्रै तनावमा छु। घरमा बुढीसँग बोलचाल नभएको पनि छ महिना भयो। छोरा छोरीले समेत बोल्दैन। राम्रोसँग खाना नखाएको पनि महिनौँ भयो। साह्रै तनाव भएकोले गर्दा घर नै जान मन लाग्दैन। त्यही भएर तपाईँलाई भेट्न आएको हो। तपाईँले चाहनु भयो भने पक्कै यो समस्या समाधान हुन्छ। राजनीतिक पृष्ठभूमि भएको मान्छेले चाहनु भयो भन्ने एकै छिनमा मेरो समस्या हल हुन्छ। त्यही भएर मलाई तपाईँको आशीर्वाद चाहियो।'

मलाई उनको लम्बा–चौडा कुरा मन परेन। मैले सिधै भनेँ, 'कुरा किन लम्बा–चौडा गर्नु हुन्छ ? समस्या के हो भन्नुस् न ? मैले गर्न मिल्ने र कानुनीरूपमा गर्न मिल्ने भए म सहयोग गर्न तयार छु। मैले आफ्नो वडावासीको मात्र समस्या हेर्नु पर्छ भन्ने छैन। तपाईं साँच्चै नै पीडित र अन्यायमा परेको हो भन्ने म सहयोग गर्न तयार छु। भन्नुस् खास समस्या के हो ?'

त्यसपछि रामेश्वरजीले भन्नुभयो, 'तपाईँको वडाको एक जना मान्छेसँग मिलेर मैले कोरोना सुरू हुनुभन्दा केही महिना अगाडि मात्र नगरकोटमा प्लानिङको व्यवसाय सुरू गरेका थियौँ। केही जग्गाहरू किनेर प्लटिङ गरी जग्गा बेच्ने व्यवसाय सुरू गर्‍यौँ। मेरो पनि पचासौँ लाख लगानी भयो। केही जग्गाहरू किनबेच पनि भयो। लगत्तै कोरोना आयो। त्यसपछि मन्दी अनि सरकारको साढे दुई आनाभन्दा कम जग्गा कित्ताकाट गर्न नमिल्ने नियम आएपछि जग्गा बिक्री गर्न सकिएन। आफ्नो साथीलाई समस्या भएर चौध लाख दिएको थिएँ। प्लटिङमा पैसा त फसेकै छ। उता पार्टनरले कित्ताकाट गर्न भनेर सापटी लिएका पैसा फिर्ता दिएन। घर बेचरे भए पनि मलाई पैसा फिर्ता दिन्छु भन्थ्यो। तर, आजकल त नाकमुख नदेखेको पनि छ महिना भयो। जग्गा चलेको भए पैसा त फिर्ता गर्ला कि भन्ने आशा त छ। तर, कहिले घर जग्गा व्यवसाय चल्ने हो थाहा छैन। त्यही भएर तपाईँको सहयोग लिन आएको हुँ। त्यस मान्छेको नाम कृष्ण सुवाल (नाम परिवर्तन) हो। त्यस मान्छेलाई तपाईँले चिन्नु पनि हुन्छ होला। फोटो पनि हेर्नुस् मोवाइलमा छ। यो मान्छेले यस वडाको उसको घर छ्योहत्तर लाखमा बेच्न लागेको छ भन्ने सुनेको छु। यो महिनामा लेनदेनको कागज गर्न आउँदा मलाई खबर गरिदिनुस्। उसले बैना लिन लागेको उन्नाइस लाखबाट मेरो चौध लाख लिई दिनु पर्‍यो। त्यसको लागि लेनदेन कागजको सिफारिस रोकेर मलाई सहयोग गर्नु पर्‍यो। तपाईँको यो गुण म कहिल्यै बिर्सिन्न। यो काम गरिदिनु भयो भने म पनि यो पार्टीमा मेरो बुबाजस्तै

लाग्छु । तपाईँको लागि पनि चिया नास्ताको व्यवस्था गरुँला या अरू केही व्यवस्था गरुँला ।'

मैले रामेश्वरजीको समस्या बुझेँ । मोवाइलमा फोटो पनि हेरेँ । आफ्नो वडाको भए पनि मैले त्यो मान्छेलाई चिन्न सकिनँ । मैले मेसेन्जरमा फोटो पठाउन अनुरोध गरेँ । मैले रामेश्वरजीलाई भनेँ, 'नेमकिपाका कार्यकर्ताले पैसा खाएर काम गर्दैन, यो कुरालाई कहिल्यै नबिर्सनुस् । यदि कसैले त्यस्तो काम गर्छ भने त्यो नेमकिपाको होइन, बुझि राख्नुस् । तपाईँको समस्या समाधानको लागि म सकेको प्रयासचाहीँ अवस्य गर्छु । तर, यसको बदलामा केही आर्थिक लाभ आवश्यक पर्दैन । यदि तपाईँको समस्या समाधान भयो भनेर नेमकिपामा लाग्नु पनि आवश्यक छैन । तपाईँको इच्छाअनुसार पार्टीमा हिँड्ने नहिँड्ने कुरा हुन्छ । मैले तपाईँको समस्या समाधान गर्दैमा आर्थिक लाभ दिनुपर्ने र नेमकिपा लाग्नु पर्ने कुनै सर्त छैन । तर, तपाईँ साँच्चिकै पीडित हो भने मलाई र मेरो वडाका जनप्रतिनिधिलाई लाग्यो भने हामी अवस्य सहयोग गर्नेछौँ । त्यसैले मेरो लागि केही बन्दोबस्त गर्नु आवश्यक छैन ।' मेरो कुरा नटुङ्गिदै रामेश्वरजीले भन्नुभयो, ' नेमकिपाका कार्यकर्ताहरू विनास्वार्थ पीडितलाई सहयोग गर्दछ भन्ने सुनेर त म तपाईँकहाँ आएको हुँ । तपाईँले मलाई सहयोग गर्नुपर्‍यो ।'

उनको कुरामा केही शङ्का लागेर सोधेँ, 'यो महिनाको दस गते नै वडामा आउँछ भनेर कसरी थाहा भयो ? घर बेच्न लागेको कसरी थाहा भयो ? अनि छ महिनादेखि भेटेको छैन भन्नुहुन्छ । कुरा चाहीँ के हो ?' रामेश्वरजीले जवाफमा भन्नुभयो, 'जग्गा दलाली गर्ने मान्छेको नेटवर्क हुन्छ सर । उनले मोवाइल अफ गरेर अन्डर ग्राउन्ड बसे पनि हाम्रो नेटवर्कमार्फत यो खबर पाएको हुँ । म आफैं पनि तपाईँको वडा कार्यालयमा दस गते आउँछु । तपाईँले पनि सम्झना राख्नुहोला, आएको खण्डमा मेरो पैसा नपाई कागज प्रमाणित नगरिदिनु होला वा घर बाटो लिन आएको भए सिफारिस नदिनुहोला । उसले बैना नलिई एकै पटक घर बेच्न पनि त सक्छ ।'

मैले रामेश्वरजीलाई आफ्ना नागरिकताको फोटाकपीसहित रोक्का निवेदन राख्न भनेँ । वहाँले तत्कालै मसँग कापी कलम मागेर निवेदन दिनुभयो । नागरिकताको फोटोकपि पनि दिनुभयो । हामीले कुराकानी गर्दै चिया पनि खायौँ । मैले रामेश्वरजीलाई आफूले एकपटक त्यस मान्छेको पृष्ठभूमिबारे बुझेर हेर्छु र सिफारिस रोक्काको विषयमा अन्य जनप्रतिनिधिसँग सल्लाह गरौँला भनी विदा गरेँ ।

केही दिनपछि दस गते पनि आइहाल्यो । त्यस अगाडि वहाँले दिनहुँजसो मलाई सम्झाउनको लागि फोन गरिरहनु भयो । दस गते त वहाँ फोन नगरिकनै वडामा कुर्न आउनुभयो । तर, कृष्णजी आउनु भएन । त्यस दिन सिफारिस बनाउने कर्मचारीले पनि बिदा लिनुभएको थियो । भोलिपल्ट बिहानै मलाई रामेश्वरजीले मलाई कल गर्नुभयो र भन्नुभयो, 'नमस्कार सर ! तपाईँले त कृष्णजीको घर बेच्नको लागि घर बाटो हिजो दिएर पठाउनु भयो रे ? अनि त्यो सिफारिस दिनु अघिनै लेनदेनको कागज पनि प्रमाणित गरी दिनुभयो भनेर भन्छ त ? हिजो म वडाबाट बिदा भएर आएपछि कृष्णजी आउनु भयो कि के हो ? त्यसरी त उजुरी भइकन पनि सिफारिस त दिन नहुने हो ? कि म त्यस वडाको नभएकोले हो ? नेमकिपाका जनप्रनिधि त ईमानदार हुन्छन् भनेर सुनेको थिएँ । तर, यहाँ त यस वडामा यस्तो देखिएन ।' रामेश्वरजीको फोनको प्रतिउत्तरमा मैले भनेँ, 'हिजो तपाईँ गएपछि मैले अरू सिफारिस गरेको पनि छैन । कुनै निवेदनमा तोक पनि लगाएको छैन । तपाईँ र म तीन बजे बडाबाट सँगै निस्केका हौँ । त्यसपछि आजै वडा कार्यालयमा जाँदै छु । मेरो हस्ताक्षरविना सिफारिस हुँदैन । अनि कागज प्रमाणित हुँदैन । अब अस्ति गएको छ कि भनेर चाहीँ चेक गर्छु । नेमकिपाका जनप्रतिनिधिहरू ईमानदारनै हुन्छन् । तपाईँ यसमा ढुक्क रहनुस् ।' यत्ति भनिसकेपछि फोन राखिदिएँ ।

त्यस दिन प्रथम प्रहरमा नै रामेश्वरजी वडामा आउनुभयो । मैले सिफारिस गए नगएको अनि लेनदेन कागज प्रमाणित गरे नगरेको कर्मचारीलाई चेक गर्न लगाएँ । आधा घण्टा फाइलका पोकाहरू र रजिष्टर हेरेपछि कर्मचारीले कृष्णजीले लेनदेनको कागज प्रमाणित गराएको प्रतिलिपि लिएर आउनु भयो । त्यो कागज करिब एक वर्ष अघि कृष्णजीले आफ्नै घर बेच्नलाई उन्नाइस लाख बैना लिएको कागज रहेछ । त्यसमा मैले हस्ताक्षर गरी राजस्वसमेत लिएको देखियो । त्यो काजग हेरेपछि रामेश्वरजी र म हिस्स परेँ । कृष्णजीले त एक वर्ष अघि नै घर बेच्न बैना कागज गरिसकेको रहेछ । त्यसको दुई महिनापछि घर बाटोसमेत लिएर राम ख्वालापाला (नाम परिवर्तन) लाई घरसमेत बेचिसकेको रहेछ ।

मैले रामेश्वरजीलाई भनेँ, 'तपाईँले मलाई धेरै पछि खबर गर्नुभयो । अब तपाईँको पैसा फिर्ता गराउन नसक्ने भयो । त्यसको लागि माफ गर्नुहोस् ।' मेरो उत्तरले वहाँ पनि नाजवाफ हुनुभयो । किनकी वहाँले करिब एक हप्ता अगाडि मात्र रोक्का निवदेन दिनुभएको थियो भने घर बेच्न करिब दस महिना अगाडि सिफारिस भई बेचिसकेको समेत देखियो ।

संयोगवस्, त्यही समयमा नै राम ख्वालापाला त्यही घरको पुर्जा र निवेदन लिएर घर बाटो लिन वडामा आइपुग्नु भयो। साथमा कृष्णजी पनि आउनु भयो। साथमा अरू केही साथीहरू पनि थिए। सबैको जम्काभेट भयो। रामेश्वरजीले कृष्णजीलाई त्यही समाई हाल्नुभयो। मैले हात नहाल्न रोक्दै छलफल गर्न अनुराध गरेँ। त्यसपछि सौहार्दपूर्णरूपमा छलफल भयो। कृष्णजीलाई मैले सोधेँ, 'तपाईँले रामेश्वरजीसँग चौध लाख लिनु भएको हो ? घर बेचेर फिर्ता दिन्छु भनेको रहेछ। यहाँ त घर पनि बेचिसकेको रहेछ। अनि कति लाखमा बेच्नु भएको हो ? पैसा सबै पाउनु भयो कि भएन ? तपाईँलाई त हामीले एक हप्तादेखि कुरेका हौँ। तर तपाईँले त चलाखीपूर्ण रूपमा एक वर्षअघिनै बैना लिएर घर समेत बेचिसकेको रहेछ। रामेश्वरजीको पैसा दिनुपऱ्यो।'

कृष्णजीले नम्र भाषामा भन्नुभयो, 'हेर्नुस् वडाध्यक्षज्यू, म बेइमान मान्छे होइन। परिस्थितिले अलि बेइमान मात्र भएको हो। कोराना र मन्दीले मेरो घर जग्गा व्यापार अलि थप्प भयो। तर जग्गा मसँग अझै बाँकी छ। रामेश्वरजीलाई यो कुरा थाहा छ। म भागीभागी हिँडेको पनि हो। मोवाइल पनि बन्द गरेर राखेको हुँ। मेरो बाध्यता यस्तै पऱ्यो। घर जग्गा चलेमा सबैको पैसा तिरि दिन्छु। तर, अहिले परिस्थिति वैग्लै भएर हो। रामेश्वरजीको पैसा पनि एक पैसा खान्न। मैले यो घर बेचको भएपनि यसमा केही रकम अझ लिनु छ। त्यो पैसा म तपाईँले सिफारिस दिएपछि मालपोतमा पास हुनासाथ आठ लाख रामेश्वरजीलाई फिर्ता गर्छु। बाँकी छ लाखको कागज गरिदिन्छु। मैले वहाँको पैसा लिएको हुँ र तिर्छु पनि। तपाईँलाई दिएको वचन पक्का भयो।' तर, रामेश्वरजी मान्नु भएन। कुनै पनि हालतमा सिफारिस रोक्नु पर्ने अडान लिनुभयो। राम ख्वालापालाले चाहीँ कृष्णजीका पुर्जामा नाम नरहेको हुँदा सिफारिस रोक्न नहुने जिकीर लिनुभयो। अरू साथीहरूले पनि त्यही जिकीर लिएर सिफारिस दिन अनुराध गरे।

तब मैले सबैलाई भनेँ, 'वडा कार्यालय भनेको जनप्रतिनिधि संस्था हो। यहाँ कानुनी र व्यवहारिक दुवै किसिमबाट समस्याको विश्लेषण हुन्छ। त्यही भएर साथीहरूले कानुनीरूपमा पुर्जामा कृष्णजीको नाम नभई राम ख्वालापालको नाम रहेपनि यस पुर्जाबाट कृष्णलाई केही पैसा आउने वहाँ आफैले इमानदारीसाथ भन्नु भएको छ। अनि पैसा पनि फिर्ता गर्छु भनिरहनु भएको छ। त्यसैले यस विषयमा कुरा गर्ने भए सिफारिसलाई अगाडि बढाउने हो। नभए राम ख्वालापालाजी र अरू साथीहरूले कानुनी उपचार खोज्नु पर्ला। नभए लिने र दिनेले लिनेदिने सहमति भएको अवस्थामा पुर्जामा नाम छैन, बेचिसकेको छ र किनिसकेको छ भन्ने कानुनी दाउपेच खोज्ने हो भन्ने यो घर बाटोका निवदेनमा कुनै पनि हालतमा तोक लाग्दैन र सिफारिस हुँदैन।' मेरो निष्कर्षपछि कोही चुँइकसम्म बोल्ने आँट गरेनन्। त्यसपछि सबै केही नबोली वडाबाट बिदा भए। रामेश्वरजी चाहीँ तपाईँले ठिक गर्नु भयो भनी निस्कनुभयो।

भोलिपल्ट कृष्ण, राम ख्वालापाला र अन्य साथीहरू रामेश्वरजीलाई तत्काल पाँच लाख दिई बाँकी लेनदेनको कागजमा सही गर्ने सहमति गरेर आउनुभयो। त्यसपछि मैले रामेश्वरजीलाई कल गरेँ। वहाँ पनि तत्काल माया मारेको पैसा पाँच लाख भए पनि पाउने भयो भनी खुसी हुनुभयो। बाँकी रकमको लेनलनेको कागज बनाई प्रमाणित गरिदिएँ र सबैको सहमतिमा मैले घर बाटोको सिफारिस गरिदिएँ। त्यस दिनको साँझ पाँच बजेसम्ममा रामेश्वरजीले पाँच लाख पाएको फोनमार्फत जानकारी दिनुभयो।

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

# ङेंङापा झ्यःया दरबार गीतले खुलाएको इतिहास



ओम धौभडेल

विश्व प्रसिद्ध भक्तपुरको ५५ झ्याल दरबारबारे 'ङेंङापा झ्यःया दरबार' गीतको हालै म्युजिक भिडियो विमोचन भएको छ। यस गीतका गीतकार जनकवि दुर्गालाल श्रेष्ठ एक सुपरिचित साहित्यकार हुनुहुन्छ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा उक्त गीतको म्युजिक भिडियो विमोचन गरिएको हो। ङेंङापा झ्यः दरबार भक्तपुर लायकूमा शानका साथ ठडिरहेको छ। राजा भुपतिन्द्र मल्लले बनाउन लगाएको सो दरबार हरेक दृष्टिकोणले अब्वल रहेको इतिहासले बताउँछ।




दरबारमा रहेका ५५ ओटा अति कलात्मक झ्यालहरूको कारण दरबारको नामाकरण नै ङेंङापा झ्यः दरबार हुनपुग्यो। यो दरबारको दोश्रो तलाका सबै कोठाहरूका भित्री भागमा फरक फरक विषयका भित्तेचित्रहरू रहेका छन्। यसमा आफू र आफ्नो रानीको मुहार झल्किने गरी लेखिएका विश्वरूपको चित्र विशेष छ। यस बाहेक राजाले यो दरबारलाई सङ्गीतको ८४ विभिन्न आसनहरूले कुँदिएका सिंख्वाहरू बनाउन लगाएको छ। वास्तुकला, काष्ठकला, चित्रकलाले महत्त्वपूर्ण यस दरबारको तुलना आधा विश्वसँग गरेबाट पनि यसको महत्त्व अझ बढी प्रष्ट हुन्छ। ई. ए. पावेलले ङेंङापा झ्यः दरबार एउटैको तुलना आधा विश्वसँग गरेका छन्।

जनकवि दुर्गालाल श्रेष्ठले रचना गर्नु भएको गीत गायक सत्यनारायण मानन्धरले अझ भक्तपुरकै भाषामा गाएपछि झनै लोकप्रिय बन्न पुग्यो। चर्चित सङ्गीतकार न्ह्यु बज्राचार्यको सङ्गीत अनि विश्वास बज्राचार्यको निर्देशनमा कर्मा, रोजिना सुवाललगायतका कलाकारहरूबाट अभिनित म्युजिक भिडियोले साँचिक्कै १७ औँ शताब्दीको मल्लकालीन दृश्यहरूको झझल्को दिन सफल भएको छ। राजकुमारको भूमिकामा कर्मा, बुद्धिलक्ष्मीको भूमिकामा रोजिना सुवाल, भुपतिन्द्र मल्लको भूमिकामा राजाराम तण्डुकारलगायत अन्य कलाकारहरू गीतको मर्मसित सामञ्जस्य नै देखिन्छ। कलाकारहरूले लगाएको पोशाक, गरगहनामा खोट लगाउने ठाउँ देखिएन। तर, निर्देशकले कतै कतै गीतको शब्दमा आएको ठाउँको नाम प्रति बेवास्ता गरेको जस्तो लाग्छ। तर, यो गीत रचना गर्दा जनकविले ङेंङापा झ्यःलाई नै केन्द्रित गरेको हुँदा साँच्चिक्कै राजकुमार रणजित मल्लको विवाहमा यो दरबार थियो वा थिएन प्रश्न उठ्न सक्छ। यसबारे हाम्रो मल्लकालीन इतिहासबारे थाहा पाउनु पर्ने हुन्छ। यस सम्बन्धमा हाम्रो इतिहासका मल्ल कालको अन्तिम दिनहरूलाई एक पटक मध्यनजर गर्नु आवश्यक हुन्छ। आफ्नो बुबालाई मूलचोक भित्र कैद गरी राज्य चलाउने क्रममा राजा भुपतिन्द्र मल्ले धेरै सम्पदाहरूको निर्माण गरेका थिए। ङातापोल्हँ देगः, बत्सला मन्दिरलगायतका कयौँ सम्पदाहरू बने। यसमा ङेंङापा झ्यः दरबार पनि एक हो। त्यसो त यसअघि नै भक्तपुर लायकूमा बसन्तपुर दरबार, चौकोट दरबार, थन्थु दरबार, सिंहध्वाका दरबार जस्ता नभएका होइनन्। तर, राजाले आफ्नो छोराको विवाहको कुरा चल्न थाले पछि अझ मकवानपुर, सिन्धुली, गोरखालगायतका बाह्य राज्यहरूसित सम्बन्ध बढ्दै गएको अवस्थामा आफ्नो लागि भन्दा पनि अरूलाई देखाउन र स्वागत गर्न ङेंङापा झ्यः दरबार बनाउन लगाएको देखिन्छ।



बृद्धिलक्ष्मी

हुन त रणजित मल्लको विवाह १३ वर्षको उमेरमा ने.सं. ८२६ तिर नै भइसकेको देखिन्छ। त्यसबेला उनले जयलक्ष्मीसित विवाह गरेको हो। तर, यो कुनै औपचारिक विवाह थिएन। रणजित मल्लको औपचारिक विवाहको कुरा बेतिया राज्यसित हुँदै थियो। तत्कालीन समयमा बेतिया विशाल राज्य थियो। चम्पारणको राजधानी बेतियामा विशाल राजमहल थियो। त्यहाँको राजकुमारी यहाँ विवाह गरी ल्याउने भएपछि भुपतिन्द्र मल्लले सम्धि खलकहरू भक्तपुर आउँदा बस्न एउटा राम्रो दरबार बनाउने निधो गरे। त्यो दरबार नै डेङापा ङ्यः दरबार हो। जुन नेपाल संवत् ८२८ मा तयार भएपछि रणजितको विवाहको तयारी गरे। यसको चार वर्ष पछि नेपाल संवत् ८३२ मा रणजित मल्लको विवाह भारत बेतियाकी राजकुमारीसँग भएको देखिन्छ। यो विवाहमा भक्तपुरबाट भैरव मल्ल, वीर जोशी, गंगा राम आदि सम्मिलित भई थिमी, पाटन, मकवानपुर, पर्सा, फुतकोरी, सरसवा हुँदै बेतिया पुगेको र दुलही लिई पाटन हुँदै भक्तपुर फर्केको थियो। यो टोलीलाई आउन जान मात्र तीन महिना समय लागेको थियो। त्यतिवेला भक्तपुरको कान्तिपुरसँग सम्बन्ध राम्रो थिएन भन्ने थाहा हुन्छ। रणजित मल्लको यस विवाहको अवसरमा भुपतिन्द्र मल्ल स्वयम्ले **'उषा हरण'** नामक नाटक लेखी ठाउँ ठाउँमा नचाएको राष्ट्रिय अभिलेखालयभित्रको एउटा धरपौबाट थाहा हुन्छ। भक्तपुर ल्याएकी बृद्धिलक्ष्मीलाई करिव आठ महिना पछि मात्र दरबारमा भित्र्याएको थियो। कहिले थिमी लायकू र कहिले बनेपा लायकूमा बृद्धिलक्ष्मी बसेको देखिन्छ। त्यसबेला नै उनले यहाँको धार्मिक, सांस्कृतिक, सामाजिक अवस्था देखी नेपाल भाषा तथा साहित्यको पनि अध्ययन गरेकी थिइन्। यसमा तिनलाई भक्तपुर दरबारका मूल पुरोहितले सहयोग गरेका थिए।

यसरी आफूसित विवाहको लागि बेतियादेखि आएकी राजकुमारीसित भेटन ब्यग्र रणजित मल्लले गाएको गीतको रूपमा यो गीत रचना गरेको देखियो। यस गीतमा चित्रण गर्न खोजिएको मूलपात्र रणजित मल्ल हो। आफ्ना बुबाले बनाउन लगाएको डेङापा ङ्यः दरबार आफ्नी प्रियसीलाई देखाउन लालायित भएको यहाँ देखिन्छ। इतिहासमा रणजित मल्ललाई सोझा, छलकपट नजान्ने, प्रजातान्त्रिक राजाको रूपमा लिएको छ। मल्ल वंश पतन हुनमा यिनको यी सबै गुणहरू अवगुण सावित भए। अनि आफ्नै परिवार आफ्नो पतनको कारण बने। यसमा धेरैले सात बहाले राजकुमारहरू दोषी मान्छन्। तर, यसमा यस गीतमा देखिएकी अर्का पात्र बृद्धिलक्ष्मीको पनि त्यतिक्कै भूमिका रहेकोमा इतिहास गौण छ।

तत्कालीन बेतिया राज्य अन्तर्गतको मूल शासक दिलिप सिंह भए पनि उनी अन्तर्गतकै चुहाडीका एक सामन्त मुरारी राय पनि थिए। उनै मुरारी रायकी बहिनी बृद्धिलक्ष्मी रायको विवाह भक्तपुरका राजकुमार रणजित मल्लसित भएको हो। रणजित मल्लका अन्य रानीहरू भए पनि विधिपूर्वक विवाह गरी ल्याएको बृद्धिलक्ष्मी राय एक मात्र वैधानिक रानी हुन्। भक्तपुर दरबारमा उपस्थिति जनाउँदै आएकी बृद्धिलक्ष्मी मार्फत तत्कालीन समयका इसाई पादरीहरूबाट भक्तपुर दरबारमा पहुँच पुऱ्याउन एक माध्यमको रूपमा बृद्धिलक्ष्मीलाई उपयोग गरेको अनुमान गर्न सकिन्छ। त्यसो त नेपालमण्डलमा इसाईहरूले यसअघि नै स्थान नबनाएको होइन। पादरी ग्रोवर राजा प्रताप मल्लकै पालामा कान्तिपुरमा थिए। र प्रताप मल्ललाई दुरविन उपहार दिएर मित्रता कायम गरिसकेको थियो। कयौं पादरीहरू तिब्बत जाने क्रममा भक्तपुरमा महिनौं महिनासम्म बसेका थिए। तर, दरबारबाट नै इसाईलाई बस्ने स्थानको बन्दोवस्त गर्ने काम बृद्धिलक्ष्मी मार्फत सम्भव भयो। घटना ने.सं. ८५१ को हो। राजा रणजित मल्ललाई मनाएर टौमढी टोलको एक ब्राम्हणको घरमा इसाईहरूलाई स्थायी रूपमा बस्ने वातावरण मिल्यो। साथै इसाई धर्मप्रति लक्षित गरी घण्टासमेत राख्ने काम भयो। यता रणजित मल्लको बृद्धिलक्ष्मीबाहेक ऋद्धिलक्ष्मी, जयलक्ष्मी, बुद्धिलक्ष्मी र मनमयजु गरी पाँच रानीहरू भएकोमा ब्याइते एउटै बेतियाकी राजकुमारी बृद्धिलक्ष्मी रहेको र अरू

चार जना ल्याइते थिए। अझ बेतियाबाट बृद्धिलक्ष्मीलाई धुमधामले विवाह गरिसकेपछि पनि राजा रणजित मल्लले सबैभन्दा पछि भक्तपुर दोक्छेँका मनमयजु (नवमयजु) उझाँथाछेँसित विवाह गरेको हो। तर, यी पाँच रानीहरूमध्ये सबैभन्दा पहिले छोरा जन्माउन जयलक्ष्मी सफल भइन्। यसैको आधारमा जयलक्ष्मी सबैभन्दा बढी प्रभावशाली भएको देखिन्छ। उनलाई धोकम्हा रानी अर्थात् जेठी रानीको समेत उपमा दिएको पाइन्छ। वैधानिक भएपनि बृद्धिलक्ष्मीलाई दातिम्ह रानी अर्थात् माहिली रानीको उपमा थियो। उनको तर्फबाट वीरनर सिंह मल्ल(देवेन्द्र मल्ल)को जन्म भएको मानिन्छ। अन्य रानीहरूबाट मनोरथसिंह मल्ल, अवधुतसिंह मल्ल, अच्युतसिंह मल्ल, जयनारायण मल्ल र लक्ष्मीनरसिंह मल्ल नामका सात छोराहरू भएको देखिन्छ। यसमा जयलक्ष्मीका छोरा अजितसिंह मल्ल र बृद्धिलक्ष्मीका छोरा वीरनर सिंह मल्लको विशेष उल्लेख छ। अन्य राजकुमारहरू क-कसका छोरा हुन् स्पष्ट उल्लेख छैन।

यहाँनेर रणजित मल्ल राजा ने.सं. ८४२ मा राजा बनेको सात वर्षमै जयलक्ष्मीका छोरा अजितसिंह मल्ललाई ने.सं. ८४९ मा युवराज घोषणा गरिसकेको प्रमाण हनुमानघाट स्थित माघ महिनामा माघ धलं बस्ने एउटा लिखत्मा उल्लेख छ। यसबाट अजितसिंह मल्ल अन्य राजकुमारहरू मध्ये जन्मले जेठो देखिन आउँछ। त्यतिबेला अजितसिंह वालिग भइसकेको देखिन्छ। अन्य राजकुमारहरूको जन्म कहिले कहिले भयो त्यति स्पष्ट छैन। तर, ने.सं. ८५५ तिर बृद्धिलक्ष्मीले वीरनर सिंहलाई जन्म दिएबाट विवाह भएको २३ वर्ष पछि मात्र आमा भएको देखिन्छ। बृद्धिलक्ष्मीले सन्तान जन्माउनु अगाडिसम्म भक्तपुरको राजनीति शान्त थियो। पछि भक्तपुर दरबारमा युवराज सम्बन्धी विवाद सिर्जना हुन पुग्यो। दरबारका मुख्य भारदारको सल्लाह बमोजिम चार वर्षको बालक वीरनरसिंह मल्ललाई युवराज बनाउन रणजित मल्ल बाध्य भएपछि पहिलो युवराज अजितसिंह र उनकी आमाले दरबारमा बिद्रोह गरेको देखिन्छ। आफ्नो छोरो युवराज भएको अवसरमा बृद्धिलक्ष्मीले ब्रम्हायणी द्यःछेँमा ने.सं. ८५९ मा एउटा अभिलेख राख्न लगाएको छ। जसमा रणजित



'ङेङापा इय:या दरबार' म्युजिक भिडियो विमोचन समारोह

मल्ल, बृद्धिलक्ष्मी र वीरनर सिंहको नाम उल्लेख छ ।

भक्तपुर दरबारमा विवाद बढ्दै जाने क्रममा जयलक्ष्मी पुनः आफ्नो छोरो अजितसिंह मल्ललाई नै युवराज बनाउन चाहन्थे भने अन्य रानीहरू पनि आ-आफ्नो छोरोलाई युवराज बनाउन चाहन्थे। चार वर्षे बालक छँदा नै युवराज घोषणा भइसकेका वीरनरसिंहको यो उपाधि बृद्धिलक्ष्मी कुनै पनि हालतमा गुमाउन चाहँदैनथे। यसरी ने.सं. ८५९/६० तिर भक्तपुर दरबारमा भएको राजकुमारहरूको विवादमा प्रत्यक्ष रूपमा पादरीहरूको संलग्नता थियो। जुन अप्रत्यक्ष रूपमा बृद्धिलक्ष्मीप्रति साथ थियो। यसमा तत्कालीन समयका एक प्रभावशाली टौमढीका अज्ञात पुरोहितको पनि साथ थियो। पछि वीरनरसिंहको अकस्मात मृत्यु वा हत्या पछि गोरखालीहरूलाई छिट्टै भक्तपुर आक्रमणको पत्र पनि उनै बृद्धिलक्ष्मीले लेखेका थिए। भक्तपुर राज्य जितिसकेपछि रणजित मल्ल, उनकी कान्छी रानी मनमयजु र कान्छो छोरा अवधुतसिंह काशीवास लागेको थियो। अन्य रानी तथा राजकुमारहरूबारे खुलस्त विवरण प्राप्त छैन। तर, गोरखाली आक्रमण पछि बृद्धिलक्ष्मी आफनै देश अर्थात् माइत फर्केको देखिन्छ। बेतिया पुगेकी बृद्धिलक्ष्मीले त्यहाँ रहेका पादरी दा रोभाटोसित भेट गरेको अवसरमा आफूले लगाएको सबै गरगहनासमेत गोरखालीहरूले लुटेको दुखेसो पोखेकी थिइन्। भक्तपुर राज्य जितिसकेपछि भक्तपुर दरबार, तलेजु, सातबहाले, कुटुबहा, बसन्तपुर दरबार, थन्थु दरबारलगायत राजपरिवारका सदस्यहरू सबैको सम्पत्ति जफत गरेको थियो। त्यसमा दातिम्ह रानी अर्थात् बृद्धिलक्ष्मीसित भएको गरगहनालगायत असङ्ख्य सम्पत्तिको विवरण सबैभन्दा लामो छ। यसबाट उनी साह्रै दुखी भई आफ्नो दुःख ब्यक्त गरेकी थिइन्। यतिमात्र होइन, तत्कालीन समयमा काठमाडौं उपत्यकामा क्रिश्चियन धर्म ग्रहण गरेका ५७ जना नेवारहरूलाई देश निकाला गरेको थियो। तिनीहरूलाई आश्रय त्यही बेतियाको चुहाडीमा दिइएको थियो। यसबाट पनि तत्कालीन बेतिया राज्यको भक्तपुरसित सम्बन्धलाई बृद्धिलक्ष्मी मार्फत यहाँ धर्म प्रचार नै हो भन्न सकिन्छ। तर, एउटा कुरा, यहाँ क्रिश्चियन धर्मका जासुस भएर आएका बृद्धिलक्ष्मी स्वयम् यहाँको नेपाल भाषा, धर्म संस्कृतिप्रति लगाव राख्न बाध्य भइन्। उनी स्वयम्ले लेखेको गीत, भजन, कविता नेपाल भाषाका एक उच्च कोटीको रचनामा पर्छ। विशेष गरी आफ्नो छोरालाई वैधानिक राजकुमार बनाउन आफ्नो लोग्ने राजा रणजित मल्ललाई सङ्केत गरी लेखिएको उनको कविताले तत्कालीन समयको राजनीति तथा परिवारिक अवस्था दर्साउँछ।

## बृद्धिलक्ष्मीको रचना

*भरियब, तलेजु बिहुने बरदान ॥*
*थम पिया सिमा सिसें लखया आधार बिसें*
*निदान लहिय जि माल ॥*
*बालकया मेव गति मदु सिसे पती भगवती*
*करुणान याव जि बिचाल ॥*
*धु ओ सा ओ हो ने गबे, दुख बिसे हल अथे*
*गरुडया ख्याल विया धाल*
*कोकिल कोख ओ ती भतु गिलखा व अति*
*उति धक थ्व जुगस जुल ॥*
*दुख हाङा हाङा परबत जिन ल्वहँ घनेङ मफुत*
*मदत विपतिया उधार ॥*
*कसे हल दयिबन बल कोतुङाव थन*
*चन्द्र मदु चा थे अन्धकाल ।*
*वन ज्या कसी धतुल पर उपहास जुल*
*गथे जित जुयओ उधाल*
*बृद्धीलक्ष्मी व ल्हाल साहेवया थास माल*
*तलेजुन याय प्रतिपाल ॥*

**अनुवाद**

हे भैरब हे तलेजु बरदान दिनुहोस्
आफूले रोपेको बोटविरुवालाई मलजल दिई
हेरविचार गरी मलाई प्रतिपाल गर्नुपर्‍यो ।
हे भगवती यस भक्त बालकलाई गति पनि
दिने अरू कोही छैन, बुझेर कृपा करुणा राख्नुपर्‍यो,
विचार गर्नुपर्‍यो
बाघ र गाई एकै ठाउँमा रहन सकिएला ?
यस्तै दुःख झमेलामा फसायो ।
आजकलको परिस्थिति नै यस्तो काग र कोइली
तथा उल्लु र सुगा बराबर मान्ने ।
पर्वत जस्तो गर्‍हौं दुःख म धान्न सक्दिन ।
यस विपतीबाट मुक्ति पाउने उपाय म केही देख्दिन ।
दैवले मलाई यसरी प्रहार गर्‍यो, म बलहीन भएँ ।
मेरो जीवन चन्द्रमा नउदाएको रातझैँ अन्धकार भयो ।
मेरो कामधन्दा बिग्रे, पर उपहासको पात्र भएँ म ।
मेरो उद्धार कसरी होला ? तलेजु भवानीले साहेव (राजकुमार) को प्रतिपाल गर्नुपर्‍यो भनी यो वृद्धिलक्ष्मी भन्छिन् ।

यस गीतबाट रानी बृद्धिलक्ष्मीले दरबारभित्रको तत्कालीन अवस्थालाई चित्रण गर्न खोजेकी छिन् । दरबारमा उठेको कचिङ्गल, आफ्ना विरोधीहरूको बढ्दो शक्ति, आफू एक्लै पर्दाका क्षणमा इष्टदेवता तलेजु, भैरवप्रति विन्तिभाव जगाई लेखिएको यस गीतले वृद्धिलक्ष्मीको मनमा उठेका तरङ्गहरू स्पष्टसँग देखाएको छ । यस गीतमा मातृत्व, आत्म-विवेचनात्मक उद्‌गार, पुत्रप्रतिको वात्सल्यता एवं दैवीभक्ति रसले भरिएको छ ।

यस्तै वृद्धिलक्ष्मीले लेखेको अर्को गीत पनि मार्मिक, सम्वेदनशील एवं महत्त्वपूर्ण छ । जुन यस प्रकारको छ –

*कलिस दनम दयिवन वील छाय खतिया चछिया रस मदु सुखमय*
*गरुड गओम्हासन मयात विवेक । घल (र) कलहन जुल अपमान अनेकन चितन नर (ल) मदु दयमती थेङ, चपस्वान भिङा ममल मचोङ*
*छलछाम मसयाव थम क्वथे लाक, जगतस दुत पदक रस प्वाक ?*
*झलिन पुक थें दुख कथन थे जाव, जमन हायाव चोङव तलेजु धकाव*
*तखत तोखता थव मुहस याव । थव दोख मेवयात चिलके दु आवङ*
*गध जुलोयो मन दाह दङाव, ढ (ध) तुली व चोल खोवी हाग्वस*
*खोयावण (न) कस मयाङा थम जतन मयाङा, तप फल पुसवस मछते छु याग*
*थओ पर सिय विपतिस नाङ हाओ, दया चाय सहनस विवेक याङाव ॥*
*धरम समान मदु मेव तव धन, नरहरि सिओम्हान थुल जुन ज्ञान ॥*
*पर उपचार याय सुजनया भाव, फस धुली थेङ जिओ आथेर सियाव ॥*
*बयरी स्वम्हान थओ भालपे मतेव, भरोसा वियाव विपरित याय येओ ॥*
*मते हरि अवलाओ लिखन याय छाय्, यक मन हास चोङछि छि नाम सहाय*
*रसस विरस जुओ करमया भोग, लख मदु चओ मुखुली विजोग ॥*
*वङ नेभार थे ङन शरिर धन्दान, शतुरिन केनकल कपटया चालान ॥*
*यओ खओ हित गुरु यन विधा तान, सतगजी जित गथे जुयाये निदान*
*हरि नेम्हा (नियम) तिओ दिन कुशल याङाओ, दाय मजुयक बालक सियाव*
*बृद्धि लक्ष्मीया धन साहेबया म्हाल क ख या म्वे, गुणीकन याहुने विचाल ।*

## अनुवाद

कलियुगान दैवले किन (मलाई) जन्म दियो ?
रस सुख भनेको क्षणभर पनि छैन।
गरुड चढ्ने भगवानले विवेक गरेन।
घर कलहले गर्दा अनेक अपमान भयो।
राजा नलसित विछोड भएकी दमयन्ती नै भए जस्तो लाग्यो,
सुवासित भएर चम्पा फूल फुलेर के गर्ने ?
भमराले वास्ता गर्दैन।
छलछाम गर्न नजानेर मेरो हात तल पऱ्यो।
मेरो दुःखले मलाई पगालेको तातो लाहाले झैँ असह्य पोल्यो
यमराजले लगे पनि हुन्छ भनी म तलेजुको नाम जप्दै रहें।
आफ्नो ठाउँ आफैले छोडेर, यस्तो हुँदैछ भने
आफ्नो दोष अरूमा म किन बिसाऊँ ?
मन चिन्ताले पोल्यो, अघिबाट आफूले केही जतन गरिएन।
पूर्व जुनीको पुण्य तप फलको हिसाब नभएपछि के गर्ने ?
आपत विपत्तमै आफन्त र पराई चिनिन्छ
विवेकपूर्वक दया गर्नु, धर्म समान ठूलो अरू केही छैन।
नरहरिलाई चिन्ने व्यक्ति नै ज्ञानी गुणी हुन्छ।
परोपकार गर्नु सुजनको भाव हो, हावा, धूलो र जीव अस्थिर हुन्छ।
भरोसा दिने जस्तो स्वाङ पारेर धोका दिन्छ, यी तीनै वैरीले
हे हरि पराईको चुक्ली सुनेर अवलालाई यसरी हैरान पार्नु हुँदैन।
हजुरको नाम सहाय एक मनले ध्यान गर्दछु।
तर कर्मको भोग उल्टो परेछ।
पानी नपाएकी चमेलीको मुना फक्रनै नपाई मुर्झाउन लागेको छ।
पीरले मेरो शरीरको कान्ति अस्ताउन लागेको घामझैँ मलिन भयो।
कपट व्यवहारले शत्रु लाग्यो म उपर
आफ्ना हितचिन्तकहरू जति दैवले हरेर लग्यो
मलाई जे गर्दा भलो हुन्छ गर्नुहोस् हे हरि १
हाम्रो जीउ र हक संरक्षण हुने गरी नियम पालना गरियोस्।
बालकको जीउ र हक नाश हुन नपाओस्
वृद्धि लक्ष्मीको पुत्र धन साहेबले यो क ख गीत रचना गऱ्यो
गुणीजनले विवेक विचार गरुन्।

## प्रेरणीय

# अमूल्य शिक्षा

एकपटक एक छोरीले पितासित आफ्नो जीवनमा दुःखैदुःख भएको गुनासो गरिन्। उनले भनिन्- हेर्नुस् न बाबा, एउटा दुःख जान्छ, अर्को आउँछ। म त यो दुःखसित लड्दालड्दा थाकिसकें। अब म के गरूँ, हजुर नै भन्नुहोस् त ?

उनका पिता भान्छेको काम गर्थे। उनले छोरीलाई आफू काम गर्ने स्थानको भान्छाघरमा लगे। उनले त्यहाँ तीनओटा चुलोमा फरक-फरक डेक्चीमा पानी बसाले। पानी तात्दै गएपछि उनले पहिलोमा केही अन्डा, दोस्रोमा केही आलु र तेस्रोमा कफीका केही दाना हाले।

छोरीचाहिँ बिनाकुनै प्रतिक्रिया ध्यानपूर्वक यो सब हेरिरहेकी थिइन्। १०-१५ मिनेटपछि पिताले आगो निभाए। उनले एउटा प्लेटमा अन्डा र अर्कोमा आलु राखे र कफीको दाना राखेको पानीचाहिँ एउटा कपमा राखे। अनि, छोरीलाई भने- ल हेर, अन्डा, आलु र कफी ! छोरीले हेर्दा पानीमा उसिनिएका कारण आलु नरम भएको थियो भने अन्डा भित्रैदेखि कडा भएको थियो। कफीका दाना पानीमा घुलेका थिए। त्यहाँबाट फरक रंग र मिठो बास्ना आइरहेको थियो।

पिताले प्रश्न गरे- यसबाट तिमीले के बुझ्यौ छोरी ? छोरीले जवाफ दिइन्- अहँ, मैले त यसबाट केही पनि बुझिनँ। तब पिताले नै उनलाई बुझाउँदै भने- हेर छोरी, यी तीनै प्रकारका वस्तुले समान कठिनाइ झेलेका थिए। भाँडा उस्तै थिए। पानी र आगोको राप पनि लगभग बराबर नै थियो। तैपनि, आ-आफ्नो स्वभावअनुसार आलु नरम भयो भने अन्डा भित्रैदेखि कडा भयो। कफीले सुवास दियो। तिम्रो जीवनमा पनि यस्ता प्रतिकूल परिस्थिति त आउँदै र जाँदै गर्छन् नै। तिमी आफैले नै निर्णय गर्नुपर्छ कि तिमी आलु, अन्डा र कफीका दाना के बन्ने हो ? छोरीले भनिन्, धन्यवाद बाबा ! आज हजुरले मलाई अमूल्य शिक्षा दिनुभयो।

# एसआरका दुई कविता

## नेमकिपा प्यालेस्टाइनको गीत किन गाउँछ ?

नेमकिपालाई स्वदेश मात्र दुखे पुग्ने
तर, किन विदेश धेरै दुख्छ हँ ?
यहाँ,
कसैलाई नदुखेको इराक, लिबिया किन नेमकिपालाई दुख्छ ?
हजारौँ माइल परको सिरिया किन यहाँ दुख्छ ?
कसैलाई नदुखेको क्युवाविरोधी नाकाबन्दी किन दुख्छ ?
कसैलाई नदुखेको उत्तर कोरिया किन दुख्छ ?
जानी जानी महाशक्तिसँग नेमकिपा किन जोरी खोज्छ ?!

भेरी कर्णाली मात्र दुखे पुग्ने,
भियतनाम किन दुख्छ ?
भेनेजुयला किन दुख्छ?
घरी घरी किन अफगानिस्तान, अफ्रिका दुख्छ ?
किन ल्याटिन अमेरिका दुख्छ ?

मधेस मात्र दुखे पुग्ने,
मध्यपूर्व किन दुख्छ ?
पहाड मात्र दुखे पुग्ने,
प्यालेस्टाइन किन दुख्छ ?
गण्डकी मात्र दुखे पुग्ने,
गाजापट्टी किन दुख्छ ?
घरी घरी किन युक्रेन, प्यालेस्टाइन दुख्छ ?

नेमकिपा नदुखेको टाउको किन कपाल लुछेर दुखाउँछ ?
आफैले आफ्नो निमित्त खतरा किन तेर्स्याउँदै हिँड्छ ?
दिउँसै बत्ती बालेर नेमकिपा शत्रु किन कमाउँछ ?
पिछलग्गू बन्न छोडेर अमेरिकाको,
प्यालेस्टाइनको गीत किन गाउँछ ?!

## शिशु संहार चल्दै छ प्यालिस्टिनमा !

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
सन्तुलित आहारको महत्त्वबारे पाठ पढिरहँदा
पोषणको मात्रा नापजाँच गरिरहँदा
गाजापट्टीका शिशुहरू, बालबालिकाहरू
भोकभोकै मर्दै छन्,
प्यासले छट्पटिँदै छन्।

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
पाठशालामा नाचगान, गीतसङ्गीत सिकिरहँदा
शारीरिक व्यायामको अभ्यास गरिरहँदा
गाजापट्टीका बालबालिकाहरू
रकेटको आवाजसँगै भागदौड गर्दै छन्
चिच्याहट, रोदन, क्रन्दनमा हराउँदै छन् !

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
रङ्गीविरङ्गी चित्र कोर्दै गर्दा
रङसँग खेलेर रङ्गीन बनिरहँदा
गाजापट्टीका शिशुहरू, बालबालिकाहरू
रगतमा लत्पतिँदै छन्
रगतको सागरमा डुब्दै छन् !

यतिखेर,
बाँकी संसारका बालबालिकाहरू
विज्ञानको चमत्कारबारे घोकिरहँदा
विज्ञानको सभ्यता विकासमा देन पढिरहँदा
गाजापट्टीका बालबालिकाहरू
बम हमलाबाट एक चिहान बन्दै छन्
भर्खरै मात्र भत्किएको घरले पुरिएर अन्तिम स्वास फेर्दै छन्

यतिखेर,
बाँकी संसारका बालबालिकाहरूका निमित्त
ठूला ठूला विद्यालय भवन निर्माण भइरहँदा
गाजापट्टीका बालबालिकाहरूका विद्यालय भवन
अमेरिकी बमले उडाइँदै छन्,
इजरायली बमले ध्वस्त पारिँदै छन् !

हो,
प्यालिस्टिनी बालबालिकाहरूको सपना
प्यालिस्टिनी बालबालिकाहरूको जपना
प्यालिस्टिनी बालबालिकाहरूको भविष्य
खरानी खरानी बनाइँदै छ !

हो,
यो सभ्य संसारमा
यो अत्याधुनिक समयमा
शिशु संहार चल्दै छ प्यालिस्टिनमा
बाल संहार चल्दै छ प्यालिस्टिनमा
बिऊ (जात) संहार चल्दै छ प्यालिस्टिनमा !

# मानव भूगोल : एक चर्चा



विष्णुभक्त राजचल

भूगोल भनेपछि अहिलेसम्म पनि प्राय:को धारणा पृथ्वीको स्वरूप, त्यसको उत्पत्ति पहाड, पर्वत, नदी खोला, समुद्र, जंगल, हावापानी, वनस्पति आदि बारे जानकारी दिने विषय भन्ने गर्छन्। तर, भूगोल, त्यतिमै सीमित छैन। भूगोल एउटा विस्तृत विज्ञान हो। यसको घनिष्ट सम्बन्ध भौतिक तथा सामाजिक वातावरण सबै विज्ञानसँग छ। त्यस्तै भूगोल मातृ विज्ञान पनि हो। भूगोल विषयको अध्ययन समयअनुसार परिवर्तन भइरहने गर्छ। अरू विषयहरूमा जस्तै भूगोलमा पनि अध्ययन क्षेत्र, अध्ययन विधि तथा अध्ययनमा प्रयोग गर्ने तरिकामा क्रान्तिकारी परिवर्तन आएको छ। त्यसैले भूगोल पनि एउटा सजीव, सक्रिय र प्रगतिशील विज्ञान हो। यस अन्तरगत पृथ्वी र त्यहाँ बसोवासगर्ने वासिन्दाको विषयमा पनि अध्ययन गरिन्छ। त्यसैले यसलाई सङ्क्षेप मा Science of the earth's surface and it's inhabitants भनेको हो।

आजकल भूगोलको अध्ययन विभिन्न तथ्यहरूको क्षेत्रीय पक्षसँग सम्बन्ध भएका समस्याहरूसँग गाँसिएका छन् जस्तै प्रादेशिक योजना, नगर योजना, क्षेत्रीय विकास योजना तथा अन्य पक्षहरू, प्राकृतिक साधनहरूको परिचालन तथा व्यवस्था र एकाइहरूका अवस्थिति एवं वितरण आदिमा भौगोलिक अध्ययनको महत्त्वपूर्ण स्थान रहँदै आएको छ। मानव पक्षको अध्ययन गर्नु पनि यसको निकै महत्त्वपूर्ण विषय हो। त्यसैले मानव पक्षलाई केन्द्र मानेर अध्ययन गर्ने विषय नै मानव भूगोल हो भन्न सकिन्छ।


मानिसले आफ्नो जीवनयापनको लागि प्राकृतिक वातावरणसँग जुनसुकै रूपमा भए पनि अनुकूलन गर्ने कोसिस गर्दछ। यस प्रक्रियामा मानिसको प्राकृतिक वातावरणलाई परिवर्तन गर्नुका साथै त्यसमा आश्रित साधनहरूलाई उपयोगमा पनि ल्याउँछ। तर पनि मानिसले प्रकृतिका सम्पूर्ण कुरालाई बदल्न सक्षम हुँदैन। जब वातावरणलाई परिवर्तन ल्याउन सक्दैन अनि उसले समायोजनको बाटोमा लाग्न बाध्य हुन्छ। त्यसकारण, मानिस र भौतिक वातावरणमा कार्यात्मक सम्बन्ध हुन्छ। यो सम्बन्ध कुनै एउटा अनिश्चित क्षेत्रमा मात्र नभएर जुनसुकै क्षेत्रमा पनि बढी सफल भएको पाइन्छ। यसै सन्दर्भमा 'कुनै प्रदेश वा क्षेत्रमा बसोवास गर्ने मानिस र त्यहाँका भौतिक तथा सांस्कृतिक वातावरण बीच हुने परिवर्तन वा समायोजनद्वारा उत्पन्न कार्यात्मक सम्बन्धको अध्ययन नै मानव भूगोल हो।' भन्न सकिन्छ। एक अमेरिकी भूगोलविद् कुमारी **ई.सी. सम्पल** (Ellen Churchill Semple (1863-1932) को भनाइ अनुसार 'मानव भूगोल क्रियाशील मानिस र अस्थिर पृथ्वीको परिवर्तनशील सम्बन्धको अध्ययन हो।'

मानव भूगोलका विषय क्षेत्र व्यापक छ। तर पनि यसको अध्ययनको केन्द्र भनेको मानव हो। अर्थात् सम्पूर्ण भौतिक तथा प्राकृतिक र सांस्कृतिक वातावरणको प्रभाव क्षेत्रको केन्द्रविन्दु नै मानिस हो।

भूगोलविद् **एल्सवर्थ हन्टिङ्गटन** (Ellsworth Hun-


E.C. Semple


Huntington


Herodotus


Ptolemy

tington (1876-1947) ले 'मानव भूगोलको मूल सिद्धान्त' पुस्तकमा भनेका छन् कि भौतिक तत्त्वहरू खाना, वस्त्र, आश्रय पशु आदिले मानिसमा निकै प्रभाव पार्दछ। ती भौतिक तत्त्वहरूलाई मानिसले आफ्नो इच्छा र चाहना अनुसार आफ्नो सेवाको लागि अनुकूल बनाएर प्रयोग गर्दछ। आफ्नो दिमाग, बुद्धि तथा विवेकद्वारा मानिसले परिस्थितिलाई नियन्त्रमा राखी सांस्कृतिक प्रगतिको रूपमा कार्यकुशलता देखाउँछ। खासगरेर यो मानव भूगोलमा विश्वको जनसङ्ख्या, जनसमुदाय, खेती, उद्योग, खानी, ग्रामिण तथा सहरी बस्ती, यातायात र सञ्चार आदिको अध्ययन हुन्छ।

मानव भूगोलको शुरुआत अर्थात् यसको उत्पत्ति मानव सभ्यतासँग गाँसिएको छ। समयअनुसार यस विषयको दिशाबोध हुँदै आमूल परिवर्तन भएर आएको पाइन्छ। इसाभन्दा धेरै शताब्दी पहिलेको समयलाई मानव भूगोलको प्रारम्भ मानिएको छ जब मानिसमा वातावरणको प्रभावलाई अभिव्यक्त गरियो। त्यसबेला देखि यसलाई स्थान दिइएको थियो।

भूगोल विषयलाई एउटा विज्ञान बनाउन यूनानका विद्वानहरू प्रसिद्ध छन्। जसरी गणित भूगोलको विकासमा Thales, Anaximander, Aristotle, Eratosthenes आदिले प्रमुख भूमिका निभाए भने प्राकृतिक भूगोलको विकासमा Polybius, Posidonius र Theophrastus आदिले योगदान गरे। Hirodotus (484-425 BC) ले घुमक्कड जनजाति तथा स्थायी कृषक जातिको जीवनमा र Ptolemy (Claudius Ptolemy 100-170 AD) ले सामान्य भूगोल र मानचित्र कलामा आफ्नो कलम चलाएका थिए। रोमन विद्वान Strabo (64 or 63 BC-24 AD) ले भौगोलिक ज्ञान वृद्धिमा महत्त्वपूर्ण योगदान दिएका छन्।

सन् १४९२ देखि १५२३ ई. को समय सम्म महत्त्वपूर्ण अन्वेषणको युग थियो। जर्मन लेखक Philipp Cluever (1580-1622) ले विश्वको भूगोलको परिचय लेखे। सन् १६५० मा Bernhardus Varenius (1622-1650) ले सामान्य भूगोल लेखे। यस्तै अठारौँ शताब्दीमा Monterquiu र Herder ले मानिसमा प्रकृतिको प्रभाव बारे अध्ययन प्रस्तुत गरे। Hommeyer ले प्रदेशलाई प्राकृतिक भूखण्डमा विभक्त गरे। Immanuel Kant (1724-1804) ले पनि आफ्नो विचार मानव भूगोल विषयमा प्रस्तुत गरे। सन् १७८५ मा James Hutton (1726-1797) ले Theory of the earth को प्रकाशन गरे र त्यसपछि John Playfair (1748-1819) को अध्ययनबाट भौतिक भूगोलको विकासमा ठूलो आधार सृजना गऱ्यो। सन् १८५९ मा Charles Robert Darwin (1809-1882) को Origin of Species को प्रकाशनबाट वैज्ञानिक अध्ययनमा नयाँ मोड आयो।

मानव भूगोलको विकासमा जर्मनीका वैज्ञानिकहरू Friedrich Wilhelm Heinrich Alexander von Humboldt (1769-1859), Carl Ritter (1779–1859), Friedrich Ratzel (1844-1904) को योगदान निकै महत्त्वपूर्ण छ। Ritter को विचार थियो कि पृथ्वी र त्यहाँका निवासीका बीच सबै भन्दा बढी सम्बन्ध रहेको हुन्छ र एउटाको अभावमा अर्काको सही वर्णन हुन सक्दैन। जमीनको स्वरूपको प्रभाव त्यहाँका निवासीमा परेको हुन्छ भने निवासीहरूको प्रभाव जमीनमा। मानव भूगोलमा Ratzel को पनि निकै ठूलो देन छ। उनको Anthropogeography को पहिलो भाग क्रमबद्ध मानव भूगोलको आधारशिला हुन्। उनले त्यस किताबमा मानिससँग सम्बन्ध भएका पृथ्वीको सतहमा रहेका सबै पक्षहरूलाई क्रमबद्ध तरिकाले निर्धारण गरे। उनको यस किताबमा प्राकृतिक वातावरणको प्रभावलाई बिर्सेनन् र प्राकृतिक तत्त्वहरूले मानिसको वातावरणमा के कस्तो प्रभाव परेको छ सो स्पष्टरूपले ब्याख्या गरेका छन्।

फ्रान्सीसी विद्वान Paul Vidal de La Blache (1845-


Cluever


Varenius


Hutton


Playfair

1918) ले मानव भूगोलको सिद्धान्तमा भौगोलिक एकता र वातावरणको महत्त्व तथा वातावरणमा मानिसले गरेका क्रियाकलापहरूको विश्लेषण गरेका छन् । उनले 'मानव भूगोलको सिद्धान्त' नामको ग्रन्थ पनि लेखेका छन् ।

यस्तै अर्को फ्रान्सीसी विद्वान् एवं भूगोलविद् Jean Brunhes (1869-1930) को पनि मानव भूगोलको विकासमा ठूलो योगदान रहेको छ । उनलाई मानव भूगोलको दोश्रो प्रख्यात लेखक मानिन्छ । ब्रुनहेसको पुस्तकमा मानव भूगोलमा घरका प्रकार, गाउँ र सहरको स्थिति, तिनको आकृति र विकासको वर्णन तथा संसारको परिवर्तित रूपलाई उल्लेख गरेका छन् । यसमा मानिसद्वारा वनस्पति र जीवजन्तुमा गरेको विजय तथा कृषिका विभिन्न तरिकाको पनि वर्णन पाइन्छ ।

स्कटल्याण्डका Percy Maude Roxby (1880-1947) भूगोलवेत्ता र इतिहासकार मानिन्छ । उनले मानव भूगोलमा जातिगत, सामाजिक, आर्थिक र राजनैतिक भूगोल समावेश गरेर अध्ययन गर्नुपर्ने बताएका छन् । उनको विचारअनुसार कुनै प्राकृतिक प्रदेशमा बस्ने मानिसका क्रियाकलापहरूमा जस्तो खालको प्रभाव पाइन्छ, तिनमा मानवीय विकास पनि मिल्दा जुल्दा हुन्छन् ।

अमेरिकी भूगोल शास्त्री Isaiah Bowman (1878-1950) को पनि मानव भूगोलको विकासमा योगदान उल्लेखनीय छ ।

मानव भूगोलको अध्ययनमा केन्द्रविन्दु मानिस हो । मानिसले भौगोलिक अध्ययन गर्दा विभिन्न प्राकृतिक र सांस्कृतिक तत्त्वहरूको अन्तरकृया तथा प्रकृयाहरूको अनुभव हुन्छ । मानव र वातावरण बीचको अन्तरसम्बन्ध एवं कृयाशिलता अध्ययन गर्दा प्रत्येक तत्त्वको परिवर्तनशील स्वभाव र विभिन्न तत्त्वहरूबीच कायम भएको अन्तरसम्बन्धलाई मूलभूत आधारको रूपमा लिन आवश्यक छ । अतः मानव भूगोलको अन्य सामाजिक शास्त्रहरू जस्तै अर्थशास्त्र, राजनीतिक शास्त्र, मानव शास्त्र, सैनिक शास्त्र आदिसँग पारस्परिक सम्बन्ध रहेका छन् ।

मानव भूगोलको विकासमा आधारशिलाको रूपमा रहेका महत्त्वपूर्ण अध्ययनहरू निम्न प्रकारका छन् :

१) पार्थिव एकताको सिद्धान्त (The Principle of Terrestrial Unity) –


यस सिद्धान्तअनुसार सबै भौगोलिक तथा चेतन तत्त्वहरू एक अर्कासँग सम्बन्धित छन् । भूगोलविद् **डि ला ब्लाचे**को विचारअनुसार सबै भौगालिक प्रकृया सम्बन्धी मूलभूत दृष्टिकोण पार्थिव एकता हो । सम्पूर्ण पृथ्वी एक हो र त्यसको विभिन्न भाग एक अर्कासँग गाँसिएका छन् । यस्तै जलवायु सम्बन्धी विज्ञानले ब्रम्हाण्ड सम्बन्धी ज्ञान प्राप्त गरेर यो विचारलाई पुष्टि गरे । आजभोली यही तथ्यलाई प्रत्यक्ष अनुभवको विषयको रूपमा लिएको छ ।

२) क्रियाशीलताको सिद्धान्त (The Principal of Evolution and Activity) –

परिवर्तन प्रकृतिको नियम हो । पृथ्वीमा भएका सबै भौतिक तथा सांस्कृतिक तत्त्वहरूका रूप, अवस्था, स्थिति सबै क्रियाशील भएर बदलिरहन्छ । क्षयिकरणले वस्तुहरू नष्टभइरहेका हुन्छन् भने कहीं सङ्ग्रहित भएर नयाँ नयाँ स्वरूपहरू निर्माण भइरहेका हुन्छन् । **जे ब्रुनहेस**को भनाइअनुसार हाम्रो वरपर रहेका प्रत्येक तत्त्व परिवर्तन भइरहेका हुन्छन् र कुनै पनि गतिहीन वा अपरिवर्तन अवस्थामा छैनन् ।

३) सक्षमताको सिद्धान्त (The Principle of Efficiency) –

मानिस एक सक्रिय प्राणी हो । मानिस विभिन्न ➲



Darwin



Ritter



Ratzel



Blache



# समालोचनाया सिद्धान्त



## (समालोचनाया सिद्धान्त-२३)

– प्रो. माणिकलाल श्रेष्ठ

### क्रोचे : रिचार्ड्स् : इलिएट

साहित्य कलाया सिर्जना व समालोचना नितायस्‌ थ्व हे छगु प्रवाह दु धका धाये मछिंगु युग नीगूगु शताब्दी खः। थ्व शताब्दीइ आपालं समालोचनात्मक विचार-प्रवाह व समालोचकपिं पिहाँ बल, छगू व मेगुया, छम्ह व मेम्हसिया विचार पा।

थ्व शताब्दीया शुरुइ दकले नां जाम्ह समालोचक इटालीयाम्ह **बेनेदित्तो क्रोचे** (Benedetto Croce



बेनेदित्तो क्रोच

1866-1952) खः। क्रोचेया साहित्य कला सिद्धान्तयात अभिव्यक्तिवाद (एक्सप्रेशनिज्म्) धका नं धा। क्रोचेया समालोचना सिद्धान्त ‘कला छु ?’ धयागु विचारे आधारित खः। क्रोचेयाकथं ‘फुक्क कला छगू अभिव्यक्ति खः, सहज अनुभूति (अर्थात काचाक्क अःपुक मने वइगु भावना) या अभिव्यक्ति खः।’ लेखकं प्रकृतिया वा जीवनया वा छुं कार्यया अनुकरण याइगु मखु, छुं बस्तु खनीबेले कविया मने वइगु सहज अनुभूति प्वंकेगु जक खः, मने वोगु भावना प्वंकेगु हे कला खः धयागु विचार क्रोचेया। अथे जुगुलिं समालोचना धयागु नं छुं कृतिया पारख यायेगु जुइमा, तर क्रोचेया विचारं पारख यायेगु धयागु कलाकृति थःके हे हाकनं पिकायेगु। समालोचना यायेगु बा पारख यायेगु ज्या लेखकं सिर्जना याइगु थें हे खः, कलाकारं थःगु भावना अभिव्यक्ति यायेत सनी, अनेक लँपु ज्वना लोगु माध्यम लुइव शब्दं, रङ्गं थःगु खँ प्वंकी, अथे हे समालोचकं नं थःगु हे माध्यम ज्वना व कृति थःम्हं हाकनं सिर्जना याइ धयागु क्रोचेया व्याख्या खः। थुकथं क्रोचेया विचारकथं लेखकं सिर्जना याइ (सिर्जना धयागु हे अभिव्यक्ति), समालोचकं व हे कृति हाकनं सिर्जना याइ। थथे कृति हाकनं अभिव्यक्ति यायेत ऐतिहासिक अनुसन्धान मा, अले कृतिया रस कायेत मदिक्क अभ्यास यायेमा। ‘धाथेंया समालोचना यायेत’

---


➲ वातावरणमा जन्मेका र हुर्केका हुन्छन् र निर्वाह गरिरहेका हुन्छन्। ऊ विवेकशील र चेतनशील प्राणी पनि हो। विभिन्न वातावरणमा आफूले सामना गर्नुपरेका समस्यासित ऊ परिचित हुन्छ। वातावरण अनुसार सही रूपले समन्वय कायम गरी सक्षम तरिकाले आफ्नो आवश्यकताहरू प्राप्त गर्न सफल हुन्छ। यस अवधारणालाई सक्षमताको सिद्धान्त भन्दछन्।

## शारांश

भौतिक तथा सांस्कृतिक वातावरण र मानवबीच समन्वयन भई स्थानीय स्तरमा हुने परिवर्तित अवस्थाबारे जानकारी दिने विषयलाई मानव भूगोल भनिन्छ। मानव भूगोलको विषय क्षेत्र व्यापक रहेको छ तापनि यसको मुख्य अध्ययन केन्द्र मानिस हो। मानव भूगोल भूगोलको सुरुवाट मानव सभ्यतासँग गाँसिएको छ। यसको विकासका लागि विभिन्न देश र समुदायका विभिन्न विद्वान भूगर्भविद्हरूले महत्त्वपूर्ण योगदान दिएका छन्। यसको विकासमा सैद्धान्तिक आधारशिला भनेकै पृथ्वी र परिवर्तनशील रूप तथा मानव क्षमता हो भन्न सकिन्छ।



Brunhes




Roxby

लेखकयाके सिर्जना याबेले दुगु उद्‌बोधक व मनोवैज्ञानिक स्थिति हाकनं हयेमा। तर कलायात ‘अभिव्यक्ति’ व समालोचनायात ‘हाकनं अभिव्यक्ति’ धायेगुया मतलब समालोचकयात खालि छुं साहित्य-कला-कृतिया रस काइम्ह विशेषज्ञ धायेगु जक जुल, कलां छुं छता खँ भाव-सञ्चार याइ छुं बांलागु खँ कनी धयागु खँ क्रोचें वास्ता मतः, ‘क्रोचें भाव सञ्चारया खँ लोमंकल, सौन्दर्य नं लोमंकल’ (स्कट जेम्स्) ।

क्रोचेया कथं ला लेखक कलाकारं थःगु सहज अनुभूति जक वास्ता तइगु जुल, थःगु खँ प्वंकेव सिधल धयागु सिद्धान्त क्रोचें कागुलिं लेखकं थःगु अनुभूति विश्वयात सञ्चार यायेमा, थःगु खँ करपिंसं काये फयेक कनेमा धयागु खँ क्रोचें तोफिकल। थुकथं क्रोचेया विचारे नं कलाया उद्देश्य समाज वा जीवनया निंतिं छुं मंत, कला खालि ‘कलाया हे निंतिं’ धाइपिं सौन्दर्यवादी, रूपवादीपिं लिसे सत्तिक क्रोचे ला।

x x x



आई. ए. रिचार्डस्

मनोविज्ञानया विकास जूगुलिं मनूयात वैज्ञानिक ढङ्गं वाला स्वयेगु चलन वोगु नीगूगु शताब्दीया युगे साहित्यया समालोचनाय् मनोविज्ञानयात छ्यलेगु प्रवाह हःम्ह समालोचक आई. ए. रिचार्डस् (Ivor Armstrong Richards 1893-1979) खः। थ्व सफुली नं च्वय् वंगु आपालं अध्याये थाय् थासे आई. ए. रिचार्डस्या विचार यक्को उल्लेख जुइ धुंकूगु दु। झीगु दुनेया भावना व बस्तुगत तथ्यया स्वभावया स्वापू म्वायेकं क्यनेगु बानी समालोचनय् हये मजिउ धका रिचार्डस् जोड बिल। ‘भाषाया निगू ज्या’ दु धका वं भेद क्यना बिउगु दु। छुं छता खँ धायेबेले छुं उल्लेख यायेगु ज्या जू, थ्व जुल भाषाया वैज्ञानिक प्रयोग। तर झीगु भावुकता (भावना) व प्रवृत्तिइ छुं प्रभाव लाकेगु ज्या नं भाषां या ... थ्व भाषाया भावनात्मक प्रयोग खः। विज्ञानं छुं खँ कनी, तर कवितां छुं कनीगु विज्ञान नाप पा, कवितां अथे छुं खँ संकेत याइगु मखु, भावनात्मक प्रभाव लाकीगु खः। रिचार्डसं **‘साहित्यिक समालोचनाया सिद्धान्त’** धयागु सफुली च्वया तःगु दु –

‘प्रवृत्ति ‘इम्पल्स्’ संगठित यायेगु निगू तरिका दु- एक्स्क्लुसन् (वा छुं खँ दुमथ्याकेगु) व इन्क्लुसन् (दुथ्याकेगु), सिन्थेसिस (अर्थात स्वायेगु) व इलिमिनेशन (लिकायेगु)। आपालं कविता व कलाय् छगू निश्चित उद्वेग (शोक, लय्‌ता, गौरव आदि) बा छगू निश्चित प्रवृत्ति (प्रेम, रोष, प्रशंसा, आशा आदि) बा छगु विशेष मनस्थिति (उदास, आशा, इच्छा आदि) दुगु विशेष व सीमित अनुभवया व्यवस्थित विकासं जाया च्वनी।’

अले रिचार्डस् क्यन कविता निगू प्रकारयागु दु- सीमित व ‘एक्स्क्लुसिव (अर्थात कवितां ज्वंगु विषय छगू तोता मेगु छुं मथिइगु) प्रेरणायागु कविता व व्यापक प्रेरणाया कविता। थ्व निगू प्रकारया कविताय् विषय पागु मखु अनुभूतिया प्रेरक प्रवृत्ति पागु खः। न्हापांया कविता अस्थिर जुइ। थन स्पष्ट खने दु रिचार्डस् कविताय् भेद क्यनीगु व्यापक व सीमित धका अनुभूतिया भेद। अले रिचार्डस्या विचारकथं बांला धयागु गुण दुगु फुक्क अनुभूतिइ छता मंका तत्त्व दु व खः ‘सिनाएथेसिस’ – अर्थात झीगु प्रवृत्तिया सामञ्जस्य व सन्तुलन। न्ह्यागु अनुभूतिं नं झीगु मने यक्को प्रवृत्ति थना संका बिइ, अथेसां बांलाया अनुभूति वइबेले छगू विशेष प्रकारं प्रवृत्ति संगठित जुइ, थ्व ‘सिनाएथेसिस’ (संयोजन) खः, परस्पर अःखःगु प्रवृत्तिया द्वन्द थुकिं पना बिइ, प्रवृत्तियात हुया छ्वया मखु, क्वत्यला मखु, बरु झन प्रवृत्तियात कुला थना बिया। परस्पर अःखःगु प्रवृत्ति फुक्क सना ल्वाकज्याना सामञ्जस्य वइबेले पूरा हे शान्त व मसनीगु स्थिति वइ, निखें उत्तिकं हे धः तयेबेले ताल्जु छतिं मसंसे सुंक च्वनीथें शान्त स्थिति वइ, सौन्दर्यया अनुभूति हे थ्व खः *(रिचार्डसं त्रासदीया ‘क्याथार्सिस (विरेचन)’ यात नं थुकथं हे व्याख्या यागु दु। दया व भय निगू अःखःगु आवेग, व विपरीत प्रवृत्तिया सन्तुलनं सौन्दर्य हइगु जूगुलिं त्रासदीइ दुःख दुसां नं आनन्द बिइ फु। अध्याय १३ या दकले क्वय्‌या पाय्‌रा स्वया दिसँ।)* थथे मनोवैज्ञानिक विश्लेषण याना रिचार्डस थ्वजोगु निस्कर्षे थ्यन कि कविता ला कविया मने वइगु छगू मनोवैज्ञानिक सन्तुलन खः, स्थिर शान्त स्थिति खः, अले उकियात पाठकपिनि मने न्ह्याका बिइगु छगू बाहन कविता खः। भिंगुंगूगु शताब्दीया रूपवादीतसें थें रिचार्डस् ‘कला कलाया निंतिं’ धका मधा। अथेसां रिचार्डस् कविताया विषययात वास्ता मतसें अनुभूतिया रूप व मनोवैज्ञानिक सन्तुलनयात जक महत्त्व बिउगुलिं सार स्वयेबेले रिचार्डस्या सिद्धान्त नं सौन्दर्यवादी हे

खः, बरु थुकी कलाया उजोगु मूल्ये जक जोड बिउगु दु, गुगु मनोवैज्ञानिक दृष्टिं स्वयेबेले भ्मीसं जीवने छ्यले फु। रिचार्डस् धाथें कविता छगू अनुभूति हे जक खःसा, गुगु अनुभूतियात कविता धायेगु ? (१) छुं बस्तु वा दृश्य खनीबेले कवियाके वइगु थःगु अनुभव, (२) कविं च्वया तःगु कविता ब्वनीवेले योग्य पाठकयाके धाथें वोगु अनुभव, (३) आदर्श बा योग्य पाठकयाके वयेफुगु सम्भावित अनुभव (४) भ्मीगु थःगु धाथेंया अनुभव। भाव छगु मनं मेगु मने न्ह्याकेबेले छुं त्रुटि मदयेक पूरा न्ह्याके फइ मखु। अथे जूगुलिं च्वय् न्ह्यथनागु प्यंगू अनुभव छगू व मेगु पाइ। अले गुगु अनुभवयात कविता धायेगु ? थुकिया लिसः रिचार्डस् थुकथं बिउगु दु – 'गुगुं छगू अनुभवयात जक कविता धाये मजिउ। अपो ह्मो थ्व फुक्क अनुभवयात कविता धायेमा।'

x x x



टी. एस्. इलिएट

समालोचना-साहित्यं रोमान्टिकवाद, प्रभाववाद व भाववाद फुक्कया विरोधे दना वोम्ह नीगूगु शताब्दीया समालोचक बिलायतया **टी. एस्. इलिएट** (Thomas Stearns Eliot 1888-1965) खः। छुं कृति ब्वनेबेले थम्हं गथे ताल व हे कनेगु समालोचना खः धाइगु विचार प्रभाववादीयात इलिएटं 'समालोचना मखु, थःगु छगू निगू मत जक कनेगु ज्या' धका धया तल। भाववादी समालोचकपिंत नं 'दार्शनिक व ऐतिहासिक तत्त्व जक माला भावनायात तोतीपिं' धका इलिएटं खिनातःगु दु। इलिएटया विचारकथं एरिस्टोटल धाथेंया समालोचक खः, छाय् धासां छुं कृतिया समालोचना याइबेले एरिस्टोलयाके व कृतिं थना बिउगु उद्वेग जक दु, मेगु छुं भावना मदु।

कविताबारे इलिएटं धागु दु – कविता 'शान्त मनस्थितिइ हाकनं लुमंकातःगु आवेग' मखु, 'जीवनया समालोचना नं' मखु। कविताय् छुं व्यक्तिगत तत्त्व मदु धयागु विचार इलिएटया। 'कविता भावया उन्मोचन मखु, भावं बिसिउँ वनेत सनेगु खः, कविता व्यक्तित्वया अभिव्यक्ति मखु, व्यक्तित्वं बिसिउँ वनेगु खः' *(दि सेक्रेड् वूड- टी. एस. इलिएट्)*। 'कवि कलाकारं मदिक्क आत्म-बलिदान यायेगु व्यक्तित्व हुया छ्वयेगु ज्या मदिक्क यायेगु हे कलाया प्रगति खः' *(परम्परा व व्यक्तिगत प्रतिभा (ट्राडिशन् आय्‌ण्ड् इण्डिभिडुअल टेलेन्ट- टी. एस. इलिएट्)*। रसायन शास्त्रया उदाहरण बिया इलिएटं कन – प्लाटिनमया तार नाप $So_2$ (सल्फर डायोक्साइड) व $O_2$ (अक्सिजन) ल्वाकछ्यायेबेले व निता स्वाना $H_2So_4$ (सल्फ्युरिक एसिड) जुइ, थुकी ल्वाकज्याइगु $So_2$ व $O_2$ जक खः, अथेसां थ्व ज्याया माध्यम प्लाटिनम खः, अथे हे कवि माध्यम जक खः, मेमेगु पिने च्वंगु पदार्थया क्रिया प्रक्रिया कविया मने जुया कविता पिहाँ वइ। विभिन्न अनुभूति ल्वाकज्यान्ना कविता जुया पिहाँ वयेकीगु माध्यम जक कवि खः। बरु कविं अभिव्यक्तिया निंति न्हू न्हूगु उद्वेग माला जुइ मा खः। अथे जूगुलिं कविता छुं खँ हाकनं लुमंकेगु मखु, चिन्तन जक खः, व चिन्तन नं चायेक याइगु मखु *(इलिएटं थथे धया तःगु वर्ड्स्वर्थया कविता सिद्धान्तया आलोचना यागु खः)*। इलिएटया कथं समालोचना धयागु 'छु कला, कृतिया व्याख्या जक खः, भ्मीगु रूचिइ सुधार यायेगु खः।'

समालोचना व सिर्जनाया स्वापू क्यना इलिएटं धया तःगु दु – सिर्जना यायेगु ज्याय् आपा समालोचनात्मक कुतः दु। सिर्जनायात समालोचना मा, तर समालोचनाय् सिर्जना दुमथ्या। 'सिर्जनात्मक समालोचना धयागु द हे मदु।' छम्ह समालोचकयाके तथ्य स्वयेगु प्रवृत्ति मा, तर समालोचक तथ्यया च्यो जुया छ्वये मजिउ। तथ्यं थःत मचिकुसे थम्हं तथ्य छ्यलेमा।

कविता आत्म-अभिव्यक्ति मखु, अथे जूगुलिं कविं 'छु मदुथासं कल्पना याना सिर्जना याइगु मखु' धयागु क्यना इलिएटं धाल – 'च्वयेगु प्रेरणा हे न्हापाया साहित्यया अनुभूतिं पिकाइगु खः, अले अभिव्यक्ति याइबेले काव्य-संस्कार व परम्पराया प्रभाव लाइ।' इलिएटया 'परम्परा' चिकिब्यागु लिकुना च्वंगु अर्थे मखु गतिशील परम्परा खः। इलिएटया कथं कविता सिर्जना यायेगु शक्ति हे पुलांगु साहित्य बा पिदने धुंकूगु साहित्यं वइगु खः। **होमर**या इलं निसें थौंतकया विशाल साहित्य-धुकू व मदिक्क न्ह्याना च्वंगु प्रवाह ज्वना कविया जन्म जुइ, थ्व संस्कार व परम्परां कवि पिकाइ। 'कविता छगू क्षणया व हानं जीवन भरया स्थायी अनुभूति नं खः'। कविताया उद्देश्य 'जीवने छगू व्यवस्था कायम याना व्यवस्थित स्थितिया छपुलु खंकेगु ख।'

(कथहं)

**लघुकथा**

# क्रान्तिकारी भावना

– आर. दिरती

पार्टीका एक कार्यकर्ता प्रकाशले जुलुस जानको लागि टोलमा खबर गर्दै थियो। खबर गर्दै जाँदा पाटीमा केही युवा/विद्यार्थीहरू बसिरहेको ठाउँमा गएर उसले तिनीहरूलाई पनि 'भोलि रत्नपार्कबाट सुरु हुने जुलुसमा आउ है भाइहरू' भने ।

त्यहाँ पाटीमा बसिरहेका मध्ये एकजना विद्यार्थीले 'के को जुलुस जाने हो दाइ ?' भनी सोध्यो।

प्रकाशले 'इजरायलले प्यालेस्टाइन क्षेत्र अतिक्रमण गर्दै सम्पूर्ण प्यालेस्टिनी भूमि कब्जा गर्ने उद्देश्यले रातदिन बमबारी गर्दै हजारौँ प्यालेस्टाइनीहरूलाई नरसंहार गरिरहेको विरोधमा जुलुस जाने' भने।

लगतै एकजना युवाले 'यो विदेशको कुरामा हामीहरूलाई के को चासो ?' भन्यो।

प्रकाशले 'हैन भाइ, हामी जस्तो युवा/विद्यार्थीहरूले यस्तो कुरा भन्न सुहाउँदैन। हामीहरूले त कुनै पनि बलियो देशले कुनै कमजोर देशलाई थिचोमिचो र अन्याय अत्याचार गरेमा त्यसको विरोध गर्नै पर्छ। भोलि हाम्रो देशमा पनि कुनै ठूलो देशले त्यही ढङ्गबाट अतिक्रमण र आक्रमण गऱ्यो भने के हामी नेपालीहरूले मात्र प्रतिकार गर्न सक्छौँ होला र ? हामीलाई अरू देशहरूको समर्थन र सहयोग आवश्यक हुँदैन होला र ? यही भएर हामी त्यसको विरोधमा जुलुस जानु पर्छ।' भने।

त्यसपछि अर्को एकजना विद्यार्थीले 'हामीले यहाँ विरोध गरेर इजरायलले प्यालेस्टाइन माथि आक्रमण रोक्ला त दाइ ?' भनी सोध्यो।

प्रकाशले 'हामीजस्तै धेरै देशका जनताले विरोध गर्दा आक्रमणकारीमाथि दबाब पुग्न जान्छ र प्यालेस्टाइनी जनताहरू प्रति साथ र सहयोग हुन जान्छ' भने।

अर्को एकजना विद्यार्थीले 'कसरी दाइ ? भनी जिज्ञासा राख्यो।

प्रकाशले 'हामी नेपाली जनता बढीभन्दा बढी जुलुसमा सहभागी भई विरोध गरेको खण्डमा विभिन्न स१चार माध्यमबाट विभिन्न देशमा त्यस विषयमा समाचार पुग्ने छ। त्यस सम्बन्धी अरु देशहरूको पनि ध्यान केन्द्रित भई ती देशहरूले पनि आ–आफ्नो धारणा राखी इजरायलमाथि अन्तर्राष्ट्रिय दबाब दिए पछि प्यालेस्टाइनमा इजरायली फासीवादी बर्बरता अन्त्य हुनेछ' भने।

कुराकानी गर्दागर्दै प्रकाशको मोबाइलको घण्टी बज्छ र प्रकाशले 'ल, भाइहरू यो पर्चा पनि पढ र भोलि समयमै जुलुसमा आउ। अरूलाई पनि खबर गर्नु छ। म अहिले हिंडे है। बाँकी धेरै भोलिको विरोध सभामा थाहा पाउन पनि आउनु पर्छ है' भन्दै आफ्नो बाटो लाग्यो।

प्रकाशको कुरा त्यहीं पाटीको कुनामा बसिरहेका करिब ७५/७६ वर्षका अशक्त देखिने वृद्ध व्यक्तिले पनि ध्यान पूर्वक सुनिरहेको थियो। पर्चा पनि राम्ररी पढ्यो। भोलिपल्ट जुलुस सुरु भयो। सडकमा युवा, विद्यार्थी, महिला, मजदुर र किसानलगायत हजारौँ जनता ओर्लिए। उक्त जुलुसमा त्यस वृद्ध व्यक्ति पनि एकदमै जोसिएर प्यालेस्टाइनमा इजरायली फासीवादी बर्बरता अन्त्य गर, अन्त्य गर भनी नारा घन्काइ रहेको देखें।

यस्तो उमेरमा पनि त्यस वृद्ध व्यक्तिको जोसिलो र क्रान्तिकारी भावना देखेर मैले उहाँलाई हृदयदेखि नै नमन गरें। क्रान्तिकारी भावना उमेरले नभई विचारले हुने रहेछ भन्ने पाठ सिकियो।

## सम्झनाको लागि




सन् १९७२मा बागमती र मनोहरा नदीको संगम शंखमुल क्षेत्र




सन २०२२मा शंखमुल क्षेत्र

बागमती र मनोहरा नदीको संगम शंखमुल क्षेत्र सन् १९७२ (माथि) र २०२२ मा। चित्र : इन्टरनेट

# तस्बिरमा योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा




















































*"Creation of predecessors - Our art and culture"*




भक्तपुर नगरपालिका













## भक्तपुर नपाको ७४ औं स्थापना दिवस

# 'पुरानै शैलीमा शासन गर्न खोजेमा सङ्घीयता असफल हुने खतरा'




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको ७४ औं स्थापना दिवसको अवसरमा पुस २ गते नगरपालिकाको सभाकक्षमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले जनप्रतिनिधि र कर्मचारीहरू आफ्नो काम, कर्तव्य र अधिकारबारे प्रष्ट हुनुपर्ने बताउनुहुँदै कर्मचारीहरू राजनीतिक रूपमा सचेत र सङ्गठित हुन जरुरी रहेको बताउनुभयो ।

प्रदेश सरकार प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा जनतामा निराशा छाएको बताउनुहुँदै उहाँले प्रदेशका मुख्यमन्त्रीहरू जनताको समस्या सम्बोधन गर्नुभन्दा पनि ठूल्ठूला भवनहरू निर्माणमा आफ्नो समय खर्चिरहेको बताउनुभयो ।

शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माणलगायत नयाँ नयाँ विषयमा भक्तपुरलाई 'टेष्ट ट्युब'को रूपमा विकास गर्न सके देशलाई नै फाइदा पुग्ने बताउनुहुँदै उहाँले नेपालमा सङ्घीयताको सफल कार्यान्वयन हुन नसक्दा र स्वायत्तताको दुरुपयोग हुँदा देश विखण्डित हुने खतरा बढिरहेको बताउनुभयो ।

सांस्कृतिक नगर बनाउने विषयमा छलफल आवश्यक भएको बताउनुहुँदै उहाँले देशका शासकहरूले पुरानै शैलीमा शासन गर्न खोजेमा सङ्घीयता असफल हुने खतरा निम्तिने बताउनुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नगरपालिकाको इतिहासबारे प्रष्ट पार्नुहुँदै निर्वाचन घोषणापत्रमार्फत जनतालाई दिएका वचनहरू एक एक गरी पूरा गर्न भक्तपुर नपाका जनप्रतिनिधिहरू कटिबद्ध भएर अगाडि बढिरहेको बताउनुभयो ।

संविधान र कानुनले दिएको अधिकार प्रयोग गरी भक्तपुर नपाले आवश्यकताअनुसार ऐन, नियम, विनियम र कार्यविधि बनाई जनताको हितमा काम गर्दै आइरहेको चर्चा गर्नुहुँदै उहाँले भक्तपुरलाई सफा, सुन्दर र विश्वकै हेर्नलायक नगर बनाउने काममा नगरपालिकासँगै जनताको पनि निरन्तर साथ र सहयोगको आवश्यकता औँल्याउनुभयो ।

राजनीतिलाई जनताको सेवा गर्ने नीतिअनुरूप भक्तपुर नपाका जनप्रतिनिधि र कर्मचारीहरू परिचालित रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले निर्वाचनमा भाग लिई जनताको सेवा गर्ने नीतिअनुसार पञ्चायती व्यवस्थामा पनि अविचलित रूपमा जनतालाई राजनीतिक रूपले सचेत पार्ने अभियानमा नपा क्रियाशील रहेको प्रष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुर नगरपालिका देशभरिका स्थानीय सरकारको लागि अनुकरणीय नगरपालिकाको रूपमा रहेको बताउनभयो । उहाँले देशकै परिपक्व नगरपालिकाको रूपमा रहेको भक्तपुर नपाको गौरवपूर्ण इतिहासलाई कायम गर्न महत्त्वपूर्ण योगदान

पुऱ्याउने सबैमा धन्यवाद ज्ञापन गर्नुभयो ।

उहाँले भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र, पर्यटकीय गन्तव्य स्थल र सांस्कृतिक नगर घोषणा गर्ने योजनासहित भक्तपुर नगर अघि बढिरहेको पनि सोही क्रममा बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी **डोरेन्द्र निरौला**ले सुशासन, कार्यशैली, कर्मचारी अनुशासन आदिमा भक्तपुर नपा अब्बल रूपमा प्रस्तुत भइरहेको बताउनुभयो ।

भक्तपुरलाई सफा र सुन्दर बनाउन यहाँका सफाइ कर्मचारीहरूको ठूलो भूमिका रहेको बताउनुहुँदै उहाँले भक्तपुर नपाले विदेशी सहयोगबिना आफ्नै बलबुतामा भक्तपुरको विकास गर्नु नै यहाँको मुख्य विशेषता भएको बताउनुभयो ।

नेपाल नगरपालिका कर्मचारी एसोसियसन, ई.स.का अध्यक्ष गौतमप्रसाद लासिवाले इमानदार र भ्रष्ट कर्मचारीहरूको पहिचान गरी आवश्यक पुरस्कार र दण्डको व्यवस्था हुनुपर्ने बताउनुहुँदै तालिम र प्रशिक्षणमार्फत कर्मचारीहरूको वृत्ति विकासमा ध्यान दिनु आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप माध्यमिक विद्यालयका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले कलेज र अस्पताल स्थापनाको उद्देश्य र त्यसबाट प्रवाहित सेवा सुविधाहरूबारे अवगत गराउनुभयो ।

उक्त कार्यक्रममा भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले धन्यवाद ज्ञापन मन्तव्य राख्नुभएको थियो भने भनपा-९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

सोही क्रममा प्रमुख अतिथि बिजुक्छेँले सकिमना पुन्हीको दिन हलिमली ब्वज्या (नसा ब्वज्या) सम्बन्धी फोटो प्रतियोगिता र लघु वृत्तचित्र प्रतियोगिताका विजयीहरूलाई नगद पुरस्कारसहित प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## सकिमना पुन्हिको फोटो र भक्तपुरको मौलिक पहिचान झल्किने लघु वृत्तचित्त प्रतियोगिताका पुरस्कृतहरू















भक्तपुर नपाले सकिमना पुन्ही (२०८० मंसिर ११) को अवसरमा हलिमलि ख्वज्याको फोटो प्रतियोगितामा सुरेशराज शाक्य **प्रथम**, जयराम प्रजापति **द्वितीय**, किपा किजु डिजिटल फोटो **तृतीय**, उज्ज्वल चन्द्र बुद्धाचार्यले **सान्त्वना** पुरस्कार प्राप्त गरेका थिए। प्रतियोगितामा प्रथम स्थान हासिल गर्नेलाई रु. २० हजार, द्वितीय हुनेलाई रु. १५ हजार, तृतीय स्थान हासिल गर्नेलाई १० हजार र सान्त्वनालाई ७ हजार नगद पुरस्कार प्रदान गरिएको थियो।

त्यस्तै भक्तपुरको मौलिक पहिचान झल्किने कला, साहित्य, संस्कृति, शिक्षा र स्वास्थ्यलगायतका विषयको लघु वृत्तचित्र प्रतियोगितामा 'विश्वया उत्कृष्ट नमूना शहर ख्वप' नामक ख्वप मिडिया सर्कलको प्रस्तुती रहेको लघुवृत्तचित्रका हरिकृष्ण दुवाल **प्रथम**, 'क्वाती' का तुल्सीकेशरी बासी **द्वितीय**, 'कला संस्कृति' का अनिष वेंजु **तृतीय**, 'बिस्का जात्रा' का रबिन्द्र किजुले **सान्त्वना** पुरस्कार हासिल गरेका थिए। प्रतियोगितामा प्रथम हुने विजेतालाई नगद रु. २५ हजार, द्वितीय हुनेलाई रु. २० हजार, तृतीय हुनेलाई रु. १५ हजार र सान्त्वनालाई रु. १० हजार नगद पुरस्कार प्रदान गरिएको थियो।

## थाहा पाइराखौं

- संविधान तथा संसद् नभएको देश साउदी अरेबीया हो।
- संसारकै सुनबाट बनेको गौतमबुद्धको सबैभन्दा ठूलो मूर्ति थाइल्याण्डमा रहेको छ।
- सर्वाधिक कम सुत्ने प्राणी जिराफ हो जुन प्राणी दैनिक १ घण्टा ९ मिनेट मात्र सुत्दछ।
- गौतम बुद्धको दाँत राखिएको 'टेम्पलटुठ' मन्दिर श्रीलंकामा छ।
- सबैभन्दा धेरै आँखा भएको जीव पुतली हो।
- त्रेतायुगमा जनकपुरलाई मिथिला भनिन्थ्यो।
- मदन पुरस्कार पाउने एकमात्र महिला साहित्यकार पारिजात हुन्।

*-सङ्कलकः न्हुछेरत्न बुद्धाचार्य*

**मन्तव्य**

# 'नि:स्वार्थ रूपले जनताको सेवा गर्ने हाम्रा अग्रजहरूको भावनाले भक्तपुर लाई आजको अवस्थामा पुऱ्याएको हो'



– सुनिल प्रजापति
प्रमुख, भक्तपुर नगरपालिका

भक्तपुर नगरपालिका २००६ सालमा स्थापना भएको हो। यो नगर १२ औं देखि १५ औं शताब्दीसम्म नेपाल मण्डलको राजधानी नगर र १८ औं शताब्दीसम्म एक स्वतन्त्र राज्य रहेको इतिहास छ। यस नगरपालिकामा स्थापनाकालदेखि आजसम्म धेरै जनप्रतिनिधिहरूले काम गर्नुभयो, जनताले विभिन्न रूपमा साथ दिनुभयो र आजको रूपमा आइपुगेको छ। हाम्रा अग्रजहरूको नि:स्वार्थ रूपले जनताको सेवा गर्ने भावनाले नै भक्तपुर आजको अवस्थामा आइपुगेको हो। यो अवस्थासम्म भक्तपुरलाई पुऱ्याउन सहयोग गर्ने तमाम जनप्रतिनिधि, राजनीतिक कार्यकर्ता र प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने जनतालाई आजको दिन उच्च सम्मान व्यक्त गर्दछौं।

२०३९ सालदेखि भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीले पूर्ण बहुमत प्राप्त गरी जनताको सेवा गर्दै आएको हो। प्रतिक्रियावादी सङ्घ संस्थाभित्र गएर जनताको सेवा गर्ने नीतिअनुसार नेमकिपा (तत्कालीन सङ्गठन) ले **पञ्चायती चुनावलाई पनि उपयोग** गऱ्यो। त्यतिबेला भक्तपुर नगर शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइको क्षेत्रमा अत्यन्त पछाडि थियो। सम्पदाहरू संरक्षणको अभावमा बिग्रे भत्केका थिए भने कति लोपोन्मुख अवस्थामा थिए। पञ्चायती व्यवस्थामा निर्वाचनमा भाग लिएर जनताको सेवा गर्नु त्यति सहज थिएन। पार्टी गतिविधि प्रतिबन्धित थियो। त्यस्तो अवस्थामा पनि हाम्रा निर्वाचित जनप्रतिनिधिहरूले **शिक्षामा जोड** दिनुभयो।

सबै सरकारी विद्यालयमा १-१ जना शिक्षक नियुक्ति, कक्षा ७ सम्म नि:शुल्क शिक्षाको व्यवस्था लागू गऱ्यो। त्यतिबेला पञ्चायती सरकारले ५ कक्षासम्म मात्रै नि:शुल्क गरेको थियो। हाम्रा निर्वाचित अग्रजहरूले **सरसफाइ अभियान**को नेतृत्व गर्नु भयो। 'पञ्चायत' नामको मासिक बुलेटिन प्रकाशित गरी नगर पञ्चायतका हरेक गतिविधि जनतासमक्ष सार्वजनिक गर्नुभयो। **पञ्चायतकालमा त्यो क्रान्तिकारी कदम** थियो। भक्तपुर नगर पञ्चायत इमानदारी

र पारदर्शिताको नमुना बन्यो ।

२०४३ सालमा सम्पन्न स्थानीय निर्वाचनमा पनि नेमकिसंका उम्मेदवारहरू निर्वाचित भएपछि अघिल्ला जनप्रतिनिधिहरूले गरेका कार्यहरूलाई निरन्तरता दिँदै 'पञ्चायत' पत्रिकामार्फत सर्वहारा वर्गका महान् गुरुहरू मार्क्स, लेनिन, स्तालिन, माओका जीवनीहरू छाप्न थाल्नुभयो । त्यसले भक्तपुर नगर पञ्चायत पञ्चहरूको आँखाको कसिङ्गर बन्यो । २०४५ सालको **भक्तपुर काण्डको षड्यन्त्र** त्यसैको परिणाम थियो ।

भक्तपुर काण्डमा नेमकिसङ्घका अध्यक्ष का. रोहितलगायत ६७ जना नेता कार्यकर्ताहरूलाई ज्यान मुद्दा चलाइयो । इतिहासकै पहिलोपल्ट प्रधानमन्त्री मरिचमान सिंह र राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीलगायतका पञ्चहरूले रोहितको फाँसीको माग गरे । जनताको चेतनास्तर उठिरहेको थियो । २० महिनापछि नेपाली जनताले ती नै महामञ्चहरूको फाँसीको माग गर्दै **२०४६ सालमा आन्दोलन** गरे र त्यसको परिणाम पञ्चायती व्यवस्था सदाको लागि इतिहासको पानामा सीमित हुन पुग्यो । बहुदलीय व्यवस्था पुनःस्थापनापछि नेमकिसंका नेता कार्यकर्ताहरू जेलबाट छुट्नुभयो, प्रवास र भूमिगत जीवनबाट सार्वजनिक हुनुभयो । जनताको सेवामा राजनीतिलाई अझ सशक्त रूपमा अगाडि बढाउनुभयो ।

चुनावमा भाग लिएर जनताको सेवा गर्नु पनि एक राजनैतिक आन्दोलन हो । आन्दोलन समुद्रको छालजस्तै कहिले माथि उठ्छ त कहिले तल झर्छ । २०४९ सालको निर्वाचनमा पनि भक्तपुर नगरपालिकामा नेपाल मजदुर किसान पार्टीका साथीहरूले बहुमत प्राप्त गर्नुभयो । नेपाल मजदुर किसान सङ्गठनको नाम नेमकिपा भइसकेको थियो । निर्वाचित साथीहरूले भक्तपुरको विकासको निम्ति नयाँ कदमहरू चाल्न थाल्नुभयो । त्यसमध्ये एक हो, **पर्यटन शुल्क** । २०५० साल साउन १ गतेबाट पर्यटकहरूसँग १ डलर पर्यटन शुल्क उठाउन सुरु गरियो । भक्तपुर पर्यटन शुल्क सुरु गर्ने नेपालकै पहिलो नगरपालिका हो । त्यतिबेला वर्तमान राष्ट्रपति रामचन्द्र पौडेल स्थानीय विकास मन्त्री हुनुहुन्थ्यो । पर्यटन शुल्क लिएको विषयमा व्यापक विरोध भयो । केहीले अब पर्यटक 'भक्तपुर आउँदैन' सम्म भने । तत्कालीन स्थानीय विकासमन्त्री पौडेलले पर्यटन शुल्क उठाउन बन्द गर्न निकै दबाब दिनुभयो । तर हामी पछि हट्ने कुरा थिएन । त्यसबेला नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ र तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबीच भएको एउटा भेटमा अध्यक्षज्यूले पर्यटन शुल्कको आवश्यकता र त्यसको औचित्यबारे स्पष्ट पार्नु भएपछि त्यो विवाद त्यतिकै सेलाएर गयो ।

पर्यटन शुल्कको निरन्तरताले अहिले त्यो भक्तपुर नपाको एउटा महत्त्वपूर्ण स्रोत बनेको छ । काठमाडौँ, ललितपुर, चाँगुनारायण, पोखरालगायत नगरपालिकाहरूले पर्यटन शुल्क लिन थालेका हुन् । यस अर्थमा **शिक्षा, पर्यटन शुल्कमा पनि भक्तपुर नपाले अगुवाइ** गरेको इतिहास छ ।

२०५४ सालको स्थानीय निकाय निर्वाचन घोषणापत्रमा शिक्षालाई जोड दिने उल्लेख थियो । त्यसको कार्यान्वयनको सिलसिलामा नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छेँ (रोहित) ले २०५६ सालमा एउटा बुद्धिजीवीहरूको बृहत् भेलामा **१५ वर्षभित्र 'एक घर एक स्नातक'**को घोषणा गर्नुभयो । त्यो निकै चर्चाको विषय बन्यो । केही कथित बुद्धिजीवीहरूले असम्भव र महत्त्वाकाङ्क्षी भनी त्यस घोषणाको आलोचना गरे । हामी जनप्रतिनिधिहरू त्यो घोषणा कार्यान्वयनतर्फ अगाडि बढ्यौँ । त्यतिबेला नगर प्रमुख प्रेम सुवाल हुनुहुन्थ्यो । २०५६ सालमै ख्वप मावि स्थापना भयो । ख्वप मा.वि. स्थानीय निकायले सञ्चालन गरेको नेपालको पहिलो शिक्षालय हो ।

२०५८ सालमा ख्वप कलेज र सोही वर्ष पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन लिई ख्वप इन्जिनियरिङ कलेजको पनि स्थापना भयो । पार्टी अध्यक्षज्यूले घोषणा गर्नुभएको ३ वर्षभित्र ३ ओटा उच्च शिक्षा प्रदान गर्ने शिक्षालयहरू स्थापना गर्न भक्तपुर नपा सफल भयो । शैक्षिक संस्था स्थापनाको क्रम त्यतिकै रोकिएन । २०६० सालमा ख्वप बहुप्राविधिक अध्ययन संस्थान, २०६५ सालमा त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा ख्वप कलेज अफ इन्जिनियरिङ स्थापना र पछि शारदा कलेज तथा शारदा मावि पनि नगरपालिकामा हस्तान्तरण पछि **सातओटा शैक्षिक संस्थाहरू सञ्चालन**मा आयो । २०७९ सालमा ख्वप कलेज अफ ल को स्थापना भई अहिले बिएएलएलबीको ५ वर्षे स्नातक कक्षा सञ्चालन भइरहेको छ । अहिले भक्तपुर नगरपालिका **ख्वप विश्वविद्यालयको सञ्चालनको तयारीमा** छ ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने र १५ वर्षभित्र एक घर एक स्नातकको घोषणाले अहिले भक्तपुरमा घरघरमा इन्जिनियर, स्नातक र स्नातकोत्तरहरू भेटिन थालेका छन् । २०५९ सालदेखि २०७४ सालसम्म १५ वर्षसम्म स्थानीय निकाय जनप्रतिनिधिविहीन हुँदा भक्तपुर विकासमा धेरै पछि पर्‍यो । त्यो तीतो अनुभव पनि हामीसँग छ । त्यतिबेला सर्वदलीय संयन्त्र गठन गरेर स्थानीय निकाय चलाउने व्यवस्था थियो । कतिपय राजनैतिक दलका प्रतिनिधिहरूले ख्वप कलेजहरूलाई जस्तै अन्य निजी कलेजहरूलाई पनि नपाले अनुदान दिनु पर्नेमा जोड दिए । त्यसबारे विवादपछि सर्वदलीय बैठक नै

बस्न सकेन ।

सर्वदलीय बैठक विकासभन्दा भागबन्डामा केन्द्रित हुन्थ्यो, अहिले शासक दलहरूबीच शिक्षक, कर्मचारी, उपकुलपति, राजदूत भागबन्डा गरेजस्तै । दलहरूबीच हरेक क्षेत्रमा भागबन्डाकै कारण देश बिग्रिएको हो । हामीले भक्तपुर नगरपालिकामा भागबन्डाको प्रवृत्तिलाई भित्र्याउन दिएनौँ । सबै काम पारदर्शी तरिकाले गर्दै आएका छौँ । २०५६ सालमा भनपालाई ट्रान्सपरेन्सी इन्टरनेशनलले **सदाचारको टापु** घोषणा गरेको पनि यहाँ स्मरण गर्न चाहन्छौँ ।

२०७२ सालमा भूकम्प गएपछि स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको कारण देशले धेरै समस्या भोग्नुपऱ्यो । सर्वदलीय संयन्त्रले काम गर्न सक्ने अवस्था थिएन । लाखौँ घर र हजारौँ सम्पदाहरू क्षतविक्षत भएको अवस्थाको पुनःनिर्माण राजनैतिक दलहरूको निम्ति ठूलो चुनौती बन्यो । त्यसपछि २०७४ सालमा निर्वाचन भएको हो ।

हामी २०७४ सालमा निर्वाचित हुँदा भक्तपुर भूकम्पले पूरै क्षतिग्रस्त अवस्थामा थियो । पूर्ण र आंशिक गरी ८ हजार घर र १२० भन्दा बढी सम्पदाहरू बिग्रे भत्केका थिए । त्यही मौकामा धेरै विदेशी गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सहयोगको नाउँमा आउन थाले । नेपाल मजदुर किसान पार्टीले **अरूको सहयोग लिनुभन्दा आफैले बनाउनेतिर जोड** दियो । जर्मनी सरकारले यहाँका सम्पदा पुनःनिर्माणको लागि पठाएको १ करोड युरो (१ अर्ब २० करोड रुपैयाँ) समेत अस्वीकार गरी पैसा फिर्ता गऱ्यो र आफ्नै बलबुताले पुनःनिमाणमा अघि बढ्ने भक्तपुर नगरपालिकाले अठोट गऱ्यो ।

जर्मनी पैसासँगै उनीहरूको स्वार्थ पनि थियो । अहिलेको एमसीसीका बुँदाहरूजस्तै कर्मचारी आफै नियुक्ति गर्ने, उनीहरूको सिफारिसमा सामान खरिद गर्नुपर्ने, मुद्दा परेमा जर्मनी कानुनअनुसार चलाउने, हिसाब उनीहरूकै अडिटरले हेर्ने, हाम्रा सम्पदाहरूमा हाम्रो कानून विपरीत दण्डी सिमेन्ट प्रयोग गर्ने जस्ता शर्तहरूको कारण हामीले त्यसलाई अस्वीकार गरेका थियौँ । त्यतिबेला हाम्रा विपक्षीहरूले भक्तपुर कयौँ वर्षसम्म भग्नावशेषमा रहने भयो भनेर खुबै आलोचना गरे । हामीले त्यसको कामले जवाफ दिने नीति लियौँ । जनतालाई पुनःनिर्माणमा सहयोग गर्न आग्रह गऱ्यौँ । विदेशी सहयोग लिएमा स्वाभिमानमा आँच पुग्न सक्नेबारे जनतालाई सम्झायौँ । **सम्पदाहरू निर्माणमा सयौँ र हजारौँ नगरवासीले सहयोग गरे** । लाखौँ र करोडौँ सहयोग प्राप्त भयो ।

भक्तपुर विचार, सिद्धान्त र जनताको सेवा गर्ने भावनाले बनेको हो । जनतालाई निर्वाचनको बेला दिएको वचनअनुसार काम गऱ्यौँ । ५ वर्षमा १२४ ओटा सम्पदा पुनःनिर्माण र जीर्णोद्धार सम्पन्न भए भने **अहिलेसम्ममा कूल १४५ ओटा सम्पदाहरूको पुनः निर्माण सम्पन्न** भएको छ । जनताको आर्थिक, भौतिक र श्रमदान समेतले गर्दा थोरै रकममा धेरै सम्पदाहरू पुनःनिर्माण गर्न सफल भयौँ । **जनप्रतिनिधि, राजनैतिक कार्यकर्ता र स्थानीय जनताका एक मनको एकताले नै भक्तपुर आजको अवस्थामा पुग्न सम्भव भएको हो** ।

स्वास्थ्य क्षेत्रमा घरदैलो सुरु गऱ्यौँ । नेपाल सरकारले पनि ३।४ वर्षपछि घरदैलो नर्स सुरु गऱ्यो । सुरुमा भक्तपुर र बर्दिबासमा लागू गऱ्यो भने अहिले अन्य नपामा पनि विस्तार गर्दैछ । यसरी **घरदैलो नर्सिङ पनि नेपालमा पहिलोपटक भक्तपुर नगरपालिकाले नै सुरु गरेको** हो । वडा वडामा स्वास्थ्य केन्द्रहरू स्थापना गर्दैछौँ । छिटोछरितो स्वास्थ्य सेवामा जनताका पहुँच पुऱ्याउने गरी काम गर्दैछौँ । १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी जनताको सेवा गर्दैछौँ । ख्वप तीलगंगा आँखा अस्पताल सञ्चालन, श्वासप्रश्वास केन्द्र र नागरिक आरोग्य केन्द्र स्थापना गरी जनतालाई सेवा प्रदान गरिरहेका छौँ । एउटा एनजीओले निजी संस्थाको रूपमा सञ्चालन गरिरहेको क्यान्सर अस्पताललाई राज्यको स्वामित्वमा ल्याउन पहल गऱ्यौँ र बनाएरै छाड्यौँ । भक्तपुर अस्पताल पनि राम्रो अस्पताल बनेको छ । अङ्ग प्रत्यारोपण केन्द्रले पनि राम्रो सेवा दिइरहेको छ । **स्वास्थ्य सेवामा भक्तपुर अहिले धेरै अगाडि बढेको छ** ।

विभिन्न सञ्चारमाध्यमहरूमार्फत हाम्रा गतिविधि जनतालाई जानकारी दिने उद्देश्यले सञ्चालन गरिरहेका छौँ भने **युवाहरूलाई विभिन्न सीपमूलक तालिमहरू** दिइरहेका छौँ । संविधान र कानुनको घेराभित्र बसेर जनताको सेवा गरिरहेका छौँ ।

यो वर्ष अरनिको सभाभवन निर्माण कार्य अगाडि बढाउने, ख्वप विश्वविद्यालय सञ्चालन गर्ने, थन्थु दरबार पुनःनिर्माण गर्ने, उपचार पोखरीहरूको निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउने हाम्रो योजना छ । भक्तपुरलाई सफा, सुन्दर नगर र एउटा उदाहरणीय नगर बनाउने प्रयासमा लागिरहेका छौँ । भक्तपुर आजको अवस्थामा आइपुग्न हजारौँ जनताले प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गर्नुभएको छ । आजको यो सभामार्फत ती **सबै सहयोगी हातहरूलाई हार्दिक धन्यवादज्ञापन** गर्दछौँ । धन्यवाद !

(२०८० पुस २ गते भक्तपुर नपाको ७४ औँ स्थापना दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिबाट व्यक्त मन्तव्य)

# राजनैतिक एवं प्रशासनिक प्रतिबद्धता र उत्तरदायित्व नै सुशासनका परिचायक



– वसन्त भट्टराई

**प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका**

शिक्षा र स्वास्थ्यको लागि स्वर्णभूमि भक्तपुर नगरपालिका स्थापनाको ७४ औँ वर्षको उपलक्ष्यमा यस नगरका सम्पूर्ण शुभेच्छुकहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

बाह्रौं शताब्दीदेखि पन्ध्रौं शताब्दीसम्म नेपालको राजधानी रहेको यस नगर नेपालमा सर्वप्रथम स्थापित ६ ओटा नगरपालिकाहरूमध्ये एक हो ।

'संसार बदल्नु छ सुरुआत आफैबाट गर्नु छ' भनेझैं देशकै सबैभन्दा कम क्षेत्रफल भएको नगरपालिका भए तापनि भक्तपुर नगरपालिकाले आजभन्दा २२ वर्ष अघि स्थापना गरी सञ्चालन गरेको ख्वप ईन्जिनियरिङ कलेजसँगै शिक्षा र स्वास्थ्यमा सञ्चालन गरेका ८ ओटा शैक्षिक संस्थाहरू, ख्वप अस्पताल सञ्चालन, घरदैलो नर्सिङ सेवा, शिशु स्याहार केन्द्र सञ्चालन, निःशुल्क अक्सिजन तथा रक्तसञ्चार सेवा, श्वासप्रश्वास पुनःस्थापना सेवा, शैक्षिक ऋण जस्ता कार्यक्रम स्थानीय तहहरूले सञ्चालन गरेका अग्रणी कार्यक्रम हुन् भने विश्वभरका लागि समेत नमुनाका रूपमा रहेका छन् ।

विश्व प्रसिद्ध लेखक शिब खेडाका अनुसार 'सफल हुनका लागि कुनै फरक काम गर्नु पर्दैन केवल फरक तरिकाले आफ्नो कार्य गर्नुपर्दछ' भनेझैं शासन व्यवस्थामा आएको नविनतम् सोचअनुरूप नागरिकलाई केन्द्रमा राखी नागरिकको चाहनाको खोजी गर्दै उत्तरदायी रूपले नागरिक र जनसेवालाई महत्त्व दिँदै जनप्रतिनिधिहरूले जनतासमक्ष निर्वाचन घोषणापत्रमार्फत गरेका प्रतिबद्धतालाई व्यवहारमा उतार्न गरेको निर्वाचित पदाधिकारीहरूको अहोरात्रको मिहिनेत र राजनीतिले लिएको उक्त सोचलाई पूर्ण रूप दिन इमानदारी, नैतिकताका साथ कर्मचारीहरूले निर्वाह गरेको जिम्मेवारी र खेलेको भूमिका प्रशंसनीय छ ।

राजनैतिक तहको कठोर इच्छाशक्ति र दक्ष व्यवस्थापकीय नेतृत्वको छहारीमा पारदर्शी कार्यप्रणाली, सामूहिक निर्णय पद्धति, सबै क्षेत्रमा स्वच्छ व्यवहारको प्रदर्शन, सार्वजनिक क्रियाकलापमा इमानदारी, जनसमुदाय तथा सरोकारवालाको सहभागिता, राजनैतिक एवं प्रशासनिक प्रतिबद्धता र उत्तरदायित्व नै सुशासनका परिचायक हुन् । यी र यस्तै सूचकहरूको कसीमा मूल्याङ्कन भई ट्रान्सपरेन्सी ईन्टरनेशनलबाट Island of Integrity (सदाचारको टापू) को रूपमा पुरस्कृत हुनु आजको समयमा राजनीतिज्ञ र सार्वजनिक प्रशासनप्रति आम नागरिकको बढ्दो निराशा र वितृष्णामाझ देशमै सुनौलो आशाको किरणको रूपमा रहेको छ ।

नेपालको राजनीतिक क्षेत्रका वरिष्ठ राजनीतिज्ञ तथा नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँबाट लिखित **'सय वर्षपछिको भक्तपुर'**मा लेखिएझैं यस भक्तपुर नगरलाई विहान प्राचीन सहरजस्तो, दिउँसो विश्वविद्यालयजस्तो, राति साँच्चै प्राचीन लुगा लगाएकी आधुनिक नर्तकी वा सुन्दरीजस्तो उत्सवको सहर वा बाह्रमासे चाडको नगर निर्माणका लागि सम्पूर्ण राजनीतिकर्मी, नागरिक, शुभेच्छुक, राष्ट्रसेवकहरूको दशकौंको सहकार्य आवश्यक छ र यसका आफ्नो तर्फबाट एक सानो इँटा थप्नका लागि सदैव इमानदार र कर्तव्यनिष्ठ रूपले आफ्नो भूमिका निर्वाह गर्नका लागि प्रतिबद्ध रहन सम्पूर्ण कर्मचारी मित्रहरूमा अनुरोध गर्दछु ।

यदि नागरिकहरूबाट गुनासा, सुझाव, मूल्याङ्कन, आलोचना प्राप्त भएनन् भने जनप्रतिनिधि र कर्मचारीमा उन्माद चढ्न सक्छ । तसर्थ सधैंभरी हामीले सम्पादन गर्ने कार्य, निर्वाह गर्ने भूमिका र प्राप्त उपलब्धिहरूमा नागरिकहरूबाट खबरदारी आवश्यक छ । यहाँहरूको सकारात्मक हौसला, प्रेरणा, सचेतना र खबरदारीले नै हामीलाई नगरको उद्देश्य प्राप्तिका लागि सही पदमार्ग पछ्याउन मद्दत गर्दछ । कर्मचारीवर्गमा समेत इमानदारीका साथ सेवा प्रदान गर्नेहरूलाई मौद्रिक वा गैरमौद्रिक प्रोत्साहन तथा कामचोर, ठग, रुल्स र रुटिनमा मात्र रमाउनेहरूलाई दण्ड प्रणाली लागू गर्नु अबको आवश्यकता महसुस गरेको छु ।

आजको यस नगर स्थापनाको वार्षिकोत्सवको अवसरमा आफ्नो अमूल्य समय र मार्गदर्शन प्रदान गर्नुहुने यस समारोहका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ ज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु साथै हाम्रो निमन्त्रणालाई सहस्र स्वीकार गरी आफ्नो व्यस्त समयका बाबजुद कार्यक्रममा उपस्थित भई हामी सम्पूर्णलाई हौसला प्रदान गरिदिनुभएकोमा सहायक प्रमुख जिल्ला अधिकारी श्री डोरेन्द्र निरौलाज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । आज यस कार्यक्रमको शुरुमा प्रदर्शित उत्कृष्ट भिडियो र तस्बिर प्रतियोगितामा विजेतालगायतका सम्पूर्ण प्रतियोगीहरूलाई आफ्नो मिहिनेत र प्रयासको उच्च कदर गर्दछु । आजको यस वार्षिकोत्सव कार्यक्रमलाई यस क्षणमा ल्याई पुऱ्याउन खटिने जनप्रतिनिधि र कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्दै नागरिक सेवामा रहने व्यस्त समयबाट केही समय निकाली यस कार्यक्रममा सहभागी हुनु भएकोमा आदरणीय नगर प्रमुख तथा उपप्रमुख लगायत नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, शाखा प्रमुख सहितका कर्मचारी साथीहरू लगायतका सम्पूर्ण महानुभावहरूलाई हार्दिक आभारसहित धन्यवाद प्रदान गर्दछु ।

(भक्तपुर नगरपालिकाको ७४ औँ वार्षिकोत्सव समारोहमा व्यक्त मन्तव्य)

# भक्तपुर नगरपालिका कार्यपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बैठक भक्तपुर नपा वडा नं. २ ब्यासीस्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## बैठक सङ्ख्या- ३५

## मिति २०८० साउन २८ गते, शुक्रबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति — उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी — ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री — ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला — ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा — ऐ
६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल — ऐ
७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेँ — ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल — ऐ
९. वडाध्यक्ष श्री उकेश कवां — ऐ
१०. वडाध्यक्ष श्री कृष्णप्रसाद कोजु — ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व — ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौमिखा — ऐ
१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल — ऐ
१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) — ऐ
१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) — ऐ
१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु — ऐ
१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती — ऐ
१८. प्रशासकीय अधिकृत श्री बिजय कुमार शर्मा — ऐ

## निर्णयहरू

### सापारु पर्वको प्रस्तुतिलाई पुरस्कार

यस वर्षको गुन्हीपुन्ही सापारु पर्वमा प्रस्तुत गरिने घिन्ताङ्घिसी तथा परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतिहरूको मूल्याङ्कन गरी उत्कृष्टहरूलाई देहायबमोजिम पुरस्कार रकम निर्धारण गर्ने निर्णय गरियो । (पुरस्कार रकम कर बाहेकको निर्धारण गर्ने)

| सांस्कृतिकविधा | नगर पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना / सहभागी |
| देवीप्याखं | ४०,०००।– | ३५,०००।– | ३०,०००।– | २०,०००।– |
| भैल प्याखं | | | | |
| माकप्याखं | २३,०००।– | १७,०००।– | १३,०००।– | ९,०००।– |
| गाईचा प्याखं | | | | |
| लुसीप्याखं | | | | |
| फाकंदलीप्याखं/हुलाप्याखं | | | | |
| नागाचाप्याखं | १७,०००।– | १४,०००।– | १०,०००।– | ७,०००।– |
| लाखे प्याखं | | | | |
| नटुवाचा, (मथु) प्याखं | | | | |
| कलालीप्याखं | | | | |
| भालु प्याखं | | | | |
| जंगलीप्याखं | | | | |
| नाटक/गीति नाटक | २२,०००।– | १७,०००।– | १३,०००।– | ११,०००।– |
| ख्याल | | | | |
| खिचाप्याखं | १३,०००।– | ११,०००।– | ९,०००।– | ६,०००।– |
| ख्याप्याखं | | | | |
| कवांचाप्याखं | | | | |
| विशेष पुरस्कार (एउटै मात्रप्रदर्शन भएमा – दोस्रो पुरस्कार सरह) | | | | |
| घिन्ताङ्घिसी | २२,०००।– | १७,०००।– | १२,०००।– | १०,०००।–<br>दुई वटा सान्त्वना |
| झ्याउरे प्याखं | १३,०००।– | ११,०००।– | ७,०००।– | |
| हनुमानप्याखं | | | | |
| म्हेखाप्याखं | | | | |
| किजापुजाप्याखं | | | | |
| कपाय फेनेगु प्याखं | | | | |
| सलां प्याखं | | | | |
| ङा प्याखं | | | | |
| गरुड प्याखं | | | | |
| दैत्य प्याखं | | | | |
| झ्या झ्या प्याखं | | | | |

| घिंताङघिसी, आधुनिक तथा परम्परागत विधामा उत्कृष्ट कलाकार | |
|---|---|
| महिला कलाकार | ५,०००।– |
| पुरुष कलाकार | ५,०००।– |
| बाल कलाकार | ५,०००।– |
| आधुनिक विधातर्फ उत्कृष्ट निर्देशक | ५,०००।– |
| ऐ.ऐ. उत्कृष्ट लेखक | ५,०००।– |

## म्याद थप

यस नगरपालिकाका देहाय बमोजिमका करार, मा.ज्या., दै.ज्या कर्मचारीहरूको मिति २०८१।४।१ गतेदेखि २०८० पुस मसान्तसम्मको लागि आवश्यकताअनुसार विभिन्न १५१ जनाको म्यादथप गर्ने निर्णय गरियो ।

## करार सम्झौता

यस नगरपालिकाबाट प्रकाशित 'भक्तपुर' मासिक पत्रिका र 'ख्वप पौ' पाक्षिक पत्रिकाका सम्पादकहरू र कानूनी सल्लाहकारको आवश्यक करार सम्झौता संशोधन गरी मिति २०८०।४।१ गतेदेखि २०८० पुस मसान्तसम्मको लागि म्याद थप गरी करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

यस नगरपालिकाका वडा नं. १, २, ५, ६, ७, ९ र १० का सफाइ ठेकेदारहरूको आवश्यकताअनुसार ठेक्का सम्झौता संशोधन गरी मिति २०८०।४।१ गतेदेखि २०८० पुस मसान्तसम्मको लागि ४५ जनाको नवीकरण गर्ने निर्णय गरियो ।

## म्याद थप

भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको विभिन्न खेलका आंशिक प्रशिक्षकहरूको मिति २०८०।०४।०१ गतेदेखि २०८० पुस मसान्तसम्मको लागि ६ जनाको म्याद थप गर्ने निर्णय गरियो ।

## करार सम्झौता

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक, प्राविधिक सहायक र एम.आई.एस. अपरेटरहरू तथा फिल्ड सहायक कर्मचारीहरू तथा कृषि प्राविधिकको आवश्यक करार सम्झौता गरी मिति २०८०।४।१ गतेदेखि २०८० पुस मसान्तसम्मको लागि ७ जनाको म्याद थप गरी करार सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

## समितिहरूका निर्णयहरू अनुमोदन

यस नगरपालिकाको देहायका विभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

### आर्थिक तथा लेखा समिति

मिति : २०८०।४।३ गते

### १. बहाल कर छुट सम्बन्धमा

भक्तपुर नगरपालिका क्षेत्रभित्र आवासीय प्रयोजनको लागि बहालमा दिइएको घरको हकमा साविकमा बहाल करको दरमा दिँइदै आएको **५० प्रतिशत छुट** यस आ.व. २०८०/०८१ मा पनि निरन्तरता दिने सो अनुसार बहाल करको दर १० प्रतिशत भएपनि आवासीय प्रयोजनको लागि बहालमा दिएको हकमा ५ प्रतिशतका दरले लाग्ने । साथै बहाल करको दायरा वृद्धि गर्न नगरपालिकाबाट आह्वान गरिएको बहाल कर सम्बन्धी स्व-घोषणाको म्याद २०८० असार मसान्तसम्म रहेकोमा २०८० श्रावण मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

मिति : २०८०।४।१० गते

भक्तपुर नगरपालिका वडा नं. ५ अरनिको सभा भवन पछाडिको साविक तरकारी बजार पसल नं. ४, पाँच वर्षका लागि बहाल दिन मिति २०७८।३।२० गते आह्वान भएको सूचनाअनुसार परेका बोलपत्रहरूमध्ये भ.न.पा. ७ बस्ने विश्वराम दुवालको वार्षिक बहाल रु.६५,६२५।– अधिकत्तम भै निजलाई उक्त पसल बहालमा दिने निर्णय मिति २०७८।४।२५ गतेको नगर कार्यपालिका बैठकबाट भएको तर उक्त पसल भनपा ५ बस्ने श्रृजा भन्ने चन्चला प्रधानाङ्गले अनाधिकृत रूपमा प्लाष्टिकको सामान थुपारी राखेकोले खाली नभएको कारण बहालमा दिन नसकिएकोमा मिति २०८०।०२।३२ गते स्थानीयवासी, वडा कार्यालय तथा प्रहरी कार्यालयका प्रतिनिधिहरूको रोहवरमा उक्त कोठा खाली गरिएको र सो पसल पुन:बहाल लगाउने सम्बन्धमा सम्बन्धित ५ नं. वडा कार्यलयबाट बोलपत्र स्वीकृत भएका निज विश्वराम दुवाललाई सञ्चालन गर्न दिनु वाञ्छनीय हुने व्यहोराको चलानी नं. ४५, मिति २०८०।०४।०९ गतेको पत्र प्राप्त भएकोले बाँकी ३ वर्ष अवधिका लागि उल्लेखित बहालमा १० प्रतिशत थप गरी वार्षिक बहाल रु.७२,१८८।– मा निजलाई **बहालमा दिने** निर्णय गरियो ।

भक्तपुर नगरलाई सधैं सफा-सुग्घर राख्नु
हामी सबै असल नगरवासीको कर्तव्य हो ।

## निर्माण समिति

मिति २०८० ।०४ ।१८ गते

| क. सं. | योजनाकाविवरण | वडा नं. | बजेट शीर्षक | ल.ई.रकम | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | चोचांदेखि पलिखेल गोमारीसम्म खानेपानी पाइप विछ्याउन खनिएको बाटो मर्मत कार्य | ७ | मर्मत | २३९,२९६।३५ | | | | | | | | |
| २ | क्वाकचा गणेश मन्दिरदेखि पलिखेल गोमारीसम्म पाइप विछ्याउन खनिएको बाटो तथा जीर्ण पर्खाल मर्मत कार्य | ७ | मर्मत | १५१,४९०।४४ | | | | | | | | |
| ३ | अरनिको सभा भवनको पूर्वतर्फको तरकारी बजारको पसलको कौसी मर्मत कार्य | ५ | मर्मत | ८६,५७९।८८ | | | | | | | | |
| ४ | भनपाको विभिन्न बाटोहरूमा स्तरोन्नती गर्ने कार्य (वेस) | १-१० | मर्मत | ९२,१९७।८२ | | | | | | | | |
| ५ | भनपाको विभिन्न बाटोहरूमा स्तरोन्नती गर्ने कार्य (सबवेस) | १-१० | मर्मत | ९४,३८३।७८ | | | | | | | | |
| म्यादथप स्वीकृति सम्बन्धमा | | | | | | | | | | | | |
| १ | इन्द्रायणी पीठ मन्दिर परिसरमा ढुङ्गा छपाइ कार्य | २ | नपा | १,१९४,३७१।४५ | | मिति २०८०/०९/२९ गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| २ | दत्तात्रय आधारभूत विद्यालयको छाना र कौसी मर्मत कार्य | ९ | मर्मत | | | मिति २०८०/०८/३० गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| ३ | पालिफःफल्चा पुनःनिर्माण कार्य | ९ | नपा | ३,९५१,७९९।१५ | | मिति २०८०/०९/१५ गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| ४ | नारमला फल्चा पुनःनिर्माण र शहीद स्मृति फल्चा मर्मत | २ | नपा | २,८०५,१३०।४७ | | मिति २०८०/०९/१५ गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| ५ | तुमचो, दुगुरे, चोखा र कमलविनायक प्लानिङमा पीच मर्मत कार्य | ९, १० | नपा | | | मिति २०८०/०९/१५ गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | नगर स्वास्थ्य केन्द्र, व्यासी भवनमा मर्मत कार्य | २ | शिक्षा, संस्कृति तथा स्वास्थ्य | ८५९,७९४।८६ | | मिति २०८०/०६/१५ गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | मचो भैरव पाटी पुन:निर्माण कार्य | ८ | नपा | ४,६३४,७६१।६४ | प्रथम पेश्की | ६५०,०००।०० | १,१४८,३३५।८० | ४९८,३३५।८० | १,२३७,३५८।६० | आंशिक सम्पन्न | रामप्रसाद खायमली | थप पेश्की रू. १० लाख |
| | | | | | दोस्रो पेश्की | ८५०,०००।०० | १,२६४,२६१।०० | ४१४,२६१।०० | १,३०४,७३०।५० | | | |
| | | | | | जम्मा | जम्मा | २,४१२,५९६।८० | ९१२,५९६।८० | २,५४२,०८९।१० | | | |
| २ | नारमला फल्चा पुन:निर्माण र शहीद स्मृति फल्चा मर्मत | २ | नपा | २,८०५,१३०।४७ | | ६५०,०००।०० | ९००,६१३।०० | २५०,६१३।०० | १,०४२,७७०।८८ | आंशिक सम्पन्न | गणेश भक्त खर्बुजा | थप पेश्की रू. १० लाख |
| ३ | शिशु स्याहार केन्द्रमा आवश्यक मर्मत कार्य | १ | मर्मत | १,०४०,४३१।७५ | | २७४,०००।०० | ६५०,४७०।७९ | ३७६,४७०।७९ | ८१४,०६२।५० | सम्पन्न | शुभद्रा ध्वजु | |
| मिति २०८०/०४/२६ गते | | | | | | | | | | | | |
| क) | ल.ई. स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | चम्पकेश्वरस्थित हनुमन्ते खोला किनारमा ग्याबिन वाल निर्माण कार्य | ४ | विपद व्यवस्थापन कोष | ९८४,१८८।१२ | | | | | | | | |
| ख) | पेश्की फछ्र्यौट/भुक्तानी सम्बन्धमा | | | | | | | | | | | |
| १ | सिचु फल्चा पुन:निर्माण कार्य | ५ | नपा | ४,२६५,००९।१५ | | ६५०,०००।०० | १,०४८,१८४।०० | ३९८,१८४।०० | १,१२३,५८४।९३ | आंशिक सम्पन्न | पूर्ण गोपाल राजचल | थप पेश्की रू. ६ लाख ५० हजार मात्र |
| ग) | विविध | | | | | | | | | | | |
| १ | भक्तपुर नगरको रिङ्ग रोड लगायतको क्षेत्रमा सडक बत्ती जडान कार्य (ठेक्का नं. bktmun/NCB/works/16/076/77) गर्ने टपसन इनर्जी प्रा.लि. लाई भक्तपुर नगरपालिकाले कालोसूचीमा राखी कारबाही अगाडि किन नबढाउने भनी मिति २०८०/०४/१० गते च.नं. ६५ को पत्रको जवाफमा टपसन इनर्जी प्रा.लि. को मिति २०८०/०४/१४ प.सं. ०८०/८१-०२४ को पत्रमा उल्लेखित व्यहोरा बारे छलफल गरियो । उक्त पत्रमा सो कम्पनीले पेश गरेको वैकल्पिक प्रस्तावबारे ख्वप इन्जिनियरिङ्ग कलेजका सम्बन्धित विषयका विज्ञसँग छलफल गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

## शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति

मिति: २०८०।४।९ गते

१. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित चिनीयाँ भाषा आधारभूत तहको कक्षाका लागि **प्रशिक्षक नियुक्ति**को लागि यस नगरपालिकामा आवेदन परेकामध्ये निजहरूको शैक्षिक योग्यता, कक्षा सञ्चालन अनुभव र अन्तरवार्ताको आधारमा देहाय बमोजिमका महानुभावहरूलाई प्रशिक्षकको रूपमा नियुक्ति गर्ने र अन्य महानुभावहरूलाई आवश्यकता अनुसार नियुक्त दिन मिल्ने गरी सूचिकृत गर्ने निर्णय गरियो ।

प्रशिक्षक नियुक्ति :

१. हरिलक्ष्मी दनेखू (लिशा दनेखू)
२. बालकृष्ण नागा

सूचिकृत प्रशिक्षकहहरू :

१. राजेन्द्र चवाल
२. विनय हाडा
३. प्रनय चित्रकार
४. विकुलक्ष्मी त्वानाबासु
५. चन्द्र केशरी भलंद्यो
६. मनिता ताम्राकार
७. उर्मिला प्रजापति
८. सुविन सितिखू

२. चिनीयाँ भाषा प्रशिक्षकहरूलाई देहाय बमोजिम **पारिश्रमिक**को व्यवस्था गर्ने निर्णय गरियो :

क. प्रारम्भिक तहका प्रशिक्षकको लागि १.५ घण्टाको प्रतिकक्षाको पारिश्रमिक रु.७५०।-

ख. चिनीयाँ भाषामा स्नातक तह वा कम्तिमा $HSK_5$ तह उत्तीर्ण गरेका र अध्यापनको केही अनुभव भएका प्रशिक्षकको लागि १.५ घण्टाको प्रतिकक्षाको पारिश्रमिक रु.८५०।-

ग. चिनीयाँ भाषामा स्नातकोत्तर तह वा $HSK_6$ तह उत्तीर्ण गरेका र अध्यापनको लामो अनुभव भएका प्रशिक्षकको लागि १.५ घण्टाको प्रतिकक्षाको पारिश्रमिक रु.९५०।-

चिनीयाँ भाषा आधार भूततहको कक्षामा सहभागी प्रशिक्षार्थीहरूबाट प्रतिविद्यार्थी मासिक रु.५००।- का दरले सहयोग रकम सङ्कलन गर्ने निर्णय गरियो।

घ. चिनीयाँ भाषा र जापानी भाषामा आधारभूत तहको प्रशिक्षण लिनु हुने भक्तपुर नगरवासीहरूलाई **एड्भान्स तहको प्रशिक्षण** कक्षा सञ्चालनका लागि आवेदन माग गर्न सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो।

ङ. हरेक वर्ष झैं यस वर्षको गुन्हीपुन्ही सापारुको दिन र कृष्णाष्टमीसम्म प्रदर्शन गरिने घिन्ताङ्घिसीं र सांस्कृतिक प्रस्तुतीहरूको मूल्याङ्कन गरी उत्कृष्टहरूलाई पुरस्कृत गर्न आवश्यक व्यवस्थापनको लागि देहाय बमोजिम पदाधिकारीहरू रहने गरी **समिति गठन** गर्ने निर्णय गरियो :

१. रविन्द्र ज्याख्व - संयोजक
२. उकेश कवां - सदस्य
३. राजकृष्ण गोरा - सदस्य
४. कृष्णप्रसाद कोजु - सदस्य
५. योगेन्द्रमान बिजुक्छें - सदस्य
६. रोशनमैया सुवाल, - सदस्य
७. कृष्णप्यारी भुजु - सदस्य
८. कृष्णगोविन्द सुवाल - सदस्य सचिव

च. यस वर्षको सापारुको दिन गाईजात्रा प्रदक्षिणा मार्गमा अस्तव्यवस्त रूपमा राखिएका नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, विभिन्न केबुल नेटवर्क र इन्टरनेट सेवा प्रदायकहरूका **तारहरू व्यवस्थापन** गर्ने विषयमा आवश्यक छलफल गर्न उपयुक्त समयमा बैठक आहवान गर्ने निर्णय गरियो।

**मिति: २०८०।४।१७गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरवासी युवाहरूलाई यही २०८० साउन १५ गतेदेखि दैनिक साँझ ५:३० बजेदेखि ७:०० बजेसम्म **जापानी भाषा प्रशिक्षण** कक्षा ख्वप कलेज देकोचामा सञ्चालन गरेको जानकारी गराइयो।

२. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जापानी भाषा प्रशिक्षणको लागि नपामा निवेदन दिएकामध्ये देहाय बमोजिमका महानुभावहरूलाई प्रशिक्षक नियुक्ति तथा सूचिकृत गर्ने निर्णय गरियो।

**नियुक्त गर्ने प्रशिक्षक**

१. ज्ञानकुमार सुवाल २. सीताराम सिबन्जार
३. दिनेश न्हेमाफुकी

**सूचिकृत प्रशिक्षक**

१. अमिर लिवी २. विदिप दनेखू

३. जापानी भाषा प्रशिक्षणका लागि नियुक्त प्रशिक्षकहरूलाई १.५ घण्टाको प्रतिकक्षा रु.७५०।- **पारिश्रमिक** प्रदान गर्ने निर्णय गरियो।

४. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित चिनीयाँ तथा जापानी भाषा प्रशिक्षण कक्षा सञ्चालनको आवश्यक **प्रशासनिक जिम्मेवारी** दिएका सहजकर्ता दिपेन्द्र प्रजापतिलाई मासिक रु.५,०००।- (पाँच हजार रूपैयाँ) थप पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो।

५. भक्तपुर नगरपालिकाले सञ्चालन गरिरहेको चिनीयाँ भाषा तथा जापानी भाषा कक्षाको **पाठ्यक्रमको प्रारम्भिक मस्यौदा** तयारीका लागि विज्ञहरूबाट माग गर्ने निर्णय गरियो।

६. भक्तपुर नगरपालिकाको आफ्नै लगानीमा एफ.एम. सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

७. भक्तपुर नगरपालिकाको निमन्त्रणामा स्थानीय सांस्कृतिक प्रस्तुतीहरू प्रदर्शन गर्ने टोलीहरूलाई यस अघि नगरपालिकाले दिँदै आएको पारिश्रमिक रकममा ५० प्रतिशत थप वृद्धि गरी कर बाहेक तपसिल अनुसार हुने गरी रकम प्रदान गर्ने निर्णय गरियो :

**तपसिल**

क. देवी प्याखं - २२,५००।- ख. भैल प्याखं - २२,५००।-
ग. माक प्याखं - १५,०००।- घ. धिमे बाजा - ९,०००।-
ङ. बांसुरी बाजा - ९,०००।- च. नौ बाजा - १५,०००।-
छ. धाँ बाजा - ९,०००।- ज. लाखें प्याखं - १२,०००।-

८. त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पसमा प्राणी शास्त्र संकायमा अध्ययनरत भनपा १० वडावासी विद्यार्थी सन्ध्या ह्योङ्गजुले Roast Charcteristies and Roast tier, selection of Indian Flying For, Pterpusmedius along noise gradient in Sallaghari विषयमा अनुसन्धान गर्न अनुदानको माग सहित भक्तपुर नगरपालिकामा निवेदन पेश गरेकोमा निजको अनुसन्धान प्रपोजलको आधारमा नपाको

नियमानुसार **अनुसन्धान वृत्ति** रु. १०,०००।– (अक्षेरूपी दश हजार) प्रदान गर्ने निर्णय गरियो।

९. यो वर्षको पात्रोमा **गुन्हीपुन्ही र सापारु एकै दिन** परेकोमा सर्वसाधारण जनतालाई अन्यौल भएको गुनासो आएको हुँदा यस विषयमा नगरपालिकाको तर्फबाट उपर्युक्त निर्णय गर्न सरोकारवालाहरूसँग सर-सल्लाह गर्न उपयुक्त समयमा बैठक आयोजना गर्ने निर्णय गरियो।

**मितिः २०८०।४।२५ गते**

१. यस वर्षको सापारु पर्वको समयावधिमा प्रस्तुत गरिने घिन्ताङ्घिसीं र परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुतीहरूको मूल्याङ्कन गर्दा देहाय बमोजिमका महानुभावहरूलाई मूल्याङ्कनकर्तामा छनौट गर्ने निर्णय गरियोः

**परम्परागत एवम् आधुनिक विधाका सांस्कृतिक प्रस्तुती र घिन्ताङ्घिसी मूल्याङ्कन समिति**

वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वज्यू, वडा नं. ९
वडाअध्यक्ष श्री उकेश कवांज्यू, वडा नं. ७
वडाअध्यक्ष श्री राजकृष्ण गोराज्यू, वडा नं. ३
वडाअध्यक्ष श्री उपेन्द्र सुवालज्यू, वडा नं. ४
वडाअध्यक्ष श्री योगेन्द्रमान बिजुक्छेंज्यू, वडा नं. ५
वडाअध्यक्ष श्री हरिराम सुवालज्यू, वडा नं. ६
वडाअध्यक्ष श्री कृष्णप्रसाद कोजुज्यू, वडा नं. ८
का.पा.स. श्री रोशनमैया सुवालज्यू, भ.न.पा
का.पा.स. श्री छोरीमैया सुजखु (प्रजापति) ज्यू, वडा नं. ९
का.पा.स. श्री कृष्णप्यारी भुजुज्यू, वडा नं. ५
श्री चन्द्रबहादुर उलकज्यू, वडा नं. १०
श्री सत्यनारायण दिदियाज्यू, वडा नं. ५
श्री विश्वनाथ प्रजापतिज्यू, वडा नं. ४
श्री लक्ष्मीनारायण दुवालज्यू, वडा नं. ८
श्री पंचलाल लाछिमस्यूज्यू , वडा नं. ९
श्री विष्णुगोपाल कुसीज्यू, वडा नं. ९
श्री आसाकुमार चिकंबन्जार, वडा नं. ५
श्री आसराम वैद्यज्यू, वडा नं. ३
श्री श्यामसुन्दर सिल्पकारज्यू, वडा नं. १
श्री सुलोचना छ्वाजुज्यू, वडा नं. ९
श्री राजेन्द्र श्रेष्ठज्यू, वडा नं. ४
श्री राजेन्द्र प्रजापतिज्यू, वडा नं. ९
श्री इन्दिरा लाछिमस्यूज्यू, वडा नं. ५
श्री रामगोपाल अवालज्यू, वडा नं. ६
श्री कान्छा बासुकलाज्यू, वडा नं. ६
श्री हरिसुन्दर पोताम्हांज्यू, वडा नं. ८
श्री रामेश्वरी किसीज्यू, वडा नं. ७
श्री लक्ष्मीप्रसाद माकज्यू, वडा नं. ३

२. भक्तपुर नगरपालिका वडा नं. ९ स्थित ऐतिहासिक एवम् सांस्कृतिक क्षेत्र दत्तात्रय परिसरमा सवारी साधन प्रवेश निषेधका लागि नपाका देहाय बमोजिमका सरसफाइ कर्मचारीहरूलाई दैनिक रूपमा सांझ ६:०० बजेदेखि बेलुकी ९:३० बजेसम्म खटाए वापत मिति २०८० साल साउन महिनादेखि लागू हुने गरी प्रति व्यक्ति प्रतिमहिना रु.३०००।– का दरले **पारिश्रमिक प्रदान** गर्ने निर्णय गरियो :

**तपसिल**

१. स.म. हरिकृष्ण लवजु २. स.म. बालकृष्ण उलक
३. स.म. कृष्णप्रसाद कोजु ४. इन्द्रप्रसाद लैवा

३. भक्तपुर नगरपालिका वडा नं. ३ तेखाचो निवासी विद्यार्थी सृष्टि बखुन्छेँले नगरपालिकाको निर्णय बमोजिम उच्च शिक्षा अध्ययनका लागि यस अघि रु.३,००,०००।– (अक्षेरूपी तीन लाख रूपैयाँ) को **शैक्षिक ऋण सम्झौता** गरिएकोमा निजले ऋण रकम रु.५,००,०००।– सम्मको सम्झौता गर्न भक्तपुर नगरपालिकामा निवेदन पेश भएकोमा निजको उच्च शिक्षा पाउने अधिकारलाई सम्मान गर्दै नपाको निर्णय अनुसार प्रति विद्यार्थीलाई रु.२,००,०००।– (अक्षेरूपी रु. दुई लाख रूपैयाँ) ऋण सम्झौताको लागि पुनः सम्झौता गर्ने निर्णय गरियो।

४. भक्तपुर नगरवासीहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट **निःशुल्क रगत प्रदान** गर्न नेपाल रेडक्रस सोसाइटी, भक्तपुर जिल्ला शाखासँग गरिएको सम्झौता २०८० असार ३१ गतेबाट समाप्त भएको हुँदा मिति २०८० साल श्रावण १ गतेदेखि मिति २०८१ असार मसान्तसम्मको लागि सम्झौता नवीकरण गर्ने निर्णय गरियो।

५. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा वातावरण विज्ञान संकायमा स्नातक तहमा अध्ययरत विद्यार्थी भ.न.पा.वडा नं. ३ निवासी विनिता चगुठीले Qualitative and Qualitative Assessment of Traditional stone spouts : A case of Bhaktapur Municipality विषयमा अध्ययन **अनुसन्धान गर्न** भक्तपुर नगरपालिकामा आर्थिक अनुदानको लागि निवेदन पेश गरेकोमा निजको प्रपोजलको आधारमा रु. १०,०००।– (अक्षेरूपी दश हजार) आर्थिक अनुदान प्रदान गर्ने निर्णय गरियो।

६. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेजमा आर्किटेक्चर विषयमा ९ औं सेमेष्टरमा अध्ययनरत छात्र विलम सुवालले भक्तपुर नगरपालिकामा इन्टर्नशीप गर्न अनुरोध पत्र बुझाएकोमा निजलाई कलेजको सिफारिसमा २०८० साल भदौ १ गतेदेखि लागू हुने गरी ६

महिनाका लागि **इन्टर्नसीप गराउने** र त्यस वापत नगरपालिकाको निर्णय अनुसार पारिश्रमिक (खाजा खर्च) प्रदान गर्ने निर्णय गरियो ।

**कृषि समिति**

**मितिः २०८०।४।११ गते**

१. कृषि सम्बन्धी धानबालीमा लाग्ने रोग तथा किरा व्यवस्थापन सम्बन्धी र समसामयिक विषयमा हरेक वडा/वडाबाट २०/२० जना कृषकहरूको उपस्थितिमा मिति २०८०।४।१६ गते कृषक भेला गर्ने निर्णय गरियो ।

**मति २०८०।४।२१ गते**

१. भक्तपुर नगरपालिकाको आयोजनामा र बासु मा.वि. का कृषि प्राविधिकको सहयोगमा धानबालीको किरा तथा रोग व्यवस्थापनको लागि वडा नं. १ देखि १० सम्मका निम्नअनुसार बाली स्वास्थ्य उपचार शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

भ.न.पा वडा नं. १ देखि ५ वडासम्म मिति २०८० भाद्र १ गते, शुक्रबार

भ.न.पा वडा नं. ६ देखि १० वडासम्म मिति २०८० भाद्र ३ गते, आइतबार

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मितिः २०८०।४।२६ गते**

१. भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने निम्नि लिखित तालिमहरूको प्रशिक्षकहरू सूचीकरण गर्ने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | तालिमको नाम | योग्यता | समय/अवधि |
|---|---|---|---|
| १ | आधारभूत सिलाइ | लेभल २ वा एड्भान्स तालिम प्राप्त, अनुभवी | बिहान १०-१२ बजेसम्म |
| २ | एड्भान्स सिलाइ | लेभल ३ वा एड्भान्स तालिम प्राप्त, अनुभवी | दिउंसो १२:३०-२:३० बजेसम्म |
| ३ | बुटिक (फेसन डिजाइन) | बुटिक तालिम लिई फेसन डिजाइन सम्बन्धी योग्यता प्राप्त | बिहान ७-९ बजेसम्म |
| ४ | कुक (पाकशिक्षा) | होटल विषय सम्बन्धी अध्ययन गरेको वा कुक तालिम प्राप्त भई अनुभवी | सांझ ४-६ बजेसम्म |
| ५ | सिलाइ मेशिन मर्मत | सिलाइ मेशिसन मर्मत सम्बन्धी तालिम प्राप्त र अनुभवी | दिउंसो ३-५ बजेसम्म |
| ६ | हेयर कटिङ्ग तालिम | तलिम प्राप्त र अनुभवी | दिउंसो ४- ६ बजेसम्म |

२. निम्न अनुसार तालिमहरूको सम्पन्न गर्न निम्न लिखित महानुभावहरूलाई **कार्य विभाजन गर्ने** निर्णय गरियोः

१. आधारभूत सिलाइ : श्री सितादेवी नेपाली
२. एड्भान्स सिलाइ : श्री सुमित्राबोहजु
३. बुटिक (फेसन डिजाइन): श्री सुमित्राबोहजु
४. सिलाइ मेसिन मर्मत : श्री हेरा ख्याजु
५. पाकशिक्षा (कुक) : श्री लक्ष्मीप्रसाद ह्यौमिखा र श्री हेरा ख्याजु
६. हेयर कटिङ्ग : श्री विष्णुकेशरी दुवाल

१. आधारभूतसिलाई तालिम : आश्विन १ गतेदेखि ६ महिना
२. सिलाई मेशिन मर्मत तालिमःआश्विन १ गतेदेखि १ महिना
३. एड्भान्स सिलाइ तालिम : आश्विन १ गतेदेखि ४ महिना
४. पाकशिक्षा (कुक) तालिम : आश्विन १ गतेदेखि ४ महिना
५. हेयर कटिङ्ग तालिम : आश्विन १ गतेदेखि ६ महिना
६. बुटिक (फेसन डिजाइन) तालिमःआश्विन १ गतेदेखि ६ महिना

**मितिः २०८०।४।१८ गते**

१. व्यक्तिगत घटना, विवाह, जन्म, मृत्यु दर्ता नियम अनुसार समयमा दर्ता गराउन जनतालाई सुसूचित गर्न सार्वजनिक सूचना र माइकिङ्ग गर्ने निर्णय गरियो ।

## बैठक सङ्ख्या- ३६

## मिति २०८० भाद्र ४ गते, सोमबार

### समितिका निर्णयहरू अनुमोदन

**आर्थिक तथा लेखा समिति**

मिति : २०८०।५।१ गते

१. भक्तपुर नगरपालिकाभित्र सञ्चालित सहकारी संस्थाका सञ्चालकहरूलाई सहकारी संस्थाको वार्षिक योजना तथा वार्षिक बजेट सम्बन्धी **तालिम सञ्चालन** गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका वडा नं. १ स्थित सल्लाघारीमा सञ्चालन भएको श्री जय भवानी बचत तथा ऋण सहकारी संस्था लि. का बचतकर्ताहरूबाट श्री जय भवानी बचत तथा ऋण सहकारी संस्थाबाट बचत रकम फिर्ता नदिएको निवेदन पर्न आएको र सो सम्बन्धमा मिति २०८०।४।२६ गते शुक्रबार भक्तपुर नगरपालिका आर्थिक तथा लेखा समिति, सहकारी अनुगमन समितिका पदाधिकारीहरू, सहकारी सञ्चालकका पदाधिकारीहरू र पीडितहबीच समस्या समाधानको विषयमा छलफल भई ४ ओटा बुँदामा सहमति भएकोमा सञ्चालक समितिका पदाधिकारीहरूबाट सहमति भएको कुनै पनि विषयमा पहलकदमी नलिई सबैलाई झुक्याउने कार्य मात्र गरेको हुँदा जय भवानी बचत तथा ऋण सहकारी संस्थाका सञ्चालक समिति, लेखा समितिका पदाधिकारीहरू र व्यवस्थापकको नाउँमा रहेको घर जग्गाहरू रोका राखी पाऊँ भनी पीडितहरूको तर्फबाट दर्ता नं.१६७७ मिति २०८०।४।३२ गते निवेदन दर्ता गरेको हुँदा निम्न लिखित ठाउँमा रहेको निम्न लिखित जग्गाहरूको श्रेष्टा माग गरी उक्त जग्गाहरू रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयमा **सिफारिस गर्न** कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो :

## तपसिल

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| मकवानपुर | बसामाडी | ६ | ७५० | २-७-०-० | राजु कक्षपती |
| मकवानपुर | बसासमाडी | ६ | ७५१ | ७-०-०-० | राजु कक्षपती |
| मकवानपुर | हाडीखोला | २ | १४०५ | ०-२-१७-० | राजु कक्षपती |
| मकवानपुर | हाडीखोला | २ | १४११ | ०-०-११-० | राजु कक्षपती |
| मकवानपुर | हाडीखोला | २ | १४०८ | ०-१-१२-० | राजु कक्षपती |
| बारा | बछनपुर्वा | ४(ख) | ९१० | १-०-०-० | राजु कक्षपती |
| भक्तपुर | सुडाल | ५ (क) | १३५८ | ०-७-०-० | सुनम सुब्बा |
| भक्तपुर | सुडाल | ५ (क) | १३८१ | ०-४-०-० | सुनम सुब्बा |
| झापा | पांचगाछी | १ | ४४४ | ०-१४-०-० | सुनम सुब्बा |
| भक्तपुर | सिपाडोल | २ (ग) | ६४५ | ०-३-१-२ | सुनम सुब्बा |
| भक्तपुर | सिपाडाल | २ (ग) | ६३९ | ०-१-०-० | सुनम सुब्बा |
| ललितपुर | लामाटार | ६ (ख) | ५०८ | ०-३-०-० | रोजिना श्रेष्ठ |
| ललितपुर | लामाटार | ६ (ख) | ११०२ | १-१-३-२ | रोजिना श्रेष्ठ |
| ललितपुर | लामाटार | ६ (ख) | १०९८ | ०-३-२-३ | रोजिना श्रेष्ठ |
| ललितपुर | लामाटार | ६ (ख) | ११०० | ०-९-२-३ | रोजिना श्रेष्ठ |
| ललितपुर | लामाटार | ६ (ख) | ५०७ | ०-१३-३-० | रोजिना श्रेष्ठ |
| ललितपुर | लामाटार | ६ (ख) | ५०६ | ०-१२-०-० | रोजिना श्रेष्ठ |
| भक्तपुर | कटुञ्जे | ७ (ख) | ७०७ | ०-०-३-० | विष्णुमान दिवाकार |
| भक्तपुर | कटुञ्जे | ७ (ख) | ७१० | ०-१-०-० | विष्णुमान दिवाकार |
| भक्तपुर | दुवाकोट | २ (क) | १३७६ | ०-६-०-० | विष्णुमान दिवाकार |

## शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति २०८०।५।३ गते

१. हालका दिनहरुमा **आँखा पाक्ने रोग** महामारीको रुपमा फैलिरहेको अवस्थामा २०८० भाद्र १ गते विभिन्न विद्यालय सङ्गठनका प्रतिनिधिहरुसँगको छलफलमा प्राप्त सुझाव अनुसार भक्तपुर नगरपालिका क्षेत्रभित्रका विद्यालयहरुमा तहाँ अस्पतालको प्राविधिक सहयोगमा तथा वडा नर्स, विद्यालय नर्स र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरी विद्यार्थीहरुबीच रोग सम्बन्धी सचेतना कार्यक्रम तथा सङ्क्रमित विद्यार्थीहरुका लागि स्वास्थ्य उपचार शिविर सञ्चालन गर्ने निर्णय गरियो । आँखा पाक्ने रोगबाट बच्ने उपायसहितको सन्देशमूलक पर्चा प्रकाशन गर्ने निर्णय गरियो ।

२. भक्तपुर नगरपालिका वडा नं. १ सल्लाघारीमा रहेको **विराज डेण्टल** प्रा.लि. सञ्चालन स्वीकृतिका लागि यस नगरपालिकामा निवेदन पेश गरेकोमा सो डेण्टलको स्थलगत प्राविधिक निरीक्षण, अनुगमन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो । यस कार्यका लागि ख्वप अस्पतालमा पत्राचार गर्ने निर्णय गरियो ।

३. यस वर्षको गुन्हीपुन्ही र सापारु सम्बन्धी सरोकारवालाहरुसँगको छलफलबाट प्राप्त सुझाव बमोजिम भाद्र १३ गते गुन्हीपुन्ही र भाद्र १४ गते सापारु पर्व मनाउने निर्णय भई सार्वजनिक सूचना समेत प्रकाशन गरिसकेको हुँदा भक्तपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सबै शाखा तथा उपशाखाहरुमा भदौ १३ र १४ गते **सार्वजनिक बिदा गर्ने** निर्णय गरियो ।

## वातावरण तथा पर्यटन समिति

मिति:२०८०।४।३१ गते

१. **गाईजात्रा प्रदक्षिणा मार्गमा** भग्नावेश, निर्माण सामाग्री हटाई व्यवस्थापन गर्न सम्बन्धितहरुलाई सूचित गर्ने र विभिन्न तार लगायत केबुलहरु ताहासाँ र भैल साँ परिक्रमा गराउन अवरोध नहुने गरी व्यवस्थापन गर्न सम्बन्धित कार्यालय र कम्पनीहरुलाई सूचित गर्न मजदुर पत्रिकामा सूचना प्रकाशित गर्ने ।

२. बजार लाईनको दायाँ बायाँ विभिन्न जातको **विरुवासहितको गमल** राख्नको लागि आवश्यक विरुवा र गमला खरिद गर्ने ।

३. घर दैलो कुहिने र नकुहिने फोहोर सङ्कलन र जम्मा गर्नको लागि प्रत्येक घर पसललाई २/२ ओटा **बाल्टिन वितरण** गर्नको लागि आवश्यक बाल्टिनहरु खरिद गर्ने प्रक्रिया अगाडि बढाउन जिन्सी उपशाखालाई जिम्मा दिने ।

४. बाटो बाटोमा बटुवा तथा पर्यटकहरुको फोहोर राख्ने बन्दोबस्त गर्न उपयुक्त स्थानहरुमा **डस्टबिन राख्न**को लागि आवश्यक डस्टबिन खरिद गरी व्यवस्था गर्न खरिद गर्ने प्रक्रिया अगाडि बढाउन जिन्सी उपशाखालाई जिम्मा दिने ।

५. नगरपालिकाकाकै आफ्नै गाडीमा जडान गर्ने गरी १ थान क्रेन र १ थान **घुम्ती शौचालय** जडान गर्न खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

६. लोकल गाईडहरुलाई **पुनर्ताजगी तालिम** २०८० भाद्र ६ र ७ गते पर्यटन सूचना केन्द्रमा सञ्चालन गर्ने ।

मिति:२०८०।५।४ गते

१. लोकल गाईडहरुलाई २०८० भाद्र ६ र ७ गते २ दिने पुनर्ताजगी तालिम (Refreshare Training) सञ्चालन हुने कार्यक्रमको लागि विभिन्न महानुभावहरु र विषयगत प्रशिक्षकहरुबाट तालिम सञ्चालन गर्न र कार्यक्रमको लागि आवश्यक रु.७९,५००।- (अक्षेरुपी उनान्अस्सी हजार पाँच सय) अनुमानित बजेट पेश गर्ने निर्णय गरियो ।

## घ. निर्माण समिति

मिति २०८०।०४।२९ गते

| क्र. सं. | योजनाका विवरण | वडा नं. | बजेट शीर्षक | | रि ल.ई./ कबोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजनाको अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) पेश्की फछ्र्यौट/ भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | तुमचो स्थित दुगुरे क्षेत्र संरक्षण निर्माण | ९ | योजनाहरू को बाँकी भुक्तानी | १,०५४,२०८।४६ | | ३००,०००।०० | ६४८,७५६।०९ | ३४८,७५६।०९ | ७७३,४६४।३१ | आंशिक सम्पन्न | गणेश राम मुस्याख्व | |
| ख) | म्याद थप स्वीकृति सम्बन्धमा | | | | | | | | | | | |
| १ | तुमचो स्थित दुगुरे क्षेत्र संरक्षण निर्माण | ९ | योजनाहरू को बाँकी भुक्तानी | १,०५४,२०८।४६ | | मिति २०८०÷०६÷३० गतेसम्मका लागि म्याद थप गर्ने । | | | | | | |
| मिति २०८०/०५/०१ गते | | | | | | | | | | | | |
| क) आ.व. २०८०/८१ को निर्माण कार्यको लागि दर रेट विश्लेषण सम्बन्धमा : | | | | | | | | | | | | |
| १ | आ.व.२०८०/८१ को निर्माण कार्यको लागि पेश भएको दर रेट विश्लेषण स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने निर्णय गरियो | | | | | | | | | | | |
| ख) पेश्की फछ्र्यौट /भुक्तानी सम्बन्धमा | | | | | | | | | | | | |
| १ | शित भण्डारण गृह भवन निर्माण कार्य (पहिलो चरण) | ८ | सङ्घीय सरकार समपूरक अनुदान नपा | ९,५९०,६१५।५७ | ५,६१३,०२१।९२ | प्रथम रनिंग बिल | ४,६७३,४२९।५९ | ४,६७३,४२९।५९ | ४,६७३,४२९।५९ | सम्पन्न | Jay Kalika Builders and Engineering Pvt. Ltd., Kathmandu | अन्तिम रनिंग बिल भुक्तानी |
| | | | | | | अन्तिम रनिंग बिल | ५०६,२३५।२० | ५०६,२३५।२० | ५०६,२३५।२० | | | |
| | | | | | | जम्मा | ५,१७९,६६४।७९ | ५,१७९,६६४।७९ | ५,१७९,६६४।७९ | | | |
| २ | इन्द्रायणी पीठ मन्दिर परिसरमा ढुङ्गा छपाइ कार्य | २ | योजनाहरूको बाँकी भुक्तानी | १,१९४,३७१।४५ | | ३५०,०००।०० | ८६९,८३०।६० | ५१९,८३०।६० | ९७१,०७७।८५ | सम्पन्न | पूर्णप्रसाद सायजू | |
| ३ | महालक्ष्मी मन्दिरदेखि गोल्मढीसम्म खानेपानी पाइप बिछ्याउने कार्य | १०, ७ | मर्मत | २०१,३०२।५२ | | | १७६,१००।०० | १७६,१००।०० | १८१,५७१।८० | कार्य सम्पन्न | बुद्धिकुमार गोर्खाली | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. यस नगरपालिकाबाट यस नगरपालिकाभित्रका विपन्न नागरिकहरुलाई वितरण गर्ने निम्न बमोजिमका घर परिवारलाई इन्डक्सन हिटर बाँड्ने निर्णय गरियो :

इण्डक्सन चुल्हो वितरण गर्नका लागि सिफारिस गर्ने प्राथमिकताका आधारहरु :

१. भक्तपुर नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने

२. आर्थिक रुपमा विपन्न हुनुपर्ने

- घरका सदस्यहरुमा एक भन्दा बढी सदस्य पूर्णकालीन रुपमा रोजगारमा आवद्ध नभएको,
- निजको परिवारको एक भन्दा बढी घर नभएको
- परिवारका सदस्यहरुमा बालबालिका भएमा सामुदायिक विद्यालयमा अध्ययनरत रहेको,

३. अपाङ्गता भएका परिवारलाई प्राथमिकतामा राखी सिफारिस गर्नुपर्ने,

४. वडामा तिर्नुपर्ने रकम घर बहाल/सरसफाइ/मालपोत

तिरेको हुनुपर्ने,

५. बिजुली बत्ती रहेको कार्ड,
६. एकल महिला,
७. जेष्ठ नगारिक र
८. असहाय, बेसाहारा

ख. Swiss International Holiday Exhiition को आमन्त्रणमा यही नोभेम्बर ३ देखि ५, २०२३ सम्म हुने Swiss Tourism Awards को लागि भक्तपुर नगरपालिका पनि मनोनयन गरेको हुँदा उक्त अवार्ड ग्रहण गर्न र भक्तपुर नगरपालिका सम्बन्धी प्रचार प्रसार गर्न यस नगरपालिकाका उपप्रमुख श्री रजनी जोशीको नेतृत्वमा ९ नं. वडाअध्यक्ष श्री रविन्द्र ज्याख्व र भक्तपुर नगरपालिका पर्यटक सेवा तथा सूचना केन्द्र प्रमुख (सहायक निर्देशक) श्री गौत्तम प्रसाद लासिवालाई सहभागी हुन पठाउने निर्णय गरियो ।

ग. सघन शहरी तथा भवन र्मिाण आयोजना, बबरमहल, काठमाडौँको च.नं. १७६, मिति २०८०।५।०३ गतेको पत्रानुसार आ.व. २०८०।०८१ मा यस नगरपालिकाको योजना तथा कार्यक्रमहरु सहरी विकास मन्त्रालयबाट विनियोजन भएको उल्लेखित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरी चालू आ.व. भित्र नै सम्पन्न गर्ने निर्णय गरियो :

१. भ.न.पा. वडा नं. ९ स्थित ब्रम्हायणी पार्क निर्माण कार्य,
२. भ.न.पा. वडा नं. ९ स्थित तुमचोमा सडक, दुगुरे क्षेत्र र चोखा क्षेत्रमा पेटीमा ब्लक छाप्ने कार्य,
३. भ.न.पा. वडा नं. ८ लिवाली क्षेत्रमा सडक स्तरोन्नती कार्य,

## बैठक सङ्ख्या- ३७

## मिति २०८० भाद्र १७ गते, आइतबार

## निर्णयहरू

बाघ जात्रामा घिन्ताङघिसी

बाघ जात्रा आयोजक समिति, पोखराको तर्फबाट भक्तपुरको प्रख्यात घिन्ताङघिसी पोखरामा हुने बाघ जात्राको अवसरमा प्रदर्शन गरी दिन यस नगरपालिकाको नाउँमा अनुरोध भई आएकोमा यही मिति २०८० भदौ १८, १९ र २० गते पोखरामा हुने बाघ जात्रामा सहभागी हुन यस नगरपालिकाका उपप्रमुख श्री रजनी जोशीज्यूको नेतृत्वमा वडाअध्यक्षहरू श्री राजकृष्ण गोरा, भ.न.पा.३, श्री योगेन्द्रमान बिजुक्छेँ, भ.न.पा. ५, कार्यपालिका सदस्यहरू श्री छोरी मैया सुजखु र श्री सुनिता अवाल तथा सहायक निर्देशक श्री दिपेन्द्र प्रजापतिको टोली र भक्तपुर नगरपालिका वडा नं. ३ को घट्खा दाफा भजन समूहको करिब ५० जनाको घिन्ताङ्घिसी टोली सहभागिताको लागि पठाउने निर्णय गरियो । कार्यक्रमको लागि रु. ४ लाख पेश्की उपनिर्देशक श्री दिपेन्द्र प्रजापतिलाई दिने निर्णय गरियो ।

### लघु वृत्तचित्र निर्माण प्रतियोगिता

भक्तपुरको कला, साहित्य, संस्कृति, शिक्षा, स्वास्थ्यलगायतका विषयहरू आधारित ५ मिनेटसम्मको लघु वृत्तचित्र निर्माण सम्बन्धी खुल्ला प्रतियोगिता आयोजना गर्ने र सोको लागि आवश्यक विज्ञापन प्रकाशन गर्ने र उक्त प्रतियोगितामा उत्कृष्ट टोली/व्यक्ति/प्रतियोगीलाई देहाय बमोजिमको पुरस्कारको व्यवस्था गर्ने निर्णय गरियो–

प्रथम पुरस्कार : रु. २५,०००।– (कर बाहेक)
द्वितीयपुस्कार : रु. २०,०००।– (कर बाहेक)
तृतीयपुस्कार : रु. १५,०००।– (कर बाहेक)
सान्त्वनापुस्कार : रु. १०,०००।– (कर बाहेक)

### सचित्र पुस्तक प्रकाशित गर्ने

भक्तपुर नगरपालिकाको सम्पदा र संस्कृतिझल्कने गरी फोटोहरूको सङ्ग्रह गरी **पिक्टोरियल बुक** (सचित्र पुस्तक) प्रकाशित गर्ने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायकाविभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

**शिक्षा, संस्कृतितथा स्वास्थ्य समिति**

मिति : २०८० ।५ ।११ गते

१. भक्तपुर नगरपालिकाले उच्च शिक्षा हासिल गर्न चाहने/अध्ययनरत नगरवासी विद्यार्थीहरूलाई शैक्षिक ऋण प्रदान गर्दै आएकोमा चालू आ.व. २०८०/०८१ को लागि **शैक्षिक ऋण** प्रदान गर्ने विषयको सार्वजनिक सूचना प्रकाशित गर्ने निर्णय गरियो ।
२. भक्तपुर नगरपालिकाद्वारा आयोजित भक्तपुर नगरव्यापी प्रगतिशील भजन प्रतियोगितामा सहभागी जनाएका **भजन गीतहरूको सङ्ग्रह** २००० प्रति प्रकाशित गर्ने र पुस्तकको मूल्य प्रति पुस्तक रु.१००।– निर्धारण गर्ने निर्णय गरियो ।

**युवा तथा खेलकुद समिति**

मिति २०८० ।५ ।६ गते

१. भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८० मंसिर ३० गतेदेखि पौष ७ गतेसम्म भक्तपुर नगरव्यापी **विद्यालय स्तरीय खेलकुद प्रतियोगिता** आयोजना गर्ने निर्णय गरियो ।
२. भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद

प्रशिक्षकहरूलाई मिति २०८० कार्तिक १७ देखि २४ गतेसम्म **प्रशिक्षक प्रशिक्षण तालिम** सञ्चालन गर्ने निर्णय गरियो ।

३. भक्तपुर नगरपालिकाद्वारा सञ्चालित विभिन्न खेलकुद प्रशिक्षणका **प्रशिक्षक र प्रशिक्षार्थीहरू**को भेला निम्न मिति २०८० भाद्र २२ गते, शुक्रबार गर्ने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो –

क. यस नगरपालिका र नगर विकास कोषबीच मिति २०७९।१२।२ गते भएको सम्झौताको बुँदा नं. २१ मा देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाको ब्लक नं. १५(क), १५(ख) र १५(ग) आयोजना निर्माणको लागि ऋण रकम खर्च गर्न सक्ने बुँदामा आयोजनाको समग्र क्षेत्रमा ऋण रकम खर्च गर्न सकिने व्यवस्थाको लागि अन्य ब्लकहरू १५(ङ, च, ज), १० (क) र ५(क) समेत थप गर्न नगर विकास कोषमा आवश्यक **पत्राचार गर्ने** निर्णय गरियो ।

ख. यस नगरपालिकाद्वारा सञ्चालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनाका आयोजना प्रमुख श्री ओम हरि था स्वास्थ्यको कारण एक महिना बिदा स्वीकृत गराई बिदामा बसेको हुँदा निजको ठाउँमा निमित्त आयोजना प्रमुखको रूपमा ई. श्री दयाप्रसाद न्याईच्याईलाई जिम्मा दिएकोमा उक्त आयोजनाको बैंङ्क खाता सञ्चालनको लागि निजको हस्ताक्षरबाट अर्को व्यवस्था नभएसम्मको लागि बैंङ्क खाता सञ्चालन गर्ने निर्णय गरियो ।

ग. भ.न.पा.वडा नं. १ स्थित ऐतिहासिक महत्त्व बोकेको **सिद्धपोखरीको पर्खाल** भाँसिएको हुनाले आ.व. २०८०/०८१ अन्तर्गतको मर्मत बजेटबाट सिद्ध पोखरीको उत्तरपूर्वी पर्खाल मर्मत कार्य शीर्षकमा ल.ई. रकम रु.७०,३५५।०७ स्वीकृति गर्ने निर्णय गरियो ।

# बैठक सङ्ख्या- ३८

# मिति २०८० असोज ९ गते, मंगलबार

## निर्णयहरू

### विश्व पर्यटन दिवस

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवम् वरिष्ठ राजनीतिज्ञ श्री नारायणमान बिजुक्छेँ (रोहित) ज्यूको प्रमुख आतिथ्यमा विश्व पर्यटन दिवस २०८० को अवसरमा 'गुन्हीपुन्ही सापारु–२०८०' मा प्रदर्शन गरिएका घिन्ताङघिसी, माक प्याखं, परम्परागत तथा आधुनिक सांस्कृतिक विधाको पुरस्कार वितरण, सांस्कृतिक गुरुहरू तथा पर्यटन सम्बद्ध सङ्घ संस्था, व्यवसायी र सहयोगीहरूलाई मिति २०८० असोज १० गते, बुधबार सम्मानकार्यक्रम गर्ने निर्णय गरियो ।

### समितिका निर्णय अनुमोदन

यस नगरपालिकाको देहायकाविभिन्न समितिहरूको निम्न निर्णयहरू अनुमोदन गरियो–

#### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

मिति : २०८०।५।२९ गते

१. संविधान दिवस–२०८० (असोज ३ गते) को अवसरमा नेपाल सरकारको आयोजनामा काठमाडौँको खुल्ला मञ्चमा हुने समारोहमा यस भक्तपुर नगरपालिकाको तर्फबाट माक प्याखं र बाँसुरी बाजासहितको लाखे प्याखं सांस्कृतिक झाँकीको रूपमा **प्रदर्शनी गर्ने** निर्णय गरियो ।

२. **सांस्कृतिक गुरुहरूलाई सम्मान** कार्यक्रममा नगरपालिकाका प्रत्येक वडाबाट २/२ जनाको दरले सांस्कृतिक गुरुहरूको नाम छनौट गरी पठाउन सबै वडा कार्यालयमा पत्राचार गर्ने निर्णय गरियो ।

यस क्रममा नपाको तर्फबाट पनि विशेष सांस्कृतिक विधाका गुरुहरू पनि छनौट गरी सम्मान गर्ने निर्णय गरियो ।

३. पुस्तकालय दिवसको अवसरमा आयोजना गरिएको माध्यमिक विद्यालय स्तरीय **निबन्ध प्रतियोगिताका** उत्कृष्ट प्रतियोगीहरूलाई देहाय बमोजिम रकम कर बाहेक पुरस्कृत गर्ने निर्णय गरियो:

प्रथम पुरस्कार : नगद रु.३,०००।–
द्वितीय पुरस्कार : नगद रु.२५००।–
तृतीय पुरस्कार : नगद रु.२,०००।–
सान्त्वना पुरस्कार : नगद रु.१,०००।–

४. अन्तर्राष्ट्रिय साक्षरता दिवस, बाल दिवस र शिक्षा दिवसको अवसरमा आयोजित आधारभूत विद्यालय स्तरीय चित्रकला प्रतियोगिता र माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगितामा उत्कृष्ट प्रतियोगीहरूलाई माथि उल्लेखित विवरण अनुसार नै **नगद पुरस्कार वितरण** गर्ने निर्णय गरियो ।

५. निबन्ध प्रतियोगितामा सहभागी विद्यार्थीहरूबाट लेखिएका निबन्धहरू परीक्षणका लागि विषय विज्ञहरूलाई जिम्मेवारी दिने निर्णय गरियो । निबन्ध परीक्षण वापत विषय विज्ञहरूमध्ये नेपाली विषयका विज्ञलाई रु.२,५००।– र अंग्रेजी विषयका विज्ञलाई रु.१,०००।– तथा सम्परीक्षकलाई रु.१,५००।– पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

मिति : २०८०।६।४ गते

१. **विश्व पर्यटन दिवस** २०८० को अवसरमा यही असोज १०

गते आयोजना गरिने पुरस्कार वितरण तथा सांस्कृतिक गुरु सम्मान कार्यक्रममा भक्तपुरको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने संघ/संस्था/व्यक्तिहरूलाई कदर पत्र प्रदान गर्न वातावरण तथा पर्यटन समितिको सिफारिस अनुसारको नामावली बमोजिम आमन्त्रण गरी **कदर पत्र प्रदान गर्ने** निर्णय गरियो ।

मिति : २०८०।६।४ गते

१. विश्व पर्यटन दिवसको अवसरमा यही २०८० असोज १० गते हुने पुरस्कार वितरण तथा सांस्कृतिक गुरु सम्मान कार्यक्रममा वडा कार्यालयहरूको सिफारिसमा देहाय बमोजिमका सांस्कृतिक गुरुहरूलाई प्रतिव्यक्ति नगद रु.२०,०००।- (कर बाहेक) सहित सम्मान गर्ने निर्णय गरियो ।

| **वडा नं.** | **सांस्कृतिक गुरुको नाम** | |
|---|---|---|
| १ | बुद्धिभक्त सिन्ताकल | दिपानन्द खुसू |
| २ | हरिभक्त खुसु | पुण्यराम कोजु |
| ३ | विसलाल स्वंगमिखा | रामभक्त कर्माचार्य |
| ४ | नारायणप्रसाद सुवाल | कृष्णभक्त नागाजु |
| ५ | कृष्णभक्त तमखु | कृष्णगोपाल माक |
| ६ | न्हुछे कुमार अवाल | न्हुछेबहादुर त्यात |
| ७ | कृष्णभक्त दुमरु | तुल्सीभक्त तजले |
| ८ | दश सायंजु | कान्छा गोसाई |
| ९ | पुर्नबहादुर प्रजापति | धनबहादुर मानन्धर |
| १० | कृष्णभक्त माकजु | पुष्परत्न शाक्य |

**विशेष सांस्कृतिक गुरु**

१) वडा नं. ६ – पूर्ण चित्रकार २) वडा नं. ९ – श्याम शाही

**वातावरण तथा पर्यटन समिति**

मिति२०८०।५।२५ गते

१. विभिन्न भाषाको ब्रोसर अभाव (नपुग) देखिएकोले अङ्ग्रेजी र चिनियाँ भाषाको साविकमा केही संशोधनसहित **ब्रोसर छपाइ** गर्ने ।

२. भ.न.पा. ८ लर्केस्थित (NBM) प्रविधिबाट **कम्पोष्ट मल तयार गर्न** आवश्यक हुने देहाय अनुसारका कच्चा पदार्थहरू आवश्यक प्रक्रिया पूरा गरी खरिद गर्न जिन्सी उपशाखालाई जिम्मा दिने–

**तपसिल**

**१.** सुती– ६७०० किलो **२.** ढुटो– ८००० किलो

**३.** रातो माटो– १००००० **४.** तोकोजाई– २५००० किलो ।

२. महेश्वरीस्थित Windrow प्रविधिबाट **कम्पोष्ट मल बनाउन**को लागि आवश्यक हुने तपसिल अनुसारको कच्चा पदार्थहरू खरिद गर्न जिन्सी उपशाखालाई जिम्मा दिने–

**तपसिल**

१. काठको धुलो – ३०००० किलो २. भुस – १२००० किलो

३. ई. एम. झोल ७०० लिटर ४. ड्राइकोदर्मा–२०० लिटर

५. स्यूडोमोनस – २०० लिटर ६. सटवेर ७०० किलो

७. ३' गोलाई २० फिट लम्बाई पोलिथिनपाइप – १४ ओटा

मिति२०८०।६।८ गते

१. ४४ औं विश्व पर्यटन दिवस २०८० (World Tourismday 2023) विभिन्न कार्यक्रम गरी मनाउने निर्णय भए अनुसार **विश्व पर्यटन दिवस**को दिन २०८० असोज १० गते भक्तपुर नगर प्रवेश गर्ने पहिला पर्यटकहरूलाई नगर प्रमुख श्री सुनिल प्रजापतिज्यूको प्रमुख आतिथ्यमा स्वागत गर्ने निर्णय गरियो ।

२. कार्यक्रममा सहभागीहरूलाई चियापान र पर्यटकहरूलाई दिने **उपहारको व्यवस्थापन** गर्ने जिम्मा पर्यटक सूचना तथा सेवा केन्द्रलाई दिने ।

३. विजय दशमी २०८० को सन्दर्भमा भक्तपुर नगरपालिकामा सरसफाइ कार्यसँग सम्बन्धित कर्मचारीहरूबीच **शुभकामना आदान प्रदान** कार्यक्रम २०८० कार्तिक ४ गते फुलपातिको दिन गर्ने निर्णय गरियो ।

३. मठ, मन्दिर, पाटी, पौवा, सत्तल, द्यःछेँ लगायतमा घाँसहरू सफा गराउने र आवश्यक अनुसार **झलर राख्ने** व्यवस्थाको लागि वडा नं. १ देखि १० सम्मका वडा कार्यालयहरूमा पत्राचार गर्ने ।

मिति२०८०।५।३० गते

१. भक्तपुरमा यस वर्ष वार्षिक १० पटकसम्म पर्यटक समूह अवलोकनमा ल्याउने पथ प्रदर्शकहरू, बिना टिकट नगर प्रवेश गर्ने पर्यटक चुहावट रोक्न समय समयमा खबर दिने व्यक्तित्वहरू, भक्तपुरको पर्यटन विकासमा योगदान गर्ने सङ्घ संस्थाहरू, भक्तपुरको अवलोकनमा पर्यटकहरू निरन्तर ल्याउने ट्राभल्स एजेन्सीहरू र भक्तपुरको पर्यटन व्यवसायमा प्रवर्द्धन गर्ने पहिलो पर्यटन व्यवसायीहरूलाई **कदर पत्र मार्फत सम्मान गर्ने** निर्णय गरियो ।

**कृषि समिति**

मिति २०८०।६।७ गते

१. आ.व. २०८०/०८१ को सशर्त अनुदान तर्फको **एक परिवारका एक भेटेरिनरी डाक्टर** भन्ने शीर्षकमा रु.५,३८,०००।- विनियोजित रकम प्राप्त भएको हुँदा भेटेरिनरी डाक्टर व्यवस्थाको लागि नियमानुसार कार्य अघि बढाउन पदपूर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

२. सामुदायिक कुकुरको लागि रेबिज खोप कार्यक्रम सञ्चालन गर्न कृषि समितिका सदस्य श्री कृष्णलाल किसीज्यूलाई **पेश्की माग** गराउने ।

३. कृषि तथा वन विश्व विद्यालयको मिति २०८०।५।३१ गतेको पत्र अनुसार Food safety Training on Fresh Pro-

duce भन्ने कार्यक्रममा कृषि प्राविधिक रवि ख्याजु र व्यवसायिक तरकारी खेती गर्ने श्री सविना त्वायनालाई **सहभागी गराउने ।**

४. काउली तथा बन्दामा लाग्ने **गाँठे रोग सम्बन्धी अभिमुखीकरण** कार्यक्रम हरेक वडामा सञ्चालन गर्नका लागि वडा वडामा पत्राचार गर्ने ।

**बजार अनुगमन समिति**

मिति२०८०।३।१ गते

१.आ.व. २०८०/०८१ मा समितिबाट सञ्चालन गर्ने कार्यक्रम र अनुमाति बजेट देहाय अनुसार गर्ने निर्णय गरियो–

| **क्र.सं.** | **विवरण अनुमानित** | **बजेट** |
|---|---|---|
| १ | मेशिनरी सामान खरिद | रु. १० लाख |
| २ | तालिम सञ्चालन | रु. २ लाख |
| ३ | व्यवसायी अभिमुखीकरण | रु. ३ लाख |
| ४ | व्यवसायी भेला/अन्तरकिया | रु. २ लाख |
| ५ | बजार अनुगमनखर्च | रु. ६ लाख |
| ६ | अध्ययन भ्रमण | रु. २ लाख |
| ७ | यातायात | रु. २ लाख |
| ८ | अन्यकार्यक्रम सञ्चालन | रु. ५ लाख |
| | **जम्मा** | **रु. ३२ लाख** |

मिति २०८०।४।१० गते

१. बाटो फुटपाथमा आवागमन अवरोध हुने गरी राखिएका **ठेला गाडाहरूलाई हटाउन** श्रावण ११, १२ १३ र १४ गते प्रचार प्रसार तथा सम्बन्धित गाडाबाट वेचविखन गर्नेहरूलाई जानकारी दिई सुसूचित गर्न 'मजदुर' दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने र मिति २०८० श्रावण २१ गतदेखि २७ गतेसम्म गाडा उठाई कारबाही तथा जरिवाना गर्ने निर्णय गरियो ।

मिति २०८०।६।८ गते

१. पेटीमुनि, फुटपाथ र सार्वजनिक स्थलहरूमा पसल व्यवसायका सामानहरू राखिएको आफै **हटाउन** सम्बन्धित पक्षहरूलाई सूचनाप्रवाह गर्ने र माइकिङ्ग गराउने तथा 'मजदुर' पत्रिकामा २ दिने सूचना प्रकाशित गर्ने ।

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

मिति २०८०।५।२६ गते

१. यस नगरपालिकाद्वारा सञ्चालन गरिने विभिन्न तालिमहरूको कक्षाका लागि प्रशिक्षक नियुक्तिका लागि यस भ.न.पा.मा आवेदन परेकोमा निजहरूको शैक्षिक योग्यता, कक्षा सञ्चालन अनुभव तथा अन्तर्वार्ताको आधारमा देहाय बमोजिम मासिक पारिश्रमिक दिने गरी **प्रशिक्षक**को रूपमा नियुक्ति गर्ने :

१. आधारभूतसिलाई– ६ महिने– मासिक रु.१८,०००।–
२. एड्भान्स सिलाइ तालिम – ४ महिने – मासिक रु.२०,०००।–
३. बुटिक (फेसन डिजाइन) – ६ महिने – मासिक रु.२०,०००।–
४. पाकशिक्षा – ४ महिने– मासिक रु. २५,०००।–
५. हेयर कटिङ्ग ६ महिने – मासिक रु.२०,०००।–

मिति २०८०।६।२ गते

१. यस नगरपालिकाद्वारा सञ्चालन गरिने विभिन्न तालिमहरूको प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरूसँग प्रतिव्यक्ति निम्न तालिममा निम्नानुसार मासिक शुल्क लिने निर्णय गरियो–

क. आधारभूत सिलाइ – रु.३००।–
ख. एड्भान्स सिलाइ – रु.५००।–
ग. बुटिक (फेसन डिजाइन) – रु.५००।–
घ. पाकशिक्षा (कुक) – रु.३००।–
ङ. हेयर कटिङ्ग – रु.३००।–

२. यस नगरपालिकाबाट सञ्चालन गरिने आधारभूत सिलाइ, एड्भान्स सिलाइ, बुटिक (फेसन डिजाइन), पाकशिक्षा र हेयर कटिङ्ग तालिमहरू सञ्चालनको निम्ति आवश्यक सामान खरिद गर्न सदस्य सचिव श्री भूपाल मूललाई रु.२,००,०००।– (अक्षेरुपी रु. दुई लाख) **पेश्की लिन लगाउने** निर्णय गरियो ।

**विविध**

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो–

क. मिति २०८०।०५।१९ देखि २०८०।०५।२३ गतेसम्म पोखरामा आयोजित बाघ जात्रा कार्यक्रममा यस नपाको तर्फबाट मौलिक घिन्ताङघिसी नाच प्रदर्शन गर्नको लागि भ्रमण व्यवस्थापक दिपेन्द्र प्रजापतिलाई रु.४,००,०००।– पेश्की दिइएकोमा रु.३,१५,६८८।– खर्चको फाँटवारी पेश गरी पे.फ का लागि दिएको निवेदन अनुसार निजको खर्च समर्थन गरी बाँकी रकम बैङ्क दाखिला गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिका क्षेत्रमा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमोजिम यस नगरपालिका स्तरीय भक्तपुर नगरपालिका **स्वास्थ्य बीमा संयोजक समिति** गठन गर्ने निर्णय गरियो–

क. संयोजक : श्री सुनिल प्राजपति, प्रमुख
ख. सदस्य : वडा अध्यक्षश्री रविन्द्र ज्याख्व
ग. सदस्य : डा. मजेस प्रताप मल्ल
घ. सदस्य : मन्यश्वरी कोजु–भ.न.पा.९
र बुद्धलक्ष्मी त्वायना भ.न.पा. ४
ङ. सदस्य : स्वास्थ्य शाखा प्रमुख डा. श्री रत्नसुन्दर लासिवा
च. सदस्य : भक्तपुर नगरपालिका स्वास्थ्य बीमा बोर्ड दर्ता अधिकारी
छ. सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत, भक्तपुर नगरपालिका

## भक्तपुर नगरपालिका गतिविधि

# पुजारी मठ पुन:निर्माण कार्यमा जनताको अपनत्व हुनुपर्ने



भक्तपुर नगरपालिका वडा नं. ९ दत्तात्रयस्थित पुजारी मठ पुन:निर्माण विषयमा सम्बन्धित सरोकारवाला र स्थानीयबीच छलफल कार्यक्रम मंसिर २१ गते धातुकला सङ्ग्रहालय परिसरमा सम्पन्न भयो।

भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा पुजारी मठ पुन:निर्माण कार्य पारदर्शी ढङ्गबाट सम्पन्न गर्ने र पुन:निर्माण कार्यको दौरानमा मठ भत्काउने क्रममा भेटिने प्रत्येक वास्तु र सम्पदाहरूको अभिलेखीकरणका साथै महत्त्वपूर्ण सम्पदाहरू सुरक्षित प्रदर्शनीको व्यवस्था गर्ने विषयमा छलफल भयो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विश्व सम्पदा क्षेत्रमा अवस्थित प्रसिद्ध मयूर झ्याल भएको पुजारी मठ पुन:निर्माण सबैको साझा चासो र सरोकारको विषय भएको बताउनुभयो।

मठ पुन:निर्माण कार्य त्रुटिरहित र पारदर्शी ढङ्गले सम्पन्न गर्न सबै सरोकारवाला निकायहरू क्रियाशील हुनुपर्ने बताउनुहुँदै उहाँले सम्पदा पुन:निर्माण जस्तो संवेदनशील काममा ठेकेदारहरूलाई जिम्मेवार बनाउनुपर्ने बताउनुभयो।

सम्पदा पुन:निर्माण आफैमा एउटा चुनौतीपूर्ण विषय भएको बताउनुहुँदै उहाँले पुजारी मठ पुन:निर्माण कार्यमा स्थानीय जनताको अपनत्व रहने गरी मौलिक शैलीमा पुन:निर्माण कार्य अगाडि बढाउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो।

भक्तपुर नपाका उपप्रमुख **रजनी जोशी**ले भक्तपुरको सम्पदा पुन:निर्माणका गतिविधिको नियमित अनुगमन भइरहेको बताउनुहुँदै सम्पदा पुन:निर्माण कार्यमा मौलिकता संरक्षण सँगसँगै गुणस्तरीय निर्माणमा पनि ध्यान दिनुपर्ने बताउनुभयो। उपप्रमुख जोशीले पुजारी मठ पुन:निर्माण कार्य अगाडि बढाउन आवश्यक क्षति विवरण सङ्कलन र पूर्ण सर्वेक्षण गरी सहयोग गरेको स्मरण गर्नुभयो।

त्यस्तै दरबार हेरचाह तथा स्मारक संरक्षण अड्डा भक्तपुरका कार्यालय प्रमुख **अरुणा नकर्मी**ले पुजारी मठभित्र अमूल्य काष्ठकला रहेको उल्लेख गर्नुहुँदै ती वास्तुहरूलाई सुरक्षित ढङ्गले संरक्षण गरी प्रदर्शनीको व्यवस्था मिलाउने बताउनुभयो।

राष्ट्रिय कला सङ्ग्रहालयका कार्यालय प्रमुख **जयन्ती श्रेष्ठ**ले पुजारी मठ पुन:निर्माणको कार्य भूकम्प प्रतिरोधात्मक ढङ्गले भइरहेको अवगत गराउनुहुँदै उक्त कार्य अनुभवी निर्माण ठेकेदारहरूबाट भइरहेको जानकारी गराउनुभयो।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व** र प्राविधिक **विनिता भण्डारी**ले पुजारी मठ पुन:निर्माणका गतिविधि र प्राविधिक पक्षमा प्रकाश गराउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ९ का स्थानीयहरूले मठ पुन:निर्माणका क्रममा मठका हरेक वस्तु संरक्षण गर्नुपर्ने, मौलिकतासँगै गुणस्तरमा ध्यान दिनुपर्ने, ठेकेदारहरूले संवेदनशील भएर पुन:निर्माण काम गर्नुपर्ने लगायतका सुझाव राख्नुभएको थियो।



छलफलपश्चात नगर प्रमुख प्रजापतिसहितको टोलीले पुजारी मठ पुन:निर्माण कार्य र त्यहाँस्थित सङ्ग्रहालयको स्थलगत निरीक्षण गर्नुभयो।

यसअघि मिति २०८० मंसिर १८ गते पुजारी मठ पुन:निर्माण कार्य व्यवस्थित रूपमा सञ्चालन गर्न भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको संयोजकत्वमा सदस्यहरू आ. रामगोविन्द श्रेष्ठ, सम्पदा शाखा भनपा, आ. रिचा पौडेल, राष्ट्रिय कला सङ्ग्रहालय र ठेकेदार प्रतिनिधि पर्शुराम वैद्य, पुरातत्त्व विभागका इन्जिनियर विनिता भण्डारी रहने गरी सहजीकरण समिति गठन भएको थियो।

## भक्तपुरको बजार र पार्किङ व्यवस्थापनबारे छलफल



भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुर नपा वडा नं. ५ साकोथास्थित पसल व्यवसायीहरूको भेला गरी सो क्षेत्रमा पसल तथा फुटपाथ व्यवस्थापनबारे छलफल कार्यक्रम मंसिर २१ गते भयो ।

कार्यक्रममा नगर प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरको फुटपाथ, सवारी पार्किङ, सुरक्षा व्यवस्था, जात्रा पर्व व्यवस्थापन लागि नगरपालिकाले योजनाबद्ध कार्यहरू गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले भक्तपुर नगरपालिका क्षेत्रको सरसफाइ सम्बन्धी ऐन २०७६ र भक्तपुर नपाको वातावरण संरक्षण तथा प्रदूषण नियन्त्रण सम्बन्धी ऐन २०७७ लाई कार्यान्वयन गर्दै आएको र सो ऐनहरूमा जथाभावी फोहोर गर्नेहरूका लागि दण्ड जरिवानाको व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

नागरिकलाई दण्ड जरिवानाभन्दा सचेतनालाई नै नगरपालिकाले जोड दिँदै आएको बताउनुहुँदै उहाँले भक्तपुर नगरलाई अझ सुन्दर, सभ्य र व्यवस्थित गर्न भक्तपुरका पसल व्यवसायीहरूसँग समन्वय गर्दै अगाडि जाने बताउनुभयो ।

भक्तपुरमा पर्यटन विकास तुलनात्मक रूपमा राम्रो हुँदै गइरहेको जानकारी दिनुहुँदै उहाँले नेपाल भित्रिने अधिकांश पर्यटकहरू भक्तपुर भ्रमण गर्ने अवस्था बन्दै गएको र अब पर्यटकहरूको भक्तपुर बसाई लम्ब्याउने विषयमा नपाले विशेष जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छें**ले बजार व्यवस्थापन सहरलाई जीवन्त राख्ने मुख्य आधार भएको बताउनुहुँदै सम्पदा क्षेत्र स्वच्छ र सुन्दर बनाउन सके भक्तपुरमा पर्यटकहरूको आगमनमा पनि वृद्धि हुने बताउनुभयो ।

कार्यक्रममा भनपा श्यानिटेशन शाखाका प्रमुख **दिलिपकुमार सुवाल**ले पसलको फोहोर जथाभावी फाल्ने, फुटपाथमा पसल राख्ने कामले नगरको सुन्दरतामा असर पुगेको बताउनुहुँदै नगरलाई दिगो रूपमा सफा राख्न नपाले तोकेको समयमा मात्र फोहोर फाल्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा उपस्थित पसल व्यवसायीहरूले नगरको सुन्दरतामा आँच आउने गरी व्यवसाय सञ्चालन नगर्ने प्रतिबद्धता व्यक्त गर्दै नपाले ठाउँ ठाउँमा पर्यटकलाई आवश्यक शौचालयको व्यवस्था, पार्किङ व्यवस्थापन, रात्रीकालीन बत्ती मर्मत र व्यवस्थापन गर्नुपर्ने आदि विषयमा सुझाव दिनुभयो ।

## लैङ्गिक हिंसाविरुद्धको अभियानसँगै वर्ग व्यवस्थाबारे जनचेतना जगाउन आवश्यक



भक्तपुर नगरपालिकाको आयोजनामा लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गतको **'लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता : महिला र बालबालिका लगानी ऐक्यबद्धता'** विषयक अभिमुखीकरण कार्यक्रम मंसिर २४ गते एक कार्यक्रमबीच भक्तपुर नपाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले नेपालमा लैङ्गिक हिंसा बढ्नुको मुख्य कारण विद्यमान राजनैतिक व्यवस्था भएको बताउनुहुँदै लिङ्गको आधारमा गरिने विभेद र हिंसा नै लैङ्गिक हिंसा भएको बताउनुभयो ।

उहाँले महिलामाथि हुने घरेलु हिंसामा महिलाहरूकै संलग्नता बढी देखिएको उल्लेख गर्नुहुँदै हिंसा अन्त्यको लागि सुन्दर नाराभन्दा पनि जनताको भावनाअनुसार काम हुनुपर्ने बताउनुभयो ।

उहाँले महिला हिंसामा कमी ल्याउन शिक्षा र रोजगारीलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभयो ।

नेपालमा २०५४ सालबाट नै लैङ्गिक हिंसाविरुद्धको अभियान सञ्चालन भए पनि समाजमा त्यसबाट कुनै सकारात्मक सन्देश देखा नपरेको बताउनुहुँदै उहाँले लैङ्गिक

हिंसाविरुद्धको अभियान सँगसँगै वर्ग व्यवस्थाबारे जनचेतना जगाउन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा**ले समाजमा अन्याय, अत्याचार न्यूनीकरण गर्दै जानुपर्ने र महिलालाई दाइजोभन्दा पनि शिक्षा जरुरी रहेको बताउनुभयो ।

भक्तपुर नपाका कार्यपालिका सदस्य **रोशनमैंया सुवाल**ले समाजमा महिलामा मात्र हिंसा हुन्छ भन्ने सोच राख्नु गलत भएको बताउनुहुँदै समाजमा लैङ्गिक हिंसा अन्त्य गर्न सबैकोतर्फबाट पहल हुन जरुरी रहेको बताउनुभयो ।

प्रहरी निरीक्षक **सुकदेव पौडेल**ले भक्तपुरका ४ ओटा नगरपालिकामध्ये भक्तपुर नगरपालिकामा लैङ्गिक हिंसाको घटनाहरू कम रहेको र लैङ्गिक हिंसाको परिभाषामा महिला मात्र नभइ पुरुष पनि समावेश हुने कुरा प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य **छोरीमैंया सुजखु**ले पनि बोल्नुभएको थियो ।

## कम्पोष्ट मल बिक्री वितरण तथा माटोको गुणस्तर विषयमा अभिमुखीकरण



भक्तपुर नगरपालिकाको आयोजनामा कम्पोष्ट मल बिक्री वितरण तथा माटोको गुणस्तर विषयमा सहकारी तथा कृषकहरूबीच मंसिर २५ गते अभिमुखीकरण कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले माटोको उर्वराशक्तिका लागि प्राङ्गारिक पदार्थको भूमिका प्रमुख रहने बताउनुहुँदै माटोको उर्वराशक्ति ठीकसँग थाहा पाउन किसानहरूले आफ्नो माटोको परीक्षण प्रयोगशालामा जाँच्नु आवश्यक छ ।

कृषि क्षेत्रको विकास नै अन्य पूर्वाधारहरूको विकासको आधार भएको बताउनुहुँदै उहाँले नेपाल कृषि कर्मको लागि उपयुक्त ठाउँ भए पनि युवाहरू विदेशिने समस्याका कारण नेपालमा कृषि प्राविधिकहरूको अभाव रहँदै आएको बताउनुभयो ।

सरकारको नीतिगत कमजोरीका कारण सिँचाइ, विषादी, मलखादलगायत कृषिको लागि चाहिने पूर्वाधार बन्दोबस्त गर्न नसकेको बताउनुहुँदै उहाँले प्रविधिमा नेपाल पछि परेकै कारण नेपालको कृषि पनि पछाडि पर्दै आएको बताउनुभयो ।

भक्तपुर नपा कृषि समितिका सदस्य **गोविन्द दुवाल**ले गुणस्तरहीन रसायनिक मलको प्रयोगका कारण किसानहरूको उत्पादनमा कमी आएको बताउनुहुँदै किसानहरूले अनुदानको मल पनि दोब्बर मूल्य तिरेर खरिद गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो ।

भक्तपुर नपाका कृषि प्राविधिक **रवि ख्याजु**ले मल खाद व्यवस्थापन, जथाभावी रसायनिक मलको प्रयोगको नकारात्मक असर र त्यसलाई न्युनीकरण गर्न प्राङ्गारिक मलको प्रयोग र फाइदाको विषयमा प्रष्ट पार्नुभयो ।

कार्यक्रममा भनपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद ह्यौंमिखा** र कृषि समितिका सदस्यद्वय **कृष्णलाल किसी**ले पनि बोल्नुभएको थियो ।

## सफाइ मजदुर र कर्मचारीहरूको भेला



'भक्तपुर नगरलाई संसारले हेर्न लायक बनाउनुपर्छ ।'

उक्त विचार भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सफाइ क्षेत्रमा कार्य गर्ने कर्मचारी र सफाइ मजदुरहरूको मंसिर ३० गते आयोजित भेलामा बताउनु भएको हो ।

उहाँले समाज सेवा गर्ने सोचले सफाइ मजदुर र कर्मचारीहरूले काम गर्नुपर्ने बताउनुभयो । उहाँले कम शुल्कमा नगरवासीहरूलाई सफाइको सेवा दिइरहेको बताउनुहुँदै बहुमत जनताको सेवा समाजवादमा मात्र हुने बताउनुभयो ।

उहाँले नर्वे, स्विडेनले फोहोरबाट उर्जा निकालिरहेको र जापानले विजुली निकाली रहेको साथै नकुहिने फोहोर रिसाइकल गरी आम्दानी गरिरहेको बताउनुहुँदै नेपालमा फोहोर समस्याको रूपमा रहेको बेला भक्तपुर नपाले फोहोरको विकल्प कम्पोष्ट मल बनाइरहेको बताउनुभयो ।

कर्मचारीहरू कार्यालयको अनुशासन, नियम, निर्देशनमा नबसे, मद्यपान र धुमपान गरे कारबाहीको भागिदार हुने बताउनुहुँदै उहाँले सफाइ मजदुर र कर्मचारीहरू नगरपालिकाको आँखा भएकोले जनताको गुनासोहरू नगरपालिकामा पुऱ्याउने, बोलि व्यवहार नम्र, असल, इमानदार र जेहेनदार भएर काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले कर्मचारीहरूको मूल्याङ्कन काम अनुसार हुने भएकोले नगरलाई अशोभनीय हुने गरी सडक र पेटीमा सामान सुरुमा राखेकै बेला हटाउनुपर्ने, हकर्स व्यवस्थापन गर्नुपर्ने बताउनुभयो ।

उहाँले देश महँगीले पिल्सिएको, कृषि प्रधान देश खाद्यमा पर निर्भर हुनुपरेको, छिमेकी भारतले सीमा अतिक्रमण गरिहेको बताउनुहुँदै प्यालेष्टाइनमा अमानवीय र क्रुर तरिकाले निहत्था जनताको नर संहार गर्ने इजरायलका प्रम बेन्जामिन नेतान्याहुलाई अन्तर्राष्ट्रिय कठघरामा उभ्याउनुपर्ने बताउनुभयो ।

वातावरण समितिका संयोजक एवम् वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले तीन तहको सरकारमा जनतासँग प्रत्येक्ष सम्पर्कमा रहने सरकार स्थानीय सरकार भएको बताउनुहुँदै जनताबाट आएका सन्देशहरू आदानप्रदान गर्ने कार्य कर्मचारीहरूले गुर्नपर्ने बताउनुभयो ।

उहाँले सरसफाइले नगरवासीहरू स्वस्थ भई औषधि र उपचारमूलोमा खर्च गर्न नपर्दा आयआर्जन वृद्धि भई बालबालिकालाई उच्च शिक्षा दिनसक्ने बताउनुभयो ।

उहाँले फोहोर सफा गर्न कम्पनीहरूलाई ठेक्का दिए आधा कर्मचारीहरूले काम गराएर कम्पनीहरूले नाफा खाने भएकोले नगरपालिकाले सिधै सफाइ मजदुरहरूसँग सम्झौतामा काम गराएको बताउनुभयो ।

कार्यक्रममा श्यानिटेशन उपशाखा प्रमुख **दिलिपकुमार सुवाल** र वडानिरीक्षक **रामकृष्ण प्रजापति**ले पनि बोल्नु भएको थियो ।

## छग देगःको शिलान्यास



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ४ मंगलतीर्थस्थित छग देगःको शिलान्यास पुस ४ गते गर्नुभयो ।

शिलान्यास कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले सार्वजनिक तथा पर्ति जग्गा संरक्षणमा भक्तपुर नपाले जोड दिँदै आएको बताउनुहुँदै जीर्ण अवस्थामा रहेका सम्पदाहरूको प्राथमिकताका आधारमा पुनःनिर्माण तथा संरक्षण कार्य हुँदै आएको बताउनुभयो ।




भक्तपुर नपाले गरेको सम्पदा संरक्षण कार्यले यहाँको धार्मिक पर्यटन प्रवर्द्धनमा समेत उल्लेखनीय टेवा पुगेको बताउँदै उहाँले पुर्खाले छोडेका सम्पत्ति जस्ताको तस्तै नयाँ पुस्ताको लागि संरक्षण गर्ने उद्देश्यले नपाले संरक्षण कार्यलाई अगाडि बढाउँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले अघिल्लो कार्यकालमा १२४ ओटा सम्पदाहरू पुनःनिर्माण सम्पन्न गरिसकेको बताउनुहुँदै उहाँले जीर्ण अवस्थामा रहेका सम्पदाहरूको क्रमशः पुनःनिर्माण कार्य भइरहेको बताउनुभयो ।

भक्तपुरको पर्यटन शुल्कबाट उठेको रकम नगर र नगरवासीकै हितमा प्रयोग हुँदै आएको बताउनुहुँदै उहाँले भक्तपुरलाई सभ्य, सुन्दर र सुसंस्कृत नगरको रूपमा विकास गर्न सबैले हातेमालो गरी अगाडि बढ्नुपर्ने बताउनुभयो ।

त्यस्तै भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**ले सम्पदा पुनःनिर्माण कार्यलाई भक्तपुर नपाले प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै मन्दिर पुनःनिर्माण कार्यमा स्थानीय जनताबाट पनि साथ र सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

उपभोक्ता समितिका अध्यक्ष **विश्वराम त्वायना**ले छग देगः पुनःनिर्माण कार्यको लगत इस्टिमेट रु. ३९ लाख ५९ लाख रहेको बताउनुहुँदै मन्दिर पुनःनिर्माण कार्य गुणस्तरीय र मौलिक ढङ्गले समयमै सम्पन्न हुने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा पूर्व जनप्रतिनिधि **कृष्णलक्ष्मी दुवाल** र शिक्षक **हरिसुन्दर सुवाल**ले पनि बोल्नुभएको थियो ।

eQmk'/ gkfsf]cgudg

## अस्पतालहरूको क्यान्टिन



भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक र ाजकृष्ण गोराको नेतृत्वमा अस्पतालहरूमा रहेको क्यान्टिनहरूमा मंसिर २९ गते अनुगमन गरियो ।

अनुगमनमा पहिलाभन्दा अहिले तुलनात्मक रूपमा सर सफाइमा प्रगति भएपनि सन्तोष जनक नरहेको र क्यान्टिनको ठाउँहरू साँघुरो भएको संयोजक गोराले बताउनुभयो ।

अनुगमनमा भक्तपुर अस्पतालमा रहेको क्यान्टिन बिनादर्ता सञ्चालनमा रहेकोले तीन दिन भित्र दर्ता गर्न निर्देशन दिई मूल्य सूचीमा नयाँ मुल्यहरू अपडेट नभएकोले त्यसको व्यवस्थापन गर्न, लेवल नभएको नटराजको वेशन जफत गरी नष्ट गरियो । न्यू भक्तपुर चाउचाउ आउने अघिल्लो दिनको मितिको पाएकोले उक्त चाउचाउ उद्योगका प्रोपाईटर जीवन छुस्यावागलाई त्यही क्यान्टिमा बोलाएर त्यसमा सुधार गर्न निर्देशन समेत दियो। कामदारहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट प्रयोग गर्न, भान्छा सफा र व्यवस्थित राख्न निर्देशन दियो ।

शहीद धर्म भक्त मानव अङ्ग प्रत्यारोपन अस्पतालमा र हेको गुडविल रेष्टुरेन्ट एण्ड क्यान्टिन साँघुरो भएकोले त्यसको व्यवस्थापन गर्न र सरसफाइमा ध्यान दिन निर्देशन दियो ।

त्यस्तै क्यान्सर अस्पतालनको सुप्रिमु रेष्टुरेन्ट एण्ड मःमः हाउसमा भान्छा कोठा फोहोर भएकोले सफा र व्यवस्थित गर्न, चिया धेरै बेर पकाई राखेकोले आवश्यकता अनुसार मात्र पकाउन, क्यान्टिनमा प्रयोग भएको खाद्य सामग्रीको म्याद नाघेको विभिन्न सामान जफत गरी नष्ट गरियो । कामदारहरूले एप्रोन, माक्स, पञ्जा, हेयरनेट प्रयोग गर्न निर्देशन दिई पसल नवीकरण गर्न तीन दिन भित्र नगर पालिका कार्यालयमा उपस्थित हुन निर्देशन दियो ।

## मासु पसल



अनुगमन समितिले पुस १७ गते सुकुढोकादेखि इनाचोसम्मका मासु पसलहरूको अनुगमन गरियो। अधिकांश पसलहरू सुधार नभएको, पुरानै मानसिकताबाट सञ्चालन हुँदा पसल फोहोर देखिएको, व्यवस्थित नभएको पाइएको छ। सबैजसो पसललाई सरसफाइमा ध्यान दिन, मूल्य सूची राख्न, एप्रोन सेतो प्रयोग गर्न, प्रयोग गरेको पानी बाटोमा नआउने गरी निकास व्यवस्थित गर्न, पेटी र पेटीमुनि सामान नराख्न निर्देशन दिइयो। त्यसबाहेक सराज फिश हाउसलाई दर्ता प्रमाणपत्र नभएकोले तीन दिनभित्र प्रमाणपत्र लिई कार्यालयमा उपस्थित हुन र साइनबोर्डमा मेराज फिश हाउस भएकोले दर्ता गरेअनुसार साइनबोर्ड मिलाउन निर्देशन दिई तराजु नवीकरण नभएकोले १ थान जफत गरियो।

त्यस्तै न्यू माधव फिश हाउसमा, जय भिमसेन मासु पसल र इनाचो मिट शप दर्ता नभएकोले त्यहीं दर्ता गराएर तराजु नवीकरण गर्न निर्देशन दियो।

सिद्धिगणेश मासु पसल नवीकरण गर्न र भुइँ, भित्ता पानी नसोसिने र सजिलै सफा गर्न मिल्ने गरी कार्पेट वा टायल राख्नपनि निर्देशन दिई तराजु नवीकरण नभएकोले १ थान जफत गरियो।

दोलखा भिमसेन मिट शप न्युनतम मापदण्ड पूरा नगरी पसल सञ्चालन भएकोले पसल नवीकरण रसिदसहित तीन दिनभित्र कार्यालयमा उपस्थित हुन निर्देशन दिई तराजु नवीकरण नभएकोले १ थान जफत गरियो।

अनुगमन टोलीमा समितिका सदस्य श्यामकृष्ण खत्री रोशन मैया सुवाल, रिता फसिकवा, ज्ञानबहादुर मानन्धर, भनपा श्यानिटेशन उपशाखा प्रमुख दिलिपकुमार सुवाल, व.नि. रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जू र न्हुज किज, जिल्ला प्रशासन कार्यालय भक्तपुरका यादवप्रसाद मिश्र र हरिहर काफ्ले, पशु सेवा शाखा भक्तपुरका पार्वती योञ्जन, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरीक्षक राजकुमार बडाल र रेशम बस्नेत, घरेलु तथा साना उद्योग सङ्घका सिताराम त्वायना, लक्ष्मीप्रसाद बाटी र सुमित्रा श्रेष्ठ, राष्ट्रिय उपभोक्ता मञ्चका लक्ष्मी भण्डारी, भक्तपुर उद्योग बाणिज्य सङ्घका राजेश त्वानावासु सहभागी थिए।

## राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता

# विद्यार्थीहरूलाई अनुशासित र मर्यादित बनाउन खेलकुदको ठूलो भूमिका

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको पुस ११ गते शहीदस्मृति मेल मैदानमा उद्घाटन भयो। प्रमुख अतिथि प्रजापतिले भलिबल खेलका रेफ्रि लक्ष्मीप्रसाद स्वंगमिखालाई खेल सामग्री हस्तान्तरण गर्दै प्रतियोगिताको उद्घाटन गर्नुभयो।




उद्घाटन कार्यक्रममा नपा प्रमुख **सुनिल प्रजापति**ले अनुशासित र सक्षम खेलाडीहरू तयार पार्दै भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने उद्देश्यले भक्तपुर नपाले खेलकुदहरूको नियमित प्रशिक्षण, प्रतियोगिता र खेलाडी सम्मान कार्यक्रमलाई जोड दिँदै आएको बताउनुभयो।



खेलकुद प्रतियोगिताहरू औपचारिकतामा मात्रै सीमित हुन नहुने बताउनुहुँदै उहाँले खेलकुद मानव जीवनको अभिन्न अङ्ग हो र खेलाडीहरूले खेलकुदको क्षेत्रमा सशक्त भई अगाडि बढनुपर्ने धारणा राख्नुभयो।

देश र समाजप्रतिको आफ्नो दायित्वलाई कहिल्यै बिर्सन नहुने विचार व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले विद्यार्थीहरूलाई विद्यालय जीवनदेखि अनुशासित र मर्यादित बनाउन खेलकुदको निकै ठूलो भूमिका रहने बताउनुभयो।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले २०८० पुस ११-१३ गतेबाट सञ्चालन हुने राष्ट्रपति रनिङ शिल्डको लागि भलिबल, कबड्डी, उसु, तेक्वान्डो, एथ्लेटिक्स र कराँते गरी ६ ओटा खेलमा प्रतियोगिता हुने अवगत गराउनुभयो।

भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष **दिपक थापा**ले भक्तपुर नपाले पूर्णकालीन खेलकुद प्रशिक्षक नियुक्ति गरी विद्यालयहरूमा खेलकुद प्रशिक्षणलाई जोड दिँदै सराहनीय कार्य गर्दै आएको बताउनुहुँदै उहाँले खेलकुद क्षेत्रमा भएका यस किसिमका गतिविधिले भक्तपुरबाटै राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी तथा रेफ्रि तयार हुनेमा विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा भनपा ४ का वडाअध्यक्ष **उपेन्द्र सुवाल** र भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **बसन्त भट्टराई**ले खेलकुद प्रतियोगिताहरूलाई अनुशासित, मर्यादित र व्यवस्थित रूपले सञ्चालन गर्ने उद्देश्यले नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत सञ्चालन भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता निकै महत्त्वपूर्ण प्रतियोगिता भएको बताउनुभयो।

कार्यक्रममा खेलाडीको तर्फबाट गणेश माविका भलिबल खेलाडी **कन्चन थिङ** र रेफ्रिको तर्फबाट **रोजिना सैंजु**ले सपथ ग्रहण गरेका थिए।

कार्यक्रममा भनपा वडा नं. ८ का वडा सदस्य तथा खेलकुद समितिका सदस्य **रामसुन्दर बासी**ले भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत पुस ११ गते शहीददस्मृति खेलमैदानमा भलिबल र लिबाली कभर्ड हलमा कबड्डी, पुस १२ गते माहेश्वरी खेलमैदानमा एथ्लेटिक्स, लिबाली कभर्ड हलमा तेक्वाण्डो र ख्वप कलेज देकोचामा कराँते र १३ गते लिबाली कभर्ड हलमा उसु खेलको प्रतियोगिता हुने जानकारी गराउनुभयो।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा नगरभित्रका ४५ ओटा विद्यालयहरूबाट ७५० जना विद्यार्थीहरूको सहभागिता रहेको भक्तपुर नपाको खेलकुद समितिले जनाएको छ।

## प्रतियोगिताका केही झलक

### भलिबल





### कबड्डी



### उसु



### तेक्वान्डो



### एथ्लेटिक्स





# राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सम्पन्न




भक्तपुर नगरव्यापी विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको समापन तथा विजयीहरूलाई पुरस्कार वितरण कार्यक्रम पुस १३ गते लिबाली कभर्ड हलमा सम्पन्न भयो ।

उक्त प्रतियोगितामा **सैनिक आवासीय महाविद्यालय**ले २३ स्वर्ण पदक प्राप्त गरी प्रथम, **जेसिस स्कूल**ले ९ स्वर्ण पदक प्राप्त गरी द्वितीय, **मेधा मावि**ले ८ स्वर्ण र **वागीश्वरी मावि**ले ६ स्वर्णसहित तृतीय स्थान हासिल गर्न सफल भएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले प्रतियोगिताका विजयी र उत्कृष्ट खेलाडीहरूलाई शिल्ड, मेडल र प्रमाणपत्र वितरण गर्नुभयो ।

कार्यक्रममा उहाँले विद्यार्थीहरूलाई सक्रिय बनाइराख्न खेलकुदको ठूलो भूमिका रहेको बताउनुहुँदै खेलाडीहरूले हार जितको लागि मात्र नभई देशको स्वतन्त्रता रक्षाको निम्ति पनि खेल्नुपर्ने बताउनुभयो ।

उहाँले खेलकुद क्षेत्रको विकासको लागि भक्तपुर नपाले विभिन्न खेलकुद गतिविधिको आयोजना गर्दै आइरहेको बताउनुहुँदै विद्यार्थी जीवनदेखि खेलकुदमा सक्रिय बनाउन यस्ता प्रतियोगिताको आवश्यकता रहने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष एवम् खेलकुद समितिका संयोजक **श्यामकृष्ण खत्री**ले प्रतियोगिता सफल रूपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले धन्यवादज्ञापन गर्नुभएको थियो भने भनपा वडा नं. ४ का वडाध्यक्ष **उपेन्द्र सुवाल**, भक्तपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष **दिपक थापा**, भक्तपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष **विनोदचरण राय**, वडा सदस्य **रामसुन्दर बासी**ले पनि बोल्नुभएको थियो ।





## सितेरियो करातें





## प्रतियोगिताका विजयी टोली




प्रथम-सैनिक आवासीय महाविद्यालय २३ स्वर्ण पदक




द्वितीय-जेसिस स्कूल ९ स्वर्ण पदक




*तृतीय*-मेधा मावि ८ स्वर्ण पदक




*तृतीय*-वागीश्वरी मावि ६ स्वर्ण पदक

## कबड्डीका विजयी टोली












# प्रतियोगिताको अन्तिम नतिजा

## भलिबल

### छात्रातर्फ

प्रथम : सैनिक आवासीय महाविद्यालय
द्वितीय : बासु मावि
तृतीय : वागीश्वरी मावि

### छात्रतर्फ

प्रथम : सैनिक आवासीय महाविद्यालय
द्वितीय : श्री पद्म मावि
तृतीय : वागीश्वरी मावि

## कबड्डी

### छात्रातर्फ

प्रथम : साइनिङ स्टुडेन्ट एकेडेमी प्रथम,
द्वितीय : पारागन एकेडेमी
तृतीय : ख्वप मा. वि. र वागीश्वरी मा. वि.

### छात्रतर्फ

प्रथम : ख्वप मा. वि.
द्वितीय : मिनर्वा इङलिस स्कुल
तृतीय : पारागन एकेडेमी र वागीश्वरी मा. वि.

## तेक्वान्डो

प्रथम : सैनिक आवासीय महाविद्यालय
द्वितीय : वागीश्वरी मावि
तृतीय : श्री पद्म मावि

## एथ्लेटिक्स

प्रथम : सैनिक आवासीय महाविद्यालय
द्वितीय : जेसिस ई. स्कूल
तृतीय : वागीश्वरी मावि

## सितेरियो करााते

प्रथम : वागीश्वरी मावि
द्वितीय : ख्वप मावि
तृतीय : जेन्यून इ. स्कूल

## उसु

प्रथम : मेधा मावि
द्वितीय : बासु मावि
तृतीय : बालविकास ई.सेकेन्डरी स्कूल

# प्रतियोगिताका उत्कृष्ट खेलाडी

### भलिबलतर्फ

**छात्रातर्फ** : सृष्टि काकी, सैनिक आवासीय महाविद्यालय
**छात्रतर्फ** : प्रज्ज्वल भण्डारी, सैनिक आवासीय महाविद्यालय

### एथ्लेटिक्सतर्फ

**छात्रातर्फ** : जेसिका दुवाल, जेसिस स्कूल
**छात्रतर्फ** : सुदिप केसी, सैनिक आवासीय महाविद्यालय

### कबड्डीतर्फ

**छात्रातर्फ** : रेजिना मगर, साइनिङ स्कूल
**छात्रतर्फ** : समर्न प्रजापति, ख्वप मावि

### तेक्वान्डोतर्फ

**छात्रातर्फ** : स्मृति गुरुङ, सैनिक आवासीय महाविद्यालय
**छात्रतर्फ** : नवीन सेन्चुरी, वागीश्वरी मावि

### सितेरियो करातेतर्फ

**छात्रातर्फ** : करुणा तामाङ, शारदा मावि
**छात्रतर्फ** : विकल चवाल, माउन्ट भ्याली स्कूल

### उसुतर्फप्रतियोगिता

**छात्रातर्फ** : सिल्भिया प्रजापति, सैनिक आवासीय महाविद्यालय
**छात्रतर्फ** : रोशन बि.क., मेधा मावि

BHAKTAPUR [MONTHLY] मासिक
भक्तपुर नपाको वेबसाइट
bhaktapurmun.gov.np
को 'प्रकाशनहरू' मा पढ्न सक्नुहुनेछ ।

# शैक्षिक गतिविधि

## इन्जिनियरिङ कलेजको वार्षिकोत्सव

# शिक्षा र स्वास्थ्यमा दलीय भागबन्डा बन्द गर्न जरूरी




नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित)ले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २२ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १५ औँ वार्षिकोत्सव समारोहको मंसिर २८



गते पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो।

कार्यक्रममा अध्यक्ष **बिजुक्छेँ**ले देश र जनताको निःस्वार्थ रूपमा सेवा गर्नु नै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको उद्देश्य रहेको बताउनुहुँदै विदेशबाट सिकेर आफ्नै मातृभूमिमा काम गर्ने भावनाबाट नयाँ पुस्तालाई प्रेरित गर्नुपर्ने बताउनुभयो।

राजनीतिक दलहरू कुनै एक निश्चित सिद्धान्त र विचारबाट सञ्चालन हुने विषय जोड्नुहुँदै उहाँले सरकारले माफियाहरूसँग मिलेर शिक्षा र स्वास्थ्यमा ठूलो व्यापार गरिरहेको बताउनुभयो।

उहाँले शिक्षा र स्वास्थ्यमा दलीय भागबन्डा बन्द गर्न जरुरी रहेको बताउनुहुँदै देशको शैक्षिक क्षेत्रमा सङ्कटग्रस्त अवस्था निम्तिनुमा विदेशी विश्वविद्यालयहरूको ठूलो प्रभाव रहेको बताउनुभयो।

इजरायलले प्यालेष्टाइनमाथि गरिरहेको बर्बर हमलाको विरोधमा नेमकिपाले देशका विभिन्न जिल्ला र शहरहरूमा विरोध ऱ्याली तथा सभाहरू गरिरहेको बताउनुहुँदै अध्यक्ष बिजुक्छेँले अमेरिकी साम्राज्यवादको आडमा इजरायलले प्यालेष्टाइनमाथि गरिरहेको हमलाको विरोधमा संसारका विभिन्न देशहरूमा पनि प्रदर्शनहरू भइरहेको बताउनुभयो।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान र योग्य प्राविधिकहरू तयार गर्ने उद्देश्यले स्थापना भएको ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ प्राविधिक क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने नेपालकै उत्कृष्ट कलेजको रूपमा विकास भइरहेको बताउनुभयो।

शैक्षिक क्षेत्रमा सरकारले राम्रो व्यवस्थापन गर्न नसक्दा विद्यार्थीहरू विदेश पढ्न जाने क्रम बढ्दै गइरहेको बताउनुहुँदै उहाँले विश्वविद्यालयजस्तो प्राज्ञिक क्षेत्रमासमेत बारम्बार बन्द, हड्ताल र तोडफोड, आगजनी जस्ता अराजनैतिक गतिविधि हुनाले पनि विद्यार्थीहरूमा निराशा छाएको बताउनुभयो।

भारतले नेपालका ठाउँ ठाउँमा योग केन्द्र, बाल विकास केन्द्र, विद्यालय भवन, रक्त सञ्चार केन्द्र, कृषि तथा पूर्वाधार निर्माणमा सोझै खर्च गर्दै नेपालको सार्वभौमिकता र स्वतन्त्रता माथिको हस्तक्षेपको कार्य गर्दै आएको प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो 'विदेशी शक्तिलाई लगानीमा छुट दिनुको अर्थ सरकार विदेशी शक्तिको कठपुतली बन्नु हो।'

वाग्मती प्रदेशसभा सदस्य **सुरेन्द्रराज गोसाईं**ले शिक्षा, स्वास्थ्यजस्ता जनताका आधारभूत विषयमा निजीकरण र उदारीकरणको नीतिले जनताको कहिल्यै हित नहुने बताउनुहुँदै जनताको निःस्वार्थ रूपमा सेवा गर्ने उद्देश्यले स्थापना भएका भक्तपुर नपाद्वारा सञ्चालित कलेजबाट देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय शिक्षा हासिल गर्नु सुखद् पक्ष भएको बताउनुभयो।

युवा– विद्यार्थी विदेश पलायन हुनुमा मुख्य जिम्मेवार

देशका शासक र विश्वविद्यालयहरू स्वयम् भएको बताउनुहुँदै म्यानपावर कम्पनीका दलालहरूबाट देश सञ्चालन भएकै कारण देशले आजको नियति भोग्नुपरेको उहाँले प्रष्ट पार्नुभयो ।

युवा–विद्यार्थीविहीन नेपालको विकास कति सम्भव छ भन्ने प्रश्न तड्कारो रहेको बताउनुहुँदै सांसद गोसाईले देशलाई आजको अवस्थामा पुऱ्याउनुमा शासक दल र कर्मचारीतन्त्र दोषी रहेको बताउनुभयो ।

प्यालेष्टाइनी जनताप्रति ऐक्यबद्धता जनाउँदै सांसद गोसाईले न्यायप्रेमी जनताले प्यालेष्टाइनी जनतामाथि भइरहेको नृशंस हत्या, बमबारी र अत्याचारको विरोध गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले



दक्ष जनशक्ति उत्पादनमा भक्तपुरका शैक्षिक संस्थाहरूको ठूलो भूमिका रहेको बताउनुहुँदै भक्तपुरको सांस्कृतिक पर्यटन प्रवर्द्धनमा नपाले जोड दिँदै आएको बताउनुभयो ।

भक्तपुर नपाले सञ्चालन गरेका शैक्षिक संस्थाहरूका कारण भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्न मद्दत पुगेको बताउनुहुँदै नगरपालिकाले नगरवासीहरूको सामाजिक स्तर सँगसँगै सांस्कृतिक स्तर उकास्न पहल गर्दै आएको बताउनुभयो ।

त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानका सहायक डीन **सुशील बज्राचार्य**ले नेपालमा इन्जिनियरिङ अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या उत्साहजनक रहेको बताउनुहुँदै विदेश गएर अध्ययन गर्ने बाध्यतालाई अन्त्य गर्न इन्जिनियरिङ अध्ययन संस्थानले विद्यार्थीको माग र रुचिअनुसारका विभिन्न विषयहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले कलेजको उत्तरोत्तर प्रगतिको शुभकामना दिनुहुँदै स्वदेशमै गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गर्ने र देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले स्थापना भएका कलेजहरू देशकै लागि नमुना भएको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक**ले कलेजको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै वि.सं. २०५८ देखि हालसम्ममा स्नातक र स्नातकोत्तर तहमा देशभरिका ४,८४० विद्यार्थी अध्ययनका लागि भर्ना भइसकेका र हाल ७१ जिल्लाका ९७४ जना विद्यार्थीहरू स्नातक र स्नातकोत्तर तहका विभिन्न कार्यक्रमहरूमा अध्ययनरत रहेको बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले कलेजको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुहुँदै हालसम्म मनाङ र धनकुटा जिल्लाबाहेक ७५ जिल्लाका २,४२४ जना विद्यार्थीहरूले अध्ययन गरिसकेको र हाल यस कलेजमा ७२ जिल्लाका ७१४ जना विद्यार्थीहरू अध्ययनरत रहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले दुवै कलेजमा १० वर्ष र २० वर्ष सेवा अवधि पूरा गरेका प्राध्यापक तथा प्रयोगशाला/कर्मचारीहरूलाई नगद पुरस्कारसहित सम्मान गर्नुभएको थियो भने अतिथिहरूले कलेजको वार्षिकोत्सवको अवसरमा आयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयीहरूलाई मेडल तथा सम्मान पत्र प्रदान गर्नुभएको थियो ।

**भक्तपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
**नगर शिक्षा शाखा**

**कक्षा ५ को वार्षिक परीक्षा, कक्षा ८ को आधारभूत शिक्षा उत्तीर्ण परीक्षा र १० को एसईई तयारी परीक्षा–२०८० सम्बन्धी सूचना ।**

यस भक्तपुर नगरपालिकाभित्र रहेका सबै प्रकारका (सामुदायिक, संस्थागत र गुठीमा सञ्चालित) विद्यालयहरूमा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूका लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने **एसईई तयारी परीक्षा-२०८०, आधारभूत शिक्षा (कक्षा-८) उत्तीर्ण परीक्षा-२०८० र कक्षा ५ को वार्षिक परीक्षा-२०८०** को परीक्षा आवेदन फाराम **मिति २०८० मंसिर २० गते बुधबार**देखि खुला गरिएको हुँदा सम्बन्धित सम्पूर्ण विद्यालयहरूलाई सम्पर्कको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा आवेदन फाराम बुझाउने अन्तिम मिति:**

१) २०८० पुस १३ गते, शुक्रबार (कक्षा १० को लागि)

२) २०७९ माघ १९ गते, शुक्रबार (कक्षा ५ र ८ को लागि)

यस भक्तपुर नगरपालिकाभित्र रहेका सम्पूर्ण विद्यालयहरूमा अध्ययनरत कक्षा १० का विद्यार्थीहरूको लागि भक्तपुर नगरपालिकाद्वारा सञ्चालन हुने कक्षा १० को **एसईई तयारी परीक्षा-२०८०** तपसिल बमोजिम सञ्चालन हुने गरी प्रकाशन गरिएको व्यहोरा सूचित गरिन्छ ।

**एसईई तयारी परीक्षा तालिका**

**समय : दिनको ७:३० बजेदेखि**

| क्र.सं. | मिति | विषय | |
|---|---|---|---|
| | | साधारणतर्फ | प्राविधिकतर्फ |
| १ | २०८०।०९।२५, बुधबार | अनिवार्य अङ्ग्रेजी | अनिवार्य अङ्ग्रेजी |
| २ | २०८०।०९।२६, बिहीबार | अनिवार्य नेपाली | अनिवार्य नेपाली |
| ३ | २०८०।०९।२७, शुक्रबार | अनिवार्य विज्ञान तथा प्रविधि | अनिवार्य विज्ञान तथा प्रविधि |
| ४ | २०८०।०९।२९, आइतबार | अनिवार्य गणित | अनिवार्य गणित |
| ५ | २०८०।१०।०२, मङ्गलबार | अनिवार्य सामाजिक अध्ययन | Building Construction and Drawing |
| ६ | २०८०।१०।०३, बुधबार | ऐच्छिक प्रथम पत्र सबै | Highway Engineering |
| ७ | २०८०।१०।०४, बिहीबार | ऐच्छिक द्वितीय पत्र सबै | Engineering Surveying-I |
| ८ | २०८०।१०।०५, शुक्रबार | - | Estimating Costing and Supervising-I |

(क) माध्यमिक शिक्षा पाठ्यक्रम २०७८ मा आधारित भई विशिष्टीकरण तालिकामा उल्लेख भएअनुसारका कार्यकलापसहित प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयहरुको प्रयोगात्मक परीक्षा विद्यालय आफैले २०८० पुष १० गतेसम्म सञ्चालन गरी तोकिएको ढाँचाको Markslip २०८० पुस १५ गतेभित्र नगर शिक्षा शाखामा बुझाउनु पर्नेछ । साथै प्रयोगात्मक परीक्षाको परीक्षा तालिका नगर शिक्षा शाखामा जानकारी गराई स्वीकृति लिइ सञ्चालन गर्नुपर्ने छ ।

ख) विशेष कारणवश उल्लिखित परीक्षाको कार्यतालिका र समय तालिकामा हेरफेर गर्नुपर्ने भएमा परीक्षा समितिको निर्णय बमोजिम हुने छ । साथै परीक्षा केन्द्र पछि प्रकाशन गरिने छ ।

**शिक्षा शाखा**
**भक्तपुर नगरपालिका**
**०१-६६१०११६**

**मन्तव्य**

## "भक्तपुर नगरपालिका र नपाद्वारा सञ्चालित कलेजहरूले आत्मनिर्भरताको बाटो रोजेको छ"

*– सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका*



ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ प्राविधिक क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने नेपालकै उत्कृष्ट कलेजहरू हुन् । यी कलेजहरूले भक्तपुर नगरपालिकाको व्यवस्थापनमा सस्तो र गुणस्तरीय प्राविधिकहरू तयार गरिरहेका छन् भने असल र देशभक्त नागरिक तयार गर्ने कोसिस पनि गरिरहेका छन् । अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान र योग्य प्राविधिकहरू तयार गर्ने पनि यी कलेजहरूको उद्देश्य हो । पूर्वाञ्चल विश्वविद्यालयबाट २०५८ सालमा सम्बधन लिई ख्वप इन्जिनियरिङ कलेज र त्रिभुवन विश्वविद्यालयबाट २०६५ सालमा सम्बधन लिई ख्वप कलेज अफ इन्जिनियरिङको स्थापना गरिएको हो । यी दुवै कलेजहरूबाट हरेक वर्ष विभिन्न विषयका ४३२ जना दक्ष इन्जिनियरहरूको उत्पादन हुँदै आएका छन् ।

भक्तपुर नगरपालिकाले प्राविधिक शिक्षालाई जोड दिँदै आएको छ । प्राविधिक शिक्षाले युवाहरूलाई आत्मनिर्भर बनाउन मदत गर्छ । प्राविधिक क्षेत्रमा अगाडि बढेको देश नै संसारमा आर्थिक र भौतिक विकासमा पनि अगाडि बढेको देखिन्छ । राम्रा राम्रा प्राविधिकहरू देश विकासका एक महत्त्वपूर्ण आधार हुन् । भक्तपुर नगरपालिकाले यही कुरालाई ध्यानमा राखेर २ ओटा इन्जिनियरिङ कलेज र ख्वप बहु प्राविधिक अध्ययन संस्थान गरी ३ ओटा प्राविधिक शिक्षालयहरू सञ्चालन गर्दै आएको छ । ख्वप बहु प्राविधिक अध्ययन संस्थानबाट स्टाफ नर्स र सब इन्जिनियरहरू उत्पादन भइरहेको छ ।

शैक्षिक क्षेत्रमा सरकारले राम्रो व्यवस्थापन गर्न नसक्दा विद्यार्थीहरू विदेश पढ्न जाने क्रम बढ्दो छ । गत आ.व. २०७९।८० मा १ लाख १० हजार विद्यार्थीहरूले शिक्षा मन्त्रालयबाट 'नो अब्जेक्सन लेटर' लिएर विदेश पढ्न गएको कहालिलाग्दो तस्बिर हाम्रो सामु छ । हरेक महिना १० हजारभन्दा बढी विद्यार्थी विदेश पढ्न गएको तथ्याङ्कले हाम्रो शिक्षा नीतिमाथि नै गम्भीर प्रश्न उठेको छ । नेपालमा प्राविधिक शिक्षा मात्रै होइन अन्य धेरै विषयहरू अध्यापन हुने कलेजहरू बन्द हुने क्रम जारी छ । १२ कक्षासम्म नेपालमा पढ्ने र त्यसपछि विदेशमा पढ्ने भन्ने सोच स-साना विद्यार्थी भाइ बहिनीहरूमा कसले ल्यायो ? यो खोज र अध्ययनको विषय हो । नेपालमा हाल सञ्चालनमा रहेका १४४० कलेजहरूमध्ये विद्यार्थी सङ्ख्याको कमीको कारण यो वर्ष ५०० ओटाभन्दा बढी कलेजहरू बन्द हुने अवस्थामा पुगेको समाचारहरूमा आइरहेका छन् ।

बौद्धिक व्यक्तित्वहरू नेपाल सरकार र विश्वविद्यालयहरू नै विद्यार्थी विदेश पलायन हुनुमा मुख्य जिम्मेवार भनिरहेका छन् । समयमा परीक्षा नहुनु, परीक्षाफल ढिलो प्रकाशित हुनु र प्राध्यापक तथा कर्मचारीहरू राजनैतिक भागबण्डामा नियुक्त हुनु नै विश्वविद्यालयहरूमा राम्रो व्यवस्थापन हुन नसक्नुका कारणहरू हुन् । त्यसले नेपालका कलेज र विश्वविद्यालयहरूप्रति विद्यार्थीहरूको आकर्षण घट्दै गएको छ । विश्वविद्यालयजस्तो प्राज्ञिक क्षेत्रमासमेत बारम्बार बन्द, हड्ताल र तोडफोड, आगजनीजस्ता अराजनैतिक गतिविधि हुनाले पनि विद्यार्थीहरूलाई निराश बनाएका छन् । राम्रो अध्ययन गर्न चाहने विद्यार्थीहरू घर खेत बेचेरै भए पनि विदेश पढ्न जान बाध्य छन् ।

चिकित्सा शिक्षाको अवस्था झनै कहालीलाग्दो छ । चिकित्सा शिक्षा सञ्चालन गर्न १०० शय्याको आफ्नै अस्पताल हुनुपर्ने कानुनी प्रावधानको कारण यो वर्ष स्टाफ नर्स, बिएससी नर्सिङ, एचएलगायत अध्यापन हुने २२८ ओटा कलेजहरू बन्द हुने अवस्थामा पुगे । ४० जना स्टाफ नर्स पढाउन अर्बौं रुपैञा खर्च गरेर १०० शय्याको अस्पताल बनाउनुपर्ने प्रावधान विद्यार्थीको हित विपरीत छ । सरकारको गलत नीतिको कारण अहिले हजारौं विद्यार्थीहरू नेपाल

भारत सिमानामा भारतले खोलेका कलेजहरूमा गएर पढिरहेका छन् । त्यसको कारण नेपालको अर्बौं रुपैयाँ विदेश गइरहेको छ ।

हामीले हाम्रा कलेजहरूमा नयाँ नयाँ विषयहरू थप्ने निरन्तर प्रयास गर्दै छौँ तर त्रिवि कहिल्यै हामीप्रति सकारात्मक भएन । यही सिलसिलामा केही समय अगाडि त्रिभुवन विश्वविद्यालयका उपकूलपति धर्मकान्त बास्कोटासँग भेट्यौँ । उहाँसँग विषय थपको लागि निवेदनसाथ आग्रह गऱ्यौँ । उहाँले आफूले केही गर्न नसक्ने लाचारी व्यक्त गर्दै भन्नुभयो– संस्थालाई राम्रो गर्ने भन्ने मान्छे भेट्दैनौँ । प्राध्यापकहरू भागबन्डामा नियुक्त हुन्छन् । क्लासमा गएर पढाउन नसक्ने पनि प्राध्यापकहरू छन् । अनि कसरी राम्रो पढाइ हुन्छ ? विश्वविद्यालयबाट भन्दा बढी कन्सल्टेसीबाट तलब बुझ्ने प्राध्यापकहरू छन् । सबै निजी क्षेत्रले बिगारेका हुन् ।' उहाँले केही समय अघि अवकाश पाउनुभयो । त्यसपछि पनि भन्नुभयो– 'मेरो एक तिहाइ पदावधि बन्द हडतालमा बित्यो ।' यही हो हाम्रो विश्वविद्यालयको सजीव चित्र ।

उहाँले हामीलाई नयाँ विषय थपको स्वीकृति दिएमा अन्य निजी विश्वविद्यालयकाहरू आएर विश्वविद्यालय घेराउ गर्न सक्ने बताउनुहुँदै आङ्गिक क्याम्पस बाहेकका क्याम्पसहरूमा नयाँ विषयको स्वीकृति दिन नसक्ने स्पष्ट पार्नुभयो । देशको शिक्षाको जिम्मेवारी लिएर बसेका महत्त्वपूर्ण पदाधिकारीहरूबाटसमेत यस्तो निराशाजनक कुरा सुन्नु परेको छ । यस्तो अवस्थामा शैक्षिक क्षेत्रको प्रगति कसरी हुन्छ ?

अहिले रोजगारीको निम्ति पनि दैनिक हजारौँ युवाहरू विदेश गइरहेका छन् । गत आ.व. २०७९।८० मा आठ लाखभन्दा बढी युवाहरू विदेश गएको तथ्याङ्क छ । युवा, विद्यार्थीहरू र बुद्धिजीवीहरू पनि विदेश गएपछि नेपालको विकास र समृद्धी कसरी सम्भव हुन्छ ? सरकारमा बसेर राम्रा राम्रा नारा भट्याएर देशको विकास हुने होइन ।

नेपाली युवाहरू विदेश पठाउने नीति ल्याउने तत्कालीन अर्थमन्त्री रामशरण महत हुन् । उनले प्रत्यक निर्वाचन क्षेत्रबाट २०० युवाहरू विदेश पठाउने नीति ल्याए । त्यसको निकै विरोध पनि भएको थियो । आज त्यही गलत नीतिको परिणाम देश युवाविहीन हुँदैछ । तराई र पहाडका खेतीयोग्य जमिनमा खेती गर्ने युवाहरू छैनन्, लास बोक्नसमेत युवाहरू नभेटिएर महिलाहरूले बोक्नुपर्ने अवस्था आउँदै छ । देशको यथार्थबारे हाम्रा कलेजका विद्यार्थीहरूले गम्भीर भएर सोच्ने आशा गर्छु ।

एकातिर हाम्रा किसानहरूले तयार गरेका तरकारी, दूध नबिकेर सडकमा फालिएको दृश्य देख्दैछौँ भने अर्कोतिर भारतबाट विषादीयुक्त तरकारीले निर्वाध रूपमा प्रवेश पाउँदैछ । यसबाट नेपालको कृषि अर्थतन्त्र ध्वस्त हुँदैछ । भारतले प्याज निर्यात नगर्दा एकै दिन त्यसको मूल्य दोब्बरले बढेको, चामल र गहुँ नपठाउँदा नेपाली नागरिकहरू भोकै बस्नुपर्ने अवस्था सिर्जना भएको छ । यसको जिम्मेवार को हो ?

यही समयमा नेपाल सरकारले भारत सरकारको अनुकूल एउटा अर्को निर्णय गरेको सार्वजनिक भएको छ । काठमाडौँस्थित भारतीय दूतावासले सिधा वितरण गर्ने अनुदान रकम बढाएर २० करोड पुऱ्याइएको छ । त्यो रकम खर्च गर्न नेपाल सरकारको कुनै अनुमति आवश्यक छैन । सूर्यबहादुर थापाको पालामा सुरु भएको त्यो अनुदानको व्यवस्था बाबुराम भट्टराईको पालामा ५ करोड पुऱ्याइएको थियो ।

भारतले ठाउँ ठाउँमा योग केन्द्र, बाल विकास केन्द्र, विद्यालय भवन, रक्त सञ्चार केन्द्र, कृषि तथा पूर्वाधार निर्माणमा सोझै खर्च गर्दै आएको छ । यो सिधै नेपालको सार्वभौमिकता र स्वतन्त्रतामाथिको हस्तक्षेप हो । कुनै पनि स्वतन्त्र र सार्वभौम देशले विदेशीलाई त्यसरी खर्च गर्ने छुट दिँदैन । त्यसरी विदेशी शक्तिलाई लगानीमा छुट दिनुको अर्थ सरकार त्यस शक्तिको कठपुतली बन्नु हो ।

ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङमा पढ्ने तमाम विद्यार्थीहरू हाम्रा लागि समान छन् । हामी तपाईँहरूको उज्ज्वल भविष्यको निम्ति पूर्ण रूपमा सहयोग गर्छौं । तपाईँहरूले आफ्नो पढाइका साथै देशको समसामयिक राजनीतिबारे पनि ध्यान दिएर अध्ययन गर्ने हाम्रो अपेक्षा हो । विदेश गएर यहाँका नेताहरूलाई सराप्दैमा नेपालको विकास हुने होइन । हामी सबैले आफ्नो ज्ञान र सीप आफ्नै देशमा प्रयोग गर्ने प्रण गर्न सक्यौँ भने देशले विकासमा गति लिने छ ।

विदेशको सहयोगले मात्रै कुनै पनि देश समृद्ध हुन सक्दैन । आत्मनिर्भरतालाई जोड दिएर अगाडि बढ्नु विकासको लागि उचित विकल्प हो । भक्तपुर नगरपालिका र हाम्रा कलेजहरूले आत्मनिर्भरताको बाटो रोजेको छ । त्यही नीतिले नै हामीलाई अहिलेको अवस्थामा पुऱ्याएको हो ।

(भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २२ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १५ औँ वार्षिकोत्सव समारोहको उद्घाटन कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)

# नेपालका प्रधानमन्त्री तथा मन्त्रीहरूमा दूरदर्शीताको खाँचो




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २२ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १५ औँ वार्षिकोत्सव समारोहको समापन तथा सांस्कृतिक कार्यक्रम मंसिर २९ गते एक भव्य समारोहबीच कलेज प्राङ्गणमा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव **प्रेम सुवाल**ले नेपाल मजदुर किसान पार्टीले शिक्षालाई जोड दिँदै २०५६ सालबाट ख्वप माविलगायतका कलेजहरू स्थापना गरी सोही जगमा उभिएर देशको लागि आवश्यक जनशक्ति उत्पादनमा निरन्तर योगदान पुऱ्याउँदै आएको बताउनुभयो ।

प्राविधिक क्षेत्रका दक्ष जनशक्तिलाई नेपालमै रोजगारीको अवसर प्रदान गर्न नसके यी जनशक्ति पनि विदेशिने सम्भावना रहेको बताउनुहुँदै उहाँले देशका मन्त्री तथा प्रधानमन्त्रीहरूमा दूरदर्शीताको अभाव रहेकै कारण आज देश भताभुङ्ग अवस्थामा पुगेको बताउनुभयो ।



प्रधानमन्त्री तथा मन्त्रीहरूले आफ्नो जिल्लाको मात्र विकास हेर्ने नभई देशकै समग्र विकासमा ध्यान दिनुपर्ने बताउनुहुँदै भारतीय एकाधिकार पुँजी र विस्तारवादी नीतिले नेपालको प्राकृतिक स्रोतसाधन कब्जा भइरहेको प्रसङ्ग जोड्दै उहाँले गोर्खा भर्ति केन्द्र तत्काल खारेज गर्नु देशको हितमा भएको बताउनुभयो ।

सङ्घीय राजधानी काठमाडौँमा जनसङ्ख्या वृद्धि सँगसँगै खानेपानी अभाव, प्रदूषण, सडक जाम, अपराध सङ्ख्या बढ्दै गइरहेको बताउनुहुँदै उहाँले सरकारले देशको सन्तुलित विकास गर्न विभिन्न जिल्लाहरूमा व्यवस्थित सहरहरू निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपालले प्यालेष्टाइनी जनताहरूप्रति ऐक्यबद्धता जनाउनुपर्ने धारणा राख्नुहुँदै उहाँले अमेरिकाको आडमा इजरायलले प्लोष्टाइनमाथि गरिरहेको निर्मम हत्या र युद्ध अपराध छिटोभन्दा छिटो अन्त्य गरिनुपर्ने बताउनुभयो । इजरायल आज अमेरिकाको कठपुतलीको रूपमा प्रस्तुत भइरहेको उहाँले स्पष्ट पार्नुभयो ।

कार्यक्रमका सभापति भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले नेपालको संविधान निर्माणपछि सङ्घीयता कार्यान्वयनमा आएसँगै भक्तपुर नगरपालिकाले संविधानको भावना र मर्मनुसार समाजवादउन्मुख कार्य गर्दै आएको बताउनुभयो ।



उहाँले सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वयको अभावले धेरै समस्याहरू पनि भोग्दै आएको बताउनुहुँदै सरकारले जनताको हितमा काम गर्न नसकेकै कारण अहिले गणतन्त्रको विकल्प खोज्नुपर्ने जस्ता मागहरू उठिरहेको धारणा राख्नुभयो।

उहाँले यो वर्ष ख्वप विश्वविद्यालय विधेयक संसद्बाट पारित हुनेमा आशावादी रहेको बताउनुहुँदै शैक्षिक ऋण दिएर गरिब परिवारलाई उच्च शिक्षाको व्यवस्था गर्ने भक्तपुर देशकै पहिलो नगरपालिका भएको बताउनुभयो। उहाँले समाजलाई बुद्धिजीवीकरण गरी सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने घोषित नीतिलाई पूरा गर्न नगरपालिकाले शैक्षिक ऋणको नीतिलाई अगाडि बढाएको प्रष्ट पार्नुभयो।

वाग्मती प्रदेशसभा सदस्य **सृजना सैंजु**ले इन्जिनियरिङ क्षेत्रमा भक्तपुर नपाबाट सञ्चालित कलेजहरूको योगदान अतुलनीय रहेको बताउनुहुँदै प्रतिकूल समयमा पनि यी कलेजहरूले देशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्दै देशकै लागि 'आशाको केन्द्र' को रूपमा यी कलेजहरू सञ्चालन भइरहेको बताउनुभयो।

शिक्षामा निजीकरण र व्यापारीकरणको नीतिले आज देशको शिक्षा क्षेत्र ध्वस्त भएको बताउनुहुँदै उहाँले इजरायलले प्यालेष्टाइनमाथि गरिरहेको बर्बर हमला मानव जातिमाथिको युद्ध अपराध भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाका उपप्रमुख **रजनी जोशी**ले समाजलाई बुद्धिजीवीकरण गर्ने नगरपालिकाको उद्देश्य क्रमशः पूरा हुँदै आएको बताउनुहुँदै 'एक घर एक स्नातक' को अवधारणाले पनि यसलाई टेवा पुऱ्याएको बताउनुभयो।

भक्तपुर नपाले शिक्षाको जगलाई बलियो पार्न विभिन्न विषयका कलेजहरू सञ्चालन गरी देशकै लागि योग्य नागरिक तयार गरिरहेको बताउनुहुँदै यहाँ अध्ययनरत विद्यार्थीहरूमा देशभक्त भावना हुनुपर्नेमा जोड दिनुभयो।

नेपाल इन्जिनियरिङ परिषद्का अध्यक्ष डा. **पदमबहादुर शाही**ले भक्तपुर नपाबाट सञ्चालित दुवै कलेजहरूको शैक्षिक वातावरण, पूर्वाधार तथा व्यवस्थापन उत्कृष्ट रहेकै कारण विद्यार्थीको आकर्षणको रूपमा यो कलेज विकास भइरहेको बताउनुहुँदै यहाँबाट उत्तीर्ण भएर गएका विद्यार्थीहरूले आफ्नो कार्यक्षेत्रमा एक असल र इमानदार नागरिक भई काम गर्न मार्गनिर्देश गर्नुभयो।

उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले पनि बोल्नुभएको थियो भने दुवै कलेजका प्राचार्यद्वय **रत्नशोभा प्रजापति** र **सुवेगमान बिजुक्छेँ**ले पनि आफ्नो धारणा राख्नुभएको थियो।




कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङबाट अध्ययन पूरा गरेका विद्यार्थीद्वय **अनिश शिल्पकार** र **इच्छा प्रधानाङ्ग**ले ख्वपबारे आफ्नो शैक्षिक अनुभव सुनाउनुभयो।

कार्यक्रममा प्रमुख अतिथि सुवालले कलेजबाट स्नातकोत्तर र स्नातक तह अध्ययन पूरा गरेका उत्कृष्ट विद्यार्थीहरूलाई मायाको चिनो वितरण गर्नुभएको थियो भने कलेज सञ्चालक समितिका अध्यक्ष प्रजापतिले कलेजबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई मायाको चिनो वितरण गर्नुभएको थियो।

**मन्तव्य**

## "शैक्षिक ऋण दिएर गरिब परिवारलाई उच्च शिक्षाको व्यवस्था गर्ने भक्तपुर पहिलो नगरपालिका हो"

– *सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका*



भक्तपुर नगरपालिका सर्वसाधारण जनतालाई शिक्षा प्रदान गर्न शिक्षा क्षेत्रमा लगानी गर्ने नेपालकै पहिलो नगरपालिका हो । २०३९ सालमा निर्वाचित तत्कालीन जनप्रतिनिधिहरूले प्रत्येक सामुदायिक विद्यालयमा ११ जना शिक्षक नियुक्त गरेर ७ कक्षासम्म निःशुल्कको व्यवस्था गर्नुभयो । त्यतिबेला पञ्चायती सरकारले देशभर ५ कक्षासम्म मात्रै निःशुल्कको व्यवस्था गरेको थियो ।

२०५६ सालमा ख्वप माविको स्थापना पनि नेपाल मजदुर किसान पार्टीको शिक्षालाई जोड दिने नीतिकै सिलसिला थियो । आज ख्वप माविको जगमा आधा दर्जनभन्दा बढी उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू सफलताकासाथ सञ्चालनमा छन् । इन्जिनियरिङ, विज्ञान, व्यवस्थापन, मानविकी जस्ता विभिन्न विषयहरूमा हाम्रा कलेजहरूले स्नातोत्तरसम्मको शिक्षा प्रदान गरिरहेका छन् भने ख्वप विश्वविद्यालयको स्थापनाको लागि पनि निरन्तर पहल भइरहेको छ । शिशुस्याहार केन्द्रदेखि कलेजहरूसम्म सञ्चालन गर्ने भक्तपुर नै एक मात्र नगरपालिका हो ।

झन्डै १० वर्षदेखि नै हामीले ख्वप विश्वविद्यालय स्थापनाको लागि जोड दिँदै आयौँ । धेरै माननीयज्यूहरू, संसदीय टोलीले पनि पटक पटक हाम्रा पूर्वाधारहरूबारे अनुगमन गर्नुभयो । उहाँहरू स्वयम्ले पनि ख्वप विश्वविद्यालयको लागि आवश्यक पूर्वाधारहरू पर्याप्त रहेको अनुभव गरिसक्नु भएको छ । संसदीय टोलीले सिफारिससमेत गरिसकेको छ । विधेयक सांसदज्यूहरूको हातहातमा पुगिसक्दा पनि अहिलेसम्म पनि छलफल प्रक्रियामै लगेको छैन । हिजो मात्रै पनि शिक्षा मन्त्रालयबाट गठित अध्ययन टोलीका सदस्यज्यूहरू आएर विधेयकबारे छलफल गर्नुभयो । हामीले नगरपालिकाकै पूर्ण स्वामित्व हुने गरी सञ्चालन गर्न आवश्यक केही सुझावहरू दियौँ । यो वर्ष ख्वप विश्वविद्यालय विधेयक संसद्बाट पारित हुनेमा हामी आशावादी छौँ ।

भक्तपुर नगरपालिकाले सम्पूर्ण जनताका छोराछोरीका लागि उच्च शिक्षाको अवसर प्रदान गर्दै आएको छ । स्थानीय जनताको करबाट नगरपालिका सञ्चालन हुने हुँदा यहाँका सम्पूर्ण विद्यार्थीलाई आर्थिक कारण उच्च शिक्षा हासिल गर्नबाट वञ्चित हुन नपर्ने व्यवस्था मिलाउँदै आएका छौँ । गरिब परिवारका विद्यार्थीलाई रु. ५ लाखसम्म शैक्षिक ऋण प्रदान गर्ने नीतिअनुसार हाल ४९४ जना विद्यार्थी नपाको शैक्षिक ऋणमा पढिरहेका छन् भने यो वर्ष १०७ जना विद्यार्थीलाई शैक्षिक ऋण स्वीकृत गरिसकेका छौँ । शैक्षिक ऋण दिएर गरिब परिवारलाई उच्च शिक्षाको व्यवस्था गर्ने भक्तपुर पहिलो नगरपालिका हो । समाजलाई बुद्धिजीवीकरण गरी सभ्य र सुसंस्कृत समाज निर्माण गर्ने हाम्रो घोषित नीतिलाई पूरा गर्न नगरपालिकाले यो नीतिलाई अगाडि बढाएको हो ।

नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा पर्याप्त छात्रवृत्तिको व्यवस्था गर्दै आएका छौँ । गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई वार्षिक सवा चार करोडभन्दा बढी छात्रवृत्तिको व्यवस्था गर्दै आएका छौँ । भूगोल, इतिहास, संस्कृति, नेपालभाषा, अर्थशास्त्र, दर्शनशास्त्र जस्ता थुप्रै विषयहरूमा जुनसुकै कलेज तथा विश्वविद्यालयमा अध्ययन गरे पनि विद्यावारिधिसम्म छात्रवृत्तिको व्यवस्था गरेका छौँ । अहिले ती विषयहरू लिएर भक्तपुरका धेरै विद्यार्थीहरूले स्नातक, स्नातकोत्तर र विद्यावारिधि गरिरहेका छन् । भविष्यमा देशको लागि आवश्यक विभिन्न विषयका जनशक्तिको अभाव नहोस् भन्ने उद्देश्यले यो नीति कार्यान्वयन गर्दै छौँ । यसले गर्दा ती विषयहरूमा युवाहरूको आकर्षण बढेको पनि हाम्रो अनुभव छ ।

भक्तपुर सांस्कृतिक नगर भएकोले सम्पदा संरक्षणमा पनि हाम्रो त्यत्तिकै जोड रही आएको छ । भक्तपुरमा अवस्थित मूर्त र अमूर्त सम्पदाहरू हाम्रा अमूल्य निधिहरू हुन् । त्यसको

संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्नु हामीले आफ्नो कर्तव्य सम्झेका छौँ । विभिन्न सम्पदाहरू हेर्न कै लागि अहिले भक्तपुरमा वर्षको लाखौँ पर्यटकहरू आउने गर्छन् । भक्तपुर पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदैछ । पर्यटकहरूबाट उठेका पर्यटन शुल्कबाट भक्तपुरको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खेलकुदलगायतको विकासको निम्ति खर्च गर्दै आएका छौँ । यसले प्राचीन कला र संस्कृतिबाट नयाँ पुस्ताको सेवा भएको छ । 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' नाराले पनि सार्थकता प्राप्त गर्दैछ ।

भक्तपुर नगरपालिकाले युवाहरूलाई आत्मनिर्भर बनाउन विभिन्न सीपमूलक तालिमहरू प्रदान गर्दै आएको छ । चिनियाँ भाषा, जापानी भाषालगायत विभिन्न विदेशी भाषाको पनि प्रशिक्षण दिई हरेक युवालाई ३।४ ओटा भाषाको जानकार बनाउने कोसिस पनि हुँदैछ । साथै युवाहरूलाई लक्षित गरी युवा उद्यमशिलता कोषको व्यवस्था गरी रु. ५ लाखसम्मको ऋणको व्यवस्था पनि गर्दै आएको छ ।

घरदैलो नर्सिङ, वडा वडामा स्वास्थ्य केन्द्र स्थापनादेखि १०० शय्याको आफ्नै अस्पताल सञ्चालन गरी सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा पनि हामीले प्रदान गर्दैछौँ । शिक्षा, स्वास्थ्य, विकास निर्माण, सम्पदा संरक्षण जस्ता कामहरू जनतालाई केन्द्रमा राखी कार्य गर्दै आए पनि सङ्घ र प्रदेश सरकारहरू भने भक्तपुर नगरपालिकाप्रति सहयोगी बनेनन् । ख्वप अस्पतालको बिमाको शोध भर्ना रकम रु. १२।१३ करोड बाँकी छ भने वागमती प्रदेश सरकारको तर्फबाट यो वर्ष कानुनबमोजिम दिनुपर्ने विशेष र समपूरक अनुदानसमेत नदिई पक्षपात र पूर्वाग्रही भावनाको प्रदर्शन गऱ्यो ।

नेपालको संविधान निर्माणपछि सङ्घीयता कार्यान्वयनमा आएसँगै भक्तपुर नगरपालिकाले संविधानको भावना र मर्मनुसार समाजवादउन्मुख कार्य गर्दै आएको छ । तर, सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वयको अभावले हामीले धेरै समस्याहरू पनि भोग्दै आएका छौँ ।

सङ्घ र प्रदेश सरकारको नेतृत्व गरिरहेका नेता, मन्त्रीहरूले नै स्थानीय तहलाई आफ्नै मातहतको एकाइजस्तो व्यवहार गर्छन् भने त्यो सङ्घीयता र संविधानको भावनाविपरीत छ । पालिकाहरू जनताको सबभन्दा नजिकको सरकार भएको हुँदा सङ्घ र प्रदेशले दिने सशर्त अनुदान घटाउँदै विशेष अनुदान वृद्धि गर्दै लानुपर्ने थियो तर त्यसको ठिक उल्टो विशेष अनुदान घटाउँदै लगेको छ । त्यो स्थानीय तहलाई सङ्घ र प्रदेशको नियन्त्रणमा राख्ने जालसाजी हो । स्वायत्तताको पक्षमा लडिरहेका कुनै पनि नगरपालिकाका लागि त्यो स्वीकार्य हुन सक्दैन ।

## चीनका प्राचीन नीतिकथा

### bof

हानतानका मानिसहरूले नववर्षको उपलक्ष्यमा परेवा समातेर राजालाई उपहार दिन्थे । राजाले उनीहरूलाई इनाम दिन्थ्यो । राजाले ती परेवाहरू उडाएर तिनीहरूलाई मुक्ति दिन्थे । यो कामले राजा कति दयालु रहेछन् भन्ने ख्याति फैलिएको थियो ।

हानतानका मानिसहरूले राजाबाट इनाम पाउनका लागि बिचरा परेवाहरूलाई पासो थापेर समात्थे । केही परेवाको ज्यान पनि जान्थ्यो । यसरी राजाको दयालुपन देखाउनका लागि परेवाहरूले दुःख पाउनुपर्थ्यो ।

अनुवादः विनय कसजू

सङ्घीयता कार्यान्वयन भएको ८ वर्ष भइसक्दा पनि संविधानबमोजिम साझा सूचीमा रहेका विषयमा अहिलेसम्म कानुन निर्माण भएको छैन । कानुन निर्माण बिना जनताको काम सहज रूपमा संम्पन्न हुन सम्भव हुँदैन । सङ्घ र प्रदेशले समयमा आवश्यक कानुनहरू निर्माण गरी दिएको भए स्थानीय तहहरूमार्फत अहिलेको भन्दा धेरै कामहरू हुन सक्थ्यो ।

सरकारको काम जनताको हितलाई ध्यानमा राख्नुभन्दा देशघाती एमसीसी सम्झौता पारित गर्न र नागरिकता विधेयक पारित गर्नमा केन्द्रित भयो । सरकारले जनताको हितमा काम गर्न नसकेकै कारण अहिले गणतन्त्रको विकल्प खोज्नुपर्ने जस्ता मागहरू पनि उठ्न थालेका छन् । यो २०४६ सालपछि सरकारमा बस्ने दल र नेताहरूको गलत कामकै परिणाम हो ।

राजनीति जनताको सेवाको लागि हुनुपर्नेमा राजनीतिलाई छोटो समयमा छिटो सम्पत्ति आर्जन गर्ने व्यापारमा रूपान्तरण गरियो । देश र जनताको सेवा गर्ने भनेर सरकारमा पुगेका नेताहरूले पञ्चायती व्यवस्थामा जेल, प्रवास, भूमिगत बसेको वर्ष, महिना हिसाब गरेर साँवा ब्याज असुल गर्न खोजे । त्यसैको परिणाम राजनीतिकै बद्नाम भयो ।

हाम्रा कलेजहरूबाट उत्पादित जनशक्ति देश र जनताको सेवामा समर्पित भएर लाग्ने अपेक्षा गर्दछौँ ।

(भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको २२ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १५ औँ वार्षिकोत्सव समारोहको समापन तथा सांस्कृतिक कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्य)

## उत्कृष्ट विद्यार्थीहरूलाई सम्मान

# क्रान्ति र विकासबारे सिक्दै नयाँ पुस्ता अगाडि बढ्नुपर्ने




भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेजमा शैक्षिक वर्ष २०७५।७६ मा स्नातक तहअन्तर्गत बी.बी.एस., बी.ए., बी.एससी र बी.बी.एम. कार्यक्रममा भर्ना भई उत्तीर्ण विद्यार्थीहरूको बिदाइ तथा त्रिवि परीक्षा नतिजातर्फ एम.ए. अङ्ग्रेजी र बी.बी.एम. आठौँ सेमेष्टरमा उत्कृष्ट नतिजा हासिल गर्न सफल विद्यार्थीहरूलाई सम्मान कार्यक्रम पुस ६ गते कलेज सभाहलमा सम्पन्न भयो।

कार्यक्रमका प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष **नारायणमान बिजुक्छेँ (रोहित)**ले विदेशमा उच्च शिक्षा हासिल गरेर पनि नेपाल र नेपाली जनताको सेवा गर्ने भावनाले विद्यार्थीहरूले अध्ययन गर्नुपर्नेमा जोड दिनुभयो।




नेपालमा भएका विषयहरू नेपालमै अध्ययन गर्नुपर्ने र विदेशमा उच्च शिक्षा हासिल गरेर पनि देशको विकासमा आफ्नो ज्ञान र सीप प्रयोग गरी देशको सेवा गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले संसारका विभिन्न देशमा भएका क्रान्ति र विकासबारे सिक्दै नयाँ पुस्ता अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो।

विदेशी विचार, सिद्धान्त र वस्तुबाट नेपालको सेवा भइरहेको बताउनुहुँदै उहाँले विद्यार्थीहरूले सिक्ने विषयमा कहिल्यै विचलित हुन नहुने धारणा राख्नुभयो।

विद्यार्थीहरूलाई देश विदेशको राजनीति र त्यहाँको क्रान्तिबाट सधैँ प्रशिक्षित गर्नुपर्ने धारणा राख्नुहुँदै उहाँले आफू जुनसुकै पदमा बसेर काम गरे पनि आफ्नो समाजप्रति उत्तरदायी भएर काम गर्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमका सभापति एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुर नपाद्वारा सञ्चालित कलेजहरूबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान र योग्य जनशक्ति उत्पादन भइरहेको बताउनुभयो।

हरेक महिना १० हजारभन्दा बढी विद्यार्थी विदेश पढ्न गएको तथ्याङ्कले हाम्रो शिक्षा नीतिमाथि नै गम्भीर प्रश्न उठिरहेको बताउनुहुँदै उहाँले विद्यार्थी विदेश पलायन हुनुमा सरकार र विश्वविद्यालयहरू नै जिम्मेवार भएको बताउनुभयो।

ख्वप कलेजका प्राचार्य **प्रकाशकुमार श्रेष्ठ**ले विद्यार्थीहरूले आफ्नो अध्ययन र अनुसन्धानको क्रमलाई चालु नै राख्न मार्गनिर्देश गर्नुहुँदै विद्यार्थीहरूको सफलता नै कलेजको उपलब्धी भएको बताउनुभयो।

कार्यक्रममा ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, ख्वप कलेजका उपप्राचार्य डा. राजेशकुमार श्रेष्ठ र शिक्षक कमिनिका न्याइच्याइँले पनि बोल्नुभएको थियो।



कार्यक्रममा प्रमुख अतिथि बिजुक्छेँले ख्वप कलेजअन्तर्गत बी.बी.एम. आठौँ सेमेष्टरमा 'फो सीजीपीए' ल्याउन सफल विद्यार्थी अल्का मानन्धर, नविना जति र निकिता वयजू र एम.ए. अङ्ग्रेजी साहित्यमा '३.९१ सीजस्पीए' ल्याई त्रिवि परीक्षामा सर्वोत्कृष्ट हुन सफल विद्यार्थी पलिस्था रन्जितकारलाई दोसल्ला ओढाई सम्मान गर्नुभएको थियो। साथै अतिथिहरूले विभिन्न परीक्षामा उत्तीर्णहरूलाई मायाको चिनो वितरण गर्नुभएको थियो।

# छात्रवृत्ति रकम वितरण

## ख्वप इन्जिनियरिङ कलेजका ७१ जना विद्यार्थीलाई रू. ३४ लाख






भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजमा २०७६ र २०७७ भर्ना समूहका विद्यार्थीहरूलाई शैक्षिक वर्ष २०७९।८० को गरिब तथा जेहेनदार विद्यार्थी छात्रवृत्ति वितरण कार्यक्रम पुस १३ गते कलेज सभाहलमा सम्पन्न भयो । उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ७१ जना विद्यार्थीहरूलाई रु. ३४ लाख बराबरको छात्रवृत्ति रकम वितरण गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख **प्रजापति**ले कलेज स्थापनाको उद्देश्य र इतिहासबारे प्रष्ट पार्नुहुँदै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा इन्जिनियरिङ, विज्ञान, व्यवस्थापन, मानविकीजस्ता विभिन्न विषयहरूमा स्नाकोत्तरसम्मको शिक्षा प्रदान गरिरहेको बताउनुहुँदै नपाले ख्वप विश्वविद्यालयको स्थापनाको लागि पनि निरन्तर पहल गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा शिशुस्याहार केन्द्रदेखि कलेजहरूसम्म सञ्चालन गर्ने देशकै एक मात्र नगरपालिका भएको बताउनुहुँदै उहाँले नगरवासी विद्यार्थीलाई आर्थिक कारण उच्च शिक्षा हासिल गर्नबाट बञ्चित हुन नपर्ने व्यवस्था मिलाउँदै गरिब परिवारका विद्यार्थीलाई रु. ५ लाखसम्म शैक्षिक ऋण प्रदान गर्ने नीति अवलम्बन गर्दै आइरहेको बताउनुभयो ।

छात्रवृत्ति रकमको सही सदुपयोग गरी देश र जनताप्रति उत्तरदायी भई काम गर्न मार्गनिर्देश गर्नुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूमा पर्याप्त छात्रवृत्तिको व्यवस्था गर्दै आएको विचार राख्नुभयो ।

उक्त कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य **सुजन माक** र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य **सुनिल दुवाल**ले विद्यार्थीहरूलाई कलेजको छात्रवृत्तिमा अध्ययन गर्न पाउनु आफैमा सुनौलो अवसर भएको र इमानदारीका साथ अध्ययन गर्न मार्गनिर्देश गर्नुभयो ।


**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी-२, भक्तपुर

**हाउस वायरिङ्ग (Building Electrician) र आधारभूत कम्प्युटर तालिमसम्बन्धी सूचना**

प्रकाशित मिति : २०८०/०९/१० गते

भक्तपुर नगरपालिकाको आयोजनामा हाउस वायरिङ्ग (Building Electrician) र आधारभूत कम्प्युटर तालिम सञ्चालन हुने भएकोले इच्छुक एस.ई.ई. वा सो सरह उत्तीर्ण नगरवासीहरूले १५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा, कार्यालय समयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य विस्तृत जानकारीको लागि आ-आफ्नो वडा कार्यालयहरूमा सम्पर्क गर्नुहोला ।

नोट :
- निवेदन फाराम सम्बन्धित वडा कार्यालयहरूमा उपलब्ध गराइनेछ ।
- फाराम तथा टिकट दस्तुर रु.११०।- लाग्नेछ ।
- मासिक शुल्क रु.५००।– लाग्नेछ ।
- निवेदनका साथ नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

# स्वास्थ्य सेवा

## सांसदहरूको टोलीद्वारा भक्तपुर अस्पताल निरीक्षण



नेपाल मजदुर किसान पाटीका सचिव एवम् सांसद प्रेम सुवाल, पाटीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशका सांसदहरू सुरेन्द्रराज गोसाई र सृजना साँय्जूले मंसिर २१ गते भक्तपुर अस्पतालको स्थलगत अध्ययन गर्नुभयो।

अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. **त्रिभुवनचन्द्र झा**ले भक्तपुर अस्पतालमा आउने बिरामीको सेवामा कमी नआउने गरी काम भइरहेको उल्लेख गर्नुहुँदै नवनिर्मित भवनको हस्तान्तरण यही मंसिर २८ गते भएमा बिरामीको सेवा थप प्रभावकारी हुने बताउनुभयो।

सांसद **प्रेम सुवाल**ले बिरामीको सेवामा कमी हुन नदिन र अस्पताललाई गुणस्तरीय बनाउन सरकारको ध्यानाकर्षण गराउने उल्लेख गर्नुभयो।

सांसद सुवालले अस्पतालभित्र जस्तोसुकै शत्रु पसे पनि उपचार पाउने अन्तर्राष्ट्रिय मान्यता नै भएको उल्लेख गर्नुहुँदै प्यालेस्टिनको गाजापट्टीको अस्पताल, विद्यालय र शरणार्थी शिविरमा इजरायली बमबारीको संसारभरि विरोध भइरहेको बताउनुभयो।

वाग्मती प्रदेशका सांसदद्वय गोसाई र साँय्जूले पनि प्रदेश सरकारको ध्यानाकर्षण गराएर भक्तपुर अस्पतालको सेवा प्रवाह गुणस्तरीय बनाउन सहयोग गर्ने उल्लेख गर्नुभयो।

**भक्तपुर नपाबाट नियमित रूपमा प्रकाशित 'भक्तपुर' मासिक र 'ख्वप पौ' पढौं।**

## स्थानीय स्तरीय पोषण कार्यक्रमहरूको समीक्षा तथा योजना तर्जुमा गोष्ठी



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा आ.व. २०७९।८० को स्थानीय स्तरीय पोषण कार्यक्रमहरूको समीक्षा तथा योजना तर्जुमा गोष्ठी कार्यक्रम मंसिर २७ गते सम्पन्न भयो।

उक्त गोष्ठीमा भक्तपुर नगरका विभिन्न स्वास्थ्य केन्द्रहरूका स्वास्थ्यकर्मीहरूले सञ्चालन गरेका पोषण कार्यक्रम र उपलब्धीबारे प्रस्तुतीकरण प्रस्तुत गरेका थिए।

## घरदैलो नर्सिङ र विद्यालय नर्सको नियमित बैठक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा घरदैलो नर्सिङ र विद्यालय नर्स सेवाको नियमित बैठक पुस ५ गते सम्पन्न भयो।

बैठकमा वडा नर्स तथा विद्यालय नर्सहरूले मंसिर महिनाको मासिक प्रतिवेदन प्रस्तुत गरेका थिए।

## ख्वप बहुप्राविधिक अध्ययन संस्थानका विद्यार्थीहरू भक्तपुर नपा अध्ययन भ्रमणमा



भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको नर्सिङ विभागमा पहिलो वर्षमा अध्ययनरत विद्यार्थीहरूको समुदाय अध्ययनको सिलसिलामा पुस ५ गते भक्तपुर नगरपालिकाको अध्ययन भ्रमण गरेका छन् ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित फोहोर मैला व्यवस्थापन तथा स्वास्थ्यसम्बन्धी कार्यक्रमहरूबारे विस्तृत जानकारी लिने उद्देश्यले आएका विद्यार्थीहरूलाई मार्गनिर्देश गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नर्सिङ पेशा सम्मानित र मर्यादित पेशा भएको बताउनुहुँदै नर्सहरू सामाजिक कार्यकर्ता हुन् र सामाजिक सेवाको भावनाले काम गर्नु नर्सहरूको धर्म भएको बताउनुभयो ।

कुनै पनि संस्थाको विकास त्यहाँको नेतृत्वको लगनशीलता र इमानदारीमा भर पर्ने बताउनुहुँदै उहाँले आफू जुनसुकै पेशामा आबद्ध भए पनि समाजप्रति उत्तरदायी भई काम गर्नुपर्ने विचार राख्नुभयो ।

भक्तपुर नगरपालिकाले कुहिने फोहोरको कम्पोष्ट मल बनाएर किसानहरूलाई कम नि:शुल्क बिक्री गर्दै आएको जानकारी गराउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले यहाँबाट उत्पादित फोहर आफै व्यवस्थापन गर्दै आएको बताउनुभयो ।

समाजवादी देश क्युबाको स्वास्थ्य मोडलबारे प्रकाश पार्दै नगर प्रमुख प्रजापतिले भक्तपुर नपाले क्युबाबाट प्रभावित भई आजभन्दा ६ वर्ष अगाडि भक्तपुर नपामा घरदैलो नर्सिङ सेवा सुरू गरेको र उक्त सेवा निकै प्रभावकारी भएको बताउनुभयो ।

भक्तपुर नपाबाट सञ्चालित कलेजहरूमा विद्यार्थीहरूको माग र रूचिअनुसारका विषयहरू थप गर्दै अध्ययन अध्यापनमा जोड दिँदै आएको बताउनुहुँदै नेपालबाट उत्पादित जनशक्तिलाई स्वदेशमै रोजगारी प्रदान गर्न सके विदेशिने क्रम रोकिने विचार उहाँले राख्नुभयो ।



कार्यक्रममा भक्तपुर नपाका प्रशासकीय अधिकृत **दामोदर सुवाल**ले भक्तपुर नपाले शिक्षा क्षेत्रमा लगानी गर्दै विभिन्न शैक्षिक संस्थाहरू सञ्चालन गर्दै आएको र ती शैक्षिक संस्थाहरूबाट उत्पादित जनशक्तिले समाजको हितको लागि काम गर्नुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा भनपा श्यानिटेशन शाखाका प्रमुख **दिलिपकुमार सुवाल**ले भक्तपुर नपाको फोहोरमैला व्यवस्थापनबारे विस्तृतमा व्याख्या गर्नुभयो ।

# आँखा अस्पतालमा सस्तो, सुलभ र गुणस्तरीय सेवा दिन जोड



भक्तपुर नगरपालिकाका प्रमुख एवम् ख्वप तिलगङ्गा आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष **सुनिल प्रजापति**ले आँखा बिरामीहरूको लागि सस्तो, सुलभ र गुणस्तरीय सेवा दिने उद्देश्यले सञ्चालन गरेको बताउनुभएको छ ।

पुस ९ गते भएको सरोकारवालाहरूको भेलामा नगर प्रमुख प्रजापतिले उक्त आँखा अस्पताल भक्तपुर नगरपालिका, ख्वप तिलगङ्गा आँखा अस्पताल र अफ्थालमोलोजी तिलगङ्गा संस्थाको समन्वयमा सञ्चालन भइरहेको अवगत गराउनुभयो ।

हाल सञ्चालनमा रहेको उक्त आँखा अस्पताल ठाउँ अभावको कारण छिट्टै नै ख्वप अस्पतालको नयाँ भवनमा सार्ने तयारी भइरहेको जानकारी दिनुहुँदै उहाँले नयाँ भवनमा सरेपछि थप सेवा विस्तार हुने विश्वास दिलाउनुभयो ।

अस्पतालको क्षमताअनुसार आँखाका गरीब बिरामीहरूको पनि सेवा पुऱ्याउनुपर्ने विचार व्यक्त गर्नुहुँदै आँखाका बिरामीहरूको गुनासो सम्बोधन गर्ने किसिमले काम गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । आँखा उपचार केन्द्रमा जनशक्तिको अभाव भएकै कारण विद्यालयका शिक्षक शिक्षिकाहरूलाई आँखाको तालिम सञ्चालन गरेको विचार व्यक्त गर्नुहुँदै उहाँले सो सेवा हरेक विद्यालयमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

आँखा विशेषज्ञ डा. **सन्दुक रूइट**ले भक्तपुरको एउटा कार्यक्रममा आँखाका बिरामीहरूको निम्ति भक्तपुरमा नयाँ प्रोजेक्ट सञ्चालन गर्ने भनी उठाएको प्रसङ्ग जोड्नुहुँदै उहाँले सो प्रोजेक्ट थालनी भए यहाँका आँखाका बिरामीहरूको बढी सेवा हुने विश्वास व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा ख्वप तिलगङ्गा अस्पतालका इन्चार्ज **धिरज अधिकारी**ले आँखा अस्पताल केन्द्र स्थापनादेखि हालसम्म केन्द्रले गरेको गतिविधि र प्रगतिबारे जानकारी दिनुभयो ।

आँखा केन्द्र स्थापनादेखि उक्त आँखा अस्पतालमा केन्द्र र सार्वजनिक शिविरमा समेत गरी हालसम्म ३ लाख ३७ हजार ९ सय २२ जनाले उपचार पाएको जानकारी दिनुहुँदै उहाँले भन्नुभयो, 'चार वर्षको अवधिमा ८३६ जनाको आँखाको शल्यक्रिया भइसकेको छ ।' कार्यक्रममा डा.विक्रम श्रेष्ठ, डा. मजेशप्रताप मल्ललगायतका चिकित्सकहरूले आँखा अस्पताल केन्द्रले गरिरहेको कार्यक्रम, प्रगति र भावी योजनाबारे जानकारी दिनुभयो ।

उक्त अन्तरक्रियात्मक कार्यक्रममा उठेका जिज्ञासाहरूको जवाफ आँखा चिकित्सकहरूले दिनुभएको थियो ।

# भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवाको प्रतिवेदन, मंसिर २०८०

| वडा नं. | वडा नर्सको नाम | उच्च रक्तचाप | | | | मधुमेह | | | | दम | | | | हाडजोर्नी | | | | ग्यास्ट्रिक | | | | थाईराईड | | | | मुटुरोग | | | | नशारोग | | | | मानसिक रोग | | | | क्षयरोग | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | प्रनिशा कोजु | १ | ० | ४० | २० | ० | ० | २२ | १६ | ० | ० | १० | ३ | ० | ० | ६ | १ | ० | ० | ४ | ३ | ० | ० | १० | ० | ० | ० | ३ | ३ | ० | ० | ३ | १ | ० | ० | ४ | ० | १ | ० | ० | ० |
| २ | रजनी सुवाल जरेजु | २ | १ | ३० | १९ | ० | ० | १२ | ७ | ० | ० | ३ | २ | १ | ० | ० | ० | ० | ० | ६ | ५ | ० | ० | ३ | ० | १ | ० | ७ | ४ | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० |
| ३ | सुरुची सायजु | ० | ३ | ५२ | २८ | २ | ० | १७ | १० | ० | ० | ८ | १५ | ० | ० | ७ | १० | ० | ० | ४ | ४ | ० | ० | ६ | ३ | ० | ० | ३ | ० | ० | ० | ४ | २ | ० | ० | २ | ० | ० | ० | ० | ० |
| ४ | रसिला सुवाल | १ | ० | ४९ | ३८ | १ | ० | ३६ | १७ | ० | ० | ६ | ४ | ० | ० | ५ | २ | ० | ० | ४ | ६ | ० | ० | ८ | २ | ० | ० | २ | ३ | ० | ० | १ | ० | ० | ० | २ | १ | ० | ० | ० | ० |
| ५ | सबिता रन्जितकार | २ | ० | ८४ | २६ | ० | ० | २८ | १० | ० | ० | ५ | २ | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ० | ४ | ३ | १ | ० | ० | ० | ० | ० | २ | १ | ० | ० | ० | ० |
| ६ | रुषा बासुकला | ० | १ | २८ | १५ | ० | ० | १८ | १५ | ० | ० | ८ | ४ | ० | ० | ६ | २ | ० | ० | ४ | ४ | ० | ० | ६ | १ | ० | ० | ६ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
| ७ | मिना दुवाल | १ | ३ | ५६ | २९ | ० | ० | १८ | १६ | ० | ० | ८ | ११ | ० | ० | १३ | ८ | ० | ० | १२ | १५ | ० | ० | ६ | २ | ० | ० | ९ | ८ | ० | ० | ५ | ३ | २ | ० | २ | १ | ० | ० | ० | ० |
| ८ | सन्दिपा नागाजु | २ | १ | ५९ | २७ | ० | ० | २५ | १४ | ० | १ | ७ | ७ | ० | ० | ४ | ३ | ० | ० | १० | ३ | ० | ० | ७ | १ | १ | ० | ९ | ४ | ० | ० | ३ | ४ | ० | ० | १ | २ | ० | १ | ० | १ |
| ९ | दिब्या सुवाल | ३ | २ | ५५ | २८ | ० | १ | २२ | १० | ० | ० | ८ | ८ | ० | ० | ७ | १ | ० | ० | ८ | २ | १ | ० | १४ | ० | ० | ० | ९ | १ | १ | ० | १ | १ | ० | ० | ४ | ३ | ० | २ | ० | ० |
| १० | बिना डाखुसी | ० | ० | ८ | ५ | ० | ० | ५ | ६ | ० | ० | ० | ३ | ० | ० | २ | १ | ० | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | १ | २ | ० | ० | ३ | ४ | ० | ० | १ | ० | ० | ० | २ | ० |
| | जम्मा | १२ | ११ | ४६१ | २३५ | ३ | १ | २०३ | १२१ | ० | १ | ६३ | ५९ | १ | ० | ५२ | २८ | ० | ० | ५३ | ४३ | १ | ० | ६४ | ९ | २ | ० | ५३ | ३२ | २ | ० | २० | १५ | २ | १ | १८ | ८ | १ | ३ | २ | २ |

| वडा नं. | वडा नर्सको नाम | जण्डिस | | | | सुस्त मनस्थिति | | | | पक्षघात | | | | मृगौला रोगी | | | | पत्थरी | | | | कोलेस्ट्रोल | | | | क्यान्सर | | | | अपाङ्ग | | | | ड्रेसिङ | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | | नयाँ | | पुरानो | |
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | प्रनिशा कोजु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | १ | ० | ० | १ | १ | ० | ० | ० | १ | ० | ० | १ | ३ | ० | ० | ० | ० | ० | ० | ४ | १ | १ | १ | ० | ० | ० | ० | २ | ४ |
| २ | रजनी सुवाल जरेजु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | सुरुची सायजु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | १० |
| ४ | रसिला सुवाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | ५ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० | ० | ० |
| ५ | सबिता रन्जितकार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | २ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | रुषा बासुकला | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ४ | २ | ० | ० | २ | २ | ० | ० | ० | १ | ० | ० | ४ | ५ | १ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ७ | मिना दुवाल | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ० | ० | ३ | ० | ० | १ | ० | ० | ० | १३ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | १ | ० | २ | ३ |
| ८ | सन्दिपा नागाजु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ | ० | ० | २ | १ | ० | ० | १४ | ८ | ० | ० | १ | ० | ० | ० | २ | ३ | ३ | १ | १ | ० | ० | ० | १ | २ |
| ९ | दिब्या सुवाल | ० | १ | ० | ० | ० | ० | ० | १ | १ | २ | १ | ० | ० | ० | ४ | ० | २ | ० | ० | ० | १ | १ | ५ | ४ | ३ | ० | ० | १ | ० | ० | ० | १ | २ | १ | ० | ० | ० | ० | २ | १ |
| १० | बिना डाखुसी | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ५ | ० | ० | ० | ० | ० | २ | १ |
| | जम्मा | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | ३ | १० | ८ | ० | ० | ८ | ७ | २ | ० | ३ | ३ | १ | १ | ४६ | ३५ | ४ | ० | ३ | २ | ० | ० | ७ | ५ | ११ | ४ | २ | ३ | १ | ० | १६ | २१ |

| वडा नं. | स्टाफ नर्स | जम्मा घरधुरी संख्या | जम्मा जनसङ्ख्या | ५ वर्षमुनिको बालबालिका | २ वर्षमुनिको बालबालिका | गर्भवती महिलाको सङ्ख्या | सुत्केरी महिला | | मृत्यु | School Health Teaching no. of students | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दोस्रो | तेस्रो | | | |
| १ | प्रनिशा कोजु | ११८ | ४३६ | ९ | ६ | १ | ० | ४ | ३ | सन्तति स्कूल - १४ | Community Teaching on HTN, School Teaching Nutrition and oral hygine, Growth Monitoring |
| २ | रजनी सुवाल जरेजु | १५६ | ३७९ | ७ | ४ | ४ | २ | ६ | २ | - | Community Teaching on HTN, Growth Monitoring |
| ३ | सुरुची सायजु | २०५ | ५७८ | १८ | १२ | १ | ० | २ | २ | बाल मन्दिर-१८ | Community Teaching on HTN, School Teaching Nutrition and oral hygine, Growth Monitoring |
| ४ | रसिला सुवाल | १८२ | ३४९ | ३६ | १९ | २ | ० | ३ | ० | तारा स्कूल - ३५ | Community Teaching on HTN, School Teaching Nutrition and oral hygine, Growth Monitoring |
| ५ | सबिता रन्जितकार | ११५ | ४४७ | ८ | ६ | २ | ० | २ | ० | वरदायणी स्कूल - ४५ | Community Teaching on HTN, School Teaching Nutrition and oral hygine, Growth Monitoring |
| ६ | रुषा बासुकला | १६४ | २७९ | १५ | १० | ५ | ० | ३ | ३ | - | Community Teaching on HTN, Growth Monitoring |
| ७ | मिना दुवाल | १८३ | ४८२ | ३२ | २० | ४ | ० | ४ | ३ | चण्डेश्वरी स्कूल-५२ | Community Teaching on HTN, School Teaching Nutrition and oral hygine, Growth Monitoring |
| ८ | सन्दिपा नागाजु | १७० | ३७३ | २१ | २८ | ४ | २ | ४ | ४ | सिद्धी शारदा स्कूल - ३० | Community Teaching on HTN, School Teaching Nutrition and oral hygine, Growth Monitoring |
| ९ | दिब्या सुवाल | १६१ | ४७२ | २१ | ४१ | ७ | ३ | ८ | ४ | अमरज्योति - २७ | Community Teaching on HTN, School Teaching Nutrition and oral hygine, Growth Monitoring |
| १० | बिना डाखुसी | ७२ | १५० | ९ | १६ | १ | ० | ४ | ० | - | Community Teaching on HTN, Growth Monitoring |
| | जम्मा | १५२६ | ३९४५ | १७६ | १६२ | ३१ | ७ | ४० | २१ | | |

PREPARE BY : Rachana Suwal, Nursing Officer



An Undertaking Of Bhaktapur Municipality

# Khwopa Hospital

## 2080 Mansir Report

| Age Group | Number | In Percentage |
|---|---|---|
| 0-9 | 1851 | 9.95 |
| 10-14. | 587 | 3.15 |
| 15-19 | 646 | 3.47 |
| 20-59 | 8003 | 43.00 |
| ≥60 | 7523 | 40.42 |
| Total | 18610 | 100 |

| Services | Number | In Percentage |
|---|---|---|
| Emergency | 432 | 2.32 |
| General | 3067 | 16.48 |
| Insurance | 15111 | 81.20 |
| Total | 18610 | 100.00 |

| District | Number | In Percentage |
|---|---|---|
| Kalikot | 1 | 0.01 |
| Okhaldhunga | 1 | 0.01 |
| Solukhumbu | 1 | 0.01 |
| Dang | 1 | 0.01 |
| Ilam | 1 | 0.01 |
| Gorkha | 1 | 0.01 |
| Sankhuwasabha | 1 | 0.01 |
| Humla | 1 | 0.01 |
| Tanahu | 1 | 0.01 |
| Gulmi | 2 | 0.01 |
| Morang | 2 | 0.01 |
| Nuwakot | 2 | 0.01 |
| Sindhuli | 2 | 0.01 |
| Makwanpur | 2 | 0.01 |
| Udhyapur | 2 | 0.01 |
| Bara | 3 | 0.02 |
| Jhapa | 3 | 0.02 |
| Jumla | 4 | 0.02 |
| Rolpa | 4 | 0.02 |
| Achham | 5 | 0.03 |
| Kailali | 5 | 0.03 |
| Dailekh | 7 | 0.04 |
| Dolkha | 7 | 0.04 |
| Khotang | 8 | 0.04 |
| Lalitpur | 10 | 0.05 |
| Sindhupalchowk | 23 | 0.12 |
| Ramechap | 25 | 0.13 |
| Kathmandu | 30 | 0.16 |
| Kavrepalanchok | 57 | 0.31 |
| Bhaktapur | 18398 | 98.86 |
| Total | 18610 | 100 |

| | |
|---|---|
| Madhyapur Thimi | 100 |
| Suryabinayak | 807 |
| Changu | 2882 |
| Bhaktapur | 14609 |
| Total | 18398 |

| Department | Number | In Percentage |
|---|---|---|
| Neuro Surgery | 27 | 0.15 |
| Urology | 36 | 0.19 |
| Psychiatric | 71 | 0.38 |
| General Ward | 166 | 0.89 |
| Cardiologist | 173 | 0.93 |
| MDGP | 212 | 1.14 |
| Physiotherapy | 214 | 1.15 |
| Laboratory | 420 | 2.26 |
| General Surgery OPD | 483 | 2.60 |
| Dermatology | 502 | 2.70 |
| Internal Medicine | 881 | 4.73 |
| ENT | 887 | 4.77 |
| Paediatric | 1057 | 5.68 |
| Emergency Ward | 1084 | 5.82 |
| Obs. & Gynaecology | 1248 | 6.71 |
| Dental | 1373 | 7.38 |
| Orthopedic | 2254 | 12.11 |
| General OPD | 7522 | 40.42 |
| Total | 18610 | 100 |

### Inpatient Services

| | |
|---|---|
| Patient Admitted | 166 |
| Discharge | 131 |
| LAMA | 1 |
| Refer | 9 |

### Eye Program

| | |
|---|---|
| Total Checkup | 1986 |
| Total Cataract Surgery | 21 |

### Operation

| | |
|---|---|
| Major | 78 |
| Minor | 72 |

| Gender | Number | In Percentage |
|---|---|---|
| Male | 7720 | 41.48 |
| Female | 10890 | 58.52 |
| Total | 18610 | 100.00 |

# अनुभवको आदान-प्रदान

## घोराही उपमनपाका उपप्रमुखसहितको टोली भक्तपुर नपामा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग घोराही उपमहानगरपालिकाका उपप्रमुख हुमाकुमारी डिसीसहित न्यायिक समितिका पदाधिकारीहरूले मंसिर २४ गते भेट गर्नुभयो।

भक्तपुर नगरपालिकाको अवलोकन भ्रमणाको सिलसिलामा आउनुभएको उक्त टोलीसँग भक्तपुर नपाको गतिविधि र न्यायिक समितिको कार्यसम्पादनबारे अनुभव आदानप्रदान भयो।

टोलीलाई स्वागत गर्नुहुँदै नगर प्रमुख **प्रजापति**ले भक्तपुरका पुराना संस्कृति र सम्पदाहरूको संरक्षण गरी भक्तपुर नपा अगाडि बढिरहेको बताउनुहुँदै पर्यटकहरूबाट उठेको पर्यटन शुल्क समेतबाट भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइजस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्दै आएको प्रष्ट पार्नुभयो।

पर्यटन र स्वास्थ्य क्षेत्रमा नेपालले समाजवादी देश क्युवाबाट सिक्नुपर्ने धारणा राख्नुहुँदै प्रमुख प्रजापतिले क्युवा दशकौँ लामो समयदेखि अमेरिकी साम्राज्यवादले नाकाबन्दी गरेको देश भएर पनि शिक्षा, पर्यटन विकास र स्वास्थ्य उपचारमा संसारमा उत्कृष्ट प्रमाणित हुन सफल भएको बताउनुभयो।

भक्तपुर नपाले शिक्षा क्षेत्रमा गरेको लगानीकै कारण भक्तपुर शैक्षिक रूपमा अगाडि बढेको बताउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो, 'कामदार वर्गलाई माथि उठाउने उद्देश्यले हामी नेपाल मजदुर किसान पार्टीका कार्यकर्ताहरू काम गर्दैछौँ।'

उपप्रमुख **हुमाकुमारी डिसी**ले भक्तपुर नपा सुशासन क्षेत्रमा अब्बल भएको आफ्नो ठम्याइ रहेको बताउनुहुँदै भक्तपुरको शिक्षा, स्वास्थ्य, विकास मोडलबारे अध्ययन गर्ने हेतुले भक्तपुर भ्रमणमा आएको बताउनुभयो।

उहाँले भक्तपुरले देशकै लागि मार्गनिर्देशनको रूपमा काम गरिरहेको बताउनुहुँदै अन्य स्थानीय तहहरूले शिक्षा, स्वास्थ्य, विकास मोडलबारे धेरै कुरा सिक्न सकिने बताउनुभयो।

भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, ६ नं. वडाध्यक्ष हरिराम सुवाल, ८ नं. वडाध्यक्ष कृष्णप्रसाद कोजु, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई, घोराही उपमहानपाका कानुनी मामिला शाखाका प्रमुख पुतला कुमारी देवकोटा, न्यायिक समितिका सदस्यद्वय मानबहादुर जिसी, पवित्रा विश्वकर्मा, मेलमिलापकर्ता संयोजक कमलप्रसाद भट्टराई, कर्मचारीहरू डिलराज पौडेल, सचिव शिला चौधरीलगायतको उपस्थिति रहेको थियो। भेटमा उहाँहरूबीच उपहार आदानप्रदान भएको थियो।

## भक्तपुर नपाको कामको आधार "सय वर्षपछिको भक्तपुर" र "५० वर्षपछिको नेपाल" पुस्तक



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग धनुषा जिल्लाका २ ओटा स्थानीय तहका प्रमुख र उपप्रमुखसहितको प्रतिनिधिमण्डलले भक्तपुर नपाका गतिविधिहरूको स्थलगत अवलोकन तथा छलफलको सिलसिलामा मंसिर २५ गते भेट गर्‍यो।

उक्त भेटमा भक्तपुर नगर प्रमुख **प्रजापति**ले नगरको परिचय र विशेषताबारे प्रकाश पार्नुहुँदै शिक्षा, स्वास्थ्य, सम्पदा पुन:निर्माण, सरसफाइजस्ता जनताका आधारभूत विषयहरूलाई नगरपालिकाले जोड दिँदै आएको बताउनुभयो।

भक्तपुर नपाले दुई दशक अघि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले लेख्नुभएको **'सय वर्षपछिको भक्तपुर'** र **'५० वर्षपछिको नेपाल'** पुस्तकलाई आधार बनाई काम गर्दै आएको बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले नेमकिपाको घोषणापत्रलाई आधार बनाई संविधानले कल्पना गरेको समाजवादउन्मुख कार्य गर्दै आएको बताउनुहुँदै स्वास्थ्य क्षेत्रअन्तर्गत घरदैलो नर्सिङ सेवा, वडा वडामा स्वास्थ्य केन्द्र स्थापना, नगरपालिकाको १०० शय्याको ख्वप अस्पताल सञ्चालन गर्दै २०–२५ मिनेटभित्र नागरिकहरूलाई स्वास्थ्य केन्द्र पुग्ने व्यवस्था गर्दै आएको प्रष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, 'देशका विभिन्न नगरपालिकाका जनप्रतिनिधिहरू भक्तपुरका शैक्षिक संस्थाहरू अवलोकन गर्न आउने र आ–आफ्ना पालिकामा पनि ख्वप कलेजजस्तै शैक्षिक संस्थाहरू खोल्ने प्रतिबद्धता व्यक्त गर्नुहुन्छ ।'

कार्यक्रममा धनुषा जिल्लाको शहीदनगर नगरपालिकाका उपप्रमुख **सुनिताकुमारी सिंह**ले भ्रमणको उद्देश्यमाथि प्रकाश पार्नुहुँदै भक्तपुर नपाले शिक्षामा गरिरहेको सकारात्मक अभ्यासको अनुसरण गरिने बताउनुभयो ।

उहाँले भक्तपुरको शैक्षिक विकासबाट आफूहरू प्रभावित भएको बताउनुहुँदै विभिन्न स्थानीय तहहरूबीचको अनुभव आदानप्रदानले जनप्रतिनिधिहरूमा उत्साह मिल्ने बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत **वसन्त भट्टराई**ले अध्ययन भ्रमण फलदायी हुने आशा व्यक्त गर्नुहुँदै भक्तपुरको भ्रमणको अनुभवलाई आफ्नो कार्य क्षेत्रमा कार्यान्वयन गरी त्यहाँको शैक्षिक स्तर उकास्न विभिन्न कार्यहरू हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नगर शिक्षा शाखाका प्रमुख **साधुराम फुयाल**ले भक्तपुर नपा भित्रका सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तरमा रहेको अन्तरलाई कम गर्दै लैजाने प्रयास गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ५ का वडाध्यक्ष **योगेन्द्रमान बिजुक्छेँ**ले पनि बोल्नुभएको थियो ।

कार्यक्रमपश्चात नगर प्रमुख प्रजापतिले प्रतिनिधिमण्डल टोलीलाई नपाका प्रकाशन उपहार स्वरूप प्रदान गर्नुभयो ।

कार्यक्रममा जनकनन्दिनी गाउँपालिका अध्यक्ष दिपिनदेव यादव र उपाध्यक्ष कमला सहगल, श्री जनता नमुना मावि कुम्भकरण, श्री प्रगतिशील मावि, आसमान नेपाल संस्थाका प्रतिनिधि, प्रधानाध्यापक, शिक्षा शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

## टोखाका जनप्रतिनिधि भक्तपुरमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग टोखा नगरपालिका वडा नं. ३ का वडाध्यक्ष रमेश डंगोलसहितको टोलीले पुस ४ गते भेट गर्नुभयो ।



टोलीलाई स्वागत गर्नुहुँदै प्रमुख **प्रजापति**ले जनप्रतिनिधि भनेको समाज निर्माण गर्ने सामाजिक कार्यकर्ता भएको बताउनुहुँदै जनप्रतिनिधिले आफ्नो व्यक्तिगत हित र फाइदामा नभई जनता र समाजको हितमा काम गर्नुपर्ने धारणा राख्नुभयो ।

भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरूले इमानदारीपूर्वक देश र जनताको सेवा गरिरहेको बताउनुहुँदै उहाँलेभक्तपुर नपाको आर्थिक प्रशासन पारदर्शी भएको बताउनुभयो ।

उहाँले भक्तपुरको कला संस्कृति संरक्षणको सन्दर्भमा नगरलाई आवश्यक ऐन कानुन निर्माण गर्दै नपा अगाडि बढिरहेको बताउनुहुँदै मौलिक शैलीमा घर निर्माण गर्ने घरधनीहरूलाई नपाले प्रोत्साहनस्वरूप आर्थिक अनुदान पनि वितरण गर्दै आइरहेको बताउनुभयो ।

शिक्षा क्षेत्रमा भक्तपुर नपाले विभिन्न विषयका ८ ओटा कलेजहरू सञ्चालन, स्वास्थ्यमा १०० शय्याको ख्वप अस्पताल, स्थानीय उपभोक्ता समितिमार्फत सम्पदा पुनर्निर्माणका कार्यहरू भइरहेको बताउनुहुँदै उहाँले भक्तपुरका सामुदायिक र निजी विद्यालयहरूलाई नपाका गतिविधिहरूमा समानतामूलक सहभागिता गराउँदै आएको बताउनुभयो ।

उहाँले भक्तपुर नपाले समाजवादी देशहरूबाट सिक्दै यहाँको शिक्षाा र स्वास्थ्यको विकासका कार्य अगाडि बढाउँदै आएको बताउनुभयो ।

भेटमा वडाध्यक्ष **रमेश डंगोल**ले भक्तपुरको असल अभ्यास अन्य नपाले पनि अनुसरण गर्न जरुरी रहेको बताउनुहुँदै भक्तपुरले देशकै लागि विकासको बाटो देखाइरहेको बताउनुभयो ।

टोखा नगरपालिकाको पुरानो मौलिक संरचनाहरू बचाइराख्न नपाले आवश्यक पहलहरू गरिरहेको बताउनुहुँदै उहाँले सार्वजनिक सेवालाई बलियो बनाउने भक्तपुर नपाको नीति प्रशंसनीय रहेको बताउनुभयो ।

भेटमा उहाँहरूबीच भक्तपुर र टोखाबीच सांस्कृतिक आदानप्रदान गर्ने विषयमा पनि छलफल भएको थियो । उक्त भेटमा टोखाका पूर्व उपप्रमुख ज्ञानमाया डंगोल, कार्यपालिका सदस्य शान्ता राईलगायतको उपस्थिति रहेको थियो ।

# संक्षेपमा

## प्रमाणपत्र वितरण



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नपाले सञ्चालन गरेको जापानी भाषा प्रशिक्षणको समापन कार्यक्रममा मंसिर २९ गते प्रमाणपत्र वितरण गर्नुभयो ।

## पसल व्यवसायीहरूको भेला



भक्तपुर नगरपालिकाको आयोजनामा पुस १२ गते पसल व्यवसायीहरूको भेला कार्यक्रम भयो ।

## भरतपुर उपमनपाका वडाध्यक्ष भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भरतपुर उपमहानगरपालिका वडा नं. १ का वडाध्यक्ष केशव महर्जनसहितको टोलीले पुस ४ गते भेट गर्नुभयो ।

भेटमा उहाँहरूबीच भक्तपुर नपाले शिक्षा, स्वास्थ्य, विकास निर्माणलगायतका विषयमा भइरहेको गतिविधिबारे अनुभव आदानप्रदान भयो ।

भेटमा भरतपुर १ चितवन टोल विकास समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

# भेटघाट

## नुवाकोटका शिक्षक टोली भक्तपुरमा



भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले नेताहरू दूरदर्शी र कार्यकर्ताहरू अनुशासित भए छिटो देश विकासको सम्भावना रहेको विचार व्यक्त गर्नुभयो ।

भक्तपुर नपाले गरेका शिक्षा, स्वास्थ्य, सरसफाइ तथा विकास निर्माणबारे अध्ययन गर्न नुवाकोट जिल्लाका विभिन्न विद्यालयका शिक्षकहरूसँगको मंसिर २३ गते भेटको क्रममा उहाँले उक्त कुरा बताउनुभएको हो ।

उहाँले नेपालमा विकासका थुप्रै सम्भावना भएर पनि पछाडि पर्नुको कारण सरकारमा पुगेका दलका नेताहरूको चिन्तनमा परिवर्तन नहुनु हो भन्नुभयो ।

भक्तपुर आजको अवस्थामा आइपुग्नुमा राजनैतिक कार्यकर्ता र स्थानीय जनताको ठूलो योगदान भएको चर्चा गर्नुहुँदै पारदर्शी, आर्थिक अनुशासन तथा जनताको सेवामा समर्पित भएर लागेको खण्डमा परिवर्तन सम्भव छ, भक्तपुर एक उदाहरण हो भन्नुभयो ।

उहाँले भक्तपुर नपाले हालसम्म गरिरहेका कार्यहरूबारे सङ्क्षिप्तमा प्रस्तुति गर्नुभएको थियो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका अध्यक्ष **ज्ञानसागर प्रजापति**ले भक्तपुर नपामा विगतमा जितेर गएका जनप्रतिनिधिहरूले सफाइ अभियान चलाएर जनचेतना जगाउने कार्य गरेको उल्लेख गर्नुहुँदै सामुदायिक, शिक्षालाई जोड दिएर कार्य गर्दा अहिले सिङ्गो समाज अगाडि आएको बताउनुभयो ।

शिक्षकहरूको टोलीले दरबार क्षेत्र, तौमढी, दत्तात्रय, ख्वप अस्पताल, ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेजलगायतको स्थलगत अवलोकन भ्रमण गरेको थियो ।

# विविध समाचार

## खानेपानी समस्या समाधान सङ्घ, प्रदेश र स्थानीय तहको साझा दायित्व



खानेपानी मन्त्री महिन्द्रराय यादवको अध्यक्षतामा काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचनासम्बन्धी र मेलम्ची आयोजनाको दिगो समाधानका विषयमा पृष्ठपोषण सङ्कलनको लागि काठमाडौँ उपत्यकाका सांसद तथा नगर प्रमुखहरूबीच मंसिर २० गते मन्त्रालयको सभाकक्षमा अन्तरक्रिया कार्यक्रम भयो।



कार्यक्रममा मन्त्री **यादव**ले काठमाडौँ उपत्यकाको खानेपानी समस्या हल गर्न सरकार गम्भीर रहेको बताउनुहुँदै खानेपानीको समस्या समाधान सङ्घ, प्रदेश र स्थानीय तहको साझा दायित्व भएको बताउनुहुँदै काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचनाबिना उपत्यकामा खानेपानी सरल रूपमा वितरण गर्न सम्भव नभएको बताउनुभयो।

उपत्यकाका प्राकृतिक खानेपानी स्रोतको संरक्षणमा स्थानीय तहको क्रियाशीलता आवश्यक भएको बताउनुहुँदै मन्त्री यादवले सम्बन्धित निकायहरूले पानीको स्रोत संरक्षणको लागि आ–आफ्नो तर्फबाट पहल गर्न जरुरी रहेको बताउनुभयो।



अन्तरक्रिया कार्यक्रममा भक्तपुर क्षेत्र नं. १ का सङ्घीय सांसद **प्रेम सुवाल**ले खानेपानी स्रोत संरक्षण र पूर्वाधार निर्माणमा सङ्घ सरकारकै महत्त्वपूर्ण भूमिका रहेको बताउनुहुँदै खानेपानी वितरण र महसुल असुलको जिम्मेवारी स्थानीय तहलाई दिइनुपर्ने बताउनुभयो।

उपत्यकाभित्र स–साना खानेपानी आयोजनाहरू सञ्चालनको लागि पनि सरकारले पहल गर्नुपर्ने बताउनुहुँदै शासक दलहरूले आफ्नो घोषणापत्र कार्यान्वयन पक्षतिर गम्भीर भएर अगाडि बढे मात्र जनताको समस्या सम्बोधन हुने बताउनुभयो।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सरकारले उपत्यकावासीहरूलाई खानेपानीको सुनिश्चितताको लागि मेलम्चीको विकल्पमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने बताउनुभयो।

संविधानले मौलिक हकअन्तर्गत राखेको स्वच्छ पिउने

पानीको अधिकारलाई सरकारले प्रत्याभूति गराउनुपर्ने बताउनुहुँदै उहाँले सरकारले खानेपानीको स्रोत संरक्षणलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिनुभयो ।

शिक्षा, स्वास्थ्य र खानेपानीलाई निजीकरण गर्न नहुने बताउनुहुँदै उहाँले उपत्यकाका नदी, खोला र पोखरी संरक्षणमा ध्यान दिएको भए मेलम्ची आयोजनामा ठूलो लगानी आवश्यक नहुने बताउनुभयो ।

काठमाडौँ क्षेत्र नं. १० का सांसद **राजन केसी**ले खानेपानी वितरण प्रणाली कमजोर भएकै कारण खानेपानीको समस्या विकराल बन्दै गइरहेको बताउनुहुँदै खानेपानीका प्राकृतिक स्रोतहरूलाई पनि संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद **सोबिता गौतम**ले खानेपानी अभावका कारण स्थानीयहरू समस्यामा परिरहेको बताउनुहुँदै सरकार जवाफदेही ढङ्गले उपत्यकाको खानेपानी समस्या समाधानमा अग्रसर हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा काठमाडौँ उपत्यकाका सङ्घीय सांसदहरूले उपत्यकाभित्रका खानेपानी तथा सरसफाइ सेवा प्रदायक पुनर्संरचनामाथि आ-आफ्नो धारणा राख्नुभएको थियो ।

त्यस्तै ललितपुर महानपाका उपप्रमुख **मन्जली शाक्य**, चन्द्रागिरी नपाका प्रमुख **घनश्याम गिरी**, बुढानिलकण्ठ नपाका प्रमुख **मिठाराम अधिकारी**, कागेश्वरी मनोहरा नपाका प्रमुख **उपेन्द्र कार्की**, कीर्तिपुर नपाका उपप्रमुख **शुभलक्ष्मी शाक्य**, हेलम्बु गा.पा. का अध्यक्ष **निमा ग्याल्जेन ह्योल्मो**लगायतले मेलम्ची खानेपानी आयोजना परिणाममुखी बनाउनुपर्ने, खानेपानीका नयाँ स्रोतहरूको सम्भावना अध्ययन गर्नुपर्ने, खानेपानीको प्राकृतिक मुहान संरक्षण गर्नुपर्नेलगायतका धारणा राख्नुभएको थियो ।

उक्त कार्यक्रममा खानेपानी मन्त्रालयका सचिव **रामआधार शाह**ले कार्यक्रमको उद्देश्यमाथि प्रष्ट पार्नुभएको थियो भने सहसचिव **तिरेशप्रसाद खत्री**ले काठमाडौँ उपत्यका खानेपानी लि. र आयोजना कार्यान्वयन निर्देशनालयको पुनर्संरचनासम्बन्धी र मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक **जङ्गी अहमद् अन्सारी**ले मेलम्ची खानेपानी आयोजनाको दिगो समाधानका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## मानवअधिकारबारे ध्यानाकर्षण पत्र हस्तान्तरण

मानवअधिकार एलायन्स, राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल, भक्तपुरद्वारा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई मानवअधिकार



विश्वव्यापी घोषणा पत्र जारी भएको ७५ औँ वार्षिकोत्सवको अवसरमा ध्यानाकर्षण पत्र नगर प्रमुखको कार्यकक्षमा मंसिर २४ गते हस्तान्तरण गरियो ।

सो ध्यानाकर्षण पत्रमा नेपालमा जलवायु परिवर्तनको असर, नियमित प्रकोपहरू, महामारी, सडक दुर्घटना, हिंसा, हत्या जस्ता घटनाहरूका कारण नागरिकहरू असुरक्षित रहेको र वैदेशिक रोजगारी असुरक्षित भएको तथा स्वरोजगारको व्यवस्था कमजोर भएको, जातीय तथा लैङ्गिक विभेद, छुवाछुत जस्ता घटनाहरू भइरहेको, विकास योजना निर्माण गर्दा मानवअधिकारका विषयहरूलाई कम ध्यान दिइएकोलगायतका विषयहरू उल्लेख छ ।

ध्यानाकर्षण पत्रमा ती विषयहरूमा समस्या समाधान गर्न राज्यका सङ्घ, प्रदेश र स्थानीय तह गरी सबै निकायहरू र सरकारहरू जिम्मेवार हुनुपर्ने समेत उल्लेख गरिएको छ ।

ध्यानाकर्षण पत्र बुझ्दै प्रमुख **प्रजापति**ले स्वच्छ खानेपानी, सफाइ र प्रदूषणरहित वातावरणमा बाँच्न पाउने नागरिकको अधिकार संविधानले सुनिश्चित गरे पनि व्यवहारमा जनताले उपभोग गर्न नपाएको र रोजगारीको लागि नेपालीहरू विदेशमा जानुपर्ने दुःखदायी अवस्थाले नेपालका जनताले मानव अधिकार राम्रो उपभोग गर्न नपाएको बताउनु भयो ।

उहाँले भक्तपुर नपाले शिक्षा, स्वास्थ्य र सरसफाइ लगायतका कानूनले प्रदान गरेको अधिकार भित्र रही जनताको हितमा कार्य गरिरहेको सो अवसरमा उल्लेख गर्नुभयो ।

## सङ्कटको बेला नेतृत्वको परीक्षण हुने



'सङ्कटको बेला नेतृत्वको परीक्षण हुने हुँदा त्यस्तो बेला संस्था छाडेर भाग्नेहरूले कुनै पनि संस्थाको सफल नेतृत्व गर्न सक्दैनन् ।'

यो विचार भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि. द्वारा आयोजित 'नेतृत्व विकास तालिम' को मंसिर ३० गते भएको समापन समारोहमा व्यक्त गर्नुभएको हो ।

उहाँले नेतृत्व भनेको चालक भएको हुँदा ठूलो चुनौती सामना गर्न सक्नेहरूले नै ठूलो सफलता हासिल गर्न सम्भव हुन्छ भन्नुभयो ।

सहकारीमा आइरहेको विकृतिबारे प्रष्ट पार्नुहुँदै उहाँले भन्नुभयो– सहकारीको पैसाले निजी गाडी चढ्ने, सम्पत्ति जोड्ने अनियमितता गर्नेहरूकै कारण आज केही सहकारीहरू सङ्कटमा पुगेका छन् । त्यसले सहकारी संस्थाहरूकै बद्नाम भइरहेको छ । सहकारीको नेतृत्व गर्नेहरूले पारदर्शिता, आर्थिक अनुशासन र मितव्ययितालाई ध्यानमा राख्नुपर्छ र सहकारीको बृहत्तर हितमा काम गर्नुपर्छ ।

असफलताबाट निराशा होइन, त्यसबाट सिकेर अगाडि बढ्नेहरूले नै सहकारी मात्रै होइन समाजको नेतृत्व गर्न सक्छन् भन्नुहुँदै जुनसुकै क्षेत्रमा बसेर काम गरे पनि समाजको सेवा गर्ने भावनालाई ध्यान दिनुपर्छ, उहाँले भन्नुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष **उकेश कवां**ले सहकारी संस्थाका चुनौती र अवसरबारे सदस्यहरूले ध्यान दिएर अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

आदर्श आजाद कलेजका प्रिन्सिपल **कृष्ण किसी**, स्थानीय अगुवा **लक्ष्मीभक्त कवां**ले तालिमबाट सिकेको ज्ञान र सीप संस्था विकासमा लगाउने अपेक्षा गर्नुभयो ।

संस्थाका अध्यक्ष बलराम गोसाईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा तालिममा सहभागीहरूलाई प्रमुख अतिथि प्रजापतिले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

## बक्सिङ खेलाडीहरूलाई बधाई

मलेशियाको पेनाङमा भएको ३४ औं पेस्टा इन्टरनेशनल बक्सिङ च्याम्पियनशीपमा पदक जितेर फर्केका खेलाडीहरूलाई



नेपाल बक्सिङ महासङ्घबाट बधाई कार्यक्रम पुस २ गते गरियो ।

उक्त प्रतियोगितामा ५७ केजीमा छिरिङ वाङडी शेर्पा र ५१ केजी तौलमा प्रबल उप्रेतिले रजक पदक, ५४ केजीमा सिंहवीर लिम्बु र शुलभ मालीले काश्य पदक हासिल गर्न सफल भएका थिए ।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घ अध्यक्ष राम अवालेले एसियन गेममा पदक हासिल नगरे पनि युथ अण्डर २० मा खेलाडीहरूले पदक हासिल गरेबाट खेलाडीहरू उत्साहित भएको बताउनुभयो ।

कार्यक्रममा महासचिव मानबहादुर भण्डारीले पदक विजेता खेलाडीहरूलाई विशेष कार्यक्रम गरेर सम्मान गर्ने बताउनुभयो ।

महासङ्घका कोषाध्यक्ष गौतम सुजखु, वाग्मति प्रदेश बक्सिङ सङ्घका सचिव रामकृष्ण प्रजापतिलगायतले बधाई दिएको कार्यक्रममा टिम व्यवस्थापक स्मृति विश्वासले पनि बोल्नुभएको थियो ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालत अमेरिकाको कठपुतली



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा भक्तपुर जिल्ला बसिङ सङ्घको आयोजनामा समसामयिक विषयमा प्रवचन कार्यक्रम पुस ३ गते भयो ।

कार्यक्रममा प्रमुख अतिथि **प्रजापति**ले देश परिवर्तनको लागि नयाँ विचार लिएर अगाडि बढ्नेहरू नै युवा हुने बताउनुहुँदै खेलाडीहरू देशभक्त र अनुशासित हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विषयका जानकार हुनुपर्ने बताउनुभयो ।

प्यालेष्टाइनीहरूलाई इजरायली आक्रमणकारीहरूले खाना, पानी र औषधी समेत नपठाई मानव अधिकारको घोर

उल्लङ्घन गरिरहेको हुँदा त्यहाँका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई मानवताविरोधी अपराधमा तत्काल पक्राउ गरी कारबाही गर्नुपर्ने धारणा उहाँले राख्नुभयो ।

उहाँले भन्नुभयो, 'इजरायल सरकारले प्यालेष्टाइनीहरूलाई इजिप्टतिर धपाएर कहिल्यै फर्कन नसक्ने गरी घरवारविहीन बनाउँदैछ र अन्तर्राष्ट्रिय फौजदारी अदालत अमेरिकाको कठपुतली बनिरहेको छ ।'

जातीय सफाया हुँदा समेत कुनै कारबाही नगर्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतको औचित्यमाथि प्रश्न उठेको उहाँले बताउनुभयो ।

प्यालेष्टाइनी जनता मरिरहेको अवस्थामा संसारका देशभक्त जनताले सहानुभूति व्यक्त गर्नुपर्ने धारणा राख्नुहुँदै उहाँले खेलाडीहरूले यस्ता विषय गम्भीरतापूर्वक अध्ययन गरी देशभक्त जनताको पक्ष लिनुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा नेपाल बसिङ महासङ्घका कोषाध्यक्ष **गौतम सुजखु**ले युवाहरूलाई विकृतिबाट टाढा राख्न, अनुशासित र समाजमा भूमिका निभाउन सिकाउने हेतुले यस्तो कार्यक्रमहरू आवश्यक छ भन्नुभयो ।

भक्तपुर जिल्ला बसिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा कोषाध्यक्ष लक्ष्मीप्रसाद चवालले पनि बोल्नुभएको थियो ।

## प्रशन्नशील महाविहारको आगंछैं हस्तान्तरण



नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पुरातत्त्व विभागबाट पुनःनिर्माण सम्पन्न भक्तपुर नपा वडा नं. १० क्वाठण्डौस्थित प्रशन्नशील महाविहारको आगँछैं हस्तान्तरण कार्यक्रम पुस ४ गते एक समारोहबीच सम्पन्न भयो ।



वि.सं. २०७२ सालको विनासकारी भूकम्पबाट पूर्ण रूपमा क्षतिग्रस्त भई पुनःनिर्माण सम्पन्न प्रशन्नशील महाविहारको आगँछैं हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नपाका प्रमुख **सुनिल प्रजापति**ले भक्तपुरमा अवस्थित मठ मन्दिर, बाहाःबहि, इनार, ढुङ्गेधारा आदि नगरकै सम्पत्ति हो र यसको नियमित मर्मत सम्भार गर्नु सबैको साझा दायित्व भएको बताउनुभयो ।



सम्पदा पुनःनिर्माणपछिको संरक्षण, जीर्णोद्धार यहाँकै स्थानीय समुदायबाट हुन जरुरी रहेको बताउनुहुँदै उहाँले भक्तपुरको बाहाःबहिहरूको ऐतिहासिक महत्त्व र परिभाषाबारे लिपिबद्ध गर्नु आवश्यक भएको बताउनुभयो ।

नगरका विभिन्न क्षेत्रमा रहेका बाहाःबहिहरू अवलोकन गराउने उद्देश्यले भक्तपुर नपाले २०८० पुस १४ गते शनिबार **'बाहाःबहि चिनौँ, सम्पदा संरक्षण गरौँ'** भन्ने नारासहित सम्पदा पदयात्रा कार्यक्रमको आयोजना गरेको बताउनुहुँदै उहाँले उक्त कार्यक्रममा सम्पूर्ण नगरवासीहरूलाई सहभागिताको लागि समेत अनुरोध गर्नुभयो ।

भक्तपुर नपाले स्थानीय पाठ्यक्रममार्फत भक्तपुरका ९२ ओटै विद्यालयका विद्यार्थीहरूलाई भक्तपुरका विहारहरूको परिचय र महत्त्वबारे अध्ययन अध्यापन गराउँदै आएको

बताउनुहुँदै प्रमुख प्रजापतिले बौद्ध धर्मको आस्थाको केन्द्रको रूपमा रहेका बाहा:बहिहरूको नियमित संरक्षण र संवर्द्धन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष **लक्ष्मीप्रसाद हयौंमिखा**ले नगरभित्र धेरै चिभ द्य:, फल्चा, हिति, पुखूहरू रहेको बताउनुहुँदै नगरको प्राथमिकता अनुसार ती सम्पदाहरूको पुन:निर्माण कार्य क्रमश: हुँदै आइरहेको बताउनुभयो । उहाँले सम्पदा संरक्षण सबैको साझा दायित्व भएको बताउनुहुँदै सम्पदा संरक्षणमा नगरवासीहरू नै क्रियाशील हुनुपर्ने बताउनुभयो ।

त्यस्तै नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पुरातत्त्व विभागका परियोजना प्रमुख **यमुना महर्जन**ले बौद्ध धर्मको आस्थाको केन्द्रको रूपमा रहेको भक्तपुरको पुरानो विहार प्रशन्नशील महाविहारको आगंछेँको पुरातत्त्व विभागले प्राथमिकताका साथ पुन:निर्माण कार्य अगाडि बढाएको बताउनुभयो । लगत इस्टिमेटभन्दा कम रकममा पुन:निर्माण कार्य सम्पन्न भएको अवगत गराउनुहुँदै उहाँले आगंछेँ पुन:निर्माणपश्चातको मर्मतसम्भार तथा संरक्षण स्थानीय उपभोक्ताहरूबाट हुने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा सम्पदा अभियन्ता **पद्मसुन्दर शाक्य** र डा. **पुष्परत्न शाक्य**लगायतले पशुपति महाविहारको रूपमा चिनिएको भक्तपुरको सबैभन्दा पुरानो प्रशन्नशील महाविहारको ऐतिहासिक पृष्ठभूमिमाथि प्रष्ट पार्नुभएको थियो ।

कार्यक्रममा परियोजना प्रमुख यमुना महर्जनले प्रशन्नशील महाविहार सङ्घका थपाज् कीर्ति ज्योति बज्राचार्यलाई आगंछेँ हस्तान्तरण गर्नुभयो ।

सोही क्रममा नगर प्रमुख प्रजापतिले परियोजना प्रमुख महर्जनलाई आगंछेँ पुन:निर्माण कार्य सम्पन्न भएकोमा कृतज्ञतापत्र हस्तान्तरण गर्नुभयो ।

## नगरव्यापी ज्येष्ठ नागरिक कसिमला पाँय् प्रतियोगिता



*'ज्येष्ठ नागरिकको बौद्धिक विकास तथा दीर्घायुका लागि खेल'* भन्ने मूल ध्येयका साथ प्रथम भक्तपुर नगरव्यापी ज्येष्ठ नागरिक कसिमला पाँय् प्रतियोगिता भक्तपुरको वाकुपति चाँगुनारायण परिसर सहयोग समितिको आयोजनामा पुस ७ गते सम्पन्न भयो ।

प्रतियोगिताको समापन समारोहमा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले स्थानीय खेलका साथै नेवारी भोज, विभिन्न जात्रा पर्व तथा अमूर्त संस्कार र संस्कृतिको मौलिकता र विशेषता बचाउनुपर्ने बताउनुभयो ।

भक्तपुरमा विकास भएको शिक्षा, स्वास्थ्य उपचार, सरसफाइ तथा मठमन्दिर, पाटीपौवा र ढुङ्गेधाराहरूको मर्मतका कामहरूको अवलोकनको लागि देश विदेशबाट पर्यटकहरू आइरहेको जानकारी दिनुहुँदै उहाँले भक्तपुरका जनताको एकता र एकमनको कारण जस्तोसुकै कठिनाइमा पनि जनताले सहजै सेवासुविधा पाउन सकेको विचार व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले उच्च शिक्षालय सञ्चालन गरिरहेको बताउनुहुँदै घर निर्माणमा नापी नक्साविपरीतको संरचनाले भक्तपुरको सांस्कृतिक नगरलाई गिज्याइरहेको बताउनुभयो ।

भक्तपुर नगरका वडा नं. ९ का वडाध्यक्ष **रबिन्द्र ज्याख्व**ले स्थानीय पाठ्यक्रम समावेश भएको कसिमला पाँय्लाई ज्येष्ठ नागरिकले जीवन्त बनाइराखेको बताउनुहुँदै त्यसले नयाँ पुस्तामा पुस्तान्तरण हुने बताउनुभयो ।



उक्त प्रतियोगितामा भक्तपुर नगरको विभिन्न वडाका ६० वर्षमाथिका ३२ जना ज्येष्ठ खेलाडीको सहभागीमध्ये सबैभन्दा ज्येष्ठ खेलाडी ८९ वर्षीय न्हुछे प्रजापति रहनुभएको थियो ।

प्रतियोगितामा **प्रथम** बुद्धिबहादुर मानन्धर, **द्वितीय** जितबहादुर खयरगोली, **तृतीय** भीमबहादुर प्रजापति र **सान्त्वना** लक्ष्मीप्रसाद प्रजापतिलाई नगद पुरस्कारसहित सम्मान गरिएको थियो ।

सोही स्थानमा चार वर्षअघि विद्यालयका शिक्षकहरूलाई कसिमला पाँयको प्रशिक्षण दिइएको थियो ।

## सहकारी बैङ्कपतिहरूलाई धनी बनाउनमा सीमित हुन नहुने




'हरेक देशको विकासमा त्यस देशका नवजवानहरूको हात रहेको हुन्छ । स्वदेशी जनशक्तिको विदेश पलायन र त्यसबाट भित्रिएको रेमिटेन्सले कुनै पनि देशले प्रगति गरेको इतिहास छैन ।'

उक्त विचार नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले सङ्गम बचत तथा ऋण सहकारी संस्था लि. को १६ औं वार्षिक साधारणसभामा पुस ७ गते राख्नुभएको हो ।

उहाँले भन्नुभयो, 'नयाँ पुस्तालाई बाल्यकालदेखि नै देशभक्ति र स्वाभिमानका साथ देश र जनताको हितबारे शिक्षित गर्न नसकेको कारण आज युवा जनशक्ति बाहिरिएको हो ।' उहाँले भन्नुभयो, 'युवाहरू शिक्षा, रोजगारी तथा अन्य विभिन्न नाममा बाहिरिनु देशको लागि चिन्ताजनक छ । यसले देशमा भित्रिएको रेमिटेन्सकै हाराहारीमा रकम बाहिरिएको तथ्याङ्कले देखाएको छ ।'

प्रमुख प्रजापतिले देशका शासकवर्गमा देशप्रति इमानदारी नहुनाले दिनप्रतिदिन देश विदेशी ऋणको पासोमा पर्दै गएको कुरा औँल्याउनुहुँदै यसले देशको स्वाभिमान र स्वाधीनतासमेत खतरामा पर्ने विचार राख्नुभयो । उहाँले अगाडि भन्नुभयो, 'शासकहरूको गलत नीतिले निम्त्याएको निराशाको कारण विदेशमा पढ्नको लागि गएका युवाहरूसमेत गैरकानुनीरूपमा विदेशी सेनामा भर्ना भए र उनीहरूको ज्यान जोखिममा परेर देशको शिर नै निहुरिएको छ ।

सहकारी क्षेत्रमा देखिएको समस्याबारे स्पष्ट पार्दै उहाँले भन्नुभयो, 'स्थानीय जनताले सार्वजनिक हितलाई प्राथमिकता दिएर सञ्चालन गरेका सहकारीहरूमा कुनै समस्या देखिएको छैन । बरु अपरिचित व्यक्तिलाई विश्वास गरी अधिक ब्याज र अस्वाभाविक लालच देखाएर बचत सङ्कलन गरिएका र दर्ता नै नगरी सञ्चालन गरिएका संस्थाको कारण सोझासिधा जनताको बचत सङ्कटमा परेको देखिन्छ ।'

आज भक्तपुर नगर शिक्षा र स्वास्थ्यको लागि नमुनाको रूपमा अघि बढिरहेको उल्लेख गर्दै उहाँले सहकारी संस्थाहरू बचत सङ्कलन गरी बैङ्कपतिहरूलाई धनी बनाउने संस्थामा सीमित हुन नहुने विचार राख्नुभयो ।

भक्तपुर नगरपालिका सहकारी समितिका संयोजक **हरिप्रसाद बासुकला**ले प्रभावकारी नियमनको कारणले गर्दा नगर क्षेत्रभित्र नगण्य मात्रामा सहकारीमा छिटपुट समस्या देखिएको कुरा राख्नुभयो । स्थानीय जनताको प्रयासमा खुलेका समुदायमा आधारित सहकारीहरूमा त्यस्तो समस्या शून्य नै रहेको विचार उहाँले राख्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष **उपेन्द्र सुवाल**ले व्यापक जनताको हित समाजवादमा मात्र सम्भव हुने विचार राख्नुहुँदै सहकारी संस्थाहरूले सकेसम्म उत्पादनमूलक क्षेत्रमा लगानी गरी सदस्यहरूलाई अधिकतम प्रतिफल दिनुपर्ने विचार राख्नुभयो ।

कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष कृष्णगोपाल छुस्याकी, सल्लाहकार न्हुछेराम भेले र राजाराम चवालले पनि बोल्नुभएको थियो । संस्थाको बन्दसत्रले संस्थाका सचिव विजय लोहलाले प्रस्तुत गर्नुभएको प्रगति प्रतिवेदन, कोषाध्यक्ष

बलराम नागाले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक पुण्यराम भेलेले प्रस्तुत गर्नुभएको लेखा समितिको प्रतिवेदन पारित गरेको थियो ।

संस्थाका अध्यक्ष बलराम सिबन्जारको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा ज्येष्ठ सदस्यहरूको सम्मान तथा विभिन्न शीर्षकमा उत्कृष्ट सदस्यहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

## नेपाल पर्यटन बोर्डको स्थापना दिवसको अवसरमा नगरपालिकाहरू सम्मानित

नेपाल पर्यटन बोर्डको २५ औँ स्थापना दिवसको अवसरमा नेपाल पर्यटन बोर्डको स्थापनाको औचित्य र नेपाललाई पर्यटकहरूको उत्कृष्ट गन्तव्यको रूपमा विकास गर्नेबारे पुस १६ गते काठमाडौँमा प्रवचन कार्यक्रम गरियो ।

उक्त कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किराँती, नेपाल पर्यटन बोर्डका संस्थापक अध्यक्ष दिपेन्द्र पुरुष ढकाल, वर्तमान अध्यक्ष दिपक काफ्ले, उपाध्यक्ष चन्द्रप्रसाद रिजाल, प्रमुख कार्यकारी अधिकृत धनन्जय रेग्मी, पर्यटन व्यवसायीहरू योगेन्द्र शाक्य र सृजना राणाले पर्यटन गतिविधिहरू र पर्यटन विकासका आधारहरूबारे आ-आफ्नो भनाइ राखेका थिए ।

स्थापना दिवसको कार्यक्रममा नेपाललाई पर्यटक गन्तव्य स्थलको रूपमा विकास गर्न विभिन्न गतिविधिसहित महत्त्वपूर्ण योगदान पुऱ्याउनुका साथै कला, संस्कृति र सम्पदा संरक्षणमा अग्रणी भूमिका निभाएकोले **भक्तपुर नपा**लाई प्रशंसा पत्र प्रदान गरी सम्मान गरेको थियो । त्यस्तै पर्यटन गतिविधि मार्फत नेपालमा पर्यटकहरूको आकर्षणमा टेवा पुऱ्याउने **ललितपुर मनपा, कीर्तिपुर नपा, पोखरा मनपा** र **मध्यपुर थिमी नपा**लाई पनि प्रशंसा पत्र प्रदान गरिएको थियो ।

कार्यक्रममा पर्यटन व्यवसाय मार्फत विदेशी मुद्रा आर्जनमा योगदान पुऱ्याउने व्यवसायीहरूलगायत पर्यटन सम्बद्ध विभिन्न सङ्घ संस्थाहरूलाई पनि प्रशंसा पत्र मार्फत सम्मान गरिएको थियो ।

औषधी, खाद्यसामग्रीलगायतका वस्तु किन्दा म्याद हेर्ने बानी गरौँ !

## संरा सङ्घका महासचिवद्वारा इजरायलको युद्धविरुद्ध बडापत्रको धारा ९९ आह्वान

संरा सङ्घ बडापत्रको धारा ९९
'महासचिवले आफ्नो विचारमा लागेको अन्तराष्ट्रिय शान्ति सुरक्षामा खलल गर्न सक्ने जुनसुकै विषय पनि सुरक्षा परिषद्को ध्यानमा ल्याउन सक्तछन् ।'

संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले दशकौँदेखि प्रयोग नगरिएको संयुक्त राष्ट्र सङ्घको बडापत्रको धारा ९९ लाई गाजापट्टीमा इजरायलको क्रूर युद्धबारे संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई ७ डिसेम्बर (मंसिर २१ गते) मा औपचारिकरूपमा आह्वान गर्नुभएको छ ।



संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई लेखेको पत्रमा गुटेर्रेसले युद्धग्रस्त प्यालेस्टाइन क्षेत्रको स्थितिले अन्तर्राष्ट्रिय सुरक्षा, शान्ति कायम राख्नका लागि विद्यमान खतराहरू बढाउन सक्ने उल्लेख गर्नुभएको छ ।

मैले संयुक्त राष्ट्र बडापत्रको धारा-९९ लाई आह्वान गरेको छु, 'मेरो कार्यकालमा महासचिवको रूपमा पहिलोपटक गाजामा मानवीय प्रणालीको पतनको गम्भीर जोखिमको सामना गर्दै म सुरक्षा परिषद्लाई मानवीय विपत्ति रोक्न मद्दत गर्न आग्रह गर्दछु ।'

प्यालेस्टिनीहरूविरुद्ध इजरायली शासनको दशकौँ लामो दमन र विनाशको जवाफमा हमासले कब्जाकारी शासनविरूद्ध अचानकको अपरेसन अल-अक्सा तुफान चलाएपछि इजरायलले अक्टोबर ७ मा गाजामा युद्ध सुरु गरेको थियो ।

हालको संयुक्त राज्य अमेरिका समर्थित युद्ध सुरु भएदेखि पछिल्लो समाचारअनुसार २० हजारभन्दा बढी प्यालेस्टिनीहरू

मारिएका छन्, जसमा धेरैजसो महिला र बालबालिकाहरू छन्, र ५३ हजारभन्दा बढी अन्य घाइते भएका छन्। गाजा जनसङ्ख्याको लगभग ८५ प्रतिशत विस्थापित भएका छन्। एकातिर बर्बर आक्रमण र अर्कोतिर इजरायली नाकाबन्दीका कारण गाजावासीहरू बिजुली, खाद्यान्न, चिकित्सा आपूर्ति र आश्रयस्थलको चर्को अभावबाट पीडित छन्।

गुटेर्रेसले आफ्नो पत्रमा भन्नुभएको छ, 'अस्पतालहरू युद्धको मैदानमा परिणत भएका छन्, गाजाका सबै भागहरूमा निरन्तर बमबारीको बीचमा र आश्रय वा बाँच्नको लागि आवश्यक चीजहरूको अभावमा सार्वजनिक व्यवस्था छिट्टै पूर्णरूपमा भत्कने छ।'

'हामी गाजाभित्र खाँचोमा परेकाहरूलाई भेट्न असक्षम छौं,' संयुक्त राष्ट्र प्रमुखले अगाडि भन्नुभयो।

उहाँले युद्धको विरुद्धमा र गाजामा शान्तिको पक्षमा १५ सदस्यीय संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद् संयुक्त राष्ट्र सङ्घको सबैभन्दा शक्तिशाली निकायको रूपमा मतदान र प्रस्तावको लागि आह्वान गर्नुभएको हो।

संयुक्त राष्ट्रसङ्घका अनुसार गाजाका करिब ८० प्रतिशत बासिन्दा विस्थापित भएका छन् र ११ लाखभन्दा बढी प्यालेस्टिनी संयुक्त राष्ट्र सङ्घीय शरणार्थी एजेन्सीको आश्रयस्थलमा शरण खोजिरहेका छन्।

प्रेस टीभी/मजदुर

## गाजा युद्धमा अमेरिकाको भिटो : इरानले दियो "विस्फोट" को चेतावनी

संरा अमेरिकाले गाजा युद्धमा युद्धविरामका लागि संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावमाथि भिटो (विशेषाधिकार) लगाएपछि इरानले ९ डिसेम्बर (मंसिर २३ गते) मा मध्यपूर्वको अवस्था 'नियन्त्रण गर्न नसकिने विस्फोट' हुने खतराको चेतावनी दिएको एएफपीले जनाएको छ।

गाजामा तत्काल युद्धविरामको आह्वान गरिएको सुरक्षा परिषद्को प्रस्तालाई अमेरिकाले डिसेम्बर ८ मा भिटो लगाएको थियो।

इस्लामिक गणतन्त्र इरानका शीर्ष कूटनीतिज्ञ (विदेशमन्त्री) होसेन अमिर–अब्दुल्लाहियानले गाजापट्टीमा मानवीय सहायता पठाउन सक्षम बनाउन इजिप्टसँगको राफा सीमालाई तत्काल खोल्न अपिल गर्नुभयो।

इजराइलले हमासलाई नष्ट गर्ने वाचा गर्दै गाजामा आक्रामक हमला सुरु गरेको छ। हमलामा प्यालेस्टिनी क्षेत्रमा अधिकांश सर्वसाधारणसहित २० हजारभन्दा बढी मानिसको मृत्यु भएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले बताएको छ।

इरानको विदेश मन्त्रालयका अनुसार टेलिफोन संवादमा अमिर–अब्दुल्लाहियानले राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेससँग भन्नुभयो, 'जबसम्म अमेरिका यहुदीवादी शासन (इजराइल) को अपराधहरू र युद्धको निरन्तरतालाई समर्थन गर्छ तबसम्म यस क्षेत्रको स्थितिमा अनियन्त्रित विस्फोटको सम्भावना छ।'

इरानी विदेशमन्त्रीले संयुक्त राष्ट्रसङ्घ बडापत्रको धारा ९९ लाई 'अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न साहसी कदम' का रूपमा प्रयोग गर्ने राष्ट्रसङ्घीय महासचिवको प्रशंसा गर्नुभयो।

उहाँले इजराइलका लागि अमेरिकी समर्थनले स्थायी युद्धविराम हासिल गर्न कठिन बनाएको बताउनुभयो।

## गाजाको अल-शिफा अस्पतालमा "रगतको खोलो" : डब्लुएचओ



जेनेभा, (एएफपी)। विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले इजरायली बमबारीबाट ध्वस्त उत्तरी गाजाको अल–शिफा अस्पतालको आपत्कालीन विभागमा 'रगतको खोलो' बगेको र यसको 'पुनरुत्थानको खाँचो' रहेको पुस १ गते बताएको छ।



डब्लुएचओ र अन्य संयुक्त राष्ट्रसङ्घीय एजेन्सीहरूको एउटा टोली शनिबार प्यालेस्टिनी क्षेत्रको सबैभन्दा ठूलो अस्पतालमा चिकित्सा आपूर्ति पुऱ्याउन सक्षम भएको छ। 'हजारौँ विस्थापितहरू आश्रयका लागि अस्पतालको भवन र मैदान प्रयोग गरिरहेका छन्, पिउने पानी र भोजनको 'चरम अभाव' छ', डब्लुएचओले विज्ञप्तिमा भनेको छ, 'टोलीले आपत्कालीन विभागलाई 'रगतको खोलो' का रूपमा वर्णन गरेको छ, उक्त विभागमा सयौँ घाइते बिरामी थिए र प्रत्येक मिनेटमा नयाँ बिरामी आइरहेका थिए, आघातबाट घाइते बिरामीहरूलाई जमिनमा टाँका लगाइरहेको थियो र दुखाइ कम गर्ने कुनै व्यवस्था थिएन।'



अस्पतालले अत्यन्त कम कर्मचारीहरूका साथ न्यूनतमस्तरमा काम गरिरहेको भन्दै डब्लुएचओले गम्भीर बिरामीहरूको शल्यक्रियाका लागि अल-अहली अरब अस्पतालमा सार्ने काम भइरहेको बताएको छ।

इजरायलले हमासमाथि अस्पतालमुनि कमान्ड सेन्टर सञ्चालन गरेको आरोप लगाएको छ। उक्त अस्पताललाई युद्धको कानुनअन्तर्गत विशेष सुरक्षा प्राप्त छ। अस्पतालका अधिकारी र प्यालेस्टिनी लडाकू समूह हमासले बारम्बार उक्त आरोपलाई खारेज गरेका छन्।

## अमेरिकामा घरबारविहीनको सङ्ख्यामा उल्लेख्य वृद्धि

संयुक्त राज्य अमेरिकामा घरबारविहीन हुनेको सङ्ख्या यस वर्ष कीर्तिमानी स्तरमा पुगेको हालै सार्वजनिक एक सरकारी प्रतिवेदनले देखाएको छ।

अमेरिकी आवास तथा सहरी विकास विभागका प्रमुखले गरेको गणनाअनुसार डिसेम्बरसम्ममा देशभर ६ लाख ५३ हजार १०० भन्दा बढी मानिस घरबारविहीन भएका छन्।

यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ७० हजार ६५० अर्थात १२ प्रतिशत बढी र सन् २००७ मा तथ्याङ्क सङ्कलन सुरु भएयताकै सबैभन्दा बढी हो।

यहाँ अफ्रिकी-अमेरिकीहरू कुल जनसङ्ख्याको १३ प्रतिशत छन्। तर, घरबारविहीन भएकामध्ये ३७ प्रतिशत अफ्रिकी-अमेरिकीहरू नै रहेका छन्।



सन २०२२ देखि २०२३ को बीचमा पहिलो भाषाका रूपमा स्पेनी भाषा प्रयोग गर्नेहरूमा घरबारविहीन हुनेको सङ्ख्या २८ प्रतिशत अर्थात् ३९ हजार १०६ जनाले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ।

सन २०१२ देखि नै घरबारविहीन अवस्थामा रहेका बालबालिकाको सङ्ख्या पनि १६ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ।

क्यालिफोर्नियामा सबैभन्दा धेरै एक लाख ८१ हजार ३९९, न्युयोर्कमा एक लाख तीन हजार २००, फ्लोरिडामा ३० हजार ७५६, वासिङ्टनमा २८ हजार ३६, टेक्सासमा २७ हजार ३७७ र ओरेगनमा २० हजार १४२ जना घरबारविहीन छन्।


भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भ.न.पा.-२, ब्यासी, भक्तपुर

**Online बोलपत्र आह्वानको सूचना**

गोरखापत्रमा प्रकाशित मिति : २०८०/०९/०५

भक्तपुर नगरपालिकाबाट चालू आ.व.०८०/८१ का लागि तपसिलमा उल्लेख भएबमोजिमको निर्माण सम्बन्धी कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त गरेका निर्माण व्यवसायीहरुले आवश्यक कागजात सहित www.bolpatra.gov.np/egp मार्फत Online Bid Submission गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ। Bid submit गर्न कार्यालयको निम्नानुसारको राजस्व खातामा Bid price दाखिला गरी सोको सक्कल भौचरको Scanned copy समेत अपलोड गर्नुपर्नेछ। यसको लागि Bidder को योग्यता (Qualification criteria) Bid Document मा उल्लेख गरिएको छ।

बैङ्कको नाम : नेपाल बैङ्क लिमिटेड, कमलविनायक खातावालाको नाम : भक्तपुर नगरपालिका
कार्यालय कोड नं. : ८०१०३३३०२ (संघ) धरौटी खाता नं. : ०१९०३०००००३०००००००३
राजस्व खाता नं. : ०१९०३००००१००१०००००३ राजस्व शीर्षक नं. : १४२१३

तपसिल

| सि.नं | ठेक्का नं | कामको विवरण | Bidding Procedure | बोलपत्र फाराम दस्तुर | बोलपत्र जमानत |
|---|---|---|---|---|---|
| १, | bktmun/NCB/works/04/080/81 | Construction of Araniko Sabha Building (Phase I : MAT Foundation) at Ward no.6, Dekocha, Bhaktapur | Single Stage Two Envelope | रु. १०,०००।- | रु. ३०,००,०००।- |

प्रिबिड मिटिङ्ग हुने मिति/समय : २०८०/०९/२० गते, दिउँसो १ बजे
बोलपत्र पेश गर्ने अन्तिम मिति/समय : २०८०/१०/०७ गते, दिउँसो १२:०० बजे
बोलपत्र खोलिने मिति/समय : २०८०/१०/०७ गते, दिउँसो २:०० बजे
विस्तृत जानकारीका लागि : कार्यालय (०१-६६१४८१३) वा PPMO (bolpatra.gov.np/egp.)


# हाम्रो स्वास्थ्य

## थाइराइड : हाइपो थाइरोइडिज्मका ८ र हाइपर थाइरोइडिज्मका ९ लक्षण

– डा दिना श्रेष्ठ



थाइराइड भनेको एउटा ग्रन्थी हो। यो घाँटीको अघिल्लो भागमा रुद्रघण्टीको तल रहेको हुन्छ। यो ग्रन्थीले थाइरोक्सिन (टी–३) र ट्राइआयोडो थाइरोनीन (टी–४) हर्मोन उत्पादन गर्छ। थाइराइडको खास काम भनेको शरीरको गति नियन्त्रण (मेटाबोलिजम) गर्ने हो। त्यसैले यसलाई शरीरको एक्सिलेटर पनि भन्ने गरिन्छ।




थाइराइड ग्रन्थीको काममा गडबडी भएमा यसले अनावश्यक हर्मोन बढी र आवश्यक हर्मोन कम मात्रामा उत्पादन गर्छ। हर्मोन बढी उत्पादन हुनुलाई **हाइपर थाइरोइडिज्म** भनिन्छ भने कम हर्मोन उत्पादन गर्ने कामलाई **हाइपो थाइरोइडिज्म** भनिन्छ। हाइपर थाइरोइडिज्म २ वर्ष औषधि सेवन गरे निको हुनसक्छ। हाइपो थाइरोइडिज्ममा चाहिँ धेरैजसो बिरामीले जीवनभरी नै औषधि सेवन गर्नुपर्छ।

यो शरीरको आफ्नै कारण (अटो इम्युन) ले हुने रोग हो। यसमा शरीरले एन्टिबडी बनाएर थाइराइडलाई काम गर्न दिँदैन। अथवा बढी काम गर्न दिँदैन। कहिलेकाहीं रुघाखोकी वा घाँटी दुख्ने भएमा र कतिपय अवस्थामा सुत्केरी समयमा पनि थाइराइड हर्मोनको गडबडी देखिन्छ। तर, केही समयपछि यो समस्या आफै निको भएर जान्छ।

कसैलाई मुटु र डिप्रेशनको औषधिका कारण पनि थाइराइडको समस्या हुनसक्छ। थाइराइड रोग जो सुकैलाई र जुनसुकै उमेरमा पनि हुनसक्छ। तर, यो रोग महिलामा बढी देखिन्छ। रोगको अनुपात हेर्दा १० जना महिलामा देखिएमा एक जना पुरुषमा देखिन्छ। महिलामा रोग प्रतिरोधात्मक क्षमतामा हुने गडबडीले यो रोग बढी भएको हो।

बालबालिकामा वंशाणुगत कारणले हाइपो थाइरोइडिज्म रोग लाग्नसक्छ। यसले सबैभन्दा बढी प्रभाव बालबालिकामा पार्छ। यो रोग लागेमा बालबालिकाको दिमागको बृद्धिविकास रोकिन जान्छ र उनीहरू सुस्त मनस्थितिका हुन पुग्छन्। यदि महिलालाई गर्भावस्था वा त्यसभन्दा अघि थाइराइडको समस्या भएमा बच्चामा सर्ने जोखिम बढी हुन्छ। त्यसैले जन्मेको एक हप्ताभित्र बच्चाको थाइराइड परीक्षण गराउनु पर्छ। अर्को कुरा १३ देखि १४ वर्षका युवतीमा महिनावारी गडबड भएमा एकपटक थाइराइड परीक्षण गराउनु पर्छ। गर्भावस्थामा थाइराइडको समस्या देखिएमा औषधि सेवन गर्नुपर्छ।

**हाइपो थाइरोइडिज्म**मा महिनावारी नियमित नहुने, मोटोपना, अल्छी हुने, मोटाउने, शरीर सुन्निने, दिक्क लाग्ने, अनावश्यक जाडो हुने, प्रजनन् क्षमतामा कमी हुने हुन्छ। कसै कसैलाई कपाल झर्ने लक्षण पनि देखिन्छन्।

**हाइपर थाइरोइडिज्म**मा मानिस एकदमै दुब्लाउने, मुटुको धड्कन बढ्ने, शरीरको तापक्रम बढ्ने, भोक बढी लाग्ने तर दुब्लाउने, दिसा बढी लाग्ने, महिनावारी गडबडी हुने, मन आत्तिने र मानसिक तनाव बढी हुने हुन्छ।

युवाहरूमा थाइराइडको समस्या भएमा केही समयका लागि खुट्टा नचल्ने लक्षण देखिन सक्छ। शरीरमा पोटासियम कम भएर यस्तो अवस्था देखिएको हो। तर यस्तो समस्या थाइराइडका कारण पनि हुन्छ भनेर विचार पुऱ्याउनु पर्छ। रोगको समयमा पहिचान हुन नसक्दा धेरै समस्या भोग्नुपर्ने उदाहरण पनि प्रशस्त छन्। मधुमेह भएका बिरामीले वर्षको एकपटक थाइराइडको पनि परीक्षण गर्नुपर्छ। कहिलेकाहीं हाइपर थाइरोइडिज्ममा मधुमेह रोग पनि देखिन सक्छ। यसमा थाइराइड निको हुनासाथ मधुमेह पनि आफै निको भएर जान्छ। थाइराइड अटो इम्युन रोग भएकाले खाना बार्नु पर्दैन।

### हाइपो थाइरोइडिज्मका लक्षण


| | |
|---|---|
| महिनावारी नियमित नहुने | मोटोपना |
| अल्छी लाग्ने | शरीर सुन्निने |
| दिक्क लाग्ने | अनावश्यक जाडो हुने |
| कपाल झर्ने | प्रजनन् क्षमतामा कमी आउने। |

### हाइपर थाइरोइडिज्मका लक्षण

| | |
|---|---|
| एकदमै दुब्लाउने | मुटुको धड्कन बढ्ने |
| शरीरको तापक्रम बढ्ने | भोक बढी लाग्ने तर दुब्लाउने |
| दिसा बढी लाग्ने | महिनावारी गडबडी |
| मन आत्तिने | मानसिक तनाव बढी हुने कपाल झर्ने। |

स्वास्थ्य खबरपत्रिका

## आ.व. २०८०/८१ मंसिर महिनामा पर्यटक सूचना तथा सेवा केन्द्रको पर्यटक आगमन तथ्याङ्क




| गते ➡ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ७२३ | ६८५ | ५६८ | ६२६ | ४९६ | ४६६ | ४३९ | ५४७ | ४७४ | ५१४ | ३७७ | ४९० | ३२४ | ३४१ | ३५५ |
| ■ सार्क तथा चिनियाँ | ४३८ | ४२४ | २५८ | ३७८ | ३७६ | ३७० | ३५७ | ५३२ | ५९६ | ४८४ | ४७९ | ३५६ | २२२ | २५३ | ३४३ |

| गते ➡ | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ३५१ | २७९ | ३६० | २५१ | ३२० | २८६ | ३१७ | ३८४ | २४६ | ३१९ | १३४ | २५७ | २०३ | २५६ | १७८ |
| ■ सार्क तथा चिनियाँ | ४२१ | २७६ | २८३ | १८३ | २८० | १५४ | ३५८ | ४२४ | ३१९ | ३७८ | २३४ | २८३ | ३०१ | ३७३ | ३७९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०८० मंसिर | ११,५६६ | १०,५१२ | २२,०७८ |
| २०७९ मंसिर | ७,२५२ | ४,३३७ | ११,५८९ |
| प्रगति | ४,३१४ | ६,१७५ | १०,४८९ |

सम्पादकको पृष्ठ

# बाहा:बहिको पदयात्रा महत्त्वपूर्ण शैक्षिक भ्रमण

विगतमा भक्तपुर नगरपालिकाले विश्व शान्तिका अग्रदूत महामानव गौतम बुद्धको जयन्ती मनाएको थियो । त्यस्तै, दीपङ्कर महाविहार, चतुब्रह्म महाविहार, मंगल धर्मद्वीप महाविहारको जीर्णोद्धार गरेको थियो । मुनि विहारको ठूलो बुद्ध प्रतिमा थाइल्यान्डका राजदूतले भक्तपुर नपाका तत्कालीन प्रमुख प्रेम सुवालमार्फत हस्तान्तरण गरेका थिए । यसपटक भक्तपुर नपाले योमारी उत्सवका साथै 'बाहा:बहि चिनौँ–सम्पदा संरक्षण गरौँ' भन्ने उद्‌घोषसहित सांस्कृतिक पदयात्राको सफलताका साथ सम्पन्न गऱ्यो ।

हाम्रा सम्पदाहरू धार्मिक, ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक छन् । ती सबै हाम्रा पुर्खाले सिर्जेका सम्पत्ति हुन् । चाँगुनारायण मन्दिर वैष्णवका, पशुपतिनाथ शैवका, बुद्ध जन्मस्थल लुम्बिनी बौद्धमार्गीका मात्र होइनन् । त्यस्तै काठमाडौँ, ललितपुर र भक्तपुरका लायकूहरू नेवारका मात्र होइनन् । ती सबै नेपाल र नेपालीको हो र विश्व सम्पदा सूचीमा सूचीकृत भएकोले विश्वको तथा मानव सभ्यताका अमूल्य निधि हुन् ।

भक्तपुर नगरमा २३ र सुडालमा एक गरी भक्तपुरमा २४ ओटा बाहा:बहिको अभिलेखमध्ये गएको पुस १४ गते अस्तित्वमा रहेका १९ ओटा बाहा:बहिको परिक्रमा गरिएको थियो । नगरका बाहा:बहि सबै सयौँ वर्ष पुराना छन् भने दीपङ्कर महाविहार झन्डै एकहजार वर्ष पुरानो देखिएको छ । चार घण्टा लामो पदयात्रामा हजारौँको जनसहभागिताले नपाको उद्देश्य भव्य रूपमा सफल भएको छ । सहभागीहरूमध्ये अधिकांशले नामै नसुनेका, नाम सुने पनि नपुगेका बाहा:बहिको अवलोकनले जानकारीमूलकमात्र होइन प्रभावकारी र छुटाउन नहुने एक महत्त्वपूर्ण शैक्षिक भ्रमण अनुभव गरेका थिए । महाविहार, विहार, बाहा:बहि नाममा भिन्नता देखिए पनि वस्तुत:ती शिक्षालय नै हुन् ।

मूर्त र अमूर्त सम्पदाको प्रचार प्रसार र संरक्षणमा भक्तपुर नपाले अद्वितीय ध्यान दिइरहेको, यस कार्यमा नगरवासीलाई उत्साहित र उत्प्रेरित गर्दै सहयोग गरिरहेको तथा स्थानीय परिकार र उत्पादनलाई संरक्षण र सम्वर्द्धन गर्न विभिन्न योजना र कार्यक्रम सञ्चालन गरिरहेको परिणाम 'जीवित सङ्ग्रहालय' ले निरन्तरता पाइरहेको छ ।

अवलोकन गरिएका बाहा:बहिमा एकाधलाई छोडेर सबै संरक्षित अवस्थामा देखिएबाट भक्तपुरका जनता, सम्बन्धित सङ्घ संस्था सम्पदा संरक्षणमा जागरुक भएको र संरक्षणमा योगदान गरेको प्रमाणित हुन्छ । तर, कुनै विहारमा जान व्यक्तिको निजी घरको ढोकाबाट जानुपर्ने स्थितिले भने पदयात्रीहरू अचम्भित भए । बाहा:बहि सार्वजनिक हुनुपर्नेमा त्यहाँको प्रवेश मार्ग निजी घरको बाटो कसरी भयो ? विहारका सम्बन्धित सङ्घ संस्थाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

यसअघि नगरका पोखरीहरूको पदयात्रामा जस्तै बाहा:बहिको पदयात्रालाई सबैले रचनात्मक र प्रभावकारी भएको प्रतिक्रियाले भक्तपुर नगरपालिका सम्पदा संरक्षणमा नगरवासीको न्यानो सद्‌भाव र गहकिलो साथ सहयोग पाउन सफल भएको देखिन्छ ।

## नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको ७४ औं स्थापना दिवसमा प्रवचन कार्यक्रम (पुस २ गते)






पुर्खाले सिर्जेको सम्पति, हाम्रो कला र संस्कृति

# भक्तपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, ब्यासी, भक्तपुर

# हार्दिक धन्यवाद

पुर्खाले नासोको रुपमा छोडेर गएका मूर्त र अमूर्त सम्पदाहरूको संरक्षण गर्दै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले भक्तपुर नगरपालिकाले समयसमयमा विभिन्न गतिविधिहरू गर्दै आएको सबैमा जानकारी नै छ । यसै क्रममा नगरपालिकाको आयोजनामा यही २०८० पुस १४ गते शनिबार **बहाबही विनौ, सम्पदा संरक्षण गरौं** भन्ने नाराका साथ **योमरी उत्सव तथा सांस्कृतिक सम्पदा पदयात्रा** सम्पन्न भयो । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव एवं प्रतिनिधिसभाका सांसद प्रेम सुवालको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रम ऐतिहासिक सम्पदा क्षेत्र टौमढी (ख्वातापोल्हं) बाट सुरु भई गोल्मढी वातामा योमरी उत्सव तथा सांस्कृतिक कार्यक्रममा परिणत भएको थियो । विभिन्न सांस्कृतिक झाँकीसहित **भक्तपुरका ऐतिहासिक १९ वटा बहाबही (विहार)** हरूको अवलोकन भ्रमण गरिएको उक्त कार्यक्रममा बहाबहीको परिचय पर्चा नेपाली र अङ्ग्रेजी भाषामा प्रकाशित गरी सर्वसाधारणलाई वितरण गरिएको थियो ।

नगरपालिकाको निमन्त्रणालाई सहर्ष स्वीकार गरी अमूल्य मार्गनिर्देश गर्नुहुने प्रमुख अतिथि माननीय प्रेम सुवालज्यू, विशिष्ट अतिथि डा. पुण्यरत्न शाक्यज्यू लगायत पदयात्रा र उत्सवलाई भव्यताका साथ सफल पार्न सहयोग गर्ने सम्पूर्णलाई भक्तपुर नगरपालिका हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।



















## सहयोगी सङ्घ संस्थाहरु :

१. अखण्डशील महाविहार
२. त्रैलवर्ण महाविहार
३. बौद्ध समयकृत विहार (कुथुबही)
४. जयकीर्ति महाविहार (थथुबही)
५. ज्योतवर्ण महाविहार
६. लोकेश्वर महाविहार
७. चतुब्रह्म महाविहार
८. यायाहाँ बहि
९. सुवर्ण विहार
१०. मञ्जुवर्ण महाविहार
११. प्रशान्तशील महाविहार
१२. मूल दीपङ्कर विहार
१३. कुमरत्न महाविहार
१४. धर्मकीर्ति विहार
१५. आदिपद्म महाविहार
१६. चुलिख्वा (शक्कर्ण विहार)
१७. धर्मउत्तर महाविहार (मुनि विहार)
१८. इन्द्रवर्ण महाविहार
१९. मंगल धर्मदीप विहार (ञौर बहि)
२०. नेपाल परम्परागत बौद्ध धर्म सङ्घ, भक्तपुर शाखा
२१. लोकेश्वर ज्ञानमाला भजन
२२. बोधि मवजु पुच, गोल्मढी, ख्वप
२३. बकोया गुँला बाजं सञ्चालन तथा व्यवस्थापन समिति, तेखाचो, ख्वप
२४. इन्द्रवर्ण गुँला बाजं खल इनाचो, ख्वप
२५. विश्वकर्मा गुँला बाजं खल: ख्वप
२६. गुँला धर्म डुक मौबाजा मकुला, गोमारी, तेखाचो र तपालाछी
२७. मैत्रेय युवा सङ्घ, थथुबही
२८. डा. पुण्यरत्न शाक्य (विहार परिचय लेखन कार्य)
२९. भक्तपुर पर्यटन विकास समिति
३०. भक्तपुर पर्यटक पथ प्रदर्शक परिचालन समिति
३१. भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ
३२. नेपाल स्काउट, भक्तपुर शाखा
३३. पर्यटक प्रहरी, भक्तपुर
३४. गन्सी पुचू देवी प्याखं खल:
३५. खिउँ दाफा भजन
३६. गणेश भजन, भोलाछें
३७. लोकेश्वर साकोस (बाँसुरी बाजा समूह)
३८. भिम्लुना साकोस (बाँसुरी बाजा समूह)
३९. प्रभात इ.वि. स्कुल (सांस्कृतिक प्रस्तुति)
४०. गाला पुच: सुर्यमढी
४१. वाकुपतिनारायण नी दाफा भजन
४२. वाकुपतिनारायण इन्चा भजन
४३. दत्तात्रय नी दाफा भजन
४४. सिद्धि गणेश बाँसुरी बाजा समूह, चोचो
४५. नवीन आधारभूत विद्यालय (सांस्कृतिक प्रस्तुति)
४६. बाल सेवक आधारभूत विद्यालय (सांस्कृतिक प्रस्तुति)
४७. भजन ७ बौकुन खेवा छोरी समूह
४८. श्रद्धा साकोस (सांस्कृतिक प्रस्तुति)
४९. नवदुर्गा साउन्ड डिजिटल स्टुडियो, इटाछें
५०. विभिन्न स्थानमा खाद्य स्टल तथा योमरी प्रदर्शनी टोलीहरू
५१. पदयात्रामा सहभागी सङ्घ संस्था एवं विद्यालयहरू
५२. छिकोड ४ दिदिबहिनी समूह, भक्तपुर
५३. स्वयम्सेवकहरू
५४. भक्तपुर नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरू